नेपाल
Nepal

वर्ष ५६ अङ्क १ पूर्णाङ्क २५६ साउन/भदौ, २०८३/८४



उद्योग वाणिज्य तथा नवप्रवर्तन

सूचना तथा प्रसारण विभाग
सञ्चारग्राम, काठमाडौं

नेपाल

द्वैमासिक

Nepal

Bi-Monthly

वर्ष ५६ अङ्क १ पूर्णाङ्क २५६ साउन/भदौ २०८३/०८४

सम्पादक मण्डल

अनुप नेपाल

गोविन्द प्रसाद पाण्डे

रविन्द्र प्रसाद पौड्याल

प्रवीण श्रेष्ठ

रमेश भण्डारी

काजीमान सुनार

भाषा सम्पादन

डा. हरिदत्त पाण्डेय

लेआउट/डिजाइन

खगेन्द्र कार्की

आवरण

प्रवीण श्रेष्ठ

मुद्रक

मुद्रण विभाग

प्रकाशक

नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

सूचना तथा प्रसारण विभाग

काठमाडौं, फोन: ०१-५९१९८९२

E-mail: photosuchana@gmail.com

Website: www.doib.gov.np

यस पुस्तकमा विषयसूची लेखकहरूको नामको अंग्रेजी वर्णानुक्रममा राखिएको छ। यस प्रकाशनमा प्रकाशित लेखहरूमा समाविष्ट विचार लेखक स्वयम्का निजी हुन्।

– सम्पादक मण्डल

सम्पादकीय...

कुनै पनि मुलुकको आर्थिक समृद्धि उत्पादन क्षमता, औद्योगिक विकास, व्यापारिक प्रतिस्पर्धा र नवप्रवर्तनको विस्तारसँग अभिन्न रूपमा जोडिएको हुन्छ। उद्योगले रोजगारी सिर्जना गर्छ, वाणिज्यले उत्पादनलाई बजारसँग जोड्छ र नवप्रवर्तनले आर्थिक गतिविधिलाई नयाँ सम्भावना तथा प्रतिस्पर्धात्मक क्षमतातर्फ डोऱ्याउँछ। यी तीनवटै क्षेत्रबीच प्रभावकारी समन्वय कायम गर्न नसक्दा मुलुकको आर्थिक विकासले अपेक्षित गति लिन सक्दैन। नेपालको सन्दर्भमा पनि उद्योग, वाणिज्य तथा नवप्रवर्तनका सम्भावना र तिनको उपयोगबीचको अन्तरलाई गम्भीरतापूर्वक समीक्षा गर्नुपर्ने आवश्यकता छ।

हाम्रो प्राकृतिक स्रोत, कृषि, पर्यटन, जलविद्युत्, जडीबुटी तथा सूचना प्रविधिमा आधारित उद्योग र उद्यम विकासको पर्याप्त सम्भावना छ। भौगोलिक विविधता, युवा जनशक्ति र उद्यमशीलताप्रतिको बढ्दो आकर्षणलाई आर्थिक विकासको आधार बनाउन सकिन्छ। तथापि, औद्योगिक उत्पादनको सीमितता, आयातमा निर्भरता, उच्च उत्पादन लागत, पूर्वाधारको अपर्याप्तता, लगानीसम्बन्धी अनिश्चितता र नीतिगत अस्थिरताजस्ता चुनौती कायम छन्। स्वदेशी उत्पादनले बजारमा प्रतिस्पर्धा गर्न कठिनाइ भोगिरहेको अवस्थामा उत्पादन वृद्धि, गुणस्तर सुधार, प्रविधिको प्रयोग र बजार विस्तारका उपाय खोज्नु अपरिहार्य भएको छ। यी समस्या आर्थिक सूचकका विषय मात्र नभई, रोजगारी, उद्यमशीलता, राष्ट्रिय आय र समग्र आर्थिक आत्मनिर्भरतासँग प्रत्यक्ष जोडिएका विषय हुन्।

यसै सन्दर्भमा उद्योग तथा वाणिज्य क्षेत्रका विद्यमान समस्या पहिचान गरी समाधानका व्यावहारिक उपाय खोज्नु आवश्यक छ। सोहीँ योजनाले अघि सारेका लक्ष्य तथा रणनीति कार्यान्वयनको अवस्था, औद्योगिक विकासका अवरोध र सुधारका सम्भावनाको समीक्षा गरिनुपर्छ। सार्वजनिक संस्थानको पुनःसञ्चालनको औचित्य मूल्याङ्कन गर्दा तिनको आर्थिक सम्भाव्यता, व्यवस्थापकीय क्षमता र सार्वजनिक हितलाई आधार बनाउनुपर्छ। त्यस्तै, औद्योगिक क्षेत्रको पूर्वाधार, लगानीको वातावरण, प्रशासनिक प्रक्रिया र निजी क्षेत्रको भूमिकामाथि पनि वस्तुनिष्ठ बहस आवश्यक छ। नीतिगत व्यवस्था निर्माण गर्नु जति महत्त्वपूर्ण छ, त्यसको प्रभावकारी कार्यान्वयन र परिणामको नियमित मूल्याङ्कन गर्नु पनि त्यति कै महत्त्वपूर्ण हुन्छ।

नवप्रवर्तन र उद्यमशीलता आर्थिक रूपान्तरणका थप आधार हुन्। विश्व अर्थतन्त्र प्रविधि, अनुसन्धान र सिर्जनशीलतामा आधारित हुँदै गएको अवस्थामा नेपालले पनि परम्परागत व्यावसायिक अभ्यासमा मात्र निर्भर नभई नयाँ सोच, प्रविधिमा आधारित व्यवसाय, अनुसन्धानमूलक उद्यम र उत्पादन प्रक्रियाको आधुनिकीकरणलाई प्रोत्साहन

आवश्यक छ। यसका लागि उद्यमीलाई सहज वित्तीय पहुँच, दक्ष जनशक्ति, प्रविधिको उपलब्धता र बजार विस्तारका अवसर आवश्यक छन्। अन्तर्राष्ट्रिय व्यापारका सम्भावना पहिचान गरी नेपालमै गुणस्तरीय वस्तु तथा सेवा उत्पादन गरी अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धात्मक क्षमता बढाउनु पर्दछ।

विगत ५६ वर्षदेखि निरन्तर प्रकाशित हुँदै आएको नेपाल द्वैमासिक पत्रिकाको यस अंकमा उद्योग, वाणिज्य तथा नवप्रवर्तनका विषयवस्तु समेटी प्रकाशन गर्ने तयारी गरेका छौं। प्रस्तुत विषयवस्तुले हाम्रा विद्यमान समस्या औंल्याउने, तिनका कारण विश्लेषण गर्ने र समाधानका सम्भावित विकल्पमाथि बहस सिर्जना गर्ने उद्देश्य राखेको छ। नीति निर्माता, उद्योगी, व्यवसायी, अनुसन्धानकर्ता र सरोकारवालाबीचको संवादले सुधारका प्राथमिकता निर्धारण गर्न तथा व्यावहारिक कार्यदिशा पहिल्याउन सहयोग पुऱ्याउने अपेक्षा गरेका छौं।

सम्पादक मण्डल

विषय सूची

क्र.स.	शीर्षक	पृष्ठ
१.	नेपालमा नवप्रवर्तन वातावरण र उद्यमशीलता: नीतिगत रूपान्तरण र भावी रणनीति ✍ आनन्द राज खनाल	१
२.	सोह्रौं योजनामा उद्योग र वाणिज्य क्षेत्रका सवालहरू र रणनीतिहरू ✍ छबिन्द्र पराजुली	२१
३.	उद्योग, वाणिज्य तथा नवप्रवर्तन: विश्वव्यापी अभ्यास र नेपालको रूपान्तरण मार्गचित्र ✍ दिनेश कुमार घिमिरे	३५
४.	नेपालमा नवप्रवर्तनको अवस्था र सम्भावना ✍ गोविन्दप्रसाद पाण्डे	६५
५.	नेपालमा उद्योग क्षेत्रको विकास: समस्या तथा चुनौती र सुधारका उपायहरू ✍ हिरालाल भण्डारी	७७
६.	नेपालको सन्दर्भमा सार्वजनिक संस्थानको विगत, वर्तमान र भविष्यमा ✍ नानु माया देवकोटा	९१
७.	व्यावसायिक संस्थामा उद्यमशीलता र नवप्रवर्तन ✍ नेत्र सुवेदी "प्रयास"	१०३
८.	नेपालमा औद्योगिक विकास र सुधारका क्षेत्र ✍ रमेश अर्याल	११५

९. औद्योगिक क्षेत्र (नेपालको विद्यमान अवस्था एवं आगामी कार्यदिशा)

✍ रमेश भण्डारी १२९

१०. नेपाल र हङकङबीच व्यापारिक सम्भावना

✍ डा.उदय रानामगर १४१

११. नेपालको अर्थतन्त्रका प्रमुख क्षेत्रहरूमार्फत उद्योग, वाणिज्य तथा नवप्रवर्तनको सम्भावना

✍ यज्ञ प्रसाद ढकाल १६५

१२. **Possibilities of Innovative Cottage Industries in Sudurpashchim Province of Nepal**

✍ **Dr. Hari Datt Pandey** १७७

नेपालमा नवप्रवर्तन वातावरण र उद्यमशीलता: नीतिगत रूपान्तरण र भावी रणनीति



✍ आनन्द राज खनाल

सारांश

नेपालको आर्थिक विकासको आगामी चरणमा नवप्रवर्तनलाई विज्ञान तथा प्रविधिको सीमित क्षेत्रका रूपमा होइन, उत्पादकत्व वृद्धि, उद्यमशीलता, रोजगारी, औद्योगिक प्रतिस्पर्धात्मकता, सार्वजनिक सेवा सुधार, विपद् तथा जलवायु प्रतिरोधी क्षमता र ज्ञानमा आधारित अर्थतन्त्र निर्माणको राष्ट्रिय साधनका रूपमा स्थापित गर्न आवश्यक छ। Least Developed Country बाट स्तरोन्नतिको संक्रमण, Landlocked Developing Country का संरचनात्मक चुनौती, तीव्र श्रम आप्रवासन, जलवायु तथा विपद् जोखिम, सीमित घरेलु बजार र विश्व अर्थतन्त्रमा भइरहेको प्रविधिगत परिवर्तनले नेपाललाई परम्परागत विकास ढाँचाबाट नवप्रवर्तन तथा उत्पादकत्वमा आधारित आर्थिक रूपान्तरणतर्फ अघि बढ्नुपर्ने आवश्यकता बढाएका छन्।

नेपालमा प्रतिभा, ज्ञान, प्रविधि र उद्यमशीलताको सम्भावना कमजोर छैन; तर अनुसन्धानदेखि बजारसम्म नवप्रवर्तनलाई जोड्ने राष्ट्रिय प्रणाली अझै पर्याप्त रूपमा विकसित भएको छैन। विश्वविद्यालय तथा अनुसन्धान संस्थामा सिर्जित ज्ञान उद्योगसम्म पुग्न कठिन छ; अवधारणा प्रमाणीकरण, prototype, pilot र व्यावसायीकरणका चरणमा वित्तीय तथा संस्थागत खाडल छन्; निजी क्षेत्रको अनुसन्धान लगानी सीमित छ; नियामकीय परीक्षणका व्यवस्थित संयन्त्र अपर्याप्त छन्; सार्वजनिक खरिदले नवप्रवर्तनको पहिलो बजारको भूमिका पर्याप्त रूपमा

✍ *पूर्व वरिष्ठ निर्देशक, नेपाल दूरसञ्चार प्राधिकरण*

निर्वाह गर्न सकेको छैन; र विदेशमा रहेका नेपालीको ज्ञान, सीप, पूँजी तथा अन्तर्राष्ट्रिय सञ्जाललाई राष्ट्रिय नवप्रवर्तन प्रणालीसँग पर्याप्त रूपमा जोड्न सकिएको छैन।

यस लेखले नेपालको संरचनागत चुनौतीलाई नवप्रवर्तनको मागमा रूपान्तरण गर्दै पाँच राष्ट्रिय प्राथमिकता–विपद् तथा जलवायु प्रतिरोधी नेपाल; कृषि तथा खाद्य प्रणाली रूपान्तरण; जल-ऊर्जा-हिमाल; डिजिटल नेपाल तथा कृत्रिम बौद्धिकता; र मानव पूँजी तथा उत्पादकत्वमा आधारित नवप्रवर्तनको दृष्टिकोण प्रस्ताव गर्दछ। साथै राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन परिषद्, राष्ट्रिय अनुसन्धान कोष, राष्ट्रिय व्यावसायीकरण कोष, प्रविधि हस्तान्तरण कार्यालय, नियामकीय परीक्षण व्यवस्था, नवप्रवर्तनमैत्री सार्वजनिक खरिद र "बौद्धिक सञ्चार" जस्ता उपकरणलाई एकीकृत राष्ट्रिय प्रणालीका रूपमा विकास गर्नुपर्ने प्रस्ताव गरिएको छ।

लेखको केन्द्रीय तर्क सरल छः नेपालले केवल Startup Nepal निर्माण गर्ने लक्ष्य राखेर पुग्दैन। नेपालले Innovation-Capable Nepal निर्माण गर्नुपर्छ। अर्थात् आफ्ना समस्या पहिचान गर्न, ज्ञान सिर्जना वा अनुकूलन गर्न, प्रविधि विकास तथा परीक्षण गर्न, उद्यममा रूपान्तरण गर्न, बजारमा पुऱ्याउन, निजी लगानी आकर्षित गर्न र सफल समाधानलाई विस्तार गर्न सक्ने राष्ट्रिय क्षमता निर्माण गर्नुपर्छ।

१. परिचयः आर्थिक रूपान्तरणको नयाँ आधारका रूपमा नवप्रवर्तन

नेपाल कृषि-आधारित अर्थतन्त्रबाट सेवा, पूर्वाधार, जलविद्युत्, पर्यटन, डिजिटल सेवा र वैदेशिक आयमा आधारित अर्थतन्त्रतर्फ रूपान्तरण भइरहेको छ। तर आर्थिक गतिविधि बढ्नु मात्र पर्याप्त हुँदैन; त्यसले उत्पादकत्व, घरेलु रोजगारी, मूल्य अभिवृद्धि, औद्योगिक प्रतिस्पर्धा र निर्यात क्षमता बढाउनु पर्छ।

त्यसैले आगामी विकासको प्रश्न "कति लगानी गर्ने?" मात्र होइन, "उही स्रोतबाट कति बढी मूल्य सिर्जना गर्ने?" भन्ने हुनुपर्छ। यसको केन्द्रमा नवप्रवर्तन रहन्छ।

नवप्रवर्तन केवल नयाँ प्रविधि आविष्कार होइन। नयाँ सेवा, उत्पादन, प्रक्रिया, व्यवसाय मोडेल, सार्वजनिक सेवा प्रणाली, नियामकीय विधि, विपद् व्यवस्थापन वा स्थानीय समस्याको कम लागतको समाधान पनि नवप्रवर्तन हुन सक्छ। नेपालले Silicon Valley को प्रतिरूप बन्न आवश्यक छैन; नेपालका आफ्नै समस्या नै नेपालको नवप्रवर्तन एजेन्डाको आधार बन्नुपर्छ।

यसका लागि अनुसन्धान, शिक्षा, उद्योग, उद्यम, वित्त, नियमन, सार्वजनिक खरिद, पूर्वाधार, सीप, डेटा र बौद्धिक सम्पत्तिलाई एउटै प्रणालीमा जोड्नुपर्छ। राज्यले सबै कुरा आफैं निर्माण गर्ने होइन; के राज्यले निर्माण गर्ने, के नियमन गर्ने, के निजी क्षेत्रलाई प्रोत्साहन गर्ने र के निर्माण नगर्ने भन्ने स्पष्ट हुनुपर्छ।

नेपालको मुख्य समस्या प्रतिभा वा विचारको अभावभन्दा बढी प्रणाली, संस्थागत linkage ideas लाई marketable solutions मा रूपान्तरण गर्ने क्षमताको कमजोरी हो। त्यसैले दीर्घकालीन लक्ष्य Startup Nepal मात्र नभई Innovation-Capable Nepal हुनुपर्छ।

२. नवप्रवर्तनको पुनःपरिभाषाः प्रविधिभन्दा व्यापक विकास साधन

नवप्रवर्तनलाई केवल ICT, software, AI वा startup सँग जोड्दा यसको विकासात्मक दायरा साँघुरिन्छ। नवप्रवर्तन भनेको नयाँ ज्ञान, प्रविधि, विचार वा विधिलाई उपयोगी मूल्यमा रूपान्तरण गर्ने प्रक्रिया हो। यसमा नयाँ कुरा आविष्कार गर्नु मात्र होइन, विद्यमान ज्ञान तथा प्रविधिलाई नयाँ तरिकाले प्रयोग गर्नु, स्थानीय आवश्यकता अनुसार सुधार गर्नु र सफल समाधानलाई व्यापक रूपमा उपयोगमा ल्याउनु पनि पर्छ।

२.१ प्रविधिगत नवप्रवर्तन

नयाँ प्रविधि विकास गर्नु मात्र होइन, विद्यमान प्रविधिलाई नयाँ संयोजन वा स्थानीय परिस्थितिअनुकूल प्रयोग गर्नु पनि नवप्रवर्तन हो। उदाहरणका लागि sensor, satellite, AI, GIS, drones वा telecommunications लाई नेपालका हिमाली, कृषि वा विपद् समस्यामा अनुकूलन गर्न सकिन्छ। यसरी प्रविधिको उपयोगिता यसको नवीनताभन्दा समस्या समाधान गर्ने क्षमतासँग जोडिन्छ।

२.२ उत्पादन तथा सेवा नवप्रवर्तन

नयाँ वा सुधारिएको वस्तु तथा सेवा, digital health, telemedicine, digital agriculture, local–language services तथा वित्तीय सेवाका नयाँ ढाँचाहरू यसमा पर्छन्। सेवाको पहुँच, गुणस्तर, affordability/user experience सुधार गर्ने नयाँ उपाय पनि नवप्रवर्तनको हिस्सा हुन्।

२.३ प्रक्रियागत नवप्रवर्तन

कम लागत, कम समय, उच्च गुणस्तर, कम ऊर्जा वा कम स्रोतमा उत्पादन तथा सेवा प्रदान गर्ने नयाँ प्रक्रिया पनि नवप्रवर्तन हो। यसको प्रत्यक्ष सम्बन्ध उत्पादकत्वसँग हुन्छ। उद्योग मात्र होइन, सरकारी सेवा, कृषि, स्वास्थ्य, शिक्षा र पूर्वाधार व्यवस्थापनमा प्रक्रियागत सुधारले ठुलो आर्थिक प्रभाव पार्न सक्छ।

२.४ व्यवसायिक तथा वित्तीय नवप्रवर्तन

नयाँ business model, distribution model, platform, financing mechanism तथा Technology-as-a-Service जस्ता संरचनाले सीमित पूँजीलाई पनि अधिक उत्पादक बनाउन सक्छन्। विशेषगरी साना उद्यम तथा

ग्रामीण क्षेत्रमा सेवा खरिद गर्ने वा प्रयोगका आधारमा भुक्तानी गर्ने मोडलले महँगा प्रविधिमा पहुँच विस्तार गर्न सक्छ।

२.५ सार्वजनिक क्षेत्र तथा नियामकीय नवप्रवर्तन

Digital government, interoperable public services, outcome-based procurement, regulatory testing, data–driven regulation/evidence–based policy पनि नवप्रवर्तनका महत्वपूर्ण क्षेत्र हुन्। यसले सरकारको भूमिका केवल नियम बनाउने संस्थाबाट समस्या समाधान र सेवा सुधारमा सक्रिय सहजकर्ताका रूपमा विकास गर्न सक्छ।

२.६ अनुकूलनमा आधारित नवप्रवर्तन

नेपालले सबै प्रविधि आफैं आविष्कार गर्नुपर्दैन। विश्वमा उपलब्ध प्रविधिलाई स्थानीय आवश्यकता, भूगोल, लागत र संस्थागत क्षमताअनुसार अनुकूलन, स्थानीयकरण र विस्तार गर्नु आफैंमा महत्वपूर्ण नवप्रवर्तन हुन सक्छ। यस्तो दृष्टिकोणले सीमित अनुसन्धान स्रोतलाई रणनीतिक रूपमा उपयोग गर्न सहयोग गर्छ।

२.७ Frugal तथा inclusive innovation

सीमित स्रोतमा धेरै मानिसलाई सेवा पुऱ्याउने कम लागतका समाधान नेपालका लागि विशेष महत्वका छन्। नवप्रवर्तनमा affordability, accessibility, gender तथा सामाजिक समावेशिता पनि समेटिनुपर्छ। अर्थात् नवप्रवर्तनको मूल्य केवल बजारमा सिर्जना हुने आर्थिक प्रतिफलले होइन, कसले त्यसबाट लाभ पायो भन्ने प्रश्नले पनि निर्धारण गर्नुपर्छ।

२.८ Invention, innovation, adoption / diffusion बीचको भिन्नता

आविष्कार गर्नु र त्यसको व्यापक उपयोग हुनु फरक कुरा हुन्। नयाँ समाधान विकास भएपछि त्यसको परीक्षण, adoption, adaptation, diffusion/scale–up नभए आर्थिक प्रभाव सीमित रहन्छ। त्यसैले अनुसन्धान वा आविष्कारलाई अन्तिम उपलब्धि नभई व्यापक उपयोगतर्फको पहिलो चरणका रूपमा हेर्नुपर्छ।

२.९ Problem–centred innovation

प्रविधि fashionable भएकै कारण अपनाउने होइन। समस्या → समाधान → प्रमाण → बजार → विस्तारको क्रमले प्रविधि छनोट गर्नुपर्छ। नेपालका वास्तविक समस्या–विपद्, कृषि, पानी, ऊर्जा, पहाड, सार्वजनिक सेवा, भाषा र बजार पहुँच–नवप्रवर्तनका starting points हुनुपर्छ। यसले प्रविधि-केन्द्रित सोचलाई समस्या-केन्द्रित विकास दृष्टिकोणमा रूपान्तरण गर्छ।

२.१० नवप्रवर्तनको वास्तविक मापदण्ड

नवप्रवर्तनको सफलता "प्रविधि कति नयाँ छ?" भन्दा "समस्या कति राम्रोसँग समाधान भयो, कति मूल्य सिर्जना भयो र सफल समाधान कति व्यापक रूपमा विस्तार गर्न सकियो?" भन्ने आधारमा मापन गर्नुपर्छ। अन्ततः नवप्रवर्तनको अर्थ नयाँ कुरा सिर्जना गर्नु मात्र होइन; त्यसलाई उपयोगी, दिगो र विस्तारयोग्य मूल्यमा रूपान्तरण गर्नु हो।

३. नेपालको वर्तमान नवप्रवर्तन वातावरणः क्षमता छ, प्रणाली कमजोर छ

३.१ विद्यमान आधार

नेपालसँग विश्वविद्यालय, अनुसन्धान संस्था, NAST, निजी प्रविधि कम्पनी, उद्योग, incubator, accelerator, सरकारी कार्यक्रम र प्राविधिक जनशक्ति सबै छन्। तर यी संस्थाहरू अझै पर्याप्त रूपमा एकीकृत प्रणालीमा जोडिएका छैनन्। ज्ञान सिर्जना गर्ने, प्रविधि विकास गर्ने, उद्यममा रूपान्तरण गर्ने र बजारसम्म पुऱ्याउने संस्थागत सम्बन्ध कमजोर हुँदा उपलब्ध क्षमता अपेक्षित आर्थिक परिणाममा रूपान्तरण हुन सकेको छैन।

३.२ ज्ञानको खाडल

अनुसन्धानको गुणस्तर, अनुसन्धान पूर्वाधार, प्रयोगशाला, data access र वास्तविक राष्ट्रिय समस्यासँग अनुसन्धानको alignment सुधार गर्न आवश्यक छ। अनुसन्धान एजेन्डा केवल publication-driven हुनु हुँदैन। अनुसन्धानले राष्ट्रिय समस्या, औद्योगिक आवश्यकता र भविष्यका अवसरसँग सम्बन्ध राख्दै ज्ञान सिर्जना मात्र होइन, त्यसको उपयोग र रूपान्तरणको सम्भावनालाई पनि ध्यान दिनुपर्छ।

३.३ अनुसन्धान–उद्योग सम्बन्ध

Academia–industry collaboration लाई परियोजना-आधारित र संस्थागत दुवै बनाउनुपर्छ। उद्योगले समस्या परिभाषित गर्ने चरणदेखि नै अनुसन्धानमा सहभागी हुनुपर्छ। यसले अनुसन्धानलाई बजारको वास्तविक आवश्यकता, उत्पादन प्रक्रिया र प्रयोगकर्ताको अपेक्षासँग जोड्नुका साथै अनुसन्धानको परिणामलाई प्रविधि तथा व्यावसायिक समाधानमा रूपान्तरण गर्ने सम्भावना बढाउँछ।

३.४ अनुसन्धानबाट प्रविधिसम्मको खाडल

Research सफल हुनु र prototype बन्नु फरक चरण हुन्। Proof of Concept, engineering, testing, certification, cybersecurity, data protection / user validation जस्ता कामका लागि आवश्यक

प्राविधिक, वित्तीय र संस्थागत सहयोगको व्यवस्था हुनुपर्छ। अनुसन्धानको नतिजा प्रयोगशालाबाट वास्तविक वातावरणमा पुग्नुअघि यी चरणहरू पार गर्नुपर्ने भएकाले यही क्षेत्रमा रहेको खाडलले धेरै सम्भावित समाधानलाई बजारसम्म पुग्नबाट रोक्छ।

३.५ प्रविधि हस्तान्तरण

विश्वविद्यालयका Technology Transfer Office (TTO) हरू केवल patent registration गर्ने कार्यालय नभई ज्ञानलाई बजारसँग जोड्ने intermediary बन्नुपर्छ। यसका लागि IP valuation, licensing, industry matching, spin-off, investor linkage/commercialization जस्ता कार्यमा सक्रिय भूमिका आवश्यक हुन्छ। TTO ले अनुसन्धानकर्ता, उद्योग, लगानीकर्ता र नियामकबीचको संस्थागत पुलको काम गर्न सक्नुपर्छ।

३.६ वित्तीय खाडल

Research grant, prototype finance, pilot support, venture capital, guarantee तथा growth finance फरक जोखिमका चरणका लागि आवश्यक हुन्छन्। एउटै grant वा loan model सम्पूर्ण innovation pipeline का लागि उपयुक्त हुँदैन। अनुसन्धानको जोखिम र व्यावसायिक विस्तारको जोखिम फरक हुने भएकाले वित्तीय साधन पनि चरणअनुसार फरक हुनुपर्छ।

३.७ नियामकीय र बजार खाडल

नयाँ समाधानका लागि testing, certification/regulatory approval आवश्यक हुन्छ। त्यस्तै पहिलो ग्राहकको अभावले राम्रो प्रविधि पनि commercialize हुन सक्दैन। सार्वजनिक क्षेत्र outcome–based procurement मार्फत पहिलो ग्राहक बन्न सक्छ। यसका लागि नयाँ समाधानलाई अनावश्यक नियामकीय अवरोधबाट जोगाउँदै सुरक्षा, गुणस्तर, प्रतिस्पर्धा र सार्वजनिक हितका आवश्यक मापदण्ड कायम गर्नुपर्छ।

३.८ संघीय संरचनाको अवसर

संघले नीति, standards, interoperability र प्रमुख वित्तीय संयन्त्रको नेतृत्व गर्न सक्छ। प्रदेशले sectoral demonstration र स्थानीय तहले living laboratory को भूमिका निर्वाह गर्न सक्छन्। यसले एउटै समाधानलाई देशभरि एकैपटक लागू गर्नुको सट्टा स्थानीय स्तरमा परीक्षण, सिकाइ र सुधार गर्दै सफल मोडललाई क्रमशः विस्तार गर्ने अवसर दिन्छ।

३.९ मुख्य प्रणालीगत समस्या

नेपालमा संस्थाहरूको संख्या समस्या होइन; functional connectivity

समस्या हो। अनुसन्धान, उद्योग, वित्त, नियमन र बजारबीचको सम्बन्ध कमजोर हुँदा एउटा चरणमा प्राप्त सफलता अर्को चरणमा सहजै हस्तान्तरण हुन सक्दैन। सम्पूर्ण pipeline यस्तो हुनुपर्छः

समस्या → अनुसन्धान → अवधारणा प्रमाणीकरण → prototype → pilot → demonstration → पहिलो ग्राहक → व्यावसायीकरण → लगानी → विस्तार।

४. LDC तथा LLDC नेपालको विशेष चुनौतीः समस्यालाई नवप्रवर्तनको मागमा बदल्ने

४.१ LDC संक्रमण

LDC बाट स्तरोन्नति केवल सुविधा गुम्ने विषय होइन; आर्थिक क्षमता, उत्पादकत्व, निर्यात र प्रतिस्पर्धात्मकता बढाउने अवसरका रूपमा पनि हेर्नुपर्छ। स्तरोन्नतिपछि बाह्य सुविधा वा सहुलियतमा हुने सम्भावित परिवर्तनलाई सामना गर्न उत्पादनको गुणस्तर, प्रविधिगत क्षमता, निर्यातयोग्य सेवा र निजी क्षेत्रको प्रतिस्पर्धात्मकता बलियो बनाउन आवश्यक हुन्छ। यस दृष्टिले LDC संक्रमणलाई नवप्रवर्तन र उत्पादकत्व सुधारको राष्ट्रिय अवसरका रूपमा उपयोग गर्न सकिन्छ।

४.२ LLDC संरचनात्मक चुनौती

समुद्रसम्म प्रत्यक्ष पहुँचको अभाव, transport cost, logistics, trade facilitation र सीमित बजार पहुँचले नेपाललाई high–value, low–weight तथा knowledge–intensive उत्पादनतर्फ उन्मुख हुन प्रेरित गर्छ। भौतिक वस्तुको ढुवानी लागत उच्च हुने अवस्थामा software, digital services, engineering knowledge, intellectual property तथा अन्य कम-तौल र उच्च-मूल्यका सेवाहरू अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्ने महत्वपूर्ण आधार बन्न सक्छन्। त्यसैले LLDC को भौगोलिक सीमालाई ज्ञानमा आधारित निर्यातको अवसरसँग जोड्नुपर्छ।

४.३ विपद् तथा जलवायु

भूकम्प, पहिरो, बाढी, GLOF तथा जलवायु परिवर्तनका जोखिमलाई innovation demand मा बदल्न सकिन्छ–low-cost sensors, satellite/GIS, early–warning, resilient infrastructure, drones, emergency communications/disaster logistics मार्फत। यस्ता प्रविधि केवल विपद् भएपछि प्रयोग गर्ने साधन नभई जोखिम पहिचान, पूर्वतयारी, निगरानी, पूर्वसूचना, उद्धार र पुनर्स्थापनाको सम्पूर्ण चक्रमा प्रयोग गर्न सकिन्छ। नेपालका जोखिमपूर्ण

भूगोललाई यस्ता समाधान परीक्षण गर्ने living laboratory का रूपमा पनि उपयोग गर्न सकिन्छ।

४.४ कृषि तथा खाद्य प्रणाली

सानो तथा खण्डित खेती, श्रम अभाव, climate risk, irrigation, post–harvest loss / market access का कारण precision agriculture, smart irrigation, mechanization, cold chain, traceability, processing तथा digital market services आवश्यक छन्। यहाँ नवप्रवर्तनको उद्देश्य केवल उत्पादन बढाउनु नभई उत्पादन लागत घटाउने, पानी तथा श्रमको दक्ष उपयोग गर्ने, नोक्सानी कम गर्ने र किसानलाई बजार तथा मूल्य शृंखलासँग जोड्ने हुनुपर्छ। साना किसानका लागि प्रविधिलाई Technology-as-a-Service का रूपमा उपलब्ध गराउने मोडल पनि उपयोगी हुन सक्छ।

४.५ जल–ऊर्जा–हिमाल

जलविद्युत् उत्पादनलाई मात्र लक्ष्य नबनाई smart grid, storage, e–mobility, energy-efficient industry, green technology तथा mountain infrastructure सँग जोड्नुपर्छ। ऊर्जा, telecom, data/mobility लाई एकीकृत distributed infrastructure का रूपमा हेर्न सकिन्छ। यसले दुर्गम क्षेत्रमा ऊर्जा, डिजिटल कनेक्टिभिटी र सेवा पहुँचलाई एउटै पूर्वाधार प्रणालीसँग जोड्दै नयाँ आर्थिक गतिविधि सिर्जना गर्ने सम्भावना खोल्छ।

४.६ श्रम आप्रवासन

श्रम अभावले mechanization, automation, AI-assisted work, digital services तथा productivity-enhancing technologies को माग बढाउँछ। Migration लाई knowledge तथा capital linkage सँग जोड्नुपर्छ। विदेशमा प्राप्त सीप, प्राविधिक अनुभव, व्यवसायिक सञ्जाल र पूँजीलाई स्वदेशका उद्यम, अनुसन्धान तथा प्रविधि विकाससँग जोड्न सके श्रम आप्रवासनलाई केवल remittance को स्रोतबाट ज्ञान, सीप, प्रविधि र लगानीको स्रोतमा रूपान्तरण गर्न सकिन्छ।

४.७ सीमित घरेलु बजार

Software, cybersecurity, engineering services, language technology, creative industries, fintech, research services तथा अन्य digitally exportable services नेपालका लागि महत्वपूर्ण अवसर हुन्। यस्तो क्षेत्रमा भौतिक पूर्वाधार र ठुलो घरेलु बजारको आवश्यकता तुलनात्मक रूपमा कम हुन सक्छ। नेपालको सानो घरेलु बजारलाई कमजोरीका रूपमा मात्र

हेर्नुभन्दा सुरुदेखि नै अन्तर्राष्ट्रिय बजारलाई लक्षित गर्ने उत्पादन तथा सेवाको विकासतर्फ उन्मुख हुनुपर्छ।

यसरी LDC/LLDC constraint → national problem → innovation demand → mission → market opportunity मा रूपान्तरण गर्न सकिन्छ। यस दृष्टिकोणले संरचनागत सीमालाई केवल विकासको अवरोधका रूपमा नभई राष्ट्रिय नवप्रवर्तनका प्राथमिकता र सम्भावित बजार पहिचान गर्ने आधारका रूपमा लिन मद्दत गर्छ।

५. अनुसन्धानदेखि बजारसम्मको "Valley of Death"

५.१ मुख्य समस्या

नेपालको innovation weakness केवल research funding को कमी होइन; research/market बीचको discontinuity हो।

५.२ पूर्ण innovation pipeline

अनुसन्धान → अवधारणा प्रमाणीकरण → Prototype → Pilot → Demonstration → Commercialization → Scale-up लाई निरन्तर pipeline बनाउनुपर्छ।

५.३ अनुसन्धान चरण

Basic, applied तथा mission–oriented research का लागि competitive peer–reviewed funding आवश्यक हुन्छ।

५.४ अवधारणा प्रमाणीकरण

Research idea लाई वास्तविक समस्या समाधान गर्न सक्छ कि सक्दैन भन्ने प्रमाणित गर्न PoC funding आवश्यक हुन्छ।

५.५ Prototype चरण

Engineering, design, testing, user experience, cybersecurity, data protection तथा technical validation का लागि छुट्टै समर्थन चाहिन्छ।

५.६ Pilot तथा demonstration

Laboratory सफल हुनु पर्याप्त हुँदैन। वास्तविक वातावरणमा testing, certification, safety, interoperability/operational validation आवश्यक हुन्छ।

५.७ पहिलो ग्राहकको समस्या

नवउद्यमसँग बजार प्रमाणित गर्न ग्राहक चाहिन्छ; तर ग्राहक प्राप्त गर्न बजार

प्रमाण चाहिन्छ। यस first-customer paradox लाई challenge-based procurement र pilot procurement ले सम्बोधन गर्न सक्छ।

५.८ सार्वजनिक क्षेत्र पहिलो ग्राहक

सरकारले validated innovation का लागि outcome–based specifications, challenge procurement तथा pilot procurement प्रयोग गर्न सक्छ। तर अप्रमाणित प्रविधिको अनिवार्य खरिद होइन; transparency, competition, value for money, cybersecurity/safety कायम हुनुपर्छ।

५.९ TTO को भूमिका

TTO ले researcher, industry, investor, regulator / market बीच institutional bridge को काम गर्नुपर्छ। IP ownership, revenue sharing, licensing, spin–off तथा conflict–of–interest स्पष्ट हुनुपर्छ।

५.१० Researcher incentives

Publication मात्र होइन – patent/IP, prototype, industry collaboration, technology transfer, policy application/commercialization लाई पनि academic recognition मा समेट्नुपर्छ।

५.११ Conversion measurement

राष्ट्रिय प्रणालीले Research-to-Market Conversion Rate मापन गर्नुपर्छः

१०० Research Projects → < PoC → < Prototype → < Pilot → < Commercial Product → < Market Adoption

यसबाट Valley of Death कहाँ छ भन्ने प्रमाणमा देखिन्छ।

६. संस्थागत वास्तुकला:

अलग विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय स्थापना हुनु महत्वपूर्ण संस्थागत आधार हो; तर मन्त्रालय स्थापना मात्रले innovation system सञ्चालन हुँदैन। अनुसन्धान, शिक्षा, उद्योग, finance, digital technology, regulation/public service लाई जोड्ने उच्चस्तरीय coordination आवश्यक हुन्छ।

यसका लागि राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन परिषद् (NSTIC) जस्तो प्रधानमन्त्रीको अध्यक्षतामा रहने apex coordination mechanism प्रस्ताव गर्न सकिन्छ। यसको भूमिका national STI priorities, mission–oriented programmes, cross–ministry coordination, investment priorities, outcome review तथा संघ-प्रदेश-स्थानीय तह-विश्वविद्यालय-

private sector coordination मा केन्द्रित हुनुपर्छ ।

MoSTI ले STI policy, research funding, technology foresight, technology transfer, university–industry cooperation/mission programmes समन्वय गर्न सक्छ । Telecom, spectrum, cybersecurity, fintech, health technology, agricultural technology तथा AI deployment सम्बन्धित regulator÷sectoral institution मै रहनुपर्छ ।

मुख्य सिद्धान्तः

Technology governance is not the same as technology ownership

राज्यका चार स्पष्ट भूमिका हुनुपर्छः

(१) Build - public–good research, testing infrastructure, standards, interoperability, public digital infrastructure/resilience.

(२) Regulate – high-risk AI, fintech, health tech, drones, data protection, cybersecurity तथा safety-critical systems मा proportionate, risk-based regulation .

(३) Incentivize-private R&D, technology adoption, exports, automation तथा scalable solutions .

(४) Deliberately avoid building-demand gePsf innovation parks, duplicate digital platforms, underused laboratories तथा globally उपलब्ध प्रविधिको अनावश्यक पुनर्निर्माण ।

७. राष्ट्रिय अनुसन्धान कोष र राष्ट्रिय व्यावसायीकरण कोषः वित्तीय खाडल भर्ने

७.१ राष्ट्रिय अनुसन्धान कोष

प्रस्तावित National Research Fund (NRF) को प्रारम्भिक आकार NPR 20 billion राख्न सकिन्छ–६०% सरकारी र ४०% development–partner स्रोतबाट । यसको उद्देश्य basic, applied, mission–oriented research / PoC लाई प्रतिस्पर्धात्मक आधारमा वित्त पोषण गर्नु हो ।

७.२ राष्ट्रिय व्यावसायीकरण कोष

प्रस्तावित National Commercialization Fund (NCF) को प्रारम्भिक आकार NPR 5 billion राख्न सकिन्छ–२०% सरकार, ५०% development partners र ३०% private–sector matching स्रोतबाट । यसको

प्राथमिकता prototype, pilot, demonstration, certification, first customer/commercialization हुनेछ।

यी रकमहरू प्रस्तावित वित्तीय वास्तुकला हुन्; स्थापित सरकारी कोषका रूपमा प्रस्तुत गरिनु हुँदैन।

७.३ चरणअनुसार वित्त

NRF र NCF एउटै grant होइनन्। Research सफल भएको परियोजनाले स्वतः commercialization finance पाउने होइन; प्रत्येक चरणमा पुनः technical तथा commercial evaluation हुनुपर्छ। NCF मा matching finance, co–investment, guarantee, concessional तथा blended finance जस्ता instrument maturity अनुसार प्रयोग गर्न सकिन्छ।

७.४ Governance

Competitive calls, peer review, independent experts, conflict–of–interest management, milestone verification, independent evaluation / public reporting अनिवार्य हुनुपर्छ। उद्देश्य सरकारी पूँजीले निजी पूँजीलाई विस्थापित गर्नु होइन, "crowding–in, not crowding–out" हो।

८. पाँच राष्ट्रिय नवप्रवर्तन अभियान

Mission–oriented innovation ले सीमित स्रोतलाई स्पष्ट राष्ट्रिय समस्यामा केन्द्रित गर्छ।

८.१ विपद् तथा जलवायु प्रतिरोधी नेपाल

Landslide monitoring, flood/GLOF warning, earthquake–resilient construction, satellite/GIS, remote sensing, sensors, resilient telecom, drones तथा disaster logistics लाई एउटै mission मा जोड्न सकिन्छ। स्थानीय तहलाई testbed बनाउन सकिन्छ।

८.२ कृषि तथा खाद्य प्रणाली रूपान्तरण

Precision agriculture, smart irrigation, mechanization, climate–smart agriculture, seed/soil technology, cold chain, processing, traceability तथा digital advisory/market systems लाई farm-to-market value chain मा जोड्नुपर्छ। Technology-as-a-Service मोडेलले साना किसानलाई पनि प्रविधि पहुँच दिन सक्छ।

८.३ जल–ऊर्जा–हिमाल

Hydropower, smart grid, storage, grid flexibility, e–mobility, energy–efficient industry, clean technology/mountain

infrastructure लाई जोडेर ऊर्जा क्षेत्रलाई industrial transformation सँग जोड्नुपर्छ।

८.४ डिजिटल नेपाल तथा कृत्रिम बौद्धिकता

Digital Public Infrastructure, interoperable government systems, Nepali/local-language AI, cybersecurity, GovTech, digital health-education तथा geospatial systems प्रमुख क्षेत्र हुन्। AI adoption मा privacy, cybersecurity, accountability, transparency, human oversight तथा inclusion अनिवार्य हुनुपर्छ।

८.५ मानव पूँजी तथा उत्पादकत्व

Advanced technical, digital, AI/data skills, research fellowships, industry–linked education, applied research, certification, returnee entrepreneurship/diaspora collaboration आवश्यक छन्। **लक्ष्य**:

सीप ⟶ प्रविधि ⟶ नवप्रवर्तन ⟶ उत्पादकत्व ⟶ रोजगारी ⟶ निर्यात।

८.६ Mission governance

यी मन्त्रालयगत कार्यक्रम मात्र हुनु हुँदैन। प्रत्येक mission मा स्पष्ट समस्या, lead institution, multi–year finance, measurable outcome, competitive project selection, pilot/independent evaluation हुनुपर्छ। NRF ले research-PoC/NCF ले prototype देखि commercialization सम्म समर्थन गर्न सक्छ।

९. नवउद्यम, नियामकीय परीक्षण व्यवस्था र सार्वजनिक खरिद

९.१ नवउद्यमको भूमिका

नवउद्यम आफैं अन्तिम लक्ष्य होइन; innovation pipeline को commercialization stage होः

Idea ⟶ अवधारणा प्रमाणीकरण ⟶ Prototype → Pilot → First Customer → Revenue → Investment → Scale .

त्यसैले startup policy लाई innovation commercialization policy सँग जोड्नुपर्छ।

९.२ नियामकीय परीक्षण व्यवस्था

Regulatory Sandbox अर्थात् नियामकीय परीक्षण व्यवस्था सीमित समय, सीमित प्रयोगकर्ता, स्पष्ट eligibility, risk controls, monitoring/exit

mechanism सहितको controlled environment हो। यसको उद्देश्य regulation हटाउनु होइन, प्रमाणका आधारमा regulation सुधार्नु हो।

Financial loss, privacy, cybersecurity, health, safety, discrimination तथा consumer protection का safeguards अनिवार्य हुनुपर्छ।

९.३ सार्वजनिक खरिद

Government ले challenge–based procurement, pilot procurement, outcome-based specifications, innovation–friendly eligibility तथा validated solution को scale-up प्रयोग गर्न सक्छ। तर transparency, competition, value for money, interoperability, cybersecurity/data protection कायम हुनुपर्छ।

९.४ Incubation देखि scale-up

Incubator/accelerator ले केवल business registration वा pitch training मा सीमित नभई accounting, IP, cybersecurity, data protection, regulatory compliance, certification, governance, export standards, international market linkage तथा growth finance मा सहयोग गर्नुपर्छ।

१०. वैदेशिक रोजगारीदेखि "बौद्धिक सञ्चार" सम्म

वैदेशिक रोजगारीलाई केवल श्रम निर्यात र remittance को दृष्टिले हेर्नु पर्याप्त छैन। विदेशमा रहेका नेपाली कामदार, विद्यार्थी, वैज्ञानिक, engineer, doctor, technician, entrepreneur/business professionals नेपालको विस्तारित human-capital network बन्न सक्छन्।

बौद्धिक सञ्चार (Brain Circulation) भनेको सबैलाई नेपाल फर्काउने नीति होइन; ज्ञान, सीप, प्रविधि, अनुसन्धान, पूँजी र बजारबीच निरन्तर आवतजावत तथा सहकार्य हो।

यसका लागि diaspora talent registry, joint research, visiting researchers, virtual mentorship, co–supervision, technology transfer, diaspora co–investment, returnee entrepreneurship तथा international market linkage विकास गर्न सकिन्छ।

Digital collaboration का कारण भौतिक रूपमा नेपाल फर्कनैपर्ने आवश्यकता पनि छैन। मुख्य लक्ष्यः

Migration → Skills → Knowledge → Technology → Enterprise → Employment → Productivity → Export .

Remittance लाई जबर्जस्ती productive investment मा लगाउने होइन; विश्वसनीय investment opportunities सिर्जना गरेर स्वैच्छिक रूपमा आकर्षित गर्नुपर्छ।

११. सन् २०२६–२०३०: राष्ट्रिय नवप्रवर्तन मार्गचित्र

क) चरण १: २०२६–२७ – संस्थागत आधार

STI governance architecture, NSTIC arrangement, NRF/NCF को कानूनी तथा वित्तीय संरचना, पाँच missions, TTO network, regulatory testing framework, innovation–friendly procurement तथा national innovation baseline तयार गर्नुपर्छ।

ख) चरण २: २०२७–२८ – अनुसन्धान, प्रयोग / PoC

Competitive research, university-industry consortia, mission–oriented research, PoC, prototype, shared laboratories, living labs, sandbox pilots, public/industry challenges तथा diaspora–linked research सञ्चालन गर्नुपर्छ।

ग) चरण ३: २०२८–२९ – व्यावसायीकरण तथा बजार प्रवेश

Commercialization finance, private investment mobilization, university spin–offs, licensing, industry partnership, pilot/demonstration, government as first customer, certification / export preparation मा जोड दिनुपर्छ।

घ) चरण ४: २०२९–३० – Scale / अन्तर्राष्ट्रिय एकीकरण

Validated solutions लाई national adoption, industrial productivity, digital exports, high–skilled employment, domestic value–chain diffusion, international licensing/ regional/global markets मा विस्तार गर्नुपर्छ।

मुख्य जोखिम handoff failure हो। प्रत्येक चरणबीच eligibility, technical validation, funding instrument, institutional responsibility/performance criteria स्पष्ट हुनुपर्छ।

२०३० अन्तिम गन्तव्य होइन; Innovation–Capable Nepal को पहिलो institutional milestone हो।

१२. नवप्रवर्तनको मापन: खर्चबाट प्रभावतर्फ

१२.१ Input

R&D expenditure, public/private investment, researchers,

laboratories, innovation finance तथा university-industry capacity मापन गर्नुपर्छ।

१२.२ **Activity**

Competitive research, PoC, prototypes, pilots, sandbox experiments, challenge programmes, technology transfer तथा innovation procurement मापन गर्नुपर्छ।

१२.३ **Output**

Patents/IP, validated prototypes, licences, university spin-offs, technology products/services, tested digital solutions, datasets tyf technical standards मापन गर्नुपर्छ।

१२.४ **Outcome**

Commercialization rate, enterprise survival/growth, private investment mobilization, innovation–generated revenue, high-skilled jobs, exports, technology adoption/public-sector adoption महत्वपूर्ण हुन्।

१२.५ **Impact**

Labour and total–factor productivity, value addition, industrial competitiveness, high-value employment, public-service efficiency, disaster resilience, resource efficiency तथा environmental sustainability अन्तिम प्रभाव हुन्।

१२.६ **Research–to–Market Conversion Rate**

राष्ट्रिय innovation dashboard मा मुख्य diagnostic indicator हुनुपर्छः

Research → PoC → Prototype → Pilot → Commercialization → Market Adoption

प्रत्येक चरणको conversion rate ले bottleneck पहिचान गर्न मद्दत गर्छ।

१२.७ **Bottleneck diagnosis**

Research धेरै तर prototype कम भए engineering, TTO, testing वा prototype finance कमजोर हुन सक्छ। Prototype धेरै तर pilot कम भए certification, regulation वा field–testing समस्या हुन सक्छ। Pilot धेरै तर commercialization कम भए market access, first customer, business model वा finance कमजोर हुन सक्छ। Commercialization राम्रो तर scale कम भए growth capital, skilled workforce, supply

chain वा export readiness समस्या हुन सक्छ।

१२.८ National Innovation Scorecard

मापन संरचना:

Input → Activity → Output → Outcome → Impact

यसले Policy → Investment → Activity → Output → Outcome → Impact → Measurement → Policy Correction को feedback loop निर्माण गर्छ।

नवप्रवर्तनको मूल सिद्धान्त हुनुपर्छ:

"खर्चबाट परिणाम, परिणामबाट प्रभाव, र प्रभावबाट नीतिगत सुधार।"

१३. निष्कर्ष: Startup Nepal भन्दा "Innovation–Capable Nepal"

नेपालको नवप्रवर्तन नीति अब नवउद्यम दर्ता, incubator स्थापना वा केही प्रविधिगत कार्यक्रमको सीमित दायरामा रहनु हुँदैन। नेपालको वास्तविक आवश्यकता Innovation–Capable Nepal निर्माण गर्नु हो–यस्तो राष्ट्रिय क्षमता, जसले समस्या पहिचान गर्न, त्यसलाई अनुसन्धान प्रश्नमा बदल्न, ज्ञान सिर्जना वा विश्वव्यापी ज्ञान अनुकूलन गर्न, अवधारणा प्रमाणीकरण गर्न, prototype/pilot विकास गर्न, नियामकीय जोखिम व्यवस्थापन गर्न, उद्यम सिर्जना गर्न, पहिलो बजार उपलब्ध गराउन, निजी लगानी आकर्षित गर्न र सफल समाधानलाई विस्तार गर्न सकोस्।

नेपालका कठिनाइहरू नै नवप्रवर्तनका अवसर बन्न सक्छन्। कठिन भूगोलले mountain तथा disaster technology को माग सिर्जना गर्छ; विपद् जोखिमले resilient infrastructure र early–warning innovation को आवश्यकता देखाउँछ; कृषि चुनौतीले agritech/food–system innovation को अवसर दिन्छ; जलविद्युत्ले energy innovation लाई industrial transformation सँग जोड्ने सम्भावना दिन्छ; diaspora ले ज्ञान, प्रविधि, पूँजी र बजार जोड्न सक्छ; सीमित घरेलु बजारले high–value, knowledge-intensive/ digitally exportable services तर्फ ध्यान केन्द्रित गर्न प्रेरित गर्छ।

यसका लागि राज्यले सबै कुरा आफैं गर्न खोज्नु हुँदैन। राज्यले दिशा निर्धारण, प्रारम्भिक जोखिम न्यूनीकरण, अनुसन्धान लगानी, नियामकीय अवरोध घटाउने, परीक्षण वातावरण बनाउने र आवश्यक अवस्थामा पहिलो बजार सिर्जना गर्ने भूमिका निर्वाह गर्नुपर्छ। विश्वविद्यालय तथा अनुसन्धान संस्थाले ज्ञान सिर्जना गर्नुपर्छ; निजी क्षेत्रले technology adoption/scale गर्नुपर्छ; नवउद्यमले

समाधानलाई बजारमा पुऱ्याउनुपर्छ; वित्तीय क्षेत्रले जोखिम पूँजी परिचालन गर्नुपर्छ; diaspora ले ज्ञान, प्रविधि, पूँजी र अन्तर्राष्ट्रिय बजारसँग सम्बन्ध विस्तार गर्नुपर्छ।

नेपालको मूल श्रृंखला यस्तो हुनुपर्छः

समस्या ⟶ अनुसन्धान ⟶ अवधारणा प्रमाणीकरण ⟶ प्रविधि ⟶ नवउद्यम ⟶ पहिलो बजार ⟶ लगानी ⟶ विस्तार ⟶ उत्पादकत्व ⟶ रोजगारी ⟶ निर्यात।

त्यसैले आगामी नीति बहसको केन्द्र "नेपालमा कति startup छन् ?" मात्र हुनु हुँदैन। मूल प्रश्न हुनुपर्छः

"नेपालका कति राष्ट्रिय समस्या ज्ञान, प्रविधि र उद्यमशीलताको माध्यमबाट समाधान गर्न सकिएका छन् ?"

यदि नेपाली विश्वविद्यालयको प्रविधि नेपाली उद्योगले प्रयोग गर्न सक्छ; नवउद्यमले पहिलो बजार पाउन सक्छ; विदेशमा रहेका नेपाली वैज्ञानिकले नेपालका अनुसन्धानकर्तासँग निरन्तर सहकार्य गर्न सक्छन्; विपद्का लागि विकसित नेपाली समाधान जोखिमयुक्त क्षेत्रमा प्रयोग हुन सक्छ; कृषि प्रविधिले किसानको उत्पादकत्व बढाउन सक्छ; र यस्ता समाधान अन्तर्राष्ट्रिय बजारमा निर्यात हुन सक्छन् भने मात्र कार्यशील innovation ecosystem निर्माण भएको मान्न सकिन्छ।

अन्ततः नवप्रवर्तनको सफलता नयाँ संस्था, नीति वा बजेट घोषणा गरेर मात्र प्रमाणित हुँदैन। यसको सफलता तब प्रमाणित हुन्छ जब– ज्ञान समाधानमा बदलिन्छ; समाधान प्रविधिमा बदलिन्छ; प्रविधि नवउद्यममा बदलिन्छ; नवउद्यमले बजार पाउँछ; बजारले लगानी आकर्षित गर्छ; लगानीले उत्पादन, उत्पादकत्व र रोजगारी बढाउँछ; एवं उत्पादन तथा रोजगारीले नागरिकको जीवनस्तर सुधार गर्छ।

नेपालले यही पूर्णचक्र निर्माण गर्न सकेमा नवप्रवर्तन राष्ट्रिय आर्थिक रूपान्तरणको सञ्चालन प्रणाली बन्नेछ।

सन्दर्भ सामग्री

Government of Nepal, Ministry of Education, Science and Technology. (2019). *National Science, Technology and Innovation Policy, 2019.* Kathmandu: Government of Nepal.

Government of Nepal, Ministry of Industry, Commerce and Supplies. (2024). *National Startup Enterprise Policy, 2081 B.S.* Kathmandu: Government of Nepal.

Government of Nepal, National Planning Commission. (2024). *The Sixteenth Plan: Fiscal Year 2024/25–2028/29.* Kathmandu: National Planning Commission.

Government of Nepal, Ministry of Forests and Environment. (2020). *Second Nationally Determined Contribution (NDC).* Kathmandu: Government of Nepal.

Government of Nepal, Ministry of Forests and Environment. (2021). *National Adaptation Plan (NAP) 2021–2050.* Kathmandu: Government of Nepal.

Government of Nepal, Ministry of Industry, Commerce and Supplies, Department of Industry. (2024). *Industrial Statistics, Fiscal Year 2079/80 (2022/23).* Kathmandu: Department of Industry.

Government of Nepal, Ministry of Labour, Employment and Social Security. (2025). *Nepal Labour Migration Report 2024.* Kathmandu: Government of Nepal. Prepared with technical assistance from the International Labour Organization and financial support from the Swiss Agency for Development and Cooperation.

International Centre for Integrated Mountain Development (ICIMOD). (2023). *Water, Ice, Society and Ecosystems in the Hindu Kush Himalaya: An Outlook.* Kathmandu: ICIMOD. https://doi.org/10.53055/ICIMOD.1028

OECD & Eurostat. (2018). *Oslo Manual 2018: Guidelines for Collecting, Reporting and Using Data on Innovation, 4th Edition: The Measurement of Scientific, Technological and Innovation Activities.* Paris/Luxembourg: OECD Publishing/Eurostat. https://doi.org/10.1787/9789264304604-en

United Nations. (2022). *Doha Programme of Action for the Least Developed Countries for the Decade 2022–2031.* New York: United Nations. General Assembly Resolution A/RES/76/258.

United Nations General Assembly. (2024). *Programme of Action for Landlocked Developing Countries for the Decade 2024–2034 (Awaza Programme of Action).* Resolution A/RES/79/233.

United Nations Office of the High Representative for the Least Developed Countries, Landlocked Developing Countries and Small Island Developing States (UN-OHRLLS). (2026). *Nepal Graduation Readiness Assessment.* New York: United Nations.

UN Trade and Development (UNCTAD). (2007). *The Least Developed Countries Report 2007: Knowledge, Technological Learning and Innovation for Development.* Geneva: United Nations.

UN Trade and Development (UNCTAD). (2018). *The Least Developed Countries Report 2018: Entrepreneurship for Structural Transformation: Beyond Business as Usual.* Geneva: United Nations.

World Bank. (2022). *Nepal Country Climate and Development Report.* Washington, DC: World Bank.

World Bank. (2025). *Nepal Country Economic Memorandum: Unlocking Nepal's Growth Potential.* Washington, DC: World Bank.

World Intellectual Property Organization (WIPO). (2025). *Global Innovation Index 2025: Nepal.* Geneva: WIPO.

Etzkowitz, H., & Leydesdorff, L. (2000). The dynamics of innovation: From National Systems and "Mode 2" to a Triple Helix of university–industry–government relations. *Research Policy, 29*(2), 109–123. https://doi.org/10.1016/S0048-7333(99)00055-4

Freeman, C. (1987). *Technology Policy and Economic Performance: Lessons from Japan.* London: Pinter Publishers.

Lundvall, B.-Å. (Ed.). (1992). *National Systems of Innovation: Towards a Theory of Innovation and Interactive Learning.* London: Pinter Publishers.

Mazzucato, M. (2013). *The Entrepreneurial State: Debunking Public vs. Private Sector Myths.* London: Anthem Press.

Nelson, R. R. (Ed.). (1993). *National Innovation Systems: A Comparative Analysis.* New York: Oxford University Press.

Rogers, E. M. (2003). *Diffusion of Innovations* (5th ed.). New York: Free Press.

Schumpeter, J. A. (1934). *The Theory of Economic Development: An Inquiry into Profits, Capital, Credit, Interest, and the Business Cycle.* Cambridge, MA: Harvard University Press.

सोह्रौं योजनामा उद्योग र वाणिज्य क्षेत्रका सवालहरू र रणनीतिहरू



✍ छबिन्द्र पराजुली

सारांश

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक, स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो। नेपाली जनता राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्ता, राष्ट्रिय हित र समृद्धि तथा राष्ट्रिय सुरक्षाप्रति संवेदनशील रहेका छन्। नेपालमा वि.सं. १९९२ मा उद्योग परिषद्को गठन भई कम्पनी ऐन, १९९२ जारी भए पश्चात् औद्योगिक विकासको जग बसेको पाइन्छ। औद्योगिक व्यवसाय ऐन, २०१८ जारी भएपश्चात् औद्योगिकरणको आधारस्तम्भ तयार भएको मानिन्छ। हाल औद्योगिक व्यवसाय ऐन, २०७६ कार्यान्वयनमा रहेको छ।

नेपाल सरकारले लिएको आर्थिक समृद्धको राष्ट्रिय लक्ष्यलाई हासिल गर्न औद्योगिक लगानीमैत्री वातावरणको सिर्जना, उद्यमशीलता विकास, निकासी व्यापारको अभिवृद्धि, औद्योगिक बौद्धिक सम्पत्तीको संरक्षण, औद्योगिक पूर्वाधारको विकास र विस्तारका अतिरिक्त संस्थागत सुशासन र लगानी सुरक्षाको अहम् भूमिका रहेको हुन्छ। यसका लागि औद्योगिक वातावरण निर्माण गर्दै लगानीका लागि उपयुक्त वातावरण बनाई स्वदेशी र विदेशी लगानी भित्र्याउँदै औद्योगिक उत्पादन बनाउन र आफ्ना उत्पादनहरू विश्व बजारमा निर्यात गरी बढ्दो व्यापार घाटा घटाउनु जरूरी भइसकेको छ। विदेशबाट मालवस्तुको

✍ *सहसचिव, नेपाल सरकार*

आयात अनपेक्षित र अस्वभाविक रुपमा ठुलो परिमाणमा वृद्धि भएमा वा सामान्य मूल्य वा लागत मूल्यभन्दा कम मूल्यमा आयात भई वा सहुलियत प्राप्त कुनै मालवस्तुको अत्याधिक आयातको कारणबाट स्वदेशी उद्योगमा हुन गएको हानी नोक्सानी रोक्न वा त्यस्तो आयातबाट स्वदेशी उद्योगलाई हुन सक्ने गम्भीर हानि नोक्सानी वा गम्भीर हानि नोक्सानीको असरबाट जोगाउनका लागि सेफगार्डस, एन्टी-डम्पिङ्ग वा काउण्टरभेलिङ्ग महसुलका माध्यमबाट नेपाली उद्योगधन्दाको आवश्यक संरक्षण प्रदान गर्दै प्रर्वधन गर्नु अति आबश्यक भैसकेको छ। यसका साथै मलुकुको औद्योगिक वातावरणलाई लगानीमैत्री तथा प्रतिस्पर्धी बनाई औद्योगिक वस्तु वा सेवाको उत्पादन र रोजगारीका अवसरमा अभिवृद्धि गर्न मुलुकमा उपलब्ध स्रोत साधनको अधिकतम परिचालन गरी क्रमशः आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा जोड दिँदै उद्योग तथा वाणिज्यक्षेत्रको सहज, अनमुानयोग्य र प्रभावकारी व्यवस्थापन गरी गतिशील एवं सवल अर्थतन्त्र निर्माण गर्नुपर्ने खाँचो देखिएको छ। देशमा औद्योगिक र व्यापारिक क्रियाकलाप फस्टाउन स्वदेशी तथा विदेशी लगानी आकर्षण गर्नका लागि Dynamic and Robust Investment Facilitation Institutions including after care services, Industrial and Trade Logistics Infrastructures Development Initiatives, competitive Incentives packages for the investors and security of the investments they made as well as innovative activities for the new starts up जस्ता कार्यक्रमहरूमा जोड दिनुपर्ने आवश्यकता रहेको पाइन्छ।

शब्दकुन्जी: सेफगार्डस, एन्टी-डम्पिङ्ग वा काउण्टरभेलिङ्ग; Industrial and Trade Logistics Infrastructures; विशेष आर्थिक क्षेत्रहरू (Special Economic Zones); सक्रिय हस्तक्षेप (Positive Interventions); द्विपक्षीय लगानी सम्झौता (Bilateral Investment Agreement); E-Commerce Platforms.

१. पृष्ठभूमि

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक, स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो। नेपाली जनता राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्ता, राष्ट्रिय हित र समृद्धि तथा राष्ट्रिय सुरक्षा प्रति संवेदनशील रहेका छन्। नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्ता, राष्ट्रियता, स्वधीनता, स्वभिमान, नेपालीको हकहितको रक्षा, सीमाको सुरक्षा, आर्थिक समुन्नति र समृद्धि नेपालको राष्ट्रिय हितका आधारभुत विषय हुनेछन् भनी नेपालको संविधानमा स्पष्ट उल्लेख गरिएको छ। आर्थिक सम्पन्नता तथा समृद्धि हासिल गर्न

औद्योगिक र व्यापारिक क्षेत्रको विकास र विस्तार अपरिहार्य रहेको छ।

नेपालमा वि.सं. १९९२ मा उद्योग परिषद्को गठन भई कम्पनी ऐन, १९९२ जारी भए पश्चात् औद्योगिक विकासको जग बसेको पाइन्छ। औद्योगिक व्यवसाय ऐन, २०१८ जारी भएपश्चात् औद्योगिकरणको आधारस्तम्भ तयार भएको मानिन्छ। हाल औद्योगिक व्यवसाय ऐन, २०७६ कार्यान्वयनमा रहेको छ। यस ऐनले उद्योगलाई पूँजीका आधारमा लघु, घरेलु, साना, मझौला र ठुला गरी पाँच प्रकारमा तथा उत्पादन हुने वस्तु तथा सेवाको आधारमा उर्जामूलक, उत्पादनमूलक, कृषि तथा वन पैदावारमा आधारित, खनिज, पूर्वाधार, सूचनामूलक र सेवामूलक गरी आठ प्रकारमा वर्गीकरण गरेको छ। देशमा औद्योगिक लगानीको वातावरणलाई सहज बनाउँदै औद्योगिकरण गर्न तथा उद्योग व्यवसायलाई सहज रुपमा सेवा सुविधा उपलब्ध गराउन औद्योगिक क्षेत्रहरू सञ्चालनमा ल्याइएको छ। यसका साथै निर्यातलाई अभिवृद्धि गर्न निर्यातमूलक उद्योगहरूको स्थापना र विकास गर्नका लागि विशेष आर्थिक क्षेत्रहरू सञ्चालनमा रहेका छन्। यसका अतिरिक्त उद्योग तथा खानी क्षेत्रसम्मको पहुँचका लागि सडक तथा विद्युत ट्रान्समिसन लाईन र सबस्टेशन निर्माण कार्य तथा औद्योगिक ग्राम स्थापना जस्ता औद्योगिक पूर्वाधार विकासका कार्यहरू समेत प्राथमिकताका साथ सञ्चालनमा रहेका छन्। स्थानीय स्रोत, साधन, कच्चा पदार्थ, प्रविधि र सीपको परिचालन गरी स्थानीय स्तरमा उद्यमशीलता अभिवृद्धि गर्दै उद्योग स्थापना, विकास र सञ्चालन गर्न सहजताका लागि औद्योगिक ग्रामहरूको स्थापना र विकास गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ सञ्चालन गरिएको छ।

नेपालको वैदेशिक व्यापारको संरचनामा निर्यात भन्दा आयातको हिस्सा अत्यधिक रहेको छ। बढ्दो आन्तरिक माग धान्ने गरी अपेक्षित रूपमा उत्पादन वृद्धि गर्न नसक्दा आयातको अंश निरन्तर बढ्दै गएको छ भने निर्यातयोग्य वस्तु तथा सेवाहरू प्रतिस्पर्धी हुन नसक्दा निर्यात आशातीत रुपमा वृद्धि हुन सकेको पाइँदैन। साथै, नेपाली निर्यातयोग्य वस्तु तथा सेवाको समेत विविधिकरण हुन नसक्दा नेपालको निर्यात व्यापार निरन्तर घटिरहेको छ। नेपालमा पर्यटन, सूचना प्रविधि तथा विजिनेस प्रोसेस आउटसोर्सिङ्ग, निर्माण तथा विद्युत निर्यात प्रचुर सम्भावना बोकेका लगानीका क्षेत्रहरू हुन्। तथापि पर्यटनको बिकास अपेक्षित रूपमा हुन नसकेको, सूचना प्रविधिसँग सम्बन्धित व्यवसायको अपेक्षित विकास र विस्तार हुन नसकेको, सिपयुक्त जनशक्ति विकास गरी वैदेशिक रोजगारलाई व्यवस्थित बनाउन नसकिएको, निर्माण सेवाको क्षमता बिस्तार गरी निर्यातमा ध्यान दिन नसकेको, विद्युत निर्यातका लागि सशक्त नीतिगत तथा संस्थागत प्रबन्ध गर्न नसकेको जस्ता कारणले सेवा क्षेत्रको निर्यातलाई अपेक्षित रूपमा बढाउन सकिएको छैन। मुलुकको बढ्दो

आयात र घट्दो निर्यातको प्रबृति, व्यापारको क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरमा देखिएका सुस्तता एवं आर्थिक, सामाजिक, प्राविधिक क्षेत्रमा भएको विकास र उपभोक्ताको रुचिमा आएको परिवर्तनलाई सरकारको नीतिले निरन्तर सम्बोधन गर्न नसक्दा ब्यापार घाटा निरन्तर बढिरहेकै छ। देश विकासशील मुलुकमा स्तरोन्नति हुँदा समेत नेपालले पाउने अन्तर्राष्ट्रिय व्यापारका सहुलियतहरूमा कमी आउन नदिने गरी वस्तु तथा सेवाको निर्यातलाई थप प्रतिस्पर्धी बनाई लगानी समेत बढाउनु परने स्थिति रहेको छ। देशको आन्तरिक उत्पादन अभिवृद्धि गर्दै प्रतिस्पर्धी क्षमताको विकासका माध्यमबाट लगानी र निर्यात अभिवृद्धि गर्दै व्यापार उच्च व्यापार घाटा न्यूनीकरण गर्नु पर्ने देखिन्छ।

नेपाल सरकारले लिएको आर्थिक समृद्धको राष्ट्रिय लक्ष्यलाई हासिल गर्न औद्योगिक लगानीमैत्री वातावरणको सिर्जना, उद्यमशीलता विकास, निकासी व्यापारको अभिवृद्धि, औद्योगिक वौद्धिक सम्पत्तीको संरक्षण, औद्योगिक पूर्वाधारको विकास र विस्तारका अतिरिक्त संस्थागत सुशासन र लगानी सुरक्षाको अहम् भूमिका रहेको हुन्छ। सुदृढ र भरपर्दो लगानीको सुरक्षा व्यवस्था भएमा मात्र औद्योगिक र व्यापारिक क्रियाकलापहरू फस्टाउँदछन् फलस्वरुप लगानीकर्ता र आयात- निर्यातकर्ताहरूको आत्मविश्वास बढ्न गई समग्र औद्योगिक लगानी वातावरणमा सकारात्मक परिणाम हासिल हनेछ। यसका अतिरिक्त सुदृढ लगानी सुरक्षाको फलस्वरुप स्वदेशी तथा वैदेशिक लगानीकर्ताहरू समेत लगानीका लागि आकर्षित गर्न सकिने छ। यसबाट औद्योगिक उत्पादन वृद्धि भई निर्यातसमेत बढ्न गई व्यापार घाटा न्यूनीकरण गर्न सहयोग पुग्नेछ। यसका अतिरिक्त आपूर्ति श्रृखलालाई स्वस्थ र दुरुस्त बनाउनसमेत सहयोग पुग्दछ।

मुलुकको आर्थिक विकास तथा सामाजिक रूपान्तरणका लागि उद्योग वाणिज्य क्षेत्रको अहम भूमिका रहेको हुन्छ। उद्योग र वाणिज्य क्षेत्रको विकासबाट देशको आर्थिक वृद्धिको सम्भावनाका क्षेत्रहरू उजागर गर्न सहयोग पुग्दछ। देशमा उद्योग तथा वाणिज्य क्षेत्रको माध्यमबाट रोजगारी सिर्जना, आयमा सुधार, विदेशी मुद्राको आर्जन, प्रविधि हस्तान्तरणमा सहयोग पुग्ने मात्र होइन यसबाट उद्यमशीलता र नवप्रवर्तनका क्षेत्रमा समेत ठुलो टेवा पुग्दछ। औद्योगिक क्षेत्र र व्यापारिक क्रियाकलापको नेतृत्वदायी आर्थिक वृद्धिबाट मात्र देशमा रहेको बेरोजगारीको समस्या समाधान गर्दै दीगो आर्थिक वृद्धि हासिल गर्दै समृद्धिको यात्रामा सहयोग पुग्दछ। यसका लागि कूल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योग क्षेत्रको योगदान वृद्धि गर्नु पर्नेछ भन्ने बढ्दो व्यापार घाटाको दुश्चक्रलाई घटाउन निर्यातमा ठुलो फड्को मार्नुपर्ने परिस्थिति रहेको छ। यसका लागि औद्योगिक वातावरण निर्माण गर्दै लगानीका लागि उपयुक्त वातावरण बनाई स्वदेशी र विदेशी लगानी भित्र्याउँदै औद्योगिक उत्पादन बनाउन र आफ्ना उत्पादनहरू विश्व बजारमा निर्यात गरी

बढ्दो व्यापार घाटा घटाउनु जरूरी भैसकेको छ। यस लेखमा नेपालले सोह्रौं योजनामा उद्योग र वाणिज्य क्षेत्रका लिएका नीतिहरूका सवालहरू र रणनीतिहरूको समिक्षा गर्ने कोशिस गरिएको छ।

अन्तर्राष्ट्रिय बजारमा नेपाली उत्पादन, सेवा र बौद्धिक सम्पत्तिको उपस्थिति बलियो बनाउने, छिमेकी मुलुकहरू लगायत क्षेत्रीय र विश्व बजारको सञ्जालमा मूल्य अभिवृद्धियुक्त नेपाली उत्पादन तथा सेवाको निकासी बढाउन आपूर्ति क्षमताको सबलीकरण गर्ने जस्ता उद्देश्यहरू राखी कार्यान्वयनमा ल्याइएको सोह्रौं योजनाले लिएका उद्योग र व्यापार सम्वद्ध सूचकका लक्ष्यहरू भेट्न यस क्षेत्रमा ठुलो लगानी र सक्रिय हस्तक्षेप (Positive Interventions) गर्नुपर्ने अवस्था देखिएको छ। तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्द्धन गर्दै बस्तु तथा सेवाको बजार विविधिकरण र विस्तार गर्ने, राष्ट्रिय उद्योगधन्दा साधन स्रोतको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने, राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धनका क्षेत्रमा वैदेशिक पूँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै पूर्वाधार विकासमा प्रोत्साहन एवम् परिचालन गर्ने, औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र, राष्ट्रिय परियोजना विदेशी लगानीका परियोजनहरूका सन्दर्भमा अन्तरप्रदेश तथा प्रदेश र संघ बीच समन्वय स्थापित गराई आर्थिक विकासलाई गतिशीलता प्रदान गर्ने जस्ता नेपालको संविधानमा रहेका प्रावधानहरूले उद्योग र विणिज्य क्षेत्रलाई उच्च महत्व प्रदान गरेको स्थिति छ।

२. सोह्रौं योजनामा औद्योगिक विकास र प्रवर्द्धनसम्बन्धी व्यवस्था

स्रोहौं योजनाले अर्थतन्त्रको विकासको लागि उद्योगधन्दाको विस्तार, संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै राष्ट्रिय हित अनुकूल हुने गरी विदेशी पूँजी र प्रविधिलाई समेत आकर्षित गर्ने नीति लिएको छ। सोही अनुरूप समग्र उद्योग र वाणिज्य क्षेत्रको विकासमा निजी क्षेत्रको नेतृत्वदायी भूमिका रहने गरी सरकारको भूमिकालाई उत्प्रेरक, नियामक र सहजकर्ताको रूपमा लिएको छ। मुलुकमा उद्योग व्यवसायको आधारभूत संरचनामा उत्पादन र उत्पादकत्व, निर्यात, नवप्रवर्तन (Innovation) र उद्यमशीलताको संस्कृति विकास गर्ने गरी औद्योगिक कार्यक्रमहरू कार्यान्वयनमा ल्याउनु आवश्यक देखिएको छ।

२.१. सोह्रौं योजनामा लिइएका उद्योग क्षेत्र तर्फका उद्देश्य, रणनीति र कार्यनीतिहरू

(क) उद्योग क्षेत्रका उद्देश्य :-

(१) उद्योग क्षेत्रको विकास, विस्तार एवम् प्रवर्द्धन मार्फत औद्योगिक उत्पादन,

उत्पादकत्व र रोजगारी वृद्धि गरी राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ बनाउने ।

(२) निर्यातजन्य औद्योगिक वस्तुको परिमाण, गुणस्तर र प्रतिस्पर्धी क्षमता बृद्धि गरी निर्यात प्रवर्द्धन गर्ने ।

(३) तुलनात्मक लाभ अधिक भएका उद्योग क्षेत्रमा नीतिगत स्थिरता एवम् लगानीमैत्री वातावरण निर्माण गरी स्वदेशी तथा विदेशी पूँजी र प्रविधि आकर्षित गर्ने ।

(४) स्वदेशी एवम् स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको संरक्षण, सम्बर्द्धन र विस्तार गरी आयात प्रतिस्थापनमा सहयोग पुऱ्याउने ।

(अ) मुख्य मुख्य रूपान्तरणकारी रणनीतिहरू

(१) औद्योगिक तथा लगानी प्रवर्द्धनसँग सम्बन्धित नीतिगत, कानूनी एवम् संस्थागत सुधार तथा प्रकृयागत सरलीकरण गर्दै स्वदेशी तथा विदेशी लगानी अभिवृद्धि गर्ने ।

(२) उद्योग क्षेत्रको विकास र विस्तार मार्फत उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धी क्षमता अभिवृद्धि गरी कूल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान बढाउने ।

(३) प्रविधि हस्तान्तरण, वित्तीय पहुँच अभिवृद्धि र सीप विकास मार्फत लघु, घरेलु तथा साना उद्योगको विकास र विस्तार गरी स्वदेशी उत्पादन अभिवृद्धि गर्ने ।

(४) वित्तीय पहुँचमा अभिवृद्धि, छुट तथा सहुलियत प्रदान गरी औद्योगिकीकरणलाई थप तीव्रता प्रदान गर्ने ।

(५) नवप्रवर्तन, स्टार्टअप र स्तरोन्मुख उद्यम जस्ता उद्यमशीलता विकासमा आधारित उद्योगको मनोवल एवम् आत्मविश्वास अभिवृद्धि गर्न नीतिगत, कानूनी तथा संस्थागत सुदृढीकरण गर्ने ।

(६) औद्योगिक सम्पत्तिको अधिकार (Industrial Property Rights) लाई संरक्षण एवम् प्रवर्द्धन गर्न नीतिगत कानूनी तथा संस्थागत सुधार गरी IPR सम्बन्धी अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्पर्क र समन्वय गर्ने ।

(७) औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्रामको निर्माण एवम् सञ्चालन र अन्य औद्योगिक पूर्वाधारको विकास गर्ने ।

(८) खानी तथा खनिजजन्य पदार्थहरूको अन्वेषण, उत्खनन् तथा प्रवर्द्धन मार्फत खानीजन्य उद्योग क्षेत्रको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्ने ।

(९) भू-वैज्ञानिक तथा भू-कम्पीय अध्ययन अनुसन्धानलाई प्रविधिमैत्री र विज्ञतामा आधारित बनाउने ।

(१०) नेपालमा उत्पादन हुने बस्तुहरूको नेपाल गुणस्तर तयारी एवम् प्रमाणीकरण, प्रयोगशाला सुदृढीकरण र अन्तर्राष्ट्रिय क्षेत्रसँग तादत्मय हुने गरी नापतौलक्षेत्रको विकास गर्ने ।

(११) लगानी सम्वद्ध निकायहरूको लगानीकर्ताहरूका लागि सेवा प्रवाह थप छिटो, छरितो र सहज बनाउन एकद्वार प्रणालीको प्रभावकारिता अभिवृद्धि एवम् विद्युतीय प्रणालीको विकास, स्थापना र सञ्चालन गर्ने ।

(आ) **कार्यनीतिहरू (उद्योग क्षेत्र सँग सम्बन्धित)**

(१) औद्योगिक तथा लगानी सम्बन्धी नीति र कानुनहरूलाई परिमार्जन एवम् प्रतिस्थापन गरिने ।

(२) औद्योगिक तथा लगानीको वातावरणलाई थप विश्वस्नीय एवम् सहज बनाई औद्योगिकीकरणमा स्वदेशी लगानी तथा निजी क्षेत्रको संलग्नता अभिवृद्धि गरिने ।

(३) वैदेशिक लगानी आकर्षित गर्न थप मुलुकसँग द्विपक्षीय लगानी सम्झौता (Bilateral Investment Agreement) गर्नुका साथै नीतिगत तथा संस्थागत सुधार एवम् प्रकृयागत सरलीकरण गरिने ।

(४) निजी क्षेत्रको रुण उद्योगहरूको व्यवस्थापनको लागि सिफारिश समिति गठन गरी सुझाव कार्यान्वयन गरिने ।

(५) अनौपचारिक आर्थिक प्रतिष्ठानहरूको दर्ता सम्बन्धी कार्यहरूलाई अभियानका रूपमा सञ्चालन गरी त्यस्ता प्रतिष्ठानहरूलाई औपचारिक दायराभित्र ल्याइने ।

(६) उद्योगहरूमा उर्जाको खपत बढाउने तथा हरित उर्जा प्रवर्द्धन र उत्पादनको लागि मापदण्ड तयार गरी कार्यान्वयन गरिने ।

(७) सार्वजनिक निकायमा स्वदेशी बस्तुको उपयोग बढाई आयात प्रतिस्थापन र राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ गरिने ।

(८) उद्योग क्षेत्रमा रहेका विद्यमान प्रविधि तथा नयाँ प्रविधिको अध्ययन अनुसन्धान गरी उद्योग र वाणिज्य क्षेत्रमा नविनतम् प्रविधिको उपयोग गरिने ।

(९) उद्यमशीलता अभिवृद्धि गरिने ।

(१०) निजी क्षेत्र तथा प्रदेश एवम् स्थानीय निकायहरूको सहभागिता र सहकार्यमा सीपमूलक तथा उद्यमशीलता विकास सम्बन्धी कार्यक्रम र

कार्यस्थलमा आधारित तालीम सञ्चालन गरी उद्योग क्षेत्रको लागि दक्ष जनशक्ति विकास गरिने ।

(११) अति कम विकसित मुलुकबाट स्तरोन्नति हुँदा प्रभावित हुन सक्ने उद्योग व्यवसायलाई उत्थानशील एवम् प्रतिस्पर्धी बनाउन प्रविधि हस्तान्तरण, सीप विकास तथा बजार पहुँच सम्बन्धी कार्यक्रम सञ्चालन गरिने ।

(१२) गैरआवासीय नेपालीको ज्ञान, सीप, पूँजी र प्रविधिलाई राष्ट्रिय उद्योग विकास र स्थापनामा जोड्न सहजीकरण गरिने ।

(१३) लघु, घरेलु, साना तथा मझौला उद्योगमा सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने । निजी क्षेत्रको विकास एवम् प्रवर्द्धन गर्न कानुनद्वारा प्रदान गरिएका छुट, सुविधा र सहुलियतहरू प्रदान गरिने ।

(१४) उद्योगका विषयमा संघ, प्रदेश र स्थानीय तीन तहकै सरकारबीच आवश्यक समन्वय, सहकार्य तथा सहजीकरण गर्दै उद्योग स्थापना र उत्पादित वस्तुको बजारीकरणका लागि अन्तरसरकार समन्वय गरिने ।

(१५) नवप्रवर्तन, स्टार्टअप, स्तरोन्मुख उद्यम र महिला उद्यमीहरूको मनोबल एवम् आत्मविश्वास अभिवृद्धि गर्न सहुलियतपूर्ण कर्जा, आपूर्ति श्रृखला व्यवस्थापन, नयाँ प्रविधि उपयोग र अग्र र पृष्ठ सम्बन्ध कायम हुने कार्यक्रम सञ्चालन गरिने ।

(१६) व्यवसाय सम्बर्द्धन केन्द्र सञ्चालनको लागि नीतिगत तथा संस्थागत प्रबन्ध गरी उद्यम सम्वर्द्धन गरिने ।

(१७) औद्योगिक सम्पत्तिको संरक्षण एवम् प्रवर्द्धन गर्दै लगानी आकर्षित गर्न औद्योगिक सम्पत्ति सम्बन्धी विशिष्टकृत निकाय स्थापना गरिने ।

(१८) उद्योग क्षेत्रसम्मको पहुँचमार्ग, विद्युत प्रशारण लाइन तथा सवस्टेशन निर्माण जस्ता औद्योगिक भौतिक पूर्वाधारको विकास र निर्माणलाई निरन्तरता दिइने । सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरूप औद्योगिक भौतिक पूर्वाधार विकास, निर्माण र सञ्चालन गरिने ।

(१९) हाल सञ्चालित औद्योगिक क्षेत्रहरूको सञ्चालनलाई थप प्रभावकारी बनाउँदै निर्माणाधीन औद्योगिक क्षेत्रहरूको निर्माण र सञ्चालनमा निजी क्षेत्रसँग सहकार्य गरिने ।

(२०) विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगहरूको निर्यात प्रवर्द्धनलाई थप सहजीकरण गरिने तथा विशेष आर्थिक क्षेत्रको निर्माण र सञ्चालनमा सार्वजनिक निजी साझेदारी मोडल अवलम्बन गरिने ।

(२१) स्थानीय तहको प्रत्यक्ष संलग्नतामा स्थानीय कच्चा पदार्थको प्रयोग गरी स्वदेशी बस्तुको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न औद्योगिक ग्राम निर्माण तथा सञ्चालन गरिने । हाल घोषित औद्योगिकग्रामको निर्माण कार्यलाई प्राथमिकतामा राखी सम्पन्न गरिने ।

(२२) चौथो पुस्ताको औद्योगिकीकरण अवधारणालाई कार्यान्वयन गर्न उद्योगहरूमा नयाँ प्रविधिको प्रयोग तथा अटोमेशनमा सहजीकरण गरिने ।

(२३) सर्कुलर अर्थतन्त्र तथा हरित अर्थतन्त्रमा आधारित उद्योगको विकास गर्दै उद्योगबाट उत्सर्जन हुने प्रदुषण न्यून गर्न प्रविधिको उपयोगलाई प्रवर्द्धन गरिने ।

(२४) खनिज सम्पदाहरूको अध्ययन, अन्वेषण, मूल्याङ्कन तथा प्रवर्द्धन मार्फत खनिजमा आधारित उद्योगको विकास गरिने ।

(२५) धातुजन्य खनिज, पेट्रोलियम तथा प्राकृतिक ग्याँस हुन सक्ने सम्भावित क्षेत्रमा स्वदेशी एवम् विदेशी लगानीकर्तालाई अन्वेषण, उत्खनन एवम् उत्पादन गर्न आकर्षण गरिने ।

(२६) भौगर्भिक भौगोलिक अध्ययन अन्वेषण गरी नक्शाङ्कन तयार गरिने ।

(२७) भू-कम्पीय अध्ययन तथा अनुसन्धान गरी भूकम्पीय जोखिम नक्साङ्कन तयार गरिने ।

(२८) नेपाल गुणस्तर नापतौल र प्रत्यायन क्षेत्रको विकास गरी प्रमाणीकरण, नाप जाँच तथा परीक्षण सम्बन्धी राष्ट्रिय गुणस्तर पूर्वाधार सुदृढीकरण गरिने ।

(२९) गुणस्तरीय वस्तु उत्पादनको लागि नेपाल गुणस्तर तयार गरिने । उद्योगबाट उत्पादित वस्तु, प्रवाह हुने सेवा एवम् प्रकृयामा नेपाल गुणस्तर प्रमाण चिन्ह प्रदान गरिने व्यवस्था गरिने । उपभोक्ताले उपभोग गर्ने वस्तुको नापतौल तथा गुणस्तर सुनिर्शचित गरिने ।

(३०) अन्तर्राष्ट्रिय मान्यता प्राप्त हुने गरी नेपाल प्रत्यायन केन्द्रको सेवा सुरू गरिने तथा प्रत्यायन केन्द्रको अन्तर्राष्ट्रिय आवद्धता समेत गराइने ।

(३१) सरकारी उद्योग तथा सार्वजनिक संस्थानहरूको सञ्चालनमा व्यवस्थापनका विभिन्न विकल्पको प्रयोग गर्दै कार्यकुशलता अभिवृद्धि गरिने ।

(३२) रूग्ण अवस्थामा रहेका सरकारी उद्योग तथा सार्वजनिक संस्थानहरूको व्यवस्थापनको सम्बन्धमा सरकारी लगानी व्यवस्थापन समितिबाट निर्धारित मोडालिटी बमोजिम कार्यान्वयनमा लगिने ।

(३३) प्रदेशमा उद्योग दर्ता गर्ने निकायको संस्थागत क्षमता विकासको लागि ज्ञान हस्तान्तरण कार्यक्रम सञ्चालन गरिने । सबै प्रदेश र मातहतमा दर्ता

हुने उद्योगको एकीकृत औद्योगिक तथ्याङ्क विकास गरी प्रकाशन गरिने ।

(३४) उद्योगहरूलाई विभिन्न निकायहरूबाट प्रदान गरिने सेवा प्रवाहलाई सरलीकृत गरिने तथा यसका लागि स्वचालित प्रणाली कार्यान्वयनमा ल्याइने ।

(३५) उद्योगबाट उत्पन्न हुने प्रदुषण न्यूनीकरणका लागि नवीकरणीय ऊर्जाको प्रयोग हुने मेशिन औजारको उपयोग गर्दै कम दक्षता भएका र अस्वच्छ ऊर्जा खपत गर्ने पुराना प्रविधिका मेशिन औजारहरू प्रतिस्थापन गर्ने कार्यक्रम सञ्चालन गरिने ।

(३६) उद्योग प्रशासनबाट प्रवाह हुने सेवालाई थप प्रभावकारी र पारदर्शी बनाउन विभिन्न प्रणालीहरूबीच अन्तर आवद्धता कायम गरी अटोमेटेड सेवा प्रवाह गरिने ।

(इ) केही औद्योगिक सूचकहरूको नतिजा खाकाको लक्ष्य

क्र. सं.	सूचक	आ.व. २०८०/०८१ को यथार्थ स्थिति	आ.व. २०८५/०८५ को लक्ष्य
१.	कूल ग्रार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योगको अंश	४.९ प्रतिशत	५.४ प्रतिशत पुऱ्याउने
२.	उत्पादनमूलक उद्योगको कूल गार्हस्थ्य उत्पादन वृद्धि दर	-२.०२	७.४ प्रतिशत पुऱ्याउने
३.	सञ्चालनमा रहेका औद्योगिक ग्राम	-	२५ वटा
४.	लघु, घरेलु, साना, मझौला र ठुला उद्योगहरूको स्थापना र सञ्चालन मार्फत थप रोजगारी सिर्जना	१४० हजार	२१० हजार
५.	दर्ता गरिएका पेटेन्टको संख्या	२	२० वटा
६.	लघु उद्यमीको स्तरोन्नति	२.५२ हजार	४.६ हजार
७.	खानी अन्वेषण क्षेत्र विस्तार	६७४ वर्ग कि.मि.	१२०० वर्ग कि.मी.
८.	खनिजजन्य उद्योग प्रवर्द्धन	-	५० वटा

(ख) सोह्रौँ योजनामा वाणिज्य क्षेत्रतर्फ लिइएका उद्देश्य, रणनीति तथा कार्यनीतिहरू

(अ) उद्देश्यहरू

(१) निर्यात प्रवर्द्धन गर्दै आयातलाई निर्यातसँग अन्तरआवद्ध गरी व्यापार असन्तुलन कम गर्ने ।

(२) व्यवसायिक वातावरण निर्माण, व्यापारजन्य पूर्वाधारको

विकास र आपूर्ति श्रृंखला सुदृढीकरण गरी प्रतिस्पर्धी क्षमता विकास गर्ने ।

(३) अन्तरसम्बन्धित निकाय, राष्ट्रिय एवम् अन्तराष्ट्रियस्तर र तीनै तहका सरकारको सहभागिता, समन्वय तथा साझेदारी अभिवृद्धि गरी अन्तर्राष्ट्रिय बजारमा नेपाली वस्तु तथा सेवाको पहुँच बनाउने ।

(आ) **मुख्य मुख्य रूपान्तरणकारी रणनीति :**

(१) वाणिज्य क्षेत्रमा नीतिगत तथा कानूनी एकरूपता, सामञ्जस्यता तथा संस्थागत समन्वय गर्ने ।

(२) वस्तु तथा सेवाको मूल्य अभिवृद्धि र गुणस्तर वृद्धि गर्न नविन प्रविधिको विकास तथा उपयोग गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

(३) तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमता भएका वस्तुको उत्पादन बढाई निर्यात वृद्धि गर्ने ।

(४) व्यापारलाई प्रतिस्पर्धी बनाउन आपूर्तिजन्य क्षमता अभिवृद्धि तथा व्यापार सहजीकरणका माध्यमबाट वस्तु तथा सेवाको लागत कम गर्ने ।

(५) वस्तु तथा सेवाको निर्यात अभिवृद्धि गर्न भन्सार तथा गैरभन्सार उपाय अवलम्बन गरी नेपालको व्यापारलाई प्रतिस्पर्धी बनाउने ।

(६) बहुपक्षीय, क्षेत्रीय तथा द्विपक्षीय व्यापार वार्ता तथा सम्झौता एवम् व्यापार कूटनीति मार्फत व्यापार पहुँच विस्तार गर्ने ।

(७) प्रविधिको उच्चतम् उपयोग गरी सेवा व्यापार र डिजिटल व्यापारको विकास तथा प्रवर्द्धन गर्ने ।

(८) विकासशील राष्ट्रमा स्तरोन्नति पश्चात् निर्यात व्यापारमा आउने चुनौति सामना गर्न क्षमता अभिवृद्धि गर्ने ।

(इ) **कार्यनीतिहरू**

(१) वाणिज्य क्षेत्रसँग सम्बन्धित विद्यमान कानुन परिमार्जन गरिने ।

(२) निर्यात व्यापार सम्बद्ध संस्थागत तथा मानवसंशाधन क्षमता अभिवृद्धि गरिने ।

(३) निर्यात व्यापार अभिवृद्धि गर्न प्रकृयागत सरलीकरण गरी

वस्तुगत एवम् देशगत व्यापारको विविधिकरण गरिने ।

(४) स्वदेशी कच्चा पदार्थमा आधारित निकासीजन्य वस्तु उत्पादन गर्ने उद्योगमा प्रविधि हस्तान्तरण गरी उत्पादन प्रकृयामा सुधार गर्ने । छुट सुविधा तथा सहुलियत प्रदान गरिने ।

(५) तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमताका वस्तु तथा सेवाको मूल्य श्रृंखला विकास गरी अन्तर्राष्ट्रिय बजारमा निर्यात प्रवर्द्धन गरिने ।

(६) अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धन गर्न व्यापार पूर्वाधार निर्माण तथा व्यापार लजिस्टिक्स सेवा अभिवृद्धि गरिने ।

(७) आयातलाई समग्र व्यापार प्रणाली अनुकूल बनाउन गैर भन्सार उपायहरूको समुचित प्रयोग गरिने ।

(८) जीवजन्तु तथा वनस्पति स्वास्थ्य (Sanitary and Phytosanitary) मा असर गर्ने वस्तुको आयात नियमन गरिने ।

(९) नेपाली वस्तुको व्यापार सम्वद्ध वौद्धिक सम्पत्ति सम्बन्धी अधिकारको अन्तर्राष्ट्रिय बजारमा संरक्षण र प्रवर्द्धन गरिने ।

(१०) नेपाली मौलिक उत्पादनको Branding and Patent Rights कायम हुने गरी निर्यात प्रवर्द्धन गरिने ।

(११) नेपाली वस्तु र सेवाको निर्यात अभिवृद्धि गर्नका लागि द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय वार्ता तथा सम्झौता गरिने ।

(१२) आर्थिक कुटनीति तथा विदेशस्थित नेपाली नियोग र गैर आवासीय नेपालीको संयन्त्रलाई निर्यात प्रवर्द्धनमा परिचालन गरिने ।

(१३) सेवा व्यापार प्रवर्द्धन गर्न एकीकृत राष्ट्रिय रणनीति तर्जुमा गरिने ।

(१४) डिजिटल व्यापार प्रवर्द्धन गर्न विद्युतीय प्लेटफर्म निर्माण तथा नवीनतम् सूचना प्रविधिको उपयोग गरिने ।

(१५) स्वदेशी वस्तु तथा सेवाको उत्पादन र उपभोग अभिवृद्धि गरी आयात प्रतिस्थापन गरिने ।

(१६) विकासशील राष्ट्रमा स्तरोन्नती पश्चात् समेत व्यापार सुविधा प्राप्त गर्ने सम्बन्धमा विभिन्न मित्रराष्ट्रहरूसँग छलफल तथा वार्ता एवम् आवश्यकतानुसार सौबिध्यपूर्ण व्यापार सम्झौता गरिने ।

(ई) **नतिजा खाका**

क्र.सं.	सूचक	आ.व. २०८०/०८१ को यथार्थ स्थिति	आ.व. २०८५/०८६ को लक्ष्य
१.	कूल गार्हस्थ्य उत्पादनको अनुपातमा बैदेशिक व्यापार सन्तुलन	-२७.७ प्रतिशत	-२२.५ प्रतिशतमा झार्ने
२.	आयात निर्यात अनुपात	१०.४५	६.३५ पुऱ्याउने
३.	कूल गार्हस्थ्व उत्पादनमा वस्तु तथा सेवा आयातको अनुपात	३४.७ प्रतिशत	३१ प्रतिशतमा झार्ने
४.	कूल गार्हस्थ्व उत्पादनमा वस्तु तथा सेवा निर्यातको अनुपात	७ प्रतिशत	८.५ प्रतिशत पुऱ्याउने
५.	वस्तु तथा सेवा निर्यातमा अस्थिरता	४.९८ सूचकाङ्क	४.० सूचकाङ्कमा ल्याउने
६.	कूल वस्तु व्यापारमा आयातको हिस्सा	९१.२७ प्रतिशत	८२.० प्रतिशतमा झार्ने
७.	कूल वस्तु व्यापारमा निर्यातको हिस्सा	८.७३ प्रतिशत	१८.० प्रतिशत पुऱ्याउने
८.	कूल निर्यातमा प्रमुख १० वस्तुको हिस्सा	२७.३८ प्रतिशत	३५.० प्रतिशत कायम गर्ने

३. निष्कर्ष

मुलुकको आर्थिक समृद्धिका लागि उपलब्ध स्रोतसाधनको अधिकतम परिचालन गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी, सुदृढ तथा रोजगार उन्मुख बनाउन र उत्पादकत्व वृद्धि गरी आयात प्रतिस्थापन, निर्यात प्रवर्धन र पूर्वाधार विकास तथा वस्तु वा सेवाको उत्पादनका क्षेत्रमा स्वदेशी निजी लगानी र विदेशी पूँजी, नव प्रविधि तथा लगानीलाई आकर्षित गर्न लगानीमैत्री वातावरण सिर्जना गर्दै औद्योगिकरण मार्फत दिगो आर्थिक वृद्धि हासिल गर्न आवश्यक भएको छ।

बिदेशबाट मालवस्तुको आयात अनपेक्षित र अस्वभाविक रुपमा ठुलो परिमाणमा वृद्धि भएमा वा सामान्य मूल्य वा लागत मूल्यभन्दा कम मूल्यमा आयात भई वा सहुलियत प्राप्त कुनै मालवस्तुको अत्याधिक आयातको कारणबाट स्वदेशी उद्योगमा हुन गएको हानी नोक्सानी रोक्न वा त्यस्तो आयातबाट स्वदेशी उद्योगलाई हुन सक्ने गम्भीर हानि नोक्सानी वा गम्भीर हानि नोक्सानीको असरबाट जोगाउनका

लागि सेफगार्डस, एन्टी-डम्पिङ्ग वा काउण्टरभेलिङ्ग महसुलका माध्यमबाट आवश्यक संरक्षण प्रदान गर्दै प्रवर्धन गर्नु अति आवश्यक भैसकेको छ। यसका साथै मलुकुको औद्योगिक वातावरणलाई लगानीमैत्री तथा प्रतिस्पर्धी बनाई औद्योगिक वस्तु वा सेवाको उत्पादन र रोजगारीका अवसरमा अभिवृद्धि गर्न मुलुकमा उपलब्ध स्रोत साधनको अधिकतम परिचालन गरी क्रमशः आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा जोड दिदै उद्योग तथा वाणिज्यक्षेत्रको सहज, अनुमानयोग्य र प्रभावकारी व्यवस्थापन गरी गतिशील एवं सवल अर्थतन्त्र निर्माण गर्नुपर्ने खांचो देखिएको छ। हाल औद्योगिक र व्यापारिक क्रियाकलापमा देखिएका अस्वस्थ प्रतिस्पर्धा जस्तै बौदिक सम्पतिको चोरी र दुरुपयोग, आर्थिक अपराध, राजश्वको अपचलन, कर छली, विदेशी मुद्राको अपचलन आदि जस्ता विकृतिहरूलाई समेत उपयुक्त कानूनी उपक्रमहरूका माध्यमवाट नियन्त्रण गर्नुपर्ने देखिएको छ। यसका साथै E-Commerce Platforms को प्रवर्धन र सोबाट हुने ब्यापारका साथै Online Shopping/Digital Trade का माध्यमबाट हुने व्यापारिक कारोबारलाई बढावा दिनु अति आवश्यक भैसकेको छ।

लगानी र व्यापार सम्बद्ध निकायहरूको सुदृढीकरण गर्दै तिनीहरूले प्रदान गर्ने सेवा प्रवाहलाई डिजिटल, चुस्त, दुरुस्त र सरलीकृत बनाउँदै देशको निकासी व्यापारलाई थप प्रतिस्पर्धी बनाई निकासी व्यापार बढाउन र Doing Business Cost लाई न्यूनीकरण गर्न विभिन्न सुधारात्मक कार्यहरू गर्दै उत्पादनको दायरा फराकिलो बनाउने र निर्यातका लागि आवश्यक परिमाणको वस्तु उत्पादन गर्ने वातावरण बनाउन अति आवश्यक भैसकेको छ।

सन्दर्भ सामग्रीहरू :

सोह्रौं योजना (आ.व. २०८१/८२ - २०८५/८६), नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं।

सोह्रौं योजना कार्यान्वयन कार्ययोजना (आ.व. २०८१/८२ - २०८५/८६) नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं।

मुलुकको समृद्धि उद्योग तथा वाणिज्य (अनुसन्धानमूलक), डा. कृष्ण प्रसाद आचार्य, पैरवी प्रकाशन, २०८२ असार।

Parajuli, Chhabindra (2076) Governance & Development, Aishworya Publication

नेपालको संविधान (२०७२) कानुन किताब व्यवस्था समिति, काठमाडौं।

उद्योग, वाणिज्य तथा नवप्रवर्तन: विश्वव्यापी अभ्यास र नेपालको रूपान्तरण मार्गचित्र



✍ दिनेश कुमार घिमिरे

लेखसार

नेपालको आधुनिक आर्थिक विकास यात्रा विगत सात दशकदेखि योजनाबद्ध अभ्यासमा रहे तापनि राष्ट्रिय अर्थतन्त्र अझै पनि उत्पादनशील, प्रतिस्पर्धी र आत्मनिर्भर औद्योगिक जगमा रूपान्तरित हुन सकेको छैन। कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योगको अंश निरन्तर ओरालो लागेर करिब ५ प्रतिशतको हाराहारीमा सीमित हुनुले मुलुक समयपूर्व नै औद्योगिक क्षयीकरणतर्फ धकेलिएको स्पष्ट पार्दछ।

वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषण आप्रवाहले आन्तरिक उपभोग बढाउने र आयातबाट संकलित भन्सार महसुलले राज्यको साधारण खर्च धान्ने 'उपभोग-आयात-राजस्व' को दुष्चक्रले अर्थतन्त्रलाई परनिर्भर बनाएको छ। आर्थिक वर्ष २०८०/८१, २०८१/८२ र २०८२/८३ को बाह्य व्यापार तथ्याङ्कले वार्षिक १४ खर्ब रुपैयाँभन्दा माथिको निरन्तर व्यापार घाटा र १:१० को हाराहारीमा रहेको प्रतिकूल आयात-निर्यात अनुपात देखाउँछ।

सन् २०२९ को अन्त्य (वि.सं. २०८६) सम्ममा नेपाल अल्पविकसित राष्ट्रको श्रेणीबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुँदै गर्दा विश्व व्यापार संगठन र विकसित मुलुकहरूबाट प्राप्त हुँदै आएको भन्सार तथा कोटा-रहित बजार पहुँच, युरोपेली संघको 'हतियारबाहेक सबै' (EBA) सुविधा र बौद्धिक सम्पत्तिसम्बन्धी

✍ *सहसचिव, नेपाल सरकार*

ट्रिप्स (TRIPS) का लचिलापनहरू क्रमशः कटौती हुनेछन् । यस्तो परिस्थितिमा राष्ट्रिय योजना आयोगको सोह्रौँ आवधिक योजना (२०८१/८२-२०८५/८६) ले आयात-निर्यात अनुपातलाई १:८.५ मा झार्ने र औसत आर्थिक वृद्धिदर ५.६ प्रतिशत हासिल गर्ने लक्ष्य तय गरेको छ । साथै, 'नेपाल व्यापार एकीकृत रणनीति, २०८०' (NTIS २०२३) ले पाँच वर्षभित्र निर्यात-जीडीपी अनुपात २० प्रतिशत पुऱ्याउने संकल्प गरेको छ ।

चालु आर्थिक वर्ष २०८३/८४ को संघीय बजेटले २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँको विनियोजनसहित ७ प्रतिशतको आर्थिक वृद्धि, भन्सार महसुलका तहहरूलाई ११ बाट ७ मा झार्ने, २७३ प्रकारका औद्योगिक कच्चा पदार्थको भन्सार घटाउने, ३६० वस्तुको अन्तःशुल्क खारेज गर्ने, जलविद्युत्मा आधारित पहिलो 'सार्वभौम एआई कम्प्युटिङ सेन्टर' स्थापना गर्ने, हरित हाइड्रोजन पाइलट प्लान्ट निर्माण गर्ने र सूचना प्रविधि दशक (२०८१-२०९१) मार्फत ३० खर्ब रुपैयाँको सेवा निर्यात गर्ने साहसिक नीति अघि सारेको छ ।

यस लेखमा डेभिड रिकार्डोको 'तुलनात्मक लाभको सिद्धान्त' बाट माइकल पोर्टरको 'प्रतिस्पर्धी लाभ' र जोसेफ शुम्पिटरको 'सिर्जनात्मक विनाश' मा आधारित नवप्रवर्तनका चार आयामहरू –प्रक्रियागत, उत्पादन, बजारीकरण र संगठनात्मक नवप्रवर्तनको विस्तृत ढाँचा प्रस्तुत गरिएको छ ।

साथै, विश्व नवप्रवर्तन सूचकाङ्क (GII) मा नेपालको स्थान (१०७औँ), विगतमा प्रस्तावित 'औद्योगिक सम्पत्ति विधेयक, २०८२' (हाल निष्क्रिय) मार्फत भौगोलिक उपदर्शन (GI) को संरक्षण; कृषि, जडीबुटी, टेक्सटाइल, जलविद्युत् एवं डिजिटल सेवा क्षेत्रको रूपान्तरणका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रणनीतिक कार्यदिशा सिफारिस गरिएको थियो । आगामी दिनमा परिष्कृत बौद्धिक सम्पत्ति विधेयक तर्जुमा हुने अपेक्षा गर्न सकिन्छ ।

१. औद्योगिकीकरणको ऐतिहासिक विचलन र संरचनात्मक सङ्कट

वि.सं. २०१३ बाट सुरु भएको नेपालको आधुनिक आर्थिक इतिहासको आवधिक योजनाबद्ध विकासको यात्राले सात दशक पार गरिसकेको छ । तथापि, राष्ट्रिय अर्थतन्त्रको जग अझै पनि उत्पादनशील, प्रतिस्पर्धी र आत्मनिर्भर औद्योगिक आधारशीलामा स्थापित हुन सकेको छैन । वि.सं. २०४० को दशकको अन्त्य र २०५० को दशकको प्रारम्भमा अङ्गीकार गरिएको खुला, उदार तथा बजारमुखी आर्थिक नीतिले सेवा क्षेत्र, बैंकिङ, दूरसञ्चार, शिक्षा र स्वास्थ्य क्षेत्रमा उल्लेख्य निजी लगानी आकर्षित गरे तापनि उत्पादनमूलक उद्योगको क्षेत्रमा भने अपेक्षित संरचनात्मक रूपान्तरण हासिल हुन सकेन । पछिल्ला तीन दशकमा नेपालको कुल

गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योगको योगदान निरन्तर ओरालो लागेर हाल करिब ४.५ देखि ५ प्रतिशतको बीचमा खुम्चिन पुगेको छ। यो अवस्थाले कुनै पनि उदीयमान अर्थतन्त्रका लागि समयपूर्व नै औद्योगिक क्षयीकरणतर्फ उन्मुख भएको सङ्केत गर्दछ।

उत्पादनमूलक क्षेत्रको यो संकुचनबाट समानान्तर रूपमा नेपालको अर्थतन्त्र विप्रेषण आप्रवाह (Remittance Inflow) र आयात-आधारित उपभोगको दुष्चक्रमा नराम्ररी फस्दै गएको देखिन्छ। वैदेशिक रोजगारीमा गएका लाखौँ युवाहरूले पठाएको विप्रेषणले मुलुकको विदेशी मुद्रा सञ्चिति धान्ने, आन्तरिक उपभोग बढाउने र आयातबाट प्राप्त हुने भन्सार राजस्वले सरकारी साधारण खर्च चलाउने परनिर्भर संरचना निर्माण भएको छ। विदेशी मुद्राको सहज आप्रवाहले आन्तरिक मुद्रास्फीति बढाएको छ, उत्पादन लागत महँगो बनाएको छ र आन्तरिक उत्पादनशील उद्योगहरूको प्रतिस्पर्धात्मक क्षमता कमजोर पारेर मुलुकलाई आयातित वस्तुहरूको खुला बजारमा परिणत गरिदिएको छ। फलस्वरुप 'डच डिजिज' (Dutch Disease) को विशिष्ट नेपाली संस्करण सिर्जना भएको छ। बैंक तथा वित्तीय संस्थाहरूको लगानी समेत उत्पादनशील र नवप्रवर्तनशील औद्योगिक परियोजनाहरूमा भन्दा छिटो प्रतिफल दिने घरजग्गा, सेयर बजार र उपभोग्य वस्तुको आयात व्यापारजस्ता अनुत्पादक क्षेत्रहरूमा केन्द्रित हुन पुगेको देखिन्छ।

यस विषम आर्थिक परिदृश्यका बीच नेपाल सन् २०२९ को अन्त्य (वि.सं. २०८६) सम्ममा अल्पविकसित राष्ट्रको श्रेणीबाट विकासशील राष्ट्रमा स्तरोन्नति (Graduation) हुने निर्णायक बिन्दुमा उभिएको छ। संयुक्त राष्ट्रसंघको विकास नीति समिति (CDP) ले निर्धारण गरेका तीनवटा मापदण्डमध्ये मानव सम्पत्ति सूचकाङ्क र आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्क पार गरेर नेपाल स्तरोन्नतिको चरणमा प्रवेश गरेको भए तापनि प्रतिव्यक्ति कुल राष्ट्रिय आयको आधार अझै तुलनात्मक रूपमा नाजुक छ। विकासशील राष्ट्रमा स्तरोन्नति हुनु राष्ट्रिय आत्मसम्मान र अन्तर्राष्ट्रिय छविका दृष्टिले स्वागतयोग्य उपलब्धि भए तापनि यसले नेपालको बाह्य व्यापार र औद्योगिक क्षेत्रमा गम्भीर चुनौतीहरू थप्ने निश्चित छ।

विशेषगरी युरोपेली संघको 'हतियारबाहेक सबै' (Everything But Arms–EBA) योजनाअन्तर्गत प्राप्त शून्य भन्सार सुविधा, संयुक्त राज्य अमेरिका, क्यानडा, जापान लगायतका विकसित मुलुकहरूले प्रदान गरेको सामान्यीकृत ग्राह्यता प्रणाली (GSP) र विश्व व्यापार संगठनअन्तर्गत अल्पविकसित मुलुकहरूलाई प्राप्त हुने भन्सार तथा कोटा-रहित बजार पहुँच क्रमशः कटौती हुनेछन्। यसका

अतिरिक्त, बौद्धिक सम्पत्ति अधिकारको व्यापार सम्बद्ध पक्ष सम्झौताअन्तर्गत प्राप्त लचिलापन र छुटहरू समाप्त हुने भएकोले नेपाली औषधि उद्योग, कृषि प्रविधि र साना उद्योगहरूले अन्तर्राष्ट्रिय मापदण्ड र रोयल्टीको प्रत्यक्ष भार व्यहोर्नुपर्नेछ।

यस्तो सङ्क्रमणकालीन परिवेशमा राष्ट्रिय योजना आयोगले कार्यान्वयनमा ल्याएको सोह्रौं आवधिक योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६) ले अर्थतन्त्रमा 'संरचनात्मक रूपान्तरण' मार्फत सुशासन, सामाजिक न्याय र समृद्धिको दीर्घकालीन सोच अघि सारेको छ। यस योजनाले आर्थिक वर्ष २०७९/८० मा कायम रहेको १:१०.३ को भयावह आयात-निर्यात अनुपातलाई योजनाको अन्त्य (आर्थिक वर्ष २०८५/८६) सम्ममा १:८.५ मा झार्ने र औसत आर्थिक वृद्धिदरलाई ५.६ प्रतिशत पुऱ्याउने लक्ष्य तय गरेको छ। उक्त राष्ट्रिय लक्ष्य हासिल गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले 'नेपाल व्यापार एकीकृत रणनीति, २०८०' (NTIS २०२३) कार्यान्वयनमा ल्याएको छ। आगामी पाँच वर्षभित्र निर्यात-जीडीपी अनुपातलाई २० प्रतिशत र कुल व्यापार-जीडीपी अनुपातलाई ५५ प्रतिशत पुऱ्याउने महत्त्वाकांक्षी लक्ष्य रणनीतिले अघि सारेको छ। नेपालले आफ्नो परम्परागत औद्योगिक तथा व्यापार नीतिमा व्यापक शल्यक्रिया गर्दै नवप्रवर्तन, प्रविधि, बौद्धिक पुँजी र उच्च मूल्य अभिवृद्धिमा आधारित औद्योगिक रूपान्तरणको मार्गचित्र अवलम्बन गर्नु अब ऐच्छिक विषय नरहेर अस्तित्व रक्षाको अनिवार्य सर्त बन्न पुगेको छ।

२. वैदेशिक व्यापारको संरचनात्मक असन्तुलन र अन्तर्राष्ट्रिय बजार पहुँचका अवरोधहरू

नेपालको वैदेशिक व्यापार अत्यधिक परनिर्भर, कमजोर जगमा उभिएको र अनपेक्षित बाह्य झट्काहरू (External Shocks) बाट सजिलै प्रभावित हुने प्रकृतिको देखिन्छ। भन्सार विभाग तथा नेपाल राष्ट्र बैंकको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८०/८१ मा नेपालको कुल वैदेशिक व्यापार करिब १७ खर्ब ४५ अर्ब रुपैयाँ बराबरको रह्यो। यस अवधिमा कुल आयात १५ खर्ब ९३ अर्ब रुपैयाँ हुँदा कुल निर्यात भने केवल १ खर्ब ५२ अर्ब रुपैयाँमा सीमित रहन पुग्यो, जसले वार्षिक व्यापार घाटा १४ खर्ब ४१ अर्ब रुपैयाँ कायम गऱ्यो। आर्थिक वर्ष २०८१/८२ मा कुल वैदेशिक व्यापार पुनः १७ खर्ब ४५ अर्ब रुपैयाँको हाराहारीमा रहँदा व्यापार घाटा १५ खर्ब रुपैयाँ नाघेको देखिन्छ।

गत आर्थिक वर्ष २०८२/८३ को संशोधित वित्तीय विवरण तथा व्यापारिक प्रवृत्ति हेर्दा आयात झन्डै १६ खर्ब ९६ अर्ब रुपैयाँ हाराहारी पुगेको र निर्यातमा केही सुधार देखिए तापनि व्यापार घाटा १४ खर्ब ५० अर्ब रुपैयाँभन्दा माथि नै कायम रहेको छ। आयातको तुलनामा निर्यातको अंश १० प्रतिशतभन्दा न्यून रहनुले नेपाली

अर्थतन्त्रको आन्तरिक उत्पादन क्षमता कति कमजोर छ भन्ने कटु यथार्थलाई छर्लङ्ग पार्दछ।

नेपालको निर्यात व्यापारको अन्तर्यलाई सूक्ष्म रूपमा नियाल्दा यसमा दुईवटा गम्भीर संरचनात्मक विचलनहरू फेला पर्दछन्। पहिलो विचलन भौगोलिक एकाधिकार हो। नेपालको कुल व्यापारको करिब दुई-तिहाइ (६५ देखि ६८ प्रतिशत) हिस्सा एकल मुलुक भारतसँग मात्र निर्भर छ। यसले नेपालको आपूर्ति शृङ्खला र निर्यात आम्दानीलाई छिमेकी मुलुकको आर्थिक, मौद्रिक र व्यापार नीतिको उतारचढावप्रति अत्यधिक संवेदनशील बनाएको छ। दोस्रो विचलन वस्तुगत एकाधिकार र कृत्रिम मूल्य अभिवृद्धि हो। विगत केही वर्षयता नेपालको निर्यात सूचीको शीर्ष स्थानमा प्रशोधित भटमासको तेल र पाम तेलजस्ता वस्तुहरू रहँदै आएका छन्। यी वस्तुहरूको कच्चा पदार्थ नेपालमा उत्पादन हुँदैन; तेस्रो मुलुकबाट कच्चा तेल आयात गरी नेपालमा न्यून प्रशोधन गरेर दक्षिण एसियाली स्वतन्त्र व्यापार क्षेत्र (साफ्टा-SAFTA) अन्तर्गतको शून्य भन्सार सुविधा उपयोग गर्दै भारतीय बजारमा निकासी गरिँदै आएको छ। भारत सरकारले आफ्नो भन्सार दरमा सामान्य फेरबदल गर्नासाथ यस्ता वस्तुहरूको निर्यात शून्यमा झर्ने जोखिम सधैँ रहन्छ। यस्तो 'ट्यारिफ आर्बिट्राज' (Tariff Arbitrage) मा आधारित व्यापारले मुलुकमा न त दिगो रोजगारी सिर्जना गर्दछ, न त वास्तविक मूल्य अभिवृद्धि र औद्योगिक क्षमता नै निर्माण गर्दछ।

यसका अतिरिक्त वास्तविक तुलनात्मक लाभ भएका भनिएका परम्परागत नेपाली वस्तुहरू समेत अन्तर्राष्ट्रिय बजारमा गैर-भन्सार अवरोधहरू (Non–Tariff Barriers–NTBs) को सिकार भइरहेका छन्। विश्व बजारमा भन्सार महसुल क्रमशः घट्दै गए तापनि प्राविधिक व्यापार अवरोध (Technical Barriers to Trade–TBT) र सरसफाइ तथा वनस्पति स्वच्छता (Sanitary and Phytosanitary–SPS) सम्बन्धी कडा मापदण्डहरू विकासशील मुलुकहरूका लागि नयाँ संरक्षणवादी पर्खालका रूपमा खडा भएका छन्।

नेपालमा अन्तर्राष्ट्रिय मान्यताप्राप्त गुणस्तर परीक्षण प्रयोगशालाहरूको अभाव हुँदा नेपाली अर्थोडक्स चिया, अदुवा, अलैँची, मह र जडीबुटीहरू सीमा नाकामा हप्तौँ रोकिनुपर्ने, भारतीय वा तेस्रो मुलुकका प्रयोगशालाहरूमा परीक्षण गराउनुपर्ने र पेस्टिसाइड अवशेष वा एफ्लाटक्सिनको बहानामा कन्साइन्मेन्टहरू फिर्ता हुने समस्या निरन्तर दोहोरिँदै आएको छ।

ढुवानी तथा लजिस्टिक्सतर्फ भूपरिवेष्ठित अवस्था, कोलकाता र विशाखापट्टनम बन्दरगाहसम्मको लामो पारवहन दूरी, सीमा नाकाहरूमा हुने प्रक्रियागत ढिलासुस्ती

र बहुआयामिक यातायात (Multimodal Transport) सञ्जालको अभावले गर्दा नेपालको पारवहन लागत दक्षिण एसियामै उच्च रहेको छ। विश्व बैंकको लजिस्टिक्स कार्यसम्पादन सूचकाङ्क (LPI) मा नेपालको कमजोर स्थितिले गर्दा नेपाली उत्पादनहरूको कारखानाको ढोकामा नै अन्तर्राष्ट्रिय प्रतिस्पर्धीहरूको तुलनामा १५ देखि २० प्रतिशतसम्म महँगा हुन पुग्दछन्।

सूचक	आ.व. २०८०/८१ (वास्तविक)	आ.व. २०८१/८२ (वास्तविक)	आ.व. २०८२/८३ (संशोधित अनुमान)	सोह्रौँ योजनाको लक्ष्य (२०८५/८६)	नीतिगत तात्पर्य र रूपान्तरणको आवश्यकता
कुल निर्यात (अर्ब रुपैयाँ)	१५२.३८	१७०.५०	१८५	३५०	परम्परागत निर्यात आधार दोब्बरभन्दा बढी बढाउनुपर्ने।
कुल आयात (अर्ब रुपैयाँ)	१५९२.९८	१५७५	१६९६.३२	२९७५	विलासिता र अनुत्पादक उपभोग नियन्त्रण आवश्यक।
व्यापार घाटा (अर्ब रुपैयाँ)	१४४०.६०	१४०४.५०	१५११.३२	२६२५	जीडीपीको तुलनामा व्यापार घाटाको अनुपात घटाउने।
आयात-निर्यात अनुपात	१ : १०.४	१ : ९.२	१ : ९.१	१ : ८.५	आन्तरिक उत्पादन र मूल्य अभिवृद्धिमा जोड।
कुल व्यापारमा भारतको हिस्सा	६५.८%	६५.२%	६४.५%	५० % भन्दा कम	बजार विविधीकरण (चीन, आसियान, युरोप, अमेरिका)।
जीडीपीमा उत्पादन क्षेत्रको अंश	४.६%	४.७%	४.८%	१०.०% भन्दा माथि	संरचनात्मक औद्योगिकीकरण र रोजगारी सिर्जना।

३. विश्वव्यापी आर्थिक, प्राविधिक तथा औद्योगिक प्रवृत्तिः चौथो र पाँचौँ औद्योगिक क्रान्ति (Industry 4.0 & 5.0)

एक्काइसौँ शताब्दीको तेस्रो दशकमा विश्व अर्थतन्त्र अभूतपूर्व प्राविधिक रूपान्तरण, भू-आर्थिक ध्रुवीकरण र वातावरणीय स्थायित्वको त्रिवेणीमा सञ्चालित भइरहेको छ। विगतका औद्योगिक क्रान्तिहरू क्रमशः वाष्प इन्जिन, विद्युतीकरण र प्रारम्भिक सूचना प्रविधिमा आधारित थिए भने वर्तमान समयमा चौथो औद्योगिक क्रान्ति (उद्योग ४.०) ले भौतिक, डिजिटल र जैविक संसारबीचको सीमारेखालाई मेटाउँदै सम्पूर्ण उत्पादन र वितरण प्रणालीलाई पुनर्परिभाषित गरिरहेको छ।

उद्योग ४.० का आधारस्तम्भहरू साइबर-भौतिक प्रणाली, इन्टरनेट अफ थिंग्स (IoT), कृत्रिम बौद्धिकता (AI), मेसिन लर्निङ, बिग डेटा एनालिटिक्स, अटोनोमस रोबोटिक्स, एडिटिभ म्यानुफ्याक्चरिङ (थ्रीडी प्रिन्टिङ) र क्लाउड कम्प्युटिङले परम्परागत कारखानाहरूलाई 'स्मार्ट फ्याक्ट्री' मा रूपान्तरण गरिदिएका छन् । यसले उत्पादन प्रक्रियामा मानवीय त्रुटि न्यूनीकरण गर्ने, ऊर्जा तथा कच्चा पदार्थको खपत घटाउने र उपभोक्ताको व्यक्तिगत माग अनुसारका वस्तुहरू ठुलो परिमाणमा उत्पादन गर्ने सुविधा उपलब्ध गराएको छ ।

उद्योग ४.० को प्राविधिक दक्षताको जगमा उभिएर हाल विश्वव्यापी रूपमा उद्योग ५.० को अवधारणा सशक्त रूपमा अगाडि आएको छ । उद्योग ४.० प्रविधि, स्वचालन र नाफा-केन्द्रित दक्षतामा मात्र सीमित थियो भने उद्योग ५.० ले उत्पादन प्रणालीको केन्द्रमा 'मानव केन्द्रित' 'पर्यावरण दिगोपन' र 'सामाजिक लचिलापन' लाई स्थापित गरेको छ । यस नयाँ अवधारणा अनुसार प्रविधिले मानिसलाई विस्थापित गर्ने होइन, बरु मानिसको मौलिक सिर्जनात्मकता, सौन्दर्य सचेतना तथा परम्परागत सीपलाई रोबोट र एआईसँग जोडेर सहकार्य गराउनुपर्दछ । वातावरणीय दृष्टिले उद्योग ५.० ले सर्कुलर इकोनोमी अर्थात् स्रोतहरूको पुनःप्रयोग, शून्य फोहोर र न्यून कार्बन उत्सर्जनलाई औद्योगिक संस्कृतिको अनिवार्य अंग बनाउँछ ।

नेपालजस्तो भौगोलिक रूपमा विकट, साना तथा मझौला उद्यमहरूको बाहुल्य भएको र पुँजीको न्यूनता झेलिरहेको मुलुकका लागि उद्योग ४.० र ५.० को आगमनलाई परम्परागत औद्योगिक पूर्वाधारको अभाव पूर्ति गर्ने एउटा ऐतिहासिक फड्को (Leapfrogging Opportunity) का रूपमा लिन सकिन्छ । उदाहरणका लागि नेपालले भारी मेसिनरी र उच्च पुँजी लाग्ने परम्परागत उत्पादन कारखानाहरूमा विश्वका विशाल अर्थतन्त्रहरूसँग लागत प्रतिस्पर्धा गर्न नसके तापनि उद्योग ४.० का सफ्टवेयर औजार, डिजिटल डिजाइन र उद्योग ५.० का दिगो, मानवीय स्पर्शयुक्त विशिष्ट हस्तकला, अर्गानिक कृषि र उच्च गुणस्तरका लक्जरी वस्तुहरूको उत्पादनमा विशिष्ट स्थान हासिल गर्न सक्दछ ।

विश्वव्यापी आपूर्ति शृंखलामा पछिल्ला वर्षहरूमा आएको रणनीतिक पुनर्संरचनाले नेपालका लागि अर्को महत्त्वपूर्ण अवसरको ढोका खोलेको छ । कोभिड-१९ महामारी, रुस-युक्रेन युद्ध र संयुक्त राज्य अमेरिका तथा चीनबीचको व्यापारिक तनावले विश्वव्यापी आपूर्ति शृंखलाको जोखिमलाई सतहमा ल्याइदिएको छ । बहुराष्ट्रिय कम्पनीहरूले एकल स्रोतमाथिको अत्यधिक निर्भरता हटाउँदै 'चाइना प्लस वान', भौगोलिक रूपमा नजिकका मुलुकहरूमा उत्पादन सार्ने 'नयर्शोरिङ' (Nearshoring) र समान राजनीतिक मूल्यमान्यता भएका मुलुकहरूसँग आपूर्ति

सम्बन्ध गाँस्ने 'फ्रेन्डशोरिङ' (Friendshoring) नीतिहरू तीव्र बनाएका छन् ।

यसका साथै जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौता र दिगो विकास लक्ष्यहरूको दबाबका कारण युरोपेली संघले कार्यान्वयनमा ल्याएको कार्बन सीमा समायोजन संयन्त्र जस्ता वातावरणीय कानुनहरूले उच्च कार्बन उत्सर्जन गरी उत्पादन गरिएका सिमेन्ट, फलाम, स्टिल र एल्युमिनियमजस्ता वस्तुहरूको आयातमा भारी कार्बन कर लगाउन सुरु गरेका छन् । विश्वव्यापी उपभोक्ताहरू समेत आफ्नो खरिद निर्णयमा उत्पादनको 'कार्बन फुटप्रिन्ट', जैविक विविधतामा पारेको प्रभाव र श्रम मापदण्डहरूप्रति अत्यधिक सचेत बन्दै गएका छन् ।

नेपालको शतप्रतिशत विद्युत् प्रणाली नवीकरणीय जलविद्युत्मा आधारित भएकाले नेपालमा उत्पादित औद्योगिक तथा कृषि वस्तुहरू 'शून्य-कार्बन' वा 'हरित उत्पादन' का रूपमा विश्व बजारमा उभिन सक्ने प्राकृतिक लाभ नेपालसँग छ । यदि नेपालले आफ्नो उत्पादन प्रणालीलाई अन्तर्राष्ट्रिय हरित मापदण्डहरूसँग आबद्ध गर्न सक्यो भने विश्वव्यापी आपूर्ति शृंखलामा 'सफा र दिगो साझेदार' का रूपमा स्थापित हुँदै हरित प्रिमियम मूल्य आर्जन गर्न सक्ने स्पष्ट आधारहरू विद्यमान छन् ।

४. नेपाल व्यापार एकीकृत रणनीति : प्राथमिकताप्राप्त वस्तु तथा सेवाहरूको विश्लेषण

नेपाल सरकारले सन् २०१० मा पहिलो पटक नेपाल व्यापार एकीकृत रणनीति (NTIS २०१०) तर्जुमा गरी निर्यात सम्भाव्यता भएका १९ वटा वस्तु तथा सेवाहरूको पहिचान गरेको थियो । त्यसपछि २०१६ मा यसलाई परिमार्जन गर्दै १२ वटा वस्तु तथा सेवामा सीमित गरियो । यद्यपि, अघिल्ला रणनीतिहरूले पहिचान गरेका वस्तुहरूको निर्यात वृद्धिमा ठोस परिणाम दिन नसकेको, आवश्यक बजेट तथा संस्थागत समन्वयको अभाव रहेको र दीर्घकालीन प्रतिस्पर्धात्मक क्षमता निर्माण गर्न नसकिएको गम्भीर समीक्षा विज्ञहरूले गरेका छन् ।

यसै पृष्ठभूमिमा, आगामी सन् २०२९ मा विकासशील राष्ट्रमा स्तरोन्नतिको पूर्वतयारी, संघीय संरचनाको प्रशासनिक आवश्यकता र विश्व बजारमा आएको प्राविधिक परिवर्तनलाई सम्बोधन गर्न 'नेपाल व्यापार एकीकृत रणनीति, २०८०' (NTIS २०२३) कार्यान्वयनमा ल्याईएको छ । जसलाई कार्यान्वयन गर्न पाँच वर्षका लागि कुल ४६ अर्ब ३२ करोड रुपैयाँ (करिब ३५० मिलियन अमेरिकी डलर) बजेट अनुमान गरिएको छ । उक्त रणनीतिले तीनवटा प्रमुख रणनीतिक स्तम्भहरू निर्धारण गरेको छः

(क) व्यापार तथा निर्यातका लागि अनुकूल वातावरण निर्माण गर्ने नीतिगत, कानूनी र वित्तीय सुधारहरू ।

(ख) व्यापार-सहजीकरण पूर्वाधार, लजिस्टिक्स, गुणस्तर प्रयोगशाला र

नियामक प्रक्रियाहरूको स्तरोन्नति ।

(ग) प्रतिस्पर्धी उत्पादन तथा सेवाहरूको विकास गरी आपूर्ति क्षमता सुदृढ गर्ने र अन्तर्राष्ट्रिय बजार विस्तार गर्ने ।

एनटिआइएस २०८० ले विगतको सूचीलाई व्यापक विस्तार गर्दै ३२ वटा उच्च सम्भाव्य वस्तु तथा सेवाहरूलाई प्राथमिकताप्राप्त क्षेत्रका रूपमा पहिचान गरेको छ । यी क्षेत्रहरूलाई रणनीतिक प्रकृतिका आधारमा चार बृहत् समूहमा विश्लेषण गर्न सकिन्छः

४.१ कृषि तथा वन पैदावारमा आधारित वस्तुहरू

यस समूहभित्र अर्लैंची, अर्थोडक्स तथा सिटिसी चिया, अदुवा, हिमाली कफी, यार्सागुम्बा, प्राकृतिक मह, जडीबुटी तथा सुगन्धित तेलहरू, दाल, ताजा तरकारी र फलफूल, जुट तथा प्राकृतिक रेसाजन्य उत्पादनहरू र हिमाली हिउँदे पानी समावेश छन् । यी वस्तुहरू नेपालको अद्वितीय भौगोलिक बनावट, उच्च हिमाली हावापानी र जैविक विविधतासँग प्रत्यक्ष गाँसिएका छन् । यी उत्पादनहरूको विशेषता भनेको यिनमा पाइने प्राकृतिक शुद्धता, दुर्लभता र विशिष्ट रासायनिक गुण हुन् ।

परम्परागत रूपमा यी वस्तुहरू भारतमा कच्चा रूपमा अत्यन्त न्यून मूल्यमा निकासी हुने गरेका छन् । भारतीय तथा बहुराष्ट्रिय व्यापारीहरूले त्यस्ता वस्तुहरू प्रशोधन र ब्राण्डिङ गरी युरोप र अमेरिकामा कैयौँ गुणा बढी मूल्यमा बिक्री गर्दछन् । नवप्रवर्तनको अभावमा प्राथमिक उत्पादक रहेका नेपाली किसानहरूले न्यून प्रतिफल पाउने र अन्तर्राष्ट्रिय बजारको लाभ बिचौलियाले लैजाने संरचना कायम छ ।

४.२ शिल्प, परम्परागत टेक्सटाइल तथा कुटिर उद्योग

यस समूहअन्तर्गत च्याङ्ग्रा पश्मिना, हातले बुनेका ऊनी गलैंचा (कार्पेट), फेल्टका उत्पादनहरू, परम्परागत ढाका तथा तयारी पोसाक, नेपाली हाते कागज (लोक्ता), रोजिन तथा टर्पेन्टाइन, सुनचाँदीका मौलिक गरगहना, हस्तकलाका सामग्रीहरू, पास्ता र कुकुरको आहारा (क्यानाइन च्यु/छुर्पी) रहेका छन् । यी उत्पादनहरू नेपाली संस्कृति, परम्परागत सीप र स्थानीय कच्चा पदार्थमा आधारित छन् । छुर्पी (Dog Chew) ले पछिल्ला वर्षहरूमा उत्तर अमेरिकी र युरोपेली पाल्तु जनावरको बजारमा अर्गानिक, प्रोटिनयुक्त र रसायनमुक्त उत्पादनका रूपमा प्राप्त गरेको अभूतपूर्व सफलताले नेपाली परम्परागत उत्पादनलाई अन्तर्राष्ट्रिय बजारको मागसँग नवप्रवर्तनशील ढंगले जोड्न सकिन्छ भन्ने ज्वलन्त उदाहरण प्रस्तुत गरेको छ ।

४.३ ठुला तथा मध्यम स्तरका औद्योगिक उत्पादनहरू

यस समूहमा सिमेन्ट (क्लिङ्कर तथा पोर्टल्याण्ड सिमेन्ट) र फलाम तथा स्टिलका उत्पादनहरूलाई समावेश गरिएको छ । नेपालमा चुनढुङ्गाको प्रचुर प्राकृतिक

भण्डार र आन्तरिक जलविद्युत्को उपलब्धताका कारण सिमेन्ट उद्योगमा मुलुक आत्मनिर्भर भई भारतको उत्तर प्रदेश र बिहारतर्फ निर्यात सुरु भइसकेको छ। यद्यपि, यी उद्योगहरू भारी ढुवानी लागत र भारतीय बजारको गैर-भन्सार अवरोधहरूसँग जुधिरहेका छन्।

४.४ रणनीतिक सेवा व्यापार

एनटिआइएस २०८० को सबैभन्दा क्रान्तिकारी पक्ष भनेको सेवा व्यापारलाई उच्च प्राथमिकतामा राख्नु हो। यसअन्तर्गत अन्तरदेशीय स्वच्छ जलविद्युत् व्यापार, सूचना प्रविधि तथा बिजिनेस प्रोसेस आउटसोर्सिङ (IT/BPO), पर्यापर्यटन तथा साहसिक पर्यटन र विप्रेषण उत्पादक पेसागत, दक्ष तथा अर्धदक्ष जनशक्तिको सेवा समावेश छन्। भौतिक वस्तु निकासी गर्दा लाग्ने उच्च पारवहन लागत, सीमा अवरोध र भौगोलिक दूरीलाई शून्य बनाइदिने सामर्थ्य सेवा व्यापारमा छ, जसले नेपालको बाह्य क्षेत्र स्थायित्वमा दीर्घकालीन योगदान पुऱ्याउन सक्दछ।

क्षेत्रगत समूह	एनटिआइएस २०८० का वस्तु तथा सेवाहरू	विद्यमान निर्यात स्थिति र प्रमुख बजार	रूपान्तरणकारी नवप्रवर्तन र मूल्य अभिवृद्धिका क्षेत्रहरू
१. उच्च मूल्यका कृषि उत्पादन	अलैँची, अर्थोडक्स चिया, कफी, अदुवा, मह, दाल, फलफूल	भारत (८०%+), न्यून मात्रामा युरोप/अमेरिका	अर्गानिक प्रमाणीकरण, ब्लकचेन ट्रेसिबिलिटी, चिया अक्सन, ओलिओरेसिन निकासी।
२. हिमाली वन पैदावार र जडीबुटी	यार्सागुम्बा, सुगन्धित तेल, जडीबुटी, हिउँदे पानी	चीन, भारत, खाडी मुलुकहरू	जीएमपी मापदण्ड प्रशोधन, सक्रिय औषधि तत्त्व (API) निष्कासन, लक्जरी स्प्रिङ वाटर ब्राण्डिङ।
३. परम्परागत शिल्प तथा हस्तकला	च्याङ्ग्रा पश्मिना, गलैँचा, फेल्ट, लोक्ता कागज, छुर्पी	अमेरिका, युरोपेली संघ, जापान, अस्ट्रेलिया	डीएनए परीक्षण प्रमाणित पश्मिना, प्राकृतिक रङ, फेयर-ट्रेड प्रमाणीकरण, ई-कमर्स बीटुसी।
४. आधारभूत औद्योगिक उत्पादन	सिमेन्ट/क्लिङ्कर, फलाम तथा स्टिल, रोजिन	भारतका सीमावर्ती राज्यहरू	हरित विद्युत् उपयोग गरी शून्य-कार्बन सिमेन्ट प्रमाणीकरण, लजिस्टिक्स लागत न्यूनीकरण।
५. डिजिटल तथा स्वच्छ ऊर्जा सेवा	सफ्टवेयर, IT/BPO, जलविद्युत्, पर्यापर्यटन	भारत, बङ्गलादेश, अमेरिका, बेलायत, विश्वव्यापी	क्षेत्रीय स्वच्छ ऊर्जा ग्रिड, एआई डेटा एनोटेसन, सास (SaaS) उत्पादन, हरित डाटा सेन्टर।

५. तुलनात्मक लाभबाट प्रतिस्पर्धी लाभतर्फः नवप्रवर्तनका चार आयामहरू

अन्तर्राष्ट्रिय अर्थशास्त्रको परम्परागत सिद्धान्त अनुसार मुलुकहरूले आफूसँग प्रचुर

मात्रामा उपलब्ध प्राकृतिक स्रोत, सस्तो श्रम वा अनुकूल हावापानीका आधारमा जुन वस्तुको उत्पादन लागत तुलनात्मक रूपमा कम हुन्छ, त्यसैको उत्पादन र निर्यातमा विशिष्टीकरण गर्नुपर्दछ। डेभिड रिकार्डोको यो 'तुलनात्मक लाभको सिद्धान्त' अठारौँ र उन्नाइसौँ शताब्दीको कृषि र प्रारम्भिक औद्योगिक युगका लागि उपयुक्त भए तापनि एक्काइसौँ शताब्दीको ज्ञान-आधारित र प्रविधि-सञ्चालित अर्थतन्त्रमा यो नितान्त अपर्याप्त र जोखिमपूर्ण साबित भएको छ।

प्रसिद्ध अर्थशास्त्रीहरू राउल प्रेबिस र हान्स सिंगरले प्रतिपादन गरेको 'प्रेबिस-सिंगर थेसिस' ले स्पष्ट पारेको छ कि प्राथमिक कृषि तथा प्राकृतिक कच्चा पदार्थ निर्यात गर्ने मुलुकहरूको व्यापार सर्तहरू विनिर्मित औद्योगिक वस्तु तथा उच्च प्रविधि निर्यात गर्ने मुलुकहरूको तुलनामा दीर्घकालीन रूपमा निरन्तर खस्किँदै जान्छन्। नेपाल लामो समयदेखि यही 'तुलनात्मक लाभको दुष्चक्र' मा फसेको छ, जहाँ हामी सस्तो श्रम, कच्चा अलैँची, अप्रशोधित जडीबुटी वा कम मूल्यको चिया निकासी गर्छौं र महँगो मूल्यमा प्रशोधित औषधि, सौन्दर्य प्रसाधन, विद्युतीय उपकरण र सफ्टवेयर आयात गर्दछौं।

हार्वर्ड बिजनेस स्कुलका प्राध्यापक माइकल पोर्टरले आफ्नो युगान्तकारी कृति द कम्पिटिटिभ एड्भाटेज अफ नेसन्समा स्थिर 'तुलनात्मक लाभ' र गतिशील 'प्रतिस्पर्धी लाभ' बीचको आधारभूत भिन्नता केलाएका छन्। पोर्टरका अनुसार राष्ट्रिय समृद्धि प्राकृतिक रूपमा प्राप्त उपहार होइन; यो त राष्ट्रले आफ्नो आन्तरिक नवप्रवर्तन, प्रविधि, उत्पादकत्व, दक्ष श्रमशक्ति र संस्थागत संरचनामार्फत 'सिर्जना' गर्ने विषय हो। पोर्टरको 'डायमन्ड मोडल' ले प्रतिस्पर्धी लाभ निर्माणका लागि चारवटा अन्तरसम्बन्धित तत्त्वहरू अनिवार्य हुने औंल्याउँछः उन्नत साधनहरूको स्थिति (उन्नत पूर्वाधार, विशिष्टीकृत अनुसन्धान र डिजिटल सीप), घरेलु मागको गुणस्तर (गुणस्तरप्रति सचेत घरेलु उपभोक्ता), सम्बन्धित तथा सहयोगी उद्योगहरूको उपस्थिति (क्लस्टर विकास र सबल स्थानीय आपूर्ति शृंखला), र फर्महरूको रणनीति, संरचना तथा प्रतिस्पर्धात्मक वातावरण (स्वस्थ आन्तरिक प्रतिस्पर्धा र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने नीति)।

जोसेफ शुम्पिटरको नवप्रवर्तन सिद्धान्तले 'सिर्जनात्मक विनाश' मार्फत पुरानो उत्पादन प्रणालीलाई विस्थापित गरी नयाँ मूल्य सिर्जना गर्ने प्रक्रियालाई आर्थिक विकासको इन्जिन मानेको छ। नेपालले आफ्ना एनटिआइएसमा सूचीकृत ३२ वस्तु तथा सेवाहरूलाई स्थिर तुलनात्मक लाभबाट प्रतिस्पर्धी लाभमा रूपान्तरण गर्न निम्न चार अन्तरसम्बन्धित नवप्रवर्तनका आयामहरूलाई रणनीतिक रूपमा अङ्गीकार गर्नु अपरिहार्य छ।

५.१ प्रक्रियागत नवप्रवर्तन

उत्पादन, संकलन, प्रशोधन र आपूर्ति शृंखलाका परम्परागत तरिकाहरूलाई आधुनिक प्रविधि, स्वचालन र डिजिटल औजारहरूमार्फत रूपान्तरण गरी लागत घटाउने, गुणस्तर एकरूप बनाउने र उत्पादकत्व बढाउने कार्य प्रक्रियागत नवप्रवर्तन हो । नेपालको कृषि तथा औद्योगिक उत्पादन प्रणालीमा परम्परागत, अप्रशोधित र श्रम-सघन विधिहरूको बाहुल्य हुँदा प्रति एकाई उत्पादन लागत अत्यधिक उच्च छ र गुणस्तरमा व्यापक विचलन पाइन्छ ।

प्रक्रियागत नवप्रवर्तनअन्तर्गत पहाडी कृषिमा 'स्मार्ट प्रिसिजन फार्मिङ' (ड्रोन, सेन्सर र स्वचालित थोपा सिँचाइ), अलैँची सुकाउन दाउराको धुवाँरहित आधुनिक ग्यास वा विद्युतीय ड्रायरको प्रयोग, चिया तथा कफी प्रशोधनमा स्वचालित तापक्रम र आर्द्रता नियन्त्रण प्रणाली र टेक्सटाइल उद्योगमा आधुनिक स्वचालित लूमहरूको प्रयोग पर्दछन् । यसका साथै, आपूर्ति शृंखलाभरि ब्लकचेन प्रविधि (Blockchain Traceability) जडान गरी वस्तु उत्पादन भएको खेतबारीदेखि प्रशोधन, प्याकेजिङ र बजारसम्मको सम्पूर्ण यात्रालाई क्युआर कोडमार्फत डिजिटल अभिलेख राख्ने प्रणाली स्थापना गर्नु यसको अर्को महत्त्वपूर्ण आयाम हो ।

५.२ उत्पादन नवप्रवर्तन (Product Innovation)

विद्यमान परम्परागत उत्पादनहरूलाई अनुसन्धान तथा विकासमार्फत परिष्कृत गरी नयाँ, विविधीकृत, उच्च मूल्ययुक्त र अन्तर्राष्ट्रिय बजारको बदलिँदो रुचि अनुकूलका वस्तु तथा सेवाहरूमा रूपान्तरण गर्नु उत्पादन नवप्रवर्तन हो । नेपालले वस्तुहरूलाई प्राथमिक कच्चा पदार्थको अवस्थामा निर्यात गर्ने अभ्यासलाई पूर्णतया बन्द गरी कम्तीमा दोस्रो वा तेस्रो तहको प्रशोधनमार्फत अधिकतम मूल्य अभिवृद्धि स्वदेशभित्रै गर्नुपर्दछ ।

उदाहरणका लागि, कच्चा अलैँची निर्यात गर्नुको सट्टा त्यसबाट फर्मास्युटिकल र कस्मेटिक्स उद्योगका लागि आवश्यक पर्ने सुगन्धित तेल तथा ओलिओरेसिन (Oleoresin) उत्पादन गर्नु; ताजा अदुवाको सट्टा जिन्जर ओलिओरेसिन, पाउडर र जिन्जरोल निकाल्नु; अर्थोडक्स चियाबाट सौन्दर्य प्रसाधन, आइस-टी र स्वास्थ्यवर्धक चियाको अर्क निकाल्नु; र परम्परागत छुर्पीलाई आधुनिक गुणस्तर र प्याकेजिङसहित घरपालुवा जनावरको विशिष्ट डेन्टल च्युका रूपमा विविधीकरण गर्नु उत्पादन नवप्रवर्तनका उत्कृष्ट उदाहरणहरू हुन् ।

५.३ बजारीकरण नवप्रवर्तन

उत्पादनको बाह्य स्वरूप, प्याकेजिङ, ब्राण्डिङ, डिजिटल वितरण च्यानल र मूल्य निर्धारण रणनीतिमा गरिने रचनात्मक परिवर्तनहरू बजारीकरण नवप्रवर्तन हुन् ।

नेपाली वस्तुहरूको सबैभन्दा ठुलो कमजोरी भनेको उत्कृष्ट मौलिक गुणस्तर हुँदाहुँदै पनि अन्तर्राष्ट्रिय बजारमा यसको ब्राण्ड पहिचान नहुनु र उत्पादनहरू भारतीय वा अन्य विदेशी ब्राण्डको नाममा पुनःप्याकेजिङ भएर बिक्री हुनु हो ।

बजारीकरण नवप्रवर्तनअन्तर्गत परम्परागत बिचौलिया संयन्त्रलाई बाइपास गरी अमेजन, अलिबाबा, र विशिष्टीकृत ई-कमर्स प्लेटफर्महरूमार्फत विश्वव्यापी उपभोक्ताहरूसँग सिधै जोडिने बीटुबी (B2B) र बीटुसी (B2C) डिजिटल आपूर्ति प्रणाली विकास गर्नु पर्दछ ।

यसमा 'हिमालयन ओरिजिन', शून्य-कार्बन उत्सर्जन, जैविक विविधताको संरक्षण र स्थानीय महिला कालिगडहरूको सशक्तीकरणजस्ता भावनात्मक तथा नैतिक पक्षहरूलाई कथाका रूपमा प्रस्तुत गर्ने 'ब्राण्ड स्टोरीटेलिङ' (Brand Storytelling) र भौगोलिक सङ्केत (GI) को रणनीतिक उपयोग अनिवार्य हुन्छ ।

५.४ संगठनात्मक तथा संस्थागत नवप्रवर्तन

व्यावसायिक मोडेल, उद्योग-श्रम सम्बन्ध, क्लस्टर विकास र सार्वजनिक-निजी सहकार्यमा गरिने संरचनात्मक सुधार संगठनात्मक नवप्रवर्तन हो । नेपालको कृषि तथा साना उद्योगहरू टुक्रा-टुक्रामा छरिएका हुनाले यिनले परिमाणको लाभ लिन सकेका छैनन् ।

साना किसानहरूलाई संगठित गरी 'कन्ट्र्याक्ट फार्मिङ' वा सामूहिक कम्पनी मोडलमा आबद्ध गर्ने, विशिष्ट उत्पादनहरूको औद्योगिक क्लस्टर निर्माण गर्ने र उद्योग तथा विश्वविद्यालयहरूबीच संयुक्त अनुसन्धान तथा विकास संयन्त्र स्थापना गर्ने कार्य संगठनात्मक नवप्रवर्तनभित्र पर्दछन् । सरकार, निजी क्षेत्र र प्राज्ञिक संस्थाहरू सम्मिलित 'ट्रिपल हेलिक्स' (Triple Helix) मोडलको विकास यसको मुख्य कडी हो ।

६. प्रमुख वस्तु तथा सेवाहरूको क्षेत्रगत नवप्रवर्तन रणनीति

नेपालका तुलनात्मक लाभ भएका क्षेत्रहरूलाई प्रतिस्पर्धी लाभमा रूपान्तरण गर्न वस्तुगत र क्षेत्रगत विशेषताका आधारमा ठोस, व्यावहारिक र परिणाममुखी नवप्रवर्तन रणनीतिहरू कार्यान्वयन गरिनु आवश्यक छ ।

६.१ उच्च हिमाली कृषि, चिया तथा कफी क्षेत्र

नेपालको चिया तथा कफी क्षेत्रले विश्व बजारमा विशिष्ट स्थान बनाउन सक्ने जैविक सम्भाव्यता बोकेको छ । विशेषगरी इलाम, पाँचथर, धनकुटा, तेह्रथुम लगायतका पहाडी जिल्लाहरूमा उत्पादित अर्थोडक्स चियाको स्वाद, सुगन्ध र गुणस्तर छिमेकी भारतीय क्षेत्र दार्जिलिङको भन्दा कुनै अर्थमा कम छैन । तथापि,

नेपालमा चियाको आफ्नै अन्तर्राष्ट्रिय मान्यताप्राप्त अक्सन प्रणाली नहुँदा यहाँको ८० प्रतिशतभन्दा बढी अर्थोडक्स चिया भारतका व्यापारीहरूलाई सस्तो मूल्यमा कच्चा रूपमा बेच्न नेपाली उत्पादकहरू बाध्य छन्। दार्जिलिङका व्यापारीहरूले नेपाली चियालाई आफ्नो चियासँग मिसावट गरी दार्जिलिङ चियाकै ब्राण्डमा विश्व बजारमा महँगो मूल्यमा बिक्री गर्दै आएका छन्। यो नेपालको बौद्धिक तथा प्राकृतिक सम्पत्तिको प्रत्यक्ष दोहन हो।

यस चुनौतीलाई चिर्न नेपालले तीन तहको नवप्रवर्तन रणनीति तत्काल अवलम्बन गर्नुपर्दछः

पहिलो, कानूनी तथा ब्राण्डिङ तहमा 'नेपाल टीः क्वालिटी फ्रम द हिमालयज' ट्रेडमार्कलाई कडाइका साथ लागू गर्दै तत्काल युरोपेली संघ, अमेरिका र जापानमा नेपाली चियाको 'भौगोलिक सङ्केत' (GI) दर्ता गराउनुपर्दछ। दोस्रो, प्रविधि तहमा हरेक चिया बगान र प्रशोधन कारखानालाई ब्लकचेन प्रविधिमा आधारित डिजिटल ट्रेसिबिलिटी प्रणालीमा आबद्ध गरिनुपर्दछ, जसले गर्दा चियाको प्याकेटमा रहेको क्युआर कोड स्क्यान गर्दा चिया टिपेको उचाइ, बगानको नाम, प्रशोधन मिति र अर्गानिक प्रमाणीकरणको सम्पूर्ण विवरण विदेशी उपभोक्ताले आफ्नो मोबाइलमा प्रत्यक्ष हेर्न सकून्। तेस्रो, संस्थागत तहमा झापा वा काठमाडौँमा आधुनिक डिजिटल चिया अक्सन प्लेटफर्म स्थापना गरी विश्वभरका खरिदकर्ताहरूलाई सिधै नेपाली चियाको बोलकबोलमा सहभागी गराउने वातावरण बनाइनुपर्दछ।

कफीको हकमा, गुल्मी, पाल्पा, स्याङ्जा, काभ्रे र ललितपुरमा उत्पादित उच्च भूभागको अरेबिका कफीलाई विश्व बजारमा 'स्पेसियालिटी कफी' (Specialty Coffee) का रूपमा स्थापित गर्न 'कप अफ एक्सिलेन्स' (Cup of Excellence) जस्ता अन्तर्राष्ट्रिय प्रतिस्पर्धाहरूमा सहभागी गराउने र जैविक प्रमाणीकरणलाई व्यापक बनाउनु आवश्यक छ।

६.२ जडीबुटी, सुगन्धित तेल तथा फर्मास्युटिकल्स

नेपालको हिमाली तथा पहाडी भेगमा पाइने दुर्लभ जडीबुटीहरू –यार्सागुम्बा, चिराइतो, कुट्की, पाँचऔँले, टिमुर, सुगन्धकोकिला र धूपी नेपालका बहुमूल्य प्राकृतिक उपहार हुन्। तर हालसम्मको परिपाटी हेर्दा यी अमूल्य जडीबुटीहरू बोरामा हालेर न्यून मूल्यमा सीमापार निकासी गरिन्छ र तिनै जडीबुटीबाट बनेका महँगा एलोपेथिक तथा आयुर्वेदिक औषधिहरू विदेशी मुद्रा खर्चेर आयात गरिन्छ। यस क्षेत्रमा मूल्य अभिवृद्धि गर्न जडीबुटी संकलनलाई दिगो बनाउँदै वैज्ञानिक संकलन मापदण्ड लागू गरिनुपर्दछ।

नेपालमै विश्व स्वास्थ्य संगठनको असल उत्पादन अभ्यास मापदण्ड अनुसारका

आधुनिक निष्कर्षण प्लान्टहरूस्थापना गरी कच्चा जडीबुटीको सट्टा सक्रिय रासायनिक घटक, सुगन्धित तेल र ओलिओरेसिन निकासी गर्ने नीति लिइनुपर्दछ। नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, वनस्पति विभाग र विश्वविद्यालयहरूलाई संयुक्त रूपमा परिचालन गरी यी जडीबुटीहरूको औषधीय गुणको रासायनिक प्रमाणीकरण र क्लिनिकल ट्रायल गर्ने पूर्वाधारमा राज्यले लगानी बढाउनु पर्दछ।

६.३ परम्परागत टेक्सटाइल, पश्मिना र हस्तकला

नेपाली च्याङ्ग्रा पश्मिना र हातले बुनेका ऊनी गलैँचाहरू ऐतिहासिक रूपमा नेपालका प्रमुख विदेशी मुद्रा आर्जन गर्ने वस्तुहरू हुन्। तर पश्मिना उद्योगको प्रमुख कच्चा पदार्थ (काश्मिरी ऊन वा पश्म) नेपालले तिब्बत र मंगोलियाबाट आयात गर्नुपर्ने भएकोले मूल्य अभिवृद्धि सीमित हुन पुगेको छ। यसलाई रूपान्तरण गर्न मुस्ताङ, मनाङ, डोल्पा, हुम्ला र मुगुका उच्च हिमाली भेगहरूमा च्याङ्ग्रा पालनलाई व्यावसायिक बनाउँदै वैज्ञानिक ऊन संकलन र ग्रेडिङ केन्द्रहरू स्थापना गरिनुपर्दछ। पश्मिनाको अन्तर्राष्ट्रिय बजारमा हुने नक्कली मिसावट (सिन्थेटिक वा रेयोनको मिसावट) रोक्न नेपालमै अन्तर्राष्ट्रियस्तरको 'फाइबर टेस्टिंग प्रयोगशाला' स्थापना गरी १०० प्रतिशत शुद्ध च्याङ्ग्रा पश्मिनाको डीएनए प्रमाणीकरणसहितको 'च्याङ्ग्रा पश्मिना' हलमार्क अनिवार्य गरिनुपर्दछ।

गलैँचा उद्योगतर्फ रासायनिक रङको सट्टा स्थानीय वनस्पतिबाट तयार पारिने पर्यावरणमैत्री प्राकृतिक रङको प्रयोग बढाउने र विश्व प्रसिद्ध इन्टेरियर डिजाइनरहरूसँग सहकार्य गरी समकालीन 'मिनिमलिस्ट' ढाँचाहरू विकास गरिनुपर्दछ। हस्तकला र फेल्ट उत्पादनमा फेयर-ट्रेड प्रमाणीकरण र महिला सशक्तीकरणको सामाजिक आयामलाई मुख्य ब्राण्ड आधार बनाएर युरोप र अमेरिकी बजारमा ई-कमर्सको माध्यमबाट निर्यात विस्तार गर्न सकिन्छ।

६.४ स्वच्छ ऊर्जा, जलविद्युत् व्यापार र हरित हाइड्रोजन

नेपालको जलविद्युत् जडित क्षमता आर्थिक वर्ष २०८२/८३ को अन्त्यसम्ममा ४,२०० मेगावाट नाघिसकेको छ र निर्माणाधीन आयोजनाहरू सम्पन्न हुँदा निकट भविष्यमै ५,५०० मेगावाटभन्दा माथि पुग्ने सुनिश्चित छ। विगतमा हिउँदमा भारतबाट विद्युत् आयात गर्ने नेपाल अब वर्षायाममा खुद विद्युत् निर्यातकर्ता बनिसकेको छ। भारतसँग सम्पन्न १० वर्षमा १०,००० मेगावाट विद्युत् खरिद-बिक्रीको दीर्घकालीन सम्झौता र बङ्गलादेशसँग ४० मेगावाट विद्युत् निर्यात गर्ने त्रिपक्षीय सम्झौताले क्षेत्रीय ऊर्जा व्यापारको ऐतिहासिक ढोका खोलेको छ। तथापि, जलविद्युत्लाई केवल कच्चा ऊर्जाका रूपमा सीमापार निकासी गर्नुभन्दा आन्तरिक अर्थतन्त्रमा यसको बहुआयामिक उपयोगमार्फत औद्योगिक मूल्य अभिवृद्धि गर्नु रणनीतिक

रूपमा बढी लाभदायक हुन्छ। देशभित्र उत्पादित सिमेन्ट, छड, स्टिल र रासायनिक उद्योगहरूलाई सस्तो र निर्बाध विद्युत् उपलब्ध गराएर तिनको उत्पादन लागत घटाउनुपर्दछ, जसले गर्दा ती उद्योगहरू अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बन्न सकून्।

यसका साथै, वर्षायाममा खेर जाने विद्युत्को उपयोग गरी 'हरित हाइड्रोजन' र हरित अमोनिया उत्पादन गर्ने प्रविधिमा नेपालले प्रवेश गर्नुपर्दछ। हरित हाइड्रोजनबाट रासायनिक मल (युरिया) उत्पादन गर्न सकिएमा नेपालको वार्षिक खर्बौं रुपैयाँको रासायनिक मल आयात र विदेशी मुद्रा बाहिरिने क्रम रोकिनेछ। जलविद्युत् र हरित ऊर्जाबाट प्राप्त हुने 'कार्बन क्रेडिट' लाई अन्तर्राष्ट्रिय स्वैच्छिक कार्बन बजारमा मौद्रीकरण गरी अतिरिक्त राजस्व आर्जन गर्ने नवप्रवर्तनशील वित्तीय औजारहरूको प्रयोग गर्नुपर्दछ।

६.५ सूचना प्रविधि, डिजिटल अर्थतन्त्र र ज्ञानमा आधारित सेवा निर्यात

नेपालको भौगोलिक विकटता र भूपरिवेष्ठित अवस्थाले सिर्जना गरेका पारवहन अवरोधहरूलाई पूर्णतया निष्प्रभावी बनाउने सबैभन्दा शक्तिशाली र गतिशील क्षेत्र सूचना प्रविधि (IT) तथा सूचना प्रविधिमा आधारित सेवाहरू (ITeS) हुन्। इन्स्टिच्युट फर इन्टिग्रेटेड डेभलपमेन्ट स्टडिज (IIDS) ले सार्वजनिक गरेको अध्ययन अनुसार सन् २०२२ मै नेपालको आइटी सेवा निर्यातले ५१५ मिलियन अमेरिकी डलर (करिब ६७ अर्ब रुपैयाँ) को आँकडा पार गरिसकेको थियो, जसले अघिल्लो वर्षको तुलनामा ६४.२ प्रतिशतको उत्साहपूर्ण बृद्धि देखाएको थियो। उक्त अध्ययन अनुसार यस क्षेत्रले मुलुकको कुल गार्हस्थ्य उत्पादनमा १.४ प्रतिशत र विदेशी मुद्रा सञ्चितिमा ५.५ प्रतिशत योगदान पुऱ्याएको थियो।

नेपाल सफ्टवेयर तथा सूचना प्रविधि सेवा कम्पनी संघ (NAS–IT) तथा विश्लेषकहरूका पछिल्ला प्रक्षेपणहरू अनुसार आर्थिक वर्ष २०८२/८३ सम्म आइपुग्दा अनौपचारिक माध्यम र विदेशी खाताहरूमा प्राप्त हुने आम्दानी समेत जोड्दा यो क्षेत्र वार्षिक १ अर्ब डलर नाघेर १.५ अर्ब अमेरिकी डलरको हाराहारीमा पुगिसकेको र पर्यटन क्षेत्रलाई पछि पार्दै नेपालको सबैभन्दा ठुलो सेवा निर्यात क्षेत्र बनेको अनुमान छ। नेपालमा १०६ भन्दा बढी औपचारिक सफ्टवेयर कम्पनीहरू, १४,७२८ जना सफ्टवेयर इन्जिनियरिङ फ्रिलान्सरहरू र ५१,७८१ जना आइटीईएस फ्रिलान्सरहरू डिजिटल प्लेटफर्महरूमार्फत विश्व बजारमा जोडिएका छन्।

सरकारले घोषणा गरेको 'सूचना प्रविधि दशक (वि.सं. २०८१-२०९१)' को लक्ष्य आगामी १० वर्षमा ३० खर्ब रुपैयाँ बराबरको आइटी सेवा निर्यात गर्ने र ५ लाख प्रत्यक्ष तथा १० लाख अप्रत्यक्ष गरी १५ लाख रोजगारी सिर्जना गर्ने रहेको छ। यो लक्ष्य हासिल गर्न नेपालले निम्न रूपान्तरणकारी कदमहरू चाल्नु अनिवार्य छः

पहिलो, नेपालले आफूलाई केवल सस्तो ज्यालादरमा आधारित 'श्रम आर्बिट्राज' र सामान्य कोडिङमा सीमित नराखी उच्च मूल्य सिर्जना गर्ने क्षेत्रहरू –कृत्रिम बौद्धिकता, मेसिन लर्निङ मोडेल तालिम, डेटा एनोटेसन, कम्प्युटर भिजन, साइबर सुरक्षा, र क्लाउड इन्जिनियरिङतर्फ रूपान्तरण गर्नुपर्दछ।

दोस्रो, अरूको सफ्टवेयर बनाइदिने 'सर्भिस आउटसोर्सिङ' भन्दा आफ्नै बौद्धिक सम्पत्ति स्वामित्व भएका प्रडक्ट-उन्मुख सफ्टवेयर विकासतर्फ नेपाली कम्पनीहरूलाई प्रोत्साहन गरिनुपर्दछ।

तेस्रो, नेपालको प्रचुर हरित जलविद्युत् र उच्च हिमाली चिसो हावापानीको रणनीतिक लाभ उपयोग गर्दै बहुराष्ट्रिय प्रविधि कम्पनीहरूका लागि दक्षिण एसियाकै 'हरित डाटा सेन्टर हब' स्थापना गरिनुपर्दछ। डाटा सेन्टरहरूले अत्यधिक विद्युत् खपत गर्ने र शीतलीकरणका लागि ऊर्जा खोज्ने भएकाले नेपालको स्वच्छ ऊर्जा र चिसो वातावरणले विश्वकै पर्यावरणमैत्री डाटा सेन्टर सञ्चालनको अवसर प्रदान गर्दछ।

चौथो, नेपाल राष्ट्र बैंक र अर्थ मन्त्रालयले विदेशी मुद्रा नियमनमा संरचनात्मक लचकता ल्याउँदै नेपाली आइटी कम्पनीहरूलाई विदेशमा आफ्ना शाखा कार्यालय खोल्न, विदेशमा प्रत्यक्ष लगानी गर्न र आवश्यक सफ्टवेयर औजारहरू खरिद गर्न सहज कानूनी बाटो खुला गरिदिनुपर्दछ।

७. बौद्धिक सम्पत्ति अधिकार, भौगोलिक सङ्केत र राष्ट्रिय ब्राण्डिङको भूमिका

ज्ञान-आधारित विश्व अर्थतन्त्रमा कुनै पनि राष्ट्रको वास्तविक सम्पत्ति उसका कलकारखाना वा मेसिनरी मात्र होइनन्, बरु त्यहाँका नागरिकहरूको मस्तिष्कबाट प्रस्फुटित हुने बौद्धिक सम्पत्ति हो। वस्तुको भौतिक लागतभन्दा त्यसमा निहित डिजाइन, प्रविधि, ब्राण्ड ख्याती र कानूनी संरक्षणले त्यसको बजार मूल्य निर्धारण गर्दछ। नेपालको बौद्धिक सम्पत्ति व्यवस्थापन प्रणाली लामो समयसम्म ६ दशक पुरानो पेटेन्ट, डिजाइन र ट्रेडमार्क ऐन, २०२२ तथा प्रतिलिपि अधिकार ऐन, २०५९ को पुरातन संरचनामा अल्झिएको छ। जसले डिजिटल अर्थतन्त्र, सफ्टवेयर पेटेन्ट, भौगोलिक सङ्केत, जैविक विविधता र परम्परागत ज्ञानलाई समेट्न सकेको छैन।

नेपाल सरकारले 'राष्ट्रिय बौद्धिक सम्पत्ति नीति, २०७३' कार्यान्वयन गरी बौद्धिक सम्पत्तिको आधुनिक व्यवस्थापन, परम्परागत ज्ञान तथा जैविक विविधताको संरक्षण र एकीकृत कानूनी संरचना निर्माणको मार्गचित्र तय गरेको थियो। नेपाल विश्व व्यापार संगठनको सदस्य र औद्योगिक सम्पत्ति संरक्षणसम्बन्धी पेरिस महासन्धिको पक्ष राष्ट्र भएकाले आफ्ना कानूनी व्यवस्थाहरूलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल बनाउनु बाध्यात्मक दायित्व हो।

यसै सन्दर्भमा, विगतमा पेश भएको 'औद्योगिक सम्पत्ति विधेयक, २०८२' ले

नेपालको व्यापार र नवप्रवर्तनका लागि आशा जगाएको थियो। उक्त विधेयकले नेपालमा पहिलोपटक 'सुई जेनेरिस' प्रणालीअन्तर्गत भौगोलिक सङ्केत, वनस्पति प्रजाति संरक्षण, व्यापारिक गोपनीयता, र उपयोगिता मोडेलको कानूनी संरक्षणको विषय समेटेको थियो।

भौगोलिक सङ्केतले कुनै निश्चित भौगोलिक क्षेत्रको विशिष्ट माटो, हावापानी, पर्यावरण र पुस्तौँदेखि चल्दै आएको परम्परागत मानवीय सीपका कारण अद्वितीय गुणस्तर र ख्याति प्राप्त गरेका वस्तुहरूलाई कानूनी संरक्षण प्रदान गर्दछ। फ्रान्सको स्याम्पेन वा भारतको दार्जिलिङ चियाजस्तै नेपालका विशिष्ट उत्पादनहरूलाई जीआई संरक्षण दिनु राष्ट्रिय हितका दृष्टिले अनिवार्य भइसकेको छ।

आगामी दिनमा पेश हुने बौद्धिक सम्पत्तिसम्बन्धी नयाँ विधेयकले उक्त व्यवस्थाहरू समेट्ने अपेक्षा गर्न सकिन्छ। उक्त विधेयक कानूनमा रुपान्तरण भई कार्यान्वयनमा आएसँगै नेपालले पहिलो चरणमा निम्न उत्पादनहरूको भौगोलिक सङ्केत तत्काल दर्ता गरी अन्तर्राष्ट्रियस्तरमा संरक्षण लिनु पर्दछः

(क) **इलामको अर्थोडक्स चिया** : पूर्वी नेपालको विशिष्ट उचाइ र हावापानीबाट प्राप्त हुने अद्वितीय सुगन्ध।

(ख) **मुस्ताङको स्याउ र मार्फा ब्राण्डी** : उच्च हिमाली सुक्खा हावापानीमा फल्ने अत्यधिक गुलियो स्याउ।

(ग) **जुम्लाको कालो मार्सी धान** : विश्वकै सबैभन्दा उच्च स्थानमा फल्ने पौष्टिक रातो/कालो चामल।

(घ) **पाल्पाली र तेह्रथुमे ढाका** : मौलिक ज्यामितीय बुनाइ र परम्परागत सीप।

(ङ) **पोखरेली जेठोबूढो धान** : पोखरा उपत्यकाको बास्नादार रैथाने धान।

(च) **च्याङ्ग्रा पश्मिना** : उच्च हिमाली च्याङ्ग्राको भित्री भुल्लाबाट उत्पादित लक्जरी फाइबर।

भौगोलिक सङ्केतको दर्ताले विदेशी बजारमा हुने नक्कली उत्पादन र नक्कललाई पूर्णतया रोक्दछ। अन्तर्राष्ट्रिय बजार अनुसन्धानहरूले प्रमाणित गरेका छन् कि जीआई ट्याग प्राप्त वस्तुहरूले साधारण वस्तुको तुलनामा बजारमा २० देखि ५० प्रतिशतसम्म थप प्रिमियम मूल्य प्राप्त गर्दछन्। यस प्रिमियम मूल्यको वास्तविक लाभ बिचौलियाको हातमा नगई ग्रामीण क्षेत्रका गरिब किसान, कालिगड र उत्पादकहरूको हातमा पुग्दछ, जसले गर्दा ग्रामीण अर्थतन्त्र सुदृढ भई युवाहरूको बसाइँसराइ रोक्न समेत मद्दत पुग्दछ।

यसका साथै, नेपालमा अन्तर्राष्ट्रिय ख्यातिप्राप्त ब्राण्डहरूको ट्रेडमार्क चोरीका

घटनाहरू बारम्बार देखिने गरेका छन्, जसले गर्दा विदेशी प्रत्यक्ष लगानी भित्र्याउन प्रतिकूल वातावरण सिर्जना भएको छ। कन्साई नेरोल्याक पेन्ट्स, डाबर, पेप्सिको लगायतका बहुराष्ट्रिय कम्पनीहरूले नेपालमा भोग्नुपरेका ट्रेडमार्क मुद्दाहरूले हाम्रो नियामक कमजोरीलाई उजागर गरेका छन्।

विश्व बौद्धिक सम्पत्ति संगठनको मापदण्ड अनुसार 'वेल-नाउन ट्रेडमार्क'को कडा संरक्षण, बौद्धिक सम्पत्ति उल्लङ्घनमा प्रभावकारी क्षतिपूर्ति र फौजदारी दण्डको व्यवस्था गरिनुपर्दछ। साथै, राष्ट्रिय बौद्धिक सम्पत्ति नीति, २०७३ ले परिकल्पना गरेबमोजिम हाल उद्योग विभागअन्तर्गत रहेको औद्योगिक सम्पत्ति शाखा र संस्कृति मन्त्रालयअन्तर्गत रहेको प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालयलाई एकीकरण गरी एक शक्तिशाली, स्वायत्त 'एकीकृत बौद्धिक सम्पत्ति कार्यालय' अविलम्ब स्थापना गरिनुपर्दछ।

८. विश्व नवप्रवर्तन सूचकाङ्क र नेपालको नवप्रवर्तन पारिस्थितिक प्रणालीको चिरफार

विश्व बौद्धिक सम्पत्ति संगठन, कर्नेल विश्वविद्यालय र इन्सिडद्वारा संयुक्त रूपमा प्रकाशित गरिने 'विश्व नवप्रवर्तन सूचकाङ्क'ले विश्वभरका अर्थतन्त्रहरूको नवप्रवर्तन क्षमता, संस्थागत परिवेश, अनुसन्धान तथा विकास र प्रविधि उत्पादनको बहुआयामिक मापन गर्दछ। जीआईआई सूचकाङ्कले अर्थतन्त्रलाई दुई बृहत् उप-सूचकहरूमा मूल्याङ्कन गर्दछः नवप्रवर्तन इनपुट संस्थागत वातावरण, मानव पुँजी तथा अनुसन्धान, पूर्वाधार, बजारको परिपक्वता, र व्यावसायिक परिपक्वता) र नवप्रवर्तन आउटपुट (ज्ञान तथा प्रविधि उत्पादन र सिर्जनात्मक उत्पादन)।

जीआईआई २०२५ को प्रतिवेदन अनुसार नेपाल विश्वका १३९ अर्थतन्त्रहरूमध्ये १०७औँ स्थानमा रहेको छ। विगतका वर्षहरूको प्रवृत्ति हेर्दा नेपाल सन् २०२० मा ९५औँ, २०२१ मा १११औँ, २०२२ मा १११औँ, २०२३ मा १०८औँ र २०२४ मा १०९औँ स्थानमा रहेको थियो। नेपाल निम्न-मध्यम आय भएका ३७ देशहरूको समूहमा २०औँ स्थानमा र दक्षिण तथा मध्य एसियाका १० देशहरूमध्ये ९औँ स्थानमा पर्दछ।

नेपालको कार्यसम्पादनको विश्लेषण गर्दा एउटा रोचक विरोधाभास देखिन्छः नेपालले आफ्नो नवप्रवर्तन इनपुट (लगानी र पूर्वाधार) को तुलनामा नवप्रवर्तन आउटपुट (नतिजा) मा राम्रो प्रदर्शन गरिरहेको छ। सन् २०२५ मा नेपाल नवप्रवर्तन इनपुटतर्फ १०७औँ स्थानमा रहँदा आउटपुटतर्फ १०१औँ स्थानमा रहेको छ। यसले नेपाली समाज र उद्यमीहरूमा सीमित स्रोतसाधन र प्रतिकूल नीतिगत वातावरणका बाबजुद पनि सिर्जनशीलता र उद्यमशीलताको आन्तरिक भोक उच्च रहेको पुष्टि गर्दछ।

तथापि, जीआईआईका सात स्तम्भहरूको विस्तृत चिरफार गर्दा नेपालको नवप्रवर्तन पारिस्थितिक प्रणालीका गम्भीर संरचनात्मक कमजोरीहरू सतहमा आउँछन्:

नेपालको सबैभन्दा कमजोर स्तम्भ 'मानव पुँजी तथा अनुसन्धान' हो, जहाँ नेपाल १२७औँ स्थानमा धकेलिएको छ। नेपालले शिक्षामा कुल गार्हस्थ्य उत्पादनको करिब ३.९६ प्रतिशत खर्च गरे तापनि अनुसन्धान र विकास (R&D) मा गरिने खर्च जीडीपीको ०.३ प्रतिशतभन्दा न्यून छ। नेपालका कुनै पनि विश्वविद्यालयहरू विश्वका शीर्ष विश्वविद्यालयहरूको वरीयता भित्र पर्न सकेका छैनन्। विश्वविद्यालयहरू केवल सैद्धान्तिक ज्ञान दिने र प्रमाणपत्र बाँड्ने थलोमा परिणत भएका छन्। उद्योगहरूलाई आवश्यक पर्ने अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनमा प्राज्ञिक क्षेत्रको सहकार्य शून्यप्रायः छ।

दोस्रो कमजोर स्तम्भ 'व्यावसायिक परिपक्वता' हो, जसमा नेपाल १२४औँ स्थानमा छ। नेपाली उद्योग प्रतिष्ठानहरूमा अनुसन्धान र विकासका लागि छुट्टै बजेट विनियोजन गर्ने, वैज्ञानिक जनशक्ति भर्ना गर्ने र विश्वव्यापी ज्ञान सञ्जालमा जोडिने संस्कृति अत्यन्त कमजोर छ। उद्योग-विश्वविद्यालय संयुक्त अनुसन्धान सहकार्यमा नेपाल विश्वकै पुछारका देशहरूमा पर्दछ।

तेस्रो कमजोर स्तम्भ 'संस्थागत वातावरण' हो, जसमा नेपाल ११३औँ स्थानमा छ। राजनीतिक अस्थिरता, नीतिगत अनिश्चितता, कर्मचारीतन्त्रको अन्योलता र व्यवसाय सुरु गर्न तथा बन्द गर्न लाग्ने लामो प्रक्रियागत झन्झटले गर्दा लगानीकर्ताहरूको मनोबल खस्किएको छ। यसको विपरीत, नेपालको सबैभन्दा सबल पक्ष 'बजारको परिपक्वता' देखिएको छ, जहाँ नेपाल ६१औँ स्थानमा छ। यस स्तम्भभित्र लघुवित्त संस्थाहरूको कर्जा प्रवाहमा नेपाल विश्वमै चौथो स्थानमा छ। साथै, निजी क्षेत्रतर्फको आन्तरिक कर्जा प्रवाह र कुल पुँजी निर्माणमा नेपालको स्थिति सन्तोषजनक छ। तर यो वित्तीय पहुँच नवप्रवर्तनशील उद्यम र उत्पादनशील उद्योगमा प्रवाह हुन नसकी उपभोग र घरजग्गामा सीमित हुनु हाम्रो मुख्य नीतिगत विफलता हो।

ज्ञान तथा प्रविधि उत्पादनतर्फ नेपाल ९८औँ स्थानमा छ, जहाँ नेपालको श्रम उत्पादकत्व वृद्धि सकारात्मक देखिए तापनि अन्तर्राष्ट्रिय पेटेन्ट आवेदन समूह र उच्च प्रविधि निर्यात कुल व्यापारको ०.६ प्रतिशतभन्दा कम हुनुले हामी ज्ञान अर्थतन्त्रको प्रारम्भिक विन्दुमै रहेको देखाउँछ।

GII स्तम्भहरू (Pillars)	**नेपालको वरीयता (२०२३)**	**नेपालको वरीयता (२०२५)**	**प्रमुख सबल सूचकहरू**	**प्रमुख गम्भीर कमजोरीहरू**
१. संस्थागत वातावरण	११४औँ	११३औँ	नियामक वातावरणको स्थायित्व	नीतिगत अनिश्चितता, व्यवसाय सञ्चालन झन्झट।

२. मानव पुँजी तथा अनुसन्धान	१२३औँ	१२७औँ	विद्यालय तहमा सरकारी लगानी (३.९६% GDP)	R&D मा न्यून खर्च (०.३% GDP), शून्य QS विश्वविद्यालय।
३. पूर्वाधार	११०औँ	१०१औँ	नवीकरणीय ऊर्जाको हिस्सा	लजिस्टिक्स सूचकाङ्क, औद्योगिक पूर्वाधारको अभाव।
४. बजारको परिपक्वता	६३औँ	६१औँ	लघुवित्त कर्जा (विश्वमा चौथो)	भेन्चर क्यापिटलको अभाव, उच्च आयात महसुल दर।
५. व्यावसायिक परिपक्वता	८९औँ	१२४औँ	ज्ञानमा आधारित सेवाको विस्तार	विश्वविद्यालय-उद्योग R&D सहकार्यको अभाव।
६. ज्ञान तथा प्रविधि उत्पादन	११०औँ	९८औँ	श्रम उत्पादकत्व वृद्धि	उच्च प्रविधि निर्यात कुल व्यापारको <१%।
७. सिर्जनात्मक उत्पादन	१०१औँ	१०३औँ	मोबाइल एप निर्माण, साँस्कृतिक सम्पदा	ग्लोबल ब्राण्ड भ्यालु शून्य, सफ्टवेयर खर्च न्यून।
समग्र विश्व नवप्रवर्तन वरीयता	१०८औँ	१०७औँ	आउटपुट दक्षता (१०१औँ)	लगानी र संस्थागत पूर्वाधार (१०७औँ)

९. आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य र औद्योगिक रूपान्तरणका प्रस्थानविन्दु

चालु आर्थिक वर्ष २०८३/८४ को संघीय बजेटले नेपालको इतिहासमै पहिलोपटक 'संरचनागत आर्थिक सुधार २.०' को प्रस्थानविन्दु कोर्दै उत्पादनमुखी, प्रविधि-सञ्चालित र निर्यात-उन्मुख अर्थतन्त्र निर्माणको स्पष्ट मार्गचित्र प्रस्तुत गरेको छ। आर्थिक वर्ष २०८३/८४ को कुल २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँको बजेटले ७ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने र मुद्रास्फीतिलाई ६ प्रतिशतभित्र सीमित राख्ने लक्ष्य लिएको छ। यस बजेटले उद्योग, वाणिज्य तथा नवप्रवर्तनको क्षेत्रमा निम्न दूरगामी र रुपान्तरणकारी नीतिगत व्यवस्थाहरू अगाडि सारेको छः

९.१ कर प्रणालीको संरचनात्मक सरलीकरण र उत्पादन लागत न्यूनीकरण

नेपालको औद्योगिक प्रतिस्पर्धात्मक क्षमता कमजोर हुनुको प्रमुख कारण जटिल कर संरचना र कच्चा पदार्थमा लाग्ने उच्च भन्सार दर थियो। बजेट २०८३/८४ ले यसमा हस्तक्षेप गर्दै विद्यमान ११ तहको भन्सार महसुल दरलाई घटाएर ७ तहमा झारेको छ। साथै, २७३ प्रकारका औद्योगिक कच्चा पदार्थहरूमा लाग्दै आएको भन्सार महसुल उल्लेख्य कटौती गरी स्थानीय उद्योगहरूको उत्पादन लागत घटाउने व्यवस्था गरेको छ।

विगत लामो समयदेखि औद्योगिक उत्पादनलाई निरुत्साहित गरिरहेको ३६० प्रकारका वस्तुहरूमा लाग्दै आएको अन्तःशुल्क पूर्णतया खारेज गरिएको छ। यसका अतिरिक्त, छरिएर रहेका विभिन्न वातावरणीय करहरूलाई एकीकृत गरी 'हरित कर' (Green Tax) मा रूपान्तरण गरिएको छ र ट्रान्सफर प्राइसिङको झन्झट अन्त्य गर्न

'सेफ हार्बर रुल्स' (Safe Harbour Rules) लागू गरिएको छ।

९.२ डिजिटल भुक्तानी प्रोत्साहन र अनौपचारिक अर्थतन्त्रको औपचारिकीकरण

डिजिटल अर्थतन्त्रलाई बढावा दिन र उपभोक्ताहरूलाई बिलिङ प्रणालीमा आकर्षित गर्न उपभोक्ताले डिजिटल माध्यम (QR कोड, कार्ड, वालेट) बाट भुक्तानी गरी वस्तु तथा सेवा खरिद गर्दा बिजक जारी हुँदाकै बखत मूल्य अभिवृद्धि करमा १० प्रतिशत तत्काल फिर्ता (Rebate) पाउने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ। यसले बजारमा पारदर्शिता ल्याउने, अनौपचारिक कारोबारलाई बैंकिङ प्रणालीमा बाँध्ने र राजस्व चुहावट नियन्त्रणमा प्रत्यक्ष योगदान पुऱ्याउनेछ।

९.३ व्यक्तिगत आयकरमा राहत र मध्यम वर्गको विस्तार

देशभित्रै मध्यम वर्गको क्रयशक्ति बढाउन र उद्यमशीलता तथा प्रतिभा टिकाउन व्यक्तिगत आयकर छुटको सीमालाई साविकको ५ लाखबाट दोब्बर गरी १० लाख रुपैयाँ (दम्पतीको हकमा १२ लाख) पुऱ्याइएको छ। यसले गर्दा वार्षिक १० लाख रुपैयाँसम्म तलब आम्दानी गर्ने मध्यमवर्गीय कर्मचारी र युवाहरूले केवल १ प्रतिशत सामाजिक सुरक्षा कर बाहेक आयकर तिर्नुपर्ने छैन।

साथै, उच्च आम्दानी गर्ने दक्ष पेसाकर्मी र उद्यमीहरूलाई विदेश पलायन हुनबाट रोक्न व्यक्तिगत आयकरको अधिकतम दरलाई ३९ प्रतिशतबाट १० प्रतिशत विन्दुले घटाएर २९ प्रतिशतमा झारिएको छ।

९.४ सूचना प्रविधि दशक र सार्वभौम एआई पूर्वाधार

बजेट २०८३/८४ ले वि.सं. २०८१-२०९१ को 'सूचना प्रविधि दशक' लाई थप गति दिँदै ३० खर्ब रुपैयाँको सफ्टवेयर तथा डिजिटल सेवा निर्यात र १५ लाख रोजगारी सिर्जना गर्ने लक्ष्यलाई बजेटरी आधार प्रदान गरेको छ। यस अन्तर्गत नेपालको शतप्रतिशत स्वच्छ जलविद्युत्को उपयोग गरी दक्षिण एसियाकै पहिलो 'सार्वभौम एआई कम्प्युटिङ सेन्टर' स्थापना गर्ने घोषणा गरिएको छ।

काठमाडौँको डिल्लीबजारस्थित चारखालमा सार्वजनिक-निजी साझेदारीमा अत्याधुनिक बहुचर्चित 'आईटी हब' र ललितपुरको खुमलटारमा 'नलेज पार्क' निर्माणलाई तीव्रता दिइएको छ। आइटी कम्पनीहरूलाई विदेशमा सम्पर्क कार्यालय खोल्न र सफ्टवेयर निर्यात आम्दानीमा १ प्रतिशत अन्तिम कर सुविधालाई दीर्घकालीन कानूनी सुरक्षा प्रदान गरिएको छ।

९.५ ऊर्जा क्षेत्रको संरचनात्मक रूपान्तरण र वैकल्पिक हरित वित्त

विद्युत् क्षेत्रमा प्रतिस्पर्धा र दक्षता ल्याउन नेपाल विद्युत् प्राधिकरण (NEA) लाई उत्पादन, प्रसारण र वितरण तथा व्यापार गरी तीन छुट्टाछुट्टै विशिष्टीकृत कम्पनीहरूमा

विभाजन गर्ने प्रक्रिया अघि बढाइएको छ।

निजी क्षेत्रलाई छिमेकी मुलुकहरूसँग सिधै विद्युत् व्यापार गर्न पाउने कानूनी बाटो खुला गरिएको छ। १० मेगावाटभन्दा साना जलविद्युत् आयोजनाहरूसँग तत्काल 'टेक अर पे' (Take–or–Pay) आधारमा विद्युत् खरिद सम्झौता (PPA) गर्ने र हिउँदकालीन सुक्खायामको छुट्टै आकर्षक दर निर्धारण गरिएको छ।

हरित ऊर्जा पूर्वाधार निर्माणका लागि नेपालको पहिलो 'अफशोर रुपैयाँ ऋणपत्र' 'हरित ऊर्जा बन्ड' र गैर-आवासीय नेपालीहरूलाई लक्षित गरी 'डायस्पोरा बन्ड' जारी गर्ने व्यवस्था गरिएको छ। यसका साथै, १०० मेगावाट क्षमताको ब्याट्री इनर्जी स्टोरेज सिस्टम र हरित हाइड्रोजनको व्यावसायिक उत्पादन परीक्षणका लागि पाइलट प्लान्ट निर्माण गर्ने घोषणा गरिएको छ।

९.६ लगानी सहजीकरणः 'इन्भेस्टमेन्ट एक्सप्रेस' र प्रक्रियागत मुक्ति

विदेशी तथा स्वदेशी लगानीकर्ताहरूलाई प्रशासनिक चक्रव्यूहबाट मुक्ति दिलाउन उद्योग विभाग र लगानी बोर्डलाई पूर्ण डिजिटल बनाउँदै 'इन्भेस्टमेन्ट एक्सप्रेस' घोषणा गरिएको छ। यस प्रणालीमार्फत कम्पनी दर्ता, जग्गा प्राप्ति, वातावरणीय प्रभाव मूल्याङ्कन, विद्युत् तथा पानी जडान र विदेशी लगानीको स्वीकृति बढीमा १५ दिनभित्र एकै डिजिटल बिन्दुबाट सम्पन्न हुने प्रत्याभूति गरिएको छ।

१०. संस्थागत, कानूनी तथा पूर्वाधारगत सुधारका रणनीतिक कार्यदिशा

नेपालको औद्योगिक तथा व्यापार नीतिहरूको सबैभन्दा ठुलो रोग भनेको नीतिको अभाव होइन, बरु कार्यान्वयन तहमा देखिने अन्तर-निकाय समन्वयको अभाव, बजेटको अपर्याप्तता र प्रशासनिक ढिलासुस्ती हो। कागजमा उत्कृष्ट रणनीति बन्ने तर कार्यान्वयन तहमा पुग्दा मन्त्रालयहरू, विभागहरू र विभिन्न निकायहरूबीच समन्वय नहुँदा ती योजनाहरू निष्प्रभावी बन्ने गरेका छन्। यस दुष्चक्रलाई तोड्न निम्न पाँचवटा प्रमुख क्षेत्रहरूमा एकीकृत र साहसिक सुधार अघि बढाउनु अपरिहार्य छः

१०.१ आधुनिक कानूनी तथा नीतिगत संरचनाको पुनर्निर्माण

विश्वव्यापी नयाँ आर्थिक वास्तविकताहरूलाई सम्बोधन गर्न नेपालको कानूनी ढाँचालाई अद्यावधिक गरिनुपर्दछ। औद्योगिक व्यवसाय ऐन, २०७६ र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन (FITTA), २०७५ मा रहेका प्रक्रियागत झन्झटहरू हटाई विदेशी लगानीका लागि स्वचालित मार्गलाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याउनुपर्दछ।

सूचना प्रविधि क्षेत्रका लागि कायम रहेको विदेशी लगानीको न्यूनतम सीमालाई सूचना प्रविधि उद्योगको हकमा पुनरावलोकन गर्नुपर्दछ। नेपाल राष्ट्र बैंकको विदेशी

विनिमय नियमनलाई खुकुलो बनाउँदै नेपाली प्रविधि कम्पनीहरूलाई विदेशमा सहायक कम्पनी खोल्न र नाफा स्वदेश भित्र्याउन सहज व्यवस्था गरिनुपर्छ।

औद्योगिक सम्पत्ति सम्बन्धी कानुन अविलम्ब पारित गरी पूर्ण कार्यान्वयनमा ल्याउनुपर्दछ। साथै, विद्युतीय कारोबार ऐन, २०६३ लाई उद्योग ४.० र डिजिटल व्यापारको माग अनुसार प्रतिस्थापन गरी डेटा सुरक्षा र गोपनीयता कानुन निर्माण गरिनुपर्दछ।

१०.२ गुणस्तर परीक्षण पूर्वाधार र अन्तर्राष्ट्रिय मान्यता

नेपाली वस्तुहरूले भोग्दै आएका गैर-भन्सार र प्राविधिक अवरोधहरू समाधान गर्न मुलुकको गुणस्तर परीक्षण पूर्वाधारमा राज्यले ठुलो पुँजी लगानी गर्नुपर्दछ। खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग (DFTQC), नेपाल गुणस्तर तथा नापतौल विभाग (NBSM) र वनस्पति विभागअन्तर्गतका केन्द्रीय प्रयोगशालाहरूलाई आधुनिक उपकरणहरू (जस्तैः LC–MS/MS, GC–MS) ले सुसज्जित गरी अन्तर्राष्ट्रिय मापदण्ड ISO/IEC १७०२५ अनुसार प्रत्यायन गराइनु पर्दछ।

भारत र युरोपेली संघका गुणस्तर प्रमाणीकरण निकायहरूसँग 'पारस्परिक मान्यता सम्झौता' (Mutual Recognition Agreements सम्पन्न गरी नेपालका प्रयोगशालाले जारी गरेको परीक्षण प्रमाणपत्रलाई भारत र अन्य गन्तव्य मुलुकका भन्सारहरूले सिधै स्वीकार गर्ने व्यवस्था मिलाइनुपर्दछ।

यसका साथै काँकडभिट्टा, वीरगन्ज, भैरहवा, विराटनगर र नेपालगन्जजस्ता प्रमुख व्यापारिक सीमा नाकाहरूमा अत्याधुनिक क्वारेन्टाइन, द्रुत विषादी अवशेष परीक्षण प्रयोगशाला र शीतभण्डार पूर्वाधार सार्वजनिक-निजी साझेदारीमा स्थापना गरिनुपर्दछ।

१०.३ व्यापार लजिस्टिक्स, बहुआयामिक पारवहन र डिजिटल भन्सार

उत्पादनको लागत घटाउन लजिस्टिक्स पूर्वाधारको आधुनिकीकरण पहिलो सर्त हो। काठमाडौँको चोभार, वीरगन्ज, भैरहवा, विराटनगर र नेपालगन्जका सुक्खा बन्दरगाह (Dry Ports) र एकीकृत जाँच चौकीहरू (ICPs) लाई पूर्ण क्षमतामा सञ्चालन गर्दै 'नेपाल राष्ट्रिय एकद्वार प्रणाली' (Nepal National Single Window – NNSW) सँग शतप्रतिशत एकीकरण गरिनुपर्दछ। भन्सार जाँचपासमा कागजी प्रक्रियालाई पूर्णतया हटाएर आर्टिफिसियल इन्टेलिजेन्समा आधारित जोखिम व्यवस्थापन प्रणाली (Risk–based Automated Clearance) लागू गरिनुपर्छ।

रेलमार्गबाट हुने ढुवानीलाई प्राथमिकता दिँदै भारतका कोलकाता र विशाखापट्टनम

बन्दरगाहबाट वीरगन्जसम्म आउने कार्गो रेल सेवालाई अन्य सुक्खा बन्दरगाहहरूसम्म विस्तार गरिनुपर्दछ। हुलाक सेवा विभागको देशव्यापी सञ्जाललाई आधुनिक लजिस्टिक्स पूर्वाधारमा रूपान्तरण गरी दुर्गम गाउँका साना तथा मझौला उद्यमीहरूका हस्तकला, चिया र जडीबुटीहरू सिधै अन्तर्राष्ट्रिय ई-कमर्स डेलिभरीमार्फत विदेश पठाउन सकिने 'क्रस-बोर्डर पोस्टल लजिस्टिक्स' प्रणाली निर्माण गरिनु पर्दछ।

१०.४ नवप्रवर्तन वित्तपोषण, भेन्चर क्यापिटल र स्टार्टअप इकोसिस्टम

परम्परागत घरजग्गा धितोमा आधारित बैंकिङ प्रणाली नवप्रवर्तनको सबैभन्दा ठुलो शत्रु हो। बौद्धिक सम्पत्ति, व्यावसायिक सोच र सम्भाव्यतालाई धितो मानेर परियोजना कर्जा प्रवाह गर्ने प्रणालीको विकास गरिनुपर्दछ। सरकारले स्थापना गरेको 'स्टार्टअप उद्यम कर्जा कोष' लाई प्रशासनिक झन्झटमुक्त बनाउँदै यसको बजेट कम्तीमा ५ अर्ब रुपैयाँ पुऱ्याइनुपर्छ।

निजी क्षेत्रका भेन्चर क्यापिटल, प्राइभेट इक्विटी र एन्जेल इन्भेस्टरहरूलाई आकर्षित गर्न पुँजीगत लाभकरमा छुट, सजिलो बहिर्गमन नीति र विदेशी लगानीकर्ताहरूका लागि नाफा फिर्ता लैजाने सहज प्रक्रिया (Swift Repatriation) को प्रत्याभूति गरिनुपर्दछ।

कर्पोरेट क्षेत्रलाई नवप्रवर्तनमा प्रेरित गर्न औद्योगिक प्रतिष्ठानहरूले आफ्नो वार्षिक मुनाफाको कम्तीमा २ प्रतिशत रकम अनुसन्धान र विकास वा स्थानीय स्टार्टअपहरूको इन्क्युबेसनमा खर्च गरेमा सो रकमलाई आयकर प्रयोजनका लागि शतप्रतिशत कर कट्टी (Tax Rebate) गर्न पाउने कानूनी प्रोत्साहन दिइनुपर्दछ।

१०.५ संघीय शासन व्यवस्थामा अन्तर-तह समन्वय

नेपालको संविधानले उद्योग र वाणिज्यसम्बन्धी अधिकार संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहमा निक्षेपण गरेको छ। तर हाल तीन तहका सरकारहरूबीच क्षेत्राधिकारको विवाद, दोहोरो कर प्रणाली र नीतिगत असामञ्जस्यता देखिन्छ।

संघीय सरकारले समष्टिगत नीति निर्माण, अन्तर्राष्ट्रिय व्यापार सम्झौता, बौद्धिक सम्पत्ति कानुन र ठुला व्यापार पूर्वाधारको नेतृत्व गर्नुपर्दछ। प्रदेश सरकारहरूले आफ्नो भूगोल अनुकूलका औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र, प्रदेशस्तरीय गुणस्तर परीक्षण प्रयोगशाला र सीप विकास प्रतिष्ठानहरूको निर्माण गर्नुपर्दछ।

स्थानीय तहहरूले 'एक स्थानीय तह, एक विशिष्ट उत्पादन' को अवधारणालाई पुनर्जीवित गर्दै स्थानीय किसान र साना कालिगडहरूलाई कच्चा पदार्थ संकलन, प्रारम्भिक प्रशोधन र सहकारीमार्फत औद्योगिक मूल्य शृंखलामा जोड्ने आधारभूत कार्यभार सम्हाल्नुपर्दछ। तीनै तहका उद्योग तथा वाणिज्य क्षेत्रका राजनीतिक

नेतृत्व सम्मिलित 'अन्तर-सरकार औद्योगिक समन्वय परिषद्' गठन गरी नीतिगत एकरूपता कायम गरिनु आवश्यक छ।

११. निष्कर्ष तथा रणनीतिक मार्गचित्र

नेपालको औद्योगिक, वाणिज्य तथा आर्थिक भविष्य परम्परागत न्यून-उत्पादक र विप्रेषण-आश्रित उपभोगको ढाँचाबाट उत्थान हुन सक्दैन। विश्व अर्थतन्त्र तीव्र गतिमा डिजिटल, हरित, ज्ञान-आधारित र दिगो आपूर्ति शृंखलातर्फ रूपान्तरित भइरहेको सन्दर्भमा नेपालले आफ्ना प्राकृतिक तथा साँस्कृतिक तुलनात्मक लाभका क्षेत्रहरूलाई आधुनिक प्रविधि, बौद्धिक सम्पत्ति अधिकार र संस्थागत नवप्रवर्तनमार्फत गतिशील प्रतिस्पर्धी लाभमा रूपान्तरण गर्नु अपरिहार्य भइसकेको छ।

सन् २०२९ को विकासशील राष्ट्रमा स्तरोन्नतिपछिका व्यापारिक तथा औद्योगिक चुनौतीहरूलाई पार लगाउन, सोह्रौं योजनाले लिएको आयात-निर्यात अनुपात १:८.५ मा झार्ने लक्ष्य पूरा गर्न र आर्थिक वर्ष २०८३/८४ को बजेटले अघि सारेको ७ प्रतिशतको आर्थिक वृद्धि तथा 'सूचना प्रविधि दशक' को ३० खर्बको सेवा निर्यात संकल्पलाई साकार पार्न नेपालले अविलम्ब निम्न कार्ययोजना कार्यान्वयन गर्नुपर्दछ।

११.१ अल्पकालीन कार्ययोजना (आ.व. २०८३/८४ – २०८४/८५)

(क) परिष्कृत औद्योगिक सम्पत्ति विधेयक तत्काल संसदमा पेश गरी भौगोलिक सङ्केत (GI) (Sui Generis) कानुन लागू गर्ने र इलाम चिया, च्याङ्रा पश्मिना तथा मुस्ताङ स्याउको जीआई दर्ता सम्पन्न गर्ने।

(ख) आर्थिक वर्ष २०८३/८४ को बजेटद्वारा घोषित ७ तहको भन्सार महसुल र २७३ औद्योगिक कच्चा पदार्थको भन्सार छुटलाई भन्सार बिन्दुमा पूर्ण रूपमा कार्यान्वयन गर्ने।

(ग) डिजिटल भुक्तानीमा १० प्रतिशत भ्याट फिर्ता (Rebate) प्रणालीलाई देशभरका पीओएस (POS) र बिलिङ सफ्टवेयरमा अनिवार्य रूपमा एकीकृत गर्ने।

(घ) केन्द्रीय खाद्य तथा गुणस्तर परीक्षण प्रयोगशालाहरूलाई अन्तर्राष्ट्रिय मान्यता (ISO/IEC १७०२५) दिलाउने र प्रमुख सीमा नाकाका क्वारेन्टाइन ल्याबहरूको भौतिक स्तरोन्नति सम्पन्न गर्ने।

(ङ) जलविद्युत्मा आधारित पहिलो 'सार्वभौम एआई कम्प्युटिङ सेन्टर' (Sovereign AI Computing Centre) को विस्तृत परियोजना प्रतिवेदन (DPR) सम्पन्न गरी पूर्वाधार निर्माण सुरु गर्ने।

(च) 'इन्भेस्टमेन्ट एक्सप्रेस' एकल बिन्दु सेवामार्फत १५ दिनभित्र उद्योग दर्ता र लगानी स्वीकृतिको व्यवस्था कार्यान्वयन गर्ने ।

११.२ **मध्यकालीन कार्ययोजना (आ.व. २०८५/८६-२०८६/८७)**

(क) काठमाडौँको चोभार, चारखाल र खुमलटारस्थित आइटी पार्क तथा नलेज पार्कहरू निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउने ।

(ख) भारत र बङ्गलादेशसँग थप उच्च क्षमताका अन्तरदेशीय विद्युत् प्रसारण लाइनहरू (Cross–Border Transmission Lines) निर्माण सम्पन्न गरी १०,००० मेगावाट विद्युत् निर्यातको लक्ष्यतर्फ फड्को मार्ने ।

(ग) १०० मेगावाटको ब्याट्री इनर्जी स्टोरेज सिस्टम (BESS) र हरित हाइड्रोजन पाइलट प्लान्टको परीक्षण उत्पादन सम्पन्न गरी व्यावसायिक रासायनिक मल उत्पादनको ढाँचा तयार गर्ने ।

(घ) कृषि तथा वन पैदावारमा आधारित अलैँची, अदुवा, टिमुर, जडीबुटी लगायतका प्रमुख निर्यातमूलक वस्तुहरूका लागि कोशी, गण्डकी र कर्णाली प्रदेशमा आधुनिक प्रशोधन हबहरू स्थापना गरी ओलिओरेसिन र सुगन्धित तेल उत्पादन पूर्वाधार तयार गर्ने ।

(ङ) नेपालका प्रमुख ३२ निर्यातजन्य उत्पादनहरूमा ब्लकचेन-आधारित डिजिटल ट्रेसिबिलिटी प्रणाली अनिवार्य गर्ने र 'नेपाली ब्राण्ड' को विश्वव्यापी अभियान सञ्चालन गर्ने ।

(च) उद्योग र विश्वविद्यालयहरूबीचको सहकार्यलाई संस्थागत गर्न त्रिभुवन विश्वविद्यालय र काठमाडौँ विश्वविद्यालयमा संयुक्त औद्योगिक अनुसन्धान तथा इन्क्युबेसन केन्द्रहरू स्थापना गर्ने ।

११.३ **दीर्घकालीन कार्ययोजना (आ.व. २०८७/८८ – २०९०/९१)**

(क) नेपालको स्वच्छ जलविद्युत् र चिसो हिमाली हावापानीको उपयोग गर्दै दक्षिण एसियाकै सबैभन्दा ठुलो 'हरित डाटा सेन्टर हब' स्थापना गर्ने र वार्षिक सफ्टवेयर तथा डिजिटल सेवा निर्यातलाई ५ अर्ब अमेरिकी डलर (करिब ७ खर्ब रुपैयाँ) भन्दा माथि पुऱ्याउने ।

(ख) बचत हुने जलविद्युत्को उपयोग गरी हरित हाइड्रोजन र हरित अमोनियाको पूर्ण व्यावसायिक उत्पादनमार्फत कृषिमा रासायनिक मलको आत्मनिर्भरता हासिल गर्ने ।

(ग) विश्व नवप्रवर्तन सूचकाङ्क (GII) मा नेपालको वरीयतालाई हालको १०७औँ स्थानबाट सुधार गरी शीर्ष ७० भित्र पुऱ्याउने गरी राष्ट्रिय

नवप्रवर्तन प्रणाली, पेटेन्ट उत्पादन र अनुसन्धान संस्कृतिको जग मजबुत बनाउने ।

(घ) कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योगको योगदानलाई दोहोरो अङ्क (कम्तीमा १५ प्रतिशत) मा पुऱ्याई बाह्य झट्काहरू थेग्न सक्ने, उत्पादनशील, प्रतिस्पर्धी र स्वावलम्बी राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्ने ।

(ङ) यी रूपान्तरणकारी कदमहरूको दृढ, इमानदार र परिणाममुखी कार्यान्वयनबाट मात्र नेपालले सन् २०२९ को एलडिसि स्तरोन्नतिपछिका जोखिमहरूलाई अवसरमा बदल्दै सन् २०३० सम्ममा दिगो विकास लक्ष्यहरू हासिल गर्न र समृद्ध राष्ट्र निर्माणको राष्ट्रिय आकांक्षालाई मूर्तरूप दिन सक्नेछ ।

सन्दर्भ सामग्री

Department of Customs. 2024. *Foreign Trade Statistics of Nepal: Fiscal Year 2080/81*. Kathmandu: Department of Customs, Ministry of Finance, Government of Nepal.

Department of Customs. 2025. *Foreign Trade Statistics of Nepal: Fiscal Year 2081/82*. Kathmandu: Department of Customs, Ministry of Finance, Government of Nepal.

Institute for Integrated Development Studies (IIDS). 2023. *Unleashing IT: Advancing Nepal's Digital Economy*. Kathmandu: Institute for Integrated Development Studies.

Institute for Integrated Development Studies (IIDS). 2026. *White Paper 2026: Nepal's Economy under the New Normal and Development Strategy for Vision 2100*. Kathmandu: Institute for Integrated Development Studies.

Ministry of Finance. 2024. *Budget Speech of Fiscal Year 2081/82*. Kathmandu: Ministry of Finance, Government of Nepal.

Ministry of Finance. 2026a. *Annual Budget Estimates (Red Book) for Fiscal Year 2083/84*. Kathmandu: Ministry of Finance, Government of Nepal.

Ministry of Finance. 2026b. *Budget Speech of Fiscal Year 2083/84 Presented by Finance Minister Dr. Swarnim Wagle*. Kathmandu: Ministry of Finance, Government of Nepal.

Ministry of Industry, Commerce and Supplies (MoICS). 2017. *National Intellectual Property Policy, 2073*. Kathmandu: Ministry of Industry, Commerce and Supplies, Government of Nepal.

Ministry of Industry, Commerce and Supplies (MoICS). 2023. *Nepal Trade Integration Strategy (NTIS) 2023: Strategy and Action Plan*. Kathmandu: Ministry

of Industry, Commerce and Supplies, Government of Nepal.

Ministry of Industry, Commerce and Supplies (MoICS). 2025. *Industrial Property Bill, 2082 (Draft Bill Registered in Parliament)*. Kathmandu: Ministry of Industry, Commerce and Supplies, Government of Nepal.

National Planning Commission (NPC). 2024. *Sixteenth Periodic Plan (Fiscal Year 2081/82-2085/86)*. Kathmandu: National Planning Commission, Government of Nepal.

Nepal Rastra Bank (NRB). 2025. *Current Macroeconomic and Financial Situation of Nepal (Annual Data of FY 2081/82)*. Kathmandu: Nepal Rastra Bank.

Nepal Rastra Bank (NRB). 2026. *Current Macroeconomic and Financial Situation of Nepal: Review of FY 2082/83*. Kathmandu: Nepal Rastra Bank.

Porter, Michael E. 1990. *The Competitive Advantage of Nations*. New York: Free Press.

Schumpeter, Joseph A. 1942. *Capitalism, Socialism and Democracy*. New York: Harper & Brothers.

South Asia Watch on Trade, Economics and Environment (SAWTEE). 2024. *Nepal's Graduation from LDC Status: Trade Competitiveness, Tariffs, and Policy Transitions*. SAWTEE Trade Brief No. 42. Kathmandu: SAWTEE.

World Bank. 2023. *Connecting to Compete: Trade Logistics in the Global Economy (Logistics Performance Index Report)*. Washington, DC: World Bank Group.

World Intellectual Property Organization (WIPO). 2023. *Global Innovation Index 2023: Innovation in the Face of Uncertainty*. Geneva: World Intellectual Property Organization.

World Intellectual Property Organization (WIPO). 2025. *Global Innovation Index 2025: Unlocking the Promise of Social and Technological Innovation*. Geneva: World Intellectual Property Organization.

World Trade Organization (WTO). 2025. *Trade Policy Review: Nepal (Report by the Secretariat and Statements)*. Geneva: World Trade Organization.

नेपालमा नवप्रवर्तनको अवस्था र सम्भावना



✍ गोविन्दप्रसाद पाण्डे

क्षणे क्षणे यन्नवतामुपैति तदेव रूपं रमणीयताया

(जुन कुरा क्षण-क्षणमा नयाँ बन्दै जान्छ, वास्तवमा त्यही नै सुन्दर र आकर्षक हुन्छ)

लेखसार

नयाँ वस्तु वा सेवाको उत्पादन, खोज, विकास तथा प्रयोगलाई नवप्रवर्तन भनिन्छ। नवप्रवर्तन कुनै एकाङ्की क्रियाकलाप मात्र नभई समष्टीमा हेर्नु पर्ने विषय हो। उत्साह सिर्जनशील तनाव, जिज्ञासा तथा निरन्तरको ज्ञानको प्रकृया नै नवप्रवर्तन हो। यो नवीन उपाय तथा अवधारणा हो। नवप्रवर्तन तथ्यमा आधारित नीति निर्माण तथा सो को कार्यान्वयन गर्ने नयाँ अवधारण हो। यसले सधै नयाँ कुराको अपेक्षा गरिरहेको हुन्छ। यसको प्रयोगबाट व्यक्ति, संस्था, समाज र राष्ट्रले धेरै सफलता प्राप्त गरेको पाइन्छ। नवप्रवर्तन आर्थिक विकास र प्रतिस्पर्धी क्षमता प्रवर्द्धनको पूर्वशर्त हो। यो समग्र प्रक्रिया वा प्रक्रियाहरूको शृंखला र योजनावद्ध कार्य हो।

यसको मुख्य विशेषता नै नयाँपन हो। नवप्रवर्तनले विकास वा सुधारका लागि नयाँ विचार, प्रविधि वा प्रक्रियालाई सफल रूपमा कार्यान्वयन गर्न टेवा पुऱ्याउँछ। यसले कुनै पनि कार्य वा सेवालाई अझ बढी उपलब्धिमूलक, सहज र प्रभावकारी बनाउन फरक ढङ्गले सोच्ने र प्रयोग गर्ने कुरालाइ बुझाउँछ। अहिलेको विश्व प्रतिस्पर्धात्मक रुपमा धेरै अगाडि बढेको

✍ *उपसचिव, नेपाल सरकार*

छ। आफूलाइ सफल साबित गराउन स-साना स्टार्ट-अपदेखि ठुला-ठुला बहुराष्ट्रिय कम्पनीहरूले नवप्रवर्तन लाई अनिवार्य सर्तको रूपमा लिइसकेका छन्। भनिन्छ- कम्पनीको मुटु र आत्मा भनेको सिर्जनशीलता र नवप्रवर्तन हो। यो अवधारणाले केवल कल्पना वा सिद्धान्तमा सीमित नभई वास्तविक जीवन वा काममा सफल रूपमा लागु गर्ने पहल गर्दछ। यसले सेवा प्रवाह, उत्पादन, बजार व्यवस्थापन तथा शासन प्रणालीलाई छिटो छरितो टिकाउ, मितव्ययी र नतिजामुखी बनाउँछ।

नयाँ तौरतरिका तथा उपायाहरू अवलम्बन गरेर विभिन्न क्षेत्रमा नवप्रवर्तन गर्ने गरिन्छ। यहाँ नवप्रवर्तनका प्रकारहरूलाई थप प्रष्ट पार्ने कोसिस गरिएको छ। हाल विद्यमान बजारलाई प्रभावित गरेर वा पूर्णतः नयाँ बजारको सृजना गरेर नयाँ मूल्य सञ्जालको निर्माण तथा प्रवर्द्धन गर्दछ भने यसलाई रुपान्तणकारी नवप्रवर्तन भनिन्छ। हालको बजारलाई क्रमिक सुधार र वृद्धि गरी जसबाट आउने परिवर्तन दीर्घकालीन हुन्छ भन्ने मान्यता राख्दछ भने यसलाई दिगो र अनुभवमा आधारित नवप्रवर्तनको रुपमा चिनिन्छ। उत्पादित वस्तु वा साधनको मुख्य कम्पोनेन्ट उही राखेर अन्य कस्मेटिक डिजाइन परिवर्तन गरेर गरिने नवप्रवर्तनलाई चित्रकला तथा वास्तुकलामा आधारित नवप्रवर्तन भनिन्छ। अर्कोतिर उत्पादित वस्तु वा साधनका मुख्य कम्पोनेन्टबिचको सम्बन्धमा परिमार्जन गरी उन्नत बनाइन्छ र डिजाइन पुरानै हुन्छ, यस्तोलाई मोडुलर नवप्रवर्तनको रुपमा लिइन्छ।

सरकारी तथा सार्वजनिक सेवा प्रवाहलाई व्यवस्थित गर्ने कार्यका लागि सिर्जित नवप्रवर्तनहरू जसले समय र लागत कम गरी सार्वजनिक निकायहरूप्रति सेवाग्राहीको सन्तुष्टि अभिवृद्धि गर्दछ यसलाई सेवाप्रणाली सुधारसहितको नवप्रवर्तनका रुपमा लिइन्छ। इस्टोनियाको डिजिटल शासन प्रणालीलाई यसको उदाहरणको रुपमा लिन सकिन्छ। नेपालमा पनि नागरिकता, मालपोत तथा नापी सम्बन्धी काम, लोकसेवा लगायतका विभिन्न परीक्षाहरूमा अनलाइन फारम भर्ने व्यवस्था, सार्वजनिक खर्च तथा राजस्व व्यवस्थापनका लागि अवलम्बन गरिएका सिज्ञास, सूत्र तथा रिम्स जस्ता सफ्टवेयरलाई समेत सेवा प्रवाह प्रणालीमा सुधारसहितको नवप्रवर्तनको उदाहरणको रुपमा लिन सकिन्छ। कुनै पनि संस्थाका लक्षित गन्तव्य हासिल गर्न संस्थाको कार्यक्षमता, कार्यशैली र कार्यसंस्कृतिमा गरिने सुधारहरू जस्तै- निर्णय प्रक्रिया सबलीकरण, ज्ञान व्यवस्थापन र रचनात्मक कार्यान्वयन क्षमताको विकास गरिन्छ भने यसलाई संस्थागत नवप्रवर्तनका रुपमा लिने गरिन्छ।

१. नेपालमा नवप्रवर्तनसम्बन्धी विद्यमान व्यवस्था

मुलुकको विकास, समृद्धि तथा सुशासनका साथै विज्ञान र प्रविधि क्षेत्रको समुचित विकास र उपयोग बाटनै गर्न सकिने तत्थ्यलाई मनन् गरेर पाँच दशकअघिदेखि नेपालमा नवप्रवर्तनका लागि विभिन्न संस्थागत, नीतिगत तथा कार्यगत प्रयासहरू हुँदै आएका छन् । यसै क्रममा वि.सं. २०३३ मा राष्ट्रिय विज्ञान तथा प्रविधि परिषद् को स्थापना भएको थियो ।

विज्ञान तथा प्रविधि क्षेत्रको उचित विकासका लागि अनुकूल वातावरण सृजना गरी देशको समुन्नति र विकासका लागि विज्ञान तथा प्रविधि सम्बन्धी कार्य गर्न वि.सं. २०३९ मंसिर २० गते नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको स्थापना भएको थियो । विज्ञान र प्रविधिको क्षेत्रमा कृयाशील सबै निकायहरूबीच समन्वय ल्याउन र सो सम्बन्धी कृयाकलापहरूलाई प्रभावकारीरूपमा अघि बढाउन वि.सं. २०५३ जेष्ठ २ गते विज्ञान तथा प्रविधि मन्त्रालयको गठन भएको हो ।

वि.सं. २०६१ चैत्र १८ गते जनसंख्या तथा वातावरण मन्त्रालय खारेज भई सो मन्त्रालयको वातावरण महाशाखा विज्ञान तथा प्रविधि मन्त्रालयमा गाभिएर वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय पुनर्गठन भएको थियो । पछि यसको नाम परिवर्तन भएर विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय रहन गएकोमा नेपाल सरकारको मिति २०७२।९।९ को निर्णयबाट साविकको विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय दुई वटा मन्त्रालयमा विभाजन भई जनसंख्या तथा वातावरण मन्त्रालय र विज्ञान तथा प्रविधि मन्त्रालय कायम भएको थियो ।

नेपाल सरकारको मिति २०७४।१२।९ को निर्णयबाट विज्ञान प्रविधि महाशाखा र पारमाणविक पदार्थ व्यवस्थापन महाशाखा सृजना भई शिक्षा मन्त्रालयमा गाभिएर शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय पुनर्गठन भएको थियो । समग्र विकासलाई गतिशील बनाउन आवश्यक पर्ने पुर्वाधार र क्षमताको उपयोग गर्न, उच्च क्षमतायुक्त प्राविधिक युवा जनशक्तिको विकास गरी मुलुकमै उनीहरूको क्षमताको उपयोग गर्न, बैज्ञानिक खोज र नवप्रवर्तनबाट विकास गरिएका प्रविधिहरूलाई मुलुकको विकास प्रक्रियामा प्रभावकारी उपयोग गर्न पुनः मिति २०८३।१।३० मा प्रकाशित राजपत्र अनुसार विज्ञान प्रविधि महाशाखा र पारमाणविक पदार्थ व्यवस्थापन महाशाखा शिक्षा मन्त्रालयवाट विभाजन भई विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय गठन भएको छ। नेपालमा वि.सं. २०७६ मा पहिलो पटक राष्ट्रिय विज्ञान प्रविधि र नवप्रवर्तन नीति २०७६ सार्वजनिक गरिएको हो । नेपालमा विज्ञान, प्रविधि तथा नवप्रवर्तन क्षेत्रको नेतृत्व गर्न विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय क्रियाशील

छ जसको नेतृत्व नवप्रवर्तनका अभियन्ता महावीर पुनले गरेका छन्। सरकारले स्टार्टअप, प्रवर्द्धन, ह्याकाथोन र नवप्रवर्तन साझेदारी कोष जस्ता कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

नेपालको नवप्रवर्तन सम्वन्धी संवैधानिक तथा कानूनी व्यवस्था यहाँ उल्लेख गरिएको छ। नेपालको संविधान, २०८२ को धारा ५१ को खण्ड (च) मा उल्लेखित विकास सम्बन्धी नीतिको उल्लिखित बुँदा नं ४ मा वैज्ञानिक अध्ययन अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरूको संरक्षण गर्ने विषय उल्लेख छ। संविधानको अनुसूची-५ (संघको अधिकार)मा आणविक उर्जा, अन्तरीक्ष सम्बन्धी, वैज्ञानिक अनुसन्धान, विज्ञान, प्रविधि र मानव संसाधन विकास रहेको छ।

नवप्रवर्तन सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्थाहरूमा जैविक प्रविधि नीति, २०६३, राष्ट्रिय परमाणु नीति, २०६४, राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति, २०७६, दिगो विकास लक्ष्य (सन् २०१६-२०३०), रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७, रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) नियमावली, २०७८, मेडिकल रेडियोथेरापी उपकरण तथा सेवा सञ्चालन मापदण्ड, २०८१, न्युक्लियर मेडिसिन संयन्त्र सञ्चालन तथा उपकरणको प्रयोग सम्बन्धी मापदण्ड, २०८१, डायग्नोस्टिक रेडियोलोजी मेडिकल उपकरणको प्रयोग सम्बन्धी मापदण्ड, २०८१ आयनीकरण गर्ने विकिरणसँग सम्बन्धित औद्योगिक उपकरणको प्रयोग तथा सञ्चालन मापदण्ड, २०८१। माथि उल्लेखित ऐन नियमहरूले नेपालमा नवप्रवर्तनका लागि कानूनी आधार तथा मार्गदर्शनको काम गरेका छन्।

नेपालका नवप्रवर्तन सम्बन्धी संरचनागत व्यवस्थालाई यहाँ उल्लेल गरिएको छ। नेपाल सरकारले नवप्रवर्तन, वैज्ञानिक अनुसन्धान, अन्तरिक्ष विज्ञान र प्रविधिको विकासलाई संस्थागत र एकीकृत रूपमा अघि बढाउन यो छुट्टै विशिष्टिकृत मन्त्रालयको रुपमा विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयल स्थापना गरिएको छ। नयाँ कानूनी मस्यौदा अनुसार राष्ट्रको नवप्रवर्तन आयोजनाहरू सञ्चालन, प्राथमिकीकरण र लगानी सुनिश्चित गर्न प्रधानमन्त्री वा उच्च तहको नेतृत्वमा एक शक्तिशाली परिषद रहने संरचनाको रुपमा राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन परिषदको प्रस्ताव गरिएको छ। नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानले प्राविधिक अनुसन्धान, नयाँ प्रविधिको विकास र आविष्कारकहरूलाई प्रोत्साहन गर्ने देशको पुरानो र मुख्य स्वायत्त निकायको रुपमा काम गर्दछ। नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले सार्वजनिक नीति तर्जुमा र शासकीय सुधारमा नवीन र

प्रविधिमैत्री उपायहरू पहिल्याउने काम गर्दै आएको छ।

विश्वविद्यालय तथा अनुसन्धान केन्द्र तथा विश्वविद्यालय मातहतका अनुसन्धान केन्द्रहरू तथा त्रिभुवन विश्वविद्यालयको राष्ट्रिय आविष्कार केन्द्र जस्ता संस्थाहरूले व्यावहारिक रुपमा नवप्रवर्तनको प्रवर्द्धनका क्षेत्रमा काम गरिरहेका छन्। वि.सं. २०७६ कार्तिक ९ गते स्थापना भएको राष्ट्रिय आविष्कार केन्द्रको नेतृत्व वर्तमान सरकारका माननीय विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्री महावीर पुनले गर्नु भएको थियो। यस केन्द्रले इन्धनबाट चल्ने गाडीलाई विधुतीय गाडीको रुपमा रुपान्तरण गर्ने, स्थानीय प्रविधिको प्रयोग गरेर शबदाह मेसिन, कुटानी पिसानी गर्ने मेसिनलगायतमा सामान बनाएर नवप्रवर्तन काम गर्दै आइरहेको छ। आविष्कार केन्द्रमा अहिले तीन दर्जन भन्दा बढी प्रोजेक्टहरू चलिरहेका छन्। आविष्कार र नवप्रवर्तनका लागि यहाँ युवाहरू साँझ-विहान नभनी काम गरिरहेका छन्। त्रिभुवन विश्वविद्यालयले उपलब्ध गराएको जमिनमा आविष्कार केन्द्रको भवन छ। आविष्कार केन्द्रमा अहिले सेलरोटी बनाउने मेसिन तथा औषधि बोक्ने ड्रोनहरू बन्दैछन्। ग्रामीण स्वास्थ्य चौकी र टेलिमेडिसिन प्रोग्रामको लागि इलेक्ट्रोनिक मेडिकल रेकर्डिङ प्रणाली विकास पनि गरिँदैछ। यहाँ शहरको सडक बत्तीको लागि स्वचालित सोलर प्यानलका साथै सरसफाइसम्बन्धी नयाँ प्रणालीको विकास पनि गरिँदैछ। नवप्रवर्तनका काममा युवा इन्जिनियरहरू संलग्न छन्। आविस्कार केन्द्रका प्रोजेक्टहरू काठमाडौं बाहिर पनि सञ्चालनमा छन्। नयाँ प्रविधिको विकास र पुरानो प्रविधिको स्तरोन्नतिमा केन्द्रित भएर आविष्कार केन्द्रले काम गरिरहेको छ। नेपालको सन्दर्भमा हरेक वर्ष विकास बजेटको कम्तीमा एक प्रतिशत आविष्कार र अनुसन्धानको क्षेत्रका लागि विनियोजन गरिनुपर्ने मागसहित आन्दोलनमा रहेका राष्ट्रिय आविष्कार केन्द्रका संस्थापक महावीर पुन र सरकारबीच हालसालै भएको सहमती तथा उहाँले नवप्रवर्तन मन्त्रीको जिम्वेवारी पाउनु भएकोले यस विषयमा थप नीतिगत बहस गर्ने अवसर सिर्जना भएको छ भन्न सकिन्छ।

नेपाल सरकारका विभिन्न सेवा प्रवाहमा नवप्रवर्तनका लागि नागरिक एप, मेरो कित्ता, हेलो सरकार लेखा तथा राजस्व व्यवस्थापनका लागि सूत्र, सिज्ञास, रिम्सजस्ता सफ्टवेयरमार्फत नागरिकलाई सहजीकरण गरिएको छ। सरकारी सेवाप्रवाहमा डिजिटल पद्धति अवलम्बन गरिँदै छ। उदाहरणका लागि लोकसेवा आयोगको आवेदन प्रणाली अनलाइन माध्यमबाट हुने व्यवस्थाले दूरदराजका परीक्षार्थीलाई समेत सहजता भएको छ। जैविक विवरणसहितको राष्ट्रिय परिचयपत्र विवरण संकलन भइहेको छ। विद्युतीय राहदानी वितरण सुरु भइसकेको छ। हाम्रा यी सबै प्रयासका बाबजुद हामीले नवप्रवर्तनका लागि निकै लामो यात्रा तय गर्नुपर्ने देखिन्छ।

नेपालमा नवप्रवर्तनका लागि कृषि, सूचना प्रविधि, नवीकरणीय ऊर्जा, दिगो पर्यटन र स्वास्थ्य तथा शिक्षा प्रमुख सम्भाव्य क्षेत्रहरू हुन्। भौगोलिक विविधता, युवा जनशक्तिको बाहुल्यता र परम्परागत सीपको आधुनिकीकरणको आवश्यकताले गर्दा यी क्षेत्रहरूमा नयाँ प्रविधि र अवधारणाको ठुलो सम्भावना रहेको छ।

२. नेपालको योजना र बजेटमा नवप्रवर्तन

सोह्रौं योजनामा विज्ञान र प्रविधिको अनुसन्धान तथा नवप्रवर्तनका लागि विशेष कोषको स्थापना गरी सञ्चालन गर्ने। देशको बजेटको दुई प्रतिशत रकम छुट्याउने, वैज्ञानिक तथा प्रविधिक ज्ञान व्यवस्थापन गर्ने। उत्पादनजन्य उद्योग तथा दिगो पूर्वाधार क्षेत्रमा अनुसन्धान तथा प्रविधिक विकास एकाइ स्थापना गर्ने। विभिन्नजन्य केन्द्रीय प्रयोगशालालाई अनुसन्धान संस्थाको रूपमा स्तरोन्नति, विधिविज्ञान प्रयोगशालाको सेवा विस्तार गर्ने। नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान र त्रि.वि. कोइराला मेमोरियल प्लानेटेरियम, वधशाला तथा विज्ञान संग्रहालय विकास समितिको पुनर्संरचना गर्ने। युवा जनशक्तिलाई व्यावहारिक अनुसन्धान तथा सुधार गर्दै प्रतिभावान वैज्ञानिक, प्राविधिक र युवा जनशक्तिलाई व्यावहारिक अनुसन्धान तथा नवप्रवर्तनात्मक कार्यमा परिचालन तथा प्रोत्साहन गर्ने। उच्च धरातलीय अनुसन्धान केन्द्र, अन्तरिक्ष अध्ययन केन्द्र, आणविक अनुसन्धान केन्द्र स्थापना गर्ने; वायुमण्डलीय अनुसन्धान केन्द्र, रोबोटिक्स तथा कृत्रिम बौद्धिकता अनुसन्धान केन्द्रलगायतका उदीयमान प्रविधिका क्षेत्रमा अनुसन्धान केन्द्र सञ्चालन गर्ने विज्ञान साक्षरता कार्यक्रम सञ्चालन गर्ने।

सोह्रौं योजनामा वैज्ञानिक अनुसन्धान तथा नवप्रवर्तनमा सहकार्य, समन्वय तथा साझेदारी हासिल गर्न विज्ञान कुटनीतिमार्फत विभिन्न राष्ट्र तथा अन्तर्राष्ट्रिय संघसंस्थासँग सम्झौता तथा साझेदारी गर्ने। विश्वविद्यालय तथा सार्वजनिक निकाय, वैज्ञानिक पेशागत समाज, गैरसरकारी वा निजी अनुसन्धान संस्थाहरूलाई नतिजामुखी अनुसन्धान तथा प्रविधि विकास र प्रोत्साहन गर्ने। वैज्ञानिक तथा अनुसन्धानकर्ताहरूलाई अनुसन्धान तथा शैक्षिक सञ्जालको माध्यमबाट वैज्ञानिक पूर्वाधारहरूमा पहुँच स्थापना गर्ने। अपराध अनुसन्धान तथा न्याय सम्पादनमा उच्चस्तरीय सेवा प्रदान गर्न तथा नयाँ विधाका सेवाहरू शुरूवात गर्ने तथा विधि विज्ञानका प्रयोगशालाको सेवाको गुणस्तर सुनिश्चितताका लागि अन्तर्राष्ट्रिय मापदण्डअनुसार प्रत्यायनको व्यवस्था गर्ने। विज्ञान साक्षरता अभिबृद्धि एवम् व्यावहारिकताका नवप्रवर्तन प्रवर्द्धन गर्न विज्ञान संग्रहालय, विज्ञान पार्क, विज्ञान शहर, नवप्रवर्तनशाला, इन्कुबेटर, एनिमेटर, प्रविधिपार्क, समुदायमा आधारित मेकर्स-स्पेस प्रयोगशाला स्थापना गर्ने प्रदेश तथा स्थानीय सरकार वा सार्वजनिक

वा गैर-सरकारी वा निजी क्षेत्रलाई प्रोत्साहन तथा विज्ञान क्षेत्र सहुलियत कार्यक्रम सञ्चालन गर्ने बिषयहरू समेटिएका छन् ।

विज्ञान तथा प्रविधि तर्फको आ.व. २०७९।८० को प्रगति र आ.व. २०८५।८६ सम्मको लक्ष्य लाई सोह्रौ योजनामा यसरी उल्लेख गरिएको छ । अनुसन्धान तथा प्रविधि विकासमा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा राष्ट्रिय लगानीमा आ.व. २०७९/८० मा ०.३५ प्रतिशत रहेकोमा १ प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ । राष्ट्रिय/अन्तर्राष्ट्रिय पेटेन्ट दर्ता संख्या ८६ वटा रहेकोमा ५०० वटा पुऱ्याउने लक्ष्य राखिएको छ । प्रविधि परीक्षण एवम् प्रमाणीकरण भएका प्रविधिको शून्य रहेकोमा ५० पुऱ्याउने लक्ष्य रहेको छ । नास्टका अनुसन्धान केन्द्रहरू विस्तार संख्या १ रहेकोमा ७ पुऱ्याउने लक्ष्य रहेको छ । राष्ट्रिय विधिविज्ञान प्रयोगशाला विस्तार ५ रहेकोमा ७ पुऱ्याउने लक्ष्य रहेको छ । वधशाला निर्माण १ रहेकोमा ३ पुऱ्याउने लक्ष्य रहेको छ । अनुसन्धान तथा प्रविधि विकासका राष्ट्रिय उत्कृष्ट केन्द्रहरू नरहेकोमा १० पुऱ्याउने लक्ष्य रहेको छ । नवप्रवर्तन प्रवर्द्धन संस्थाहरू (विज्ञान शहर/पार्क, इन्कुवेटर, एक्सेलेटर, ग्रामीण नव-प्रवर्तनशाला, प्रविधि पार्क) स्थापना, नियमन शून्य रहेकोमा २५० पुऱ्याउने लक्ष्य रहेको छ ।

आ व २०८३।८४ को बजेटमा नवप्रवर्तन र उद्यमशीलतामा आधारित आर्थिक विकास र साझेदारी कार्यक्रममा स्थानीय नवीन प्रविधि र सीपमा आधारित उद्यम विकासका लागि सुरूवाती पुँजी लगानीमा साझेदारी, नवप्रवर्तनकारी वित्तको व्यवस्था गर्ने, न्यून वित्त व्यवस्थापन गर्न वित्तीय संस्थाको प्रवर्द्धन गर्ने, स्थानीय उत्पादनको बजार प्रणाली, भण्डारण, प्रशोधन र मूल्य शृंखला अभिवृद्धि गर्ने । पर्यटकीय पूर्वाधारसँग स्थानीय उत्पादन प्रणालीलाई आवद्ध गरी स्थानीय उत्पादनको प्रवर्द्धन गर्ने, प्रादेशिक तथा स्थानीय गौरवका आयोजना तथा सङ्घ प्रदेश स्थानीय तह साझेदारी गर्ने, सार्वजनिक निजी साझेदारी तथा सहलगानी प्रवर्द्धन गर्ने तथा सेवा प्रवाहको सरलीकरण, स्थानीय आर्थिक विकास, सुशासन प्रवर्द्धन तथा मानवीय र सामाजिक पुँजी निर्माण गर्ने, आर्थिक विकासमा युवा लक्षित कार्यक्रम प्रवर्द्धन र स्थानीय उत्पादन प्रमाणीकरण तथा बजारीकरण गर्ने कार्यक्रमहरू समाविष्ट छन् ।

बजेटमा स्टार्टअप, साना तथा मझौला उद्यमीलाई राष्ट्रिय उद्यम इकोसिस्टममा आवद्ध गर्ने, प्लेटफर्मको रूपमा नेपाल इन्टरप्राइज फेसिलिटी स्थापना गर्ने, प्लेटफर्मले उद्यम सम्बन्धी नीतिगत व्यवस्था, नवीन वित्तीय उपकरणको पहिचान र पहुँच, इन्क्युवेसनसहितको सहयोग सञ्जाल र स्वदेशी उद्यम अभियानलाई एकीकृत रूपमा अघि बढाउने, कृषि एवं पशुपन्छी उद्यम गर्न चाहने एक हजार युवा उद्यमीलाई स्टार्टअप सुविधा उपलब्ध गराउने ।

युवा वैज्ञानिकलाई स्वदेशमै अनुसन्धानको अवसर प्रदान गर्न अनुसन्धान, नवप्रवर्तन तथा उद्यमशीलता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छ। खगोलीय पर्यटन प्रवर्द्धन गर्न सगरमाथा आधार शिविरमा अब्जर्भेटरी केन्द्र स्थापनाका लागि समेत रकम विनियोजन गरेको साथै चालू आ.व. २०८३।८४ को बजेटमा विज्ञान, प्रविधि र नवप्रवर्तनका लागि रु. ४ अर्ब र नेपाल इन्टरप्राइज फेसिलिटीका लागि रु. ५० करोड विनियोजन गरिएको छ।

चालु बजेटमा उद्योग र औद्योगिक नवप्रवर्तनअन्तर्गत सरकार, उद्योग र औद्योगिक नवप्रवर्तनमा दत्तचित्त रहने, नवउद्यम (स्टार्ट-अप), नवप्रवर्तन र उद्यमशीलतालाई आर्थिक रूपान्तरणको ठुलो आधार बनाइने, नवउद्यमलाई पहिचान, सीप, बजार र वित्तीय पहुँचसँग अनुकूलित गर्दै, सार्वजनिक खरिदमा प्राथमिकता, डिजिटल दर्ता तथा नियमकीय सहजीकरणमार्फत नव उद्यम सञ्चालन प्रणालीलाई सुदृढ बनाइने कुराको सुनिश्चितता गरिएको छ। विज्ञान प्रविधि अनुसन्धान र नवप्रवर्तनका लागि पुँजीगत खर्चको न्यूनतम एक प्रतिशत रकम विनियोजन गरिएको छ।

३. नेपालमा नवप्रवर्तनका सम्भाव्य क्षेत्र

नेपालमा नवप्रवर्तनका लागि सम्भावना भएका क्षेत्रहरू धेरै रहेका छन्। तीमध्ये केही उच्च सम्भावना भएका क्षेत्रहलाई यहाँ उल्लेख गरिएको छ। माटोको गुणस्तर मापन, मौसमको पूर्वानुमान र थोपा सिँचाइमा आधुनिक प्रविधिको प्रयोगमार्फत स्मार्ट खेतीपातीको सुरुवात गर्न सकिन्छ। कृषि उपजको बजारीकरणका लागि किसान र उपभोक्तालाई सिधै जोड्ने डिजिटल प्लेटफर्महरूको बिकास गर्न सकिन्छ। खाद्यान्न र तरकारी नष्ट हुनबाट जोगाउने किफायती प्रविधि प्रयोग गरी कोल्ड स्टोरेज प्रयोग तथा मूल्य शृंखलामा सुधारका कामहरू गर्न सकिने देखिन्छ। नेपालका रैथाने जडीबुटीहरूलाई अन्तर्राष्ट्रिय बजार सुहाउँदो उत्पादनमा बदल्नको लागि जडीबुटीका क्षेत्रमा ब्यापक अनुसन्धान गर्नुपर्ने हुन्छ। कर्णाली लगायतका जडीबुटीको लागि सम्भाव्य क्षेत्रहरूका नागरिकलाई व्यापक मात्रामा व्यवसायिक जडीबुटी खेतीमा संलग्न गराउनु पर्ने देखिन्छ। हाल नेपालबाट कच्चा जडीबुटी सस्तो मूल्यमा निर्यात भइरहेको छ। जडीबुटीको सम्भावना भएका विभिन्न ठाउँहरूमा जडीबुटी प्रशोधन केन्द्र खोलेर कच्चा जडीबुटीलाई प्रशोधन गरेर कम तौल र बढी मूल्यका आयुर्वेदिक औषधि उत्पादन गरेर विश्वका विभिन्न देशहरूमा निर्यात गर्नु पर्ने देखिन्छ। यसो गर्न सकेमा देशमा विदेशी मुद्रा भित्रिनुका साथै व्यापार घाटा न्यूनीकरणमा टेवा पुग्ने देखिन्छ।

डिजिटल सेवा तथा सूचना प्रविधिका लागि ग्रामीण क्षेत्रसम्म वित्तीय पहुँच पुऱ्याउने

मोबाइल बैंकिङ र डिजिटल भुक्तानी प्रणाली विकास गर्नु पर्ने, विश्व बजारका लागि नेपालका दक्ष युवाहरूद्वारा विभिन्न सफ्टवेयर र आधुनिक एप्लिकेसन विकास गराउनु पर्ने, नवप्रवर्तनका लागि स्थानीय भाषाहरूमा आधारित एआई औजार र सेवाहरूको विकास गर्नुपर्ने, सरकारी सेवाहरूलाई छिटो र पारदर्शी बनाउनुका साथै सबै सरकारी क्षेत्रमा डिजिटल प्रणाली विकास तथा प्रयोग बढाउनु पर्ने एवं साना तथा लघु जलविद्युत आयोजना र सौर्य ऊर्जाको एकीकृत प्रयोग बढाउने नीति अबलम्वन गर्नुपर्ने देखिन्छ। सहरी फोहोरलाई ऊर्जा, कम्पोस्ट मल वा पुनः प्रयोगयोग्य सामग्रीमा बदल्ने प्रविधिको विकास गर्नुपर्ने, विद्युतीय यातायातका साधनहरू ई-स्कुटर, ई-कार, सार्वजनिक विद्युतीय सवारीका लागि चार्जिङ स्टेसन पूर्वाधार निर्माण गर्नुपर्ने। सामुदायिक र दिगो पर्यटनका लागि स्थानीय संस्कृति र प्रकृतिलाई जोगाएर पर्या-पर्यटनको विकास गर्दै सो कामका लागि देश भरिका स्थानीय समुदायलाई सहजिकरण गर्नुपर्ने, डिजिटल ट्राभल गाइड प्रवर्द्धन गर्न नेपालका पर्यटकीय क्षेत्र, पदयात्रा मार्ग र होटल बुकिङका लागि एप्लिकेसनहरू विकास तथा प्रयोग गर्नु पर्ने, परम्परागत हस्तकलाका सामानहरूलाई आधुनिक डिजाइन दिएर विश्व बजारमा अनलाइन बिक्री गरीनु पर्ने देखिन्छ। दुर्गम गाउँहरूमा सहरका विशेषज्ञ डाक्टरहरूबाट स्वास्थ्य परामर्श दिने प्रविधि टेलिमेडिसिनको विकास गर्ने, नेपाली पाठ्यक्रममा आधारित भिडियो र अन्तर्क्रियात्मक सिकाईका लागि अनलाइन सिकाई प्लेटफर्म तथा सामाग्री विकास गर्नु पर्ने, प्रविधिको विकास, उपभोक्ताको बदलिँदो बानी र विश्वव्यापीकरणले गर्दा परम्परागत व्यापारिक मोडेलहरू डिजिटल तथा आधुनिकतातर्फ रूपान्तरण भएका छन्। नेपालको उद्योग र वाणिज्य क्षेत्रमा नवप्रवर्तनका धेरै सम्भावनाहरू रहेका छन्। उद्योग र वाणिज्य क्षेत्रमा नवप्रवर्तनका मुख्य सम्भावनाहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

विश्वमा ई-कमर्सको विस्तारसँगै सामान छिटो र सुरक्षित रूपमा पुऱ्याउन ड्रोन डेलिभरी, एआईमा आधारित रुट व्यवस्थापन र स्वचालित भण्डारणको ठुलो सम्भावना रहेको छ। व्यवसायहरूमा कन्ट्याक्टलेस पेमेन्ट, ब्लकचेनमा आधारित सुरक्षित कारोबार जस्ता नवप्रवर्तनात्मक वित्तीय सेवाहरूको माग बढ्दो छ। यस क्षेत्रमा एकीकृत डिजिटल प्लेटफर्महरू निर्माण गरी अगाडि बढ्न सकिने देखिन्छ।

नेपाली चिया, कफी, जडिबुटीलगायतका कच्चा कृषि उपज मात्र बेच्नुको साटो अर्गानिक प्रोसेसिङ, ब्रान्डिङ र प्याकेजिङमा नवप्रवर्तन गरेर अन्तर्राष्ट्रिय बजारमा उच्च मूल्य पाउन सकिन्छ। कृषक र उपभोक्तालाई सिधै जोड्ने डिजिटल प्लेटफर्महरू निर्माण गरी बिचौलियाको अन्त्य गर्न र आपूर्ति शृंखलालाई पारदर्शी बनाउन स्मार्ट फार्म-टु-टेबल नेटवर्क विकास गर्न सकिने देखिन्छ। साना तथा

मझौला उद्योगहरूमा उत्पादन क्षमता बढाउन र लागत घटाउन थ्रीडी प्रिन्टिङ र एआई-सञ्चालित मेसिनहरूको प्रयोग बढाउने यसले उत्पादन क्षेत्रमा प्रविधिको प्रयोग विस्तार हुने देखिन्छ। हस्तकला र परम्परागत उद्योगको आधुनिकीकरण गर्ने नेपालका रैथाने ज्ञान र हस्तकलाका सामानहरूलाई आधुनिक डिजाइनसँग मिसाएर विश्वव्यापी बजार अनुकूल बनाउने गरी निर्यात गर्नु पनि नितान्त आवश्यक छ।

पुनः प्रयोग र उत्पादन प्रक्रियामा प्लास्टिकको विकल्पमा वातावरणमैत्री प्याकेजिङ सामग्रीको आविष्कार गर्नु पर्ने, हरित ऊर्जाको प्रयोगका लागि उद्योगहरूमा जीवाश्म इन्धनको साटो जलविद्युत र सौर्य ऊर्जाको अधिकतम उपयोग गरी वातावरण मैत्री सामान भएको प्रमाण स्वरुप ग्रीन ट्याग प्राप्त गर्ने जसले गर्दा निर्यात बजारमा प्राथमिकता पाइन्छ। पर्यटन र हस्पिटालिटीमा सुधार गर्न डिजिटल टुरिज्म, एआई-आधारित व्यक्तिगत भ्रमण गाइड र नेपालका होमस्टेहरूलाई अन्तर्राष्ट्रिय बुकिङ प्लेटफर्ममा एकीकृत गर्ने। डाटामा आधारित व्यापार रणनीति अबलम्बन गर्न ग्राहकहरूको चाहना बुझ्न ठुलो डाटा एनलाइसेसको प्रयोग गरी व्यवसायको बजारीकरण र बिक्री रणनीति तय गर्नु पर्ने देखिन्छ। नेपालमा नवप्रवर्तनका सम्भावनाहरू हुँदाहुँदै पनि दक्ष जनशक्तिको अभाव, अनुसन्धान र विकासमा कम लगानी, अस्पष्ट नीतिगत व्यवस्था र स्टार्टअपहरूका लागि पूँजीको कमी जस्ता चुनौतीहरू अझै कायम छन्।

विश्वव्यापी नवप्रवर्तन सूचकांक, २०२६

विश्व बौद्धिक सम्पत्ति सङ्गठनद्वारा सार्वजनिक गरिएको विश्वव्यापी नवप्रवर्तन सूचकांक २०२६ अनुसार कुल १३९ अर्थतन्त्रहरू मध्ये नेपाल १०४ औँ स्थानमा रहेको छ। सन् २०२५ को सूचकांकमा नेपाल १०७ औँ स्थानमा थियो, जसको तुलनामा यस वर्ष नेपालले ३ स्थानको सुधार गरेको छ। सूचकांकको पहिलो स्थानमा लगातार १६ औँ पटक स्विट्जरल्यान्ड (अङ्क ६६.७) रहन सफल भएको छ। सूचकांकमा अगाडि रहेका शीर्ष पाँच देशहरूमा स्विट्जरल्यान्डपछि क्रमशः स्वीडेन (दोस्रो), संयुक्त राज्य अमेरिका (तेस्रो), दक्षिण कोरिया (चौथो) र सिङ्गापुर (पाँचौँ) स्थानमा रहेका छन्। मध्यम आय भएको मुलुक भए तापनि चीन सूचकांकको १० औँ स्थानमा पर्न सफल भएको छ। दक्षिण एसियाली देशहरूमध्ये भारत ३८ औँ स्थानमा रहँदै यस क्षेत्रको नेतृत्व गरिरहेको छ। यस वर्षको सूचकांकको मुख्य नारा विज्ञानका क्षेत्रमा रहेका नवप्रवर्तनकारी स्टार्टअपहरूलाई कसरी ठुला उद्योगहरूमा रूपान्तरण गर्ने भन्ने विषयमा केन्द्रित रहेको छ। नेपालको सूचकांकमा सुधार देखिए पनि अनुसन्धान, व्यावसायिक क्षमता र नयाँ प्रविधिलाई उत्पादनसँग जोड्ने क्षेत्रमा अझै चुनौतीहरू यथावत् रहेका छन्।

४. निष्कर्ष

नवप्रवर्तनको क्षेत्र यत्र तत्र सर्वत्र भने जस्तै व्यापक हुन्छ। नागरिकको चासो र आवश्यकता भएका जुनसुकै क्षेत्रमा पनि नवप्रवर्तनको आवश्यकता हुन्छ। नवप्रवर्तनको कुनै सीमा हुँदैन। वस्तु, सेवा, प्रक्रिया, नीति, रणनीति, योजना, शासन, बजारीकरण, सेवा प्रवाहलगायतका क्षेत्रमा नवप्रवर्तन भयो भने यसले एकातिर व्यापक जनसन्तुष्टि सिर्जना गर्न सक्छ भने अर्कोतिर प्रतिस्पर्धाको क्षेत्रमा अब्बल बनाउँछ। राज्यका नीतिगत प्राथमिकतामा परेका क्षेत्रमा नवप्रवर्तन भयो भने यसले आशातीत नतिजासमेत निकाल्न सक्छ। बायोमेट्रिक विवरणसहितको राष्ट्रिय परिचयपत्रको पद्धतिलाई अन्य सरकारी सफ्टवेयरसँग सकेसम्म छिटो आबद्ध गरेमा सेवाग्राहीलाई शीघ्र सरकारी सेवा प्राप्त गर्न सहज हुनेछ। कुनै पनि देशको नेतृत्वमा देशको अवस्थाको बोध, नवप्रवर्तनको अतृप्त भोक, सपना साकार पार्ने सोच अनि निरन्तरको खोज हुनुपर्छ। नवप्रवर्तन सरकारको एक्लो प्रयासले मात्र सम्भव हुने विषय होइन। सरकारलाई नवप्रवर्तनको अग्रणी भूमिकामा हेर्ने गरिन्छ। कतिपय सार्वजनिक चासो र सरोकारको विषयमा सरकार आफैँले र निजी क्षेत्रको सरोकारको विषयमा निजी क्षेत्र तथा सार्वजनिक-निजी साझेदारीमा नवप्रवर्तनका लागि पहल गर्न सकिन्छ। यसो भएमा नवप्रवर्तन मार्फत आयात प्रतिस्थापन तथा ब्यापक रुपमा उत्पादनमुलक कामहरू गर्न सहज भई देश विकासमा टेवा पुग्ने देखिन्छ।

नूतनविचारैः समाजस्य विकासः भवति

(नयाँ विचारहरूद्धारानै समाजको वास्तविक विकास र प्रगति सम्भव हुन्छ)।

सन्दर्भ सामाग्री

नेपालको संविधान (२०७२)

सोह्रौ योजना २०८१।८२-२०८५।८६, राष्ट्रिय योजना आयोग सिंहदरवार काठमाडौँ

आ.व. २०८३।८४ को बजेट, नेपाल सरकार, अर्थ मन्त्रालय सिंहदरवार काठमाडौँ

राष्ट्रिय विज्ञान प्रविधि र नवप्रवर्तन नीति, २०७६

नेपालमा उद्योग क्षेत्रको विकासः समस्या तथा चुनौती र सुधारका उपायहरू



✍ हिरालाल भण्डारी

१. विषय प्रवेश

विश्व इतिहास हेर्दा कुनै पनि देश समृद्ध हुनुको प्रमुख आधार औद्योगिकीकरण नै हो यसमा कसैको पनि दुई मत हुँदैन। अठारौं शताब्दीमा युरोप, उन्नाइसौं र बीसौं शताब्दीको सुरुसम्म अमेरिका, दोस्रो विश्वयुद्धपछि दक्षिण पूर्वी एशियाली देशहरू, बीसौं शताब्दीको अन्तिम दशकदेखि चीनमा शुरु भएको औद्योगिक विकासको सन्दर्भलाई नियाल्दा नेपालमा वि.सं. १९९२ मा उद्योग परिषद् र १९९३ मा विराटनगर जुट मिलको स्थापना हुनुलाई उद्योगको विकासमा नेपालको औद्योगिक विकासको शुरुवाती प्रयासको रुपमा लिन सकिन्छ।

नेपालमा वि.सं २००७ मा प्रजातन्त्र स्थापना भएपश्चात् औद्योगिकीकरणका लागि विभिन्न प्रयासहरू भएका छन्। उद्योग क्षेत्रको विकासका लागि औद्योगिक व्यवसाय ऐन, औद्योगिक नीति लगायतका कानूनी तथा नीतिगत व्यवस्थाहरूका साथै संस्थागत व्यवस्थाहरू गरिएका छन्। घरेलु, साना, मझौला र ठुला उद्योगहरूको स्थापना, विकास, विस्तार र प्रवर्द्धनका लागि उद्योगको दर्तादेखि सेवा प्रवाहसम्मका गतिविधिहरूलाई व्यवस्थित र उद्योगीहरूमैत्री बनाउने कार्यहरू भएकै छन्। तर पनि नेपालको औद्योगिक विकासको सपना निकै पुरानो भए पनि विभिन्न कारणले अपेक्षित उपलब्धि हासिल गर्न सकेको छैन। नेपालमा उद्योग क्षेत्रले निरन्तर गति लिन सकेन। राजनीतिक अस्थिरता, दशकौं लामो द्वन्द्व, नीतिगत अनिश्चितता, कमजोर पूर्वाधार, कोभिडको महामारी, ऊर्जा संकट तथा प्रशासनिक झण्झटका

✍ *सहसचिव, नेपाल सरकार*

कारण धेरै उद्योग बन्द भए वा अपेक्षित क्षमतामा सञ्चालन हुन सकेनन् । एक समय देशका प्रमुख औद्योगिक प्रतिष्ठानका रूपमा रहेका धेरै सरकारी उद्योगहरू आज बन्द वा निष्क्रिय अवस्थामा छन् । कपडा उद्योग, जुत्ता उद्योग, कागज उद्योगदेखि चिनी उद्योगसम्मले विभिन्न समस्याका कारण अस्तित्व जोगाउन सङ्घर्ष गर्नुपरेको छ । नेपालको सबैभन्दा ठुलो समस्या भनेकै युवाको निर्यात र वस्तुको आयात हो । स्वदेशमै भएको उत्पादनबाट कूल गार्हस्थ उत्पादन (जीडीपी) लाई पुगेको योगदान पनि एकदम न्यून छ । नेपालमा जे जति उद्योग कलकारखाना छन्, उनीहरूबीच पनि अस्वस्थ प्रतिस्पर्धा भएको पाइन्छ । सरकारले स्वच्छ प्रतिस्पर्धाको मैदान बनाउन नसक्नु, नियमित अनुगमन निरीक्षण नहुनुले बजारमा अस्वस्थ प्रतिस्पर्धा भएको पाइन्छ । नियमित अनुगमन र स्वच्छ प्रतिस्पर्धाको मैदान भएन भने नयाँ लगानीकर्ताहरूलाई उद्योगीकरणतर्फ आकर्षित गर्न गाह्रो हुन्छ ।

२. नेपालमा उद्योग क्षेत्रको विकासको इतिहास

प्राचीन कालदेखि नै नेपालमा परम्परागत र घरेलु प्रकृतिका साना कुटीर उद्योगहरू सञ्चालनमा रहँदै आएको पाइन्छ । विशेषगरी आधुनिक औद्योगिक विकासको प्रारम्भ राणा शासनकालबाट भएको मानिन्छ । पहिलो पटक वि.सं १९९२ मंसिर ९ गते उद्योग परिषद् स्थापना भएको हो । उद्योग व्यवसाय सुव्यवस्थित ढंगबाट सञ्चालन गर्न वि.सं १९९३ सालमा सर्वप्रथम कम्पनी कानुनको निर्माण भएको थियो । वि.सं १९९३ मा विराटनगर जुट मिलको स्थापना भएको हो । यो नेपालको पहिलो उद्योग पनि हो । बौद्धिक सम्पत्ति संरक्षणका लागि वि.सं १९९३ मा पेटेण्ट, डिजाइन र ट्रेडमार्क कानुन प्रचलनमा आएको थियो । वि.सं. १९९५ मा जुद्ध म्याच फ्याक्ट्रीको स्थापना र वि.सं. १९९६ मा सरकारीस्तरमा कृषि परिषद्, नेपाली कपडा र इलम प्रचार अड्डा, खानी अड्डाजस्ता निकाय पनि स्थापना भएको पाइन्छ । तर यी निकायहरू कानूनी रूपमा स्थापना नभई निर्णय मात्रले स्थापना भएका हुन् । वि.सं. २००३ (सन् १९४६) मा गोल्छा समूहले विराटनगरमा रघुपति जुट मिल्स स्थापना गर्नुलाई नै नेपाली उद्योगमा निजी क्षेत्रको पहिलो प्रस्थानबिन्दु मानिन्छ ।

वि.सं. २०१३ देखि नेपालमा योजनाबद्ध विकास प्रयासको शुरुवात् गरिएपश्चात् देशमा सरकारी तवरबाट सार्वजनिक संस्थानको रुपमा विभिन्न उद्योगहरू स्थापना र सञ्चालन भएका हुन् । औद्योगिक विकासको पूर्वाधार खानी तथा खनिज सम्पदाको विकास र विस्तार गर्ने हेतुले सर्वप्रथम वि.सं. २०१३ मा खानी ऐन,२०१३ लागू भएको थियो । वि.सं. २०१६ मा औद्योगिक विकास बैंकका रुपमा नेपाल औद्योगिक विकास निगमको स्थापना गरिएको थियो ।

वि.सं. २०१६ मा काठमाडौँको बालाजु, वि.सं २०२० मा मकवानपुरको हेटौंडा,

वि.सं २०२० मा ललितपुरको पाटन, वि.सं २०२९ मा सुनसरीको धरान, वि.सं २०३० मा बाँकेको नेपालगञ्ज, वि.सं २०३१ मा कास्कीको पोखरा, वि.सं ३०३२ मा रुपन्देहीको बुटवल, वि.सं २०३५ मा भक्तपुर, वि.सं २०३८ मा सुर्खेतको वीरेन्द्रनगर, वि.सं २०४१ मा धनकुटा, वि.सं २०४४ मा सप्तरीको राजविराज औद्योगिक क्षेत्र स्थापना भएका थिए ।

प्रजातन्त्र स्थापनापश्चात् सर्वप्रथम वि.सं. २०१७ मा राष्ट्रिय औद्योगिक नीतिको घोषणा गरिएको थियो। वि.सं. २०३८ मा विदेशी लगानी तथा प्रविधि हस्तान्तरणसम्बन्धी ऐन, २०३८ प्रयोगमा ल्याइएको थियो। सन् १९८० को दशकपश्चात् विश्वमा आर्थिक उदारीकरणको लहर आएको र नेपालमा पनि वि.सं. २०४६ पछि अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई वृद्धि गर्ने नीति ल्याइयो। फलस्वरुप सार्वजनिक संस्थानहरूलाई निजीकरण गर्न थालियो। उद्योगसँग सम्बन्धित विभिन्न कानुनहरू निर्माण भए। विभिन्न संस्थागत व्यवस्थामार्फत् ती कानुनहरू अहिलेसम्म कृयाशील रहेका छन्।

३. नेपालमा रहेका उद्योगका प्रकार

औद्योगिक व्यवसाय ऐन, २०७६ अनुसार उद्योगहरूलाई मुख्यतया वस्तु तथा सेवाको प्रकृति र स्थिर पुँजीको आधारमा वर्गीकरण गरिएको छ।

(क) प्रकृति वा क्षेत्रको आधारमा वर्गीकरण

उत्पादन हुने वस्तु तथा सेवाको प्रकृतिका आधारमा उद्योगहरू ७ प्रकारका हुन्छन्:

ऊर्जामूलक उद्योग: जलस्रोत, वायु, सौर्य शक्ति, कोइला, प्राकृतिक ग्याँस वा अन्य स्रोतबाट ऊर्जा उत्पादन गर्ने उद्योग।

उत्पादनमूलक उद्योग: कच्चा पदार्थ वा अर्धप्रशोधित सामान प्रयोग गरी नयाँ वस्तु उत्पादन गर्ने उद्योग।

कृषि तथा वनजन्य उद्योग: कृषि, पशुपालन, जडीबुटी, चिया/कफी खेती, मत्स्यपालन र रेशम खेती जस्ता व्यवसाय।

खनिज उद्योग: खानीबाट खनिज उत्खनन वा प्रशोधन गर्ने उद्योग।

पर्यटन उद्योग: होटल, रिसोर्ट, ट्राभल एजेन्सी, ट्रेकिङ, च्याफ्टिङ र पर्यटन आवाससँग जोडिएका सेवा।

सेवा उद्योग: शिक्षा, स्वास्थ्य (अस्पताल), छापाखाना, चलचित्र, परामर्श सेवा र प्रयोगशाला जस्ता सेवामूलक व्यवसाय।

निर्माण उद्योग: सडक, पुल, सुरुङ, भवन, सिँचाइ र जलविद्युत प्रसारण लाइनका पूर्वाधार निर्माण गर्ने उद्योग।

(ख) स्थिर पुँजीको आधारमा वर्गीकरण

लगानी (स्थिर पुँजी) को आकार अनुसार उद्योगहरू ५ प्रकारका छन्:

कुटीर उद्योग: स्थानीय कच्चा र परम्परागत सीपमा आधारित (सामान्यतया ५ किलोवाटभन्दा कम विद्युतीय शक्ति प्रयोग हुने)।

लघु उद्यम: घरायसी वा स्थानीय साधन प्रयोग हुने, वार्षिक निश्चित आयभित्र सीमित रहने र थोरै पुँजी लगानी भएको।

साना उद्योग: १५ करोड रुपैयाँसम्म स्थिर पुँजी भएको (लघु र घरेलु बाहेक)।

मझौला उद्योग: १५ करोड रुपैयाँदेखि ५० करोड रुपैयाँसम्म स्थिर पुँजी भएको।

ठुला उद्योग: ५० करोड रुपैयाँभन्दा बढी स्थिर पुँजी भएको।

४. उद्योगको महत्व

उद्योग नै त्यस्तो महत्वको क्षेत्र हो, जसको स्थापना र विकासले श्रम, पुँजी, सीप र प्रकृतिको उपयोग गरी वस्तु तथा सेवाको उत्पादन गर्ने कार्य गर्ने भएकाले यसको विकासले देशको समग्र विकासमा ठुलो टेवा दिएको हुन्छ। नेपालको अर्थतन्त्रमा लघु, घरेलु तथा साना उद्योग र मझौला उद्योगहरूको आ-आफ्नै महत्व रहेको हुन्छः

(क) स्थानीय स्रोतको अधिकतम उपयोग गर्न,

(ख) रोजगारीका अवसरहरूको सिर्जना गर्न,

(ग) स्थानीय कला र संस्कृतिको संरक्षण गर्न,

(घ) कृषिको आधुनिकीकरण र व्यावसायीकरण गर्न,

(ङ) आधारभुत पूर्वाधारको विकास गर्न,

(च) पुँजी निर्माण गर्न,

(छ) विदेशी मुद्रा आर्जन गर्न आदि।

५. नेपालमा उद्योग क्षेत्रको विकाससँग सम्बन्धित नीतिगत, कानूनी, संरचनागत र कार्यक्रमगत व्यवस्थाहरू

नेपालको संविधानको भाग ४ धारा ५० को उपधारा ३ मा राज्यको निर्देशक सिद्धान्त अनुसार सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ भनी उल्लेख गरिएको छ। धारा ५१ मा तुलनात्मक लाभका क्षेत्रको

पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको बजार विविधीकरण र विस्तार गर्न राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने र औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र, राष्ट्रिय परियोजना, विदेशी लगानीका परियोजनाको सन्दर्भमा अन्तर प्रदेश तथा प्रदेश र सङ्घबीच समन्वय स्थापित गराई आर्थिक विकासलाई गतिशीलता प्रदान गर्ने राज्यको नीति रहेको छ। यस नीतिलाई व्यवहारिक रुप दिनका लागि लघु, घरेलु तथा साना उद्योगको विकास आधार स्तम्भ तथा समुन्नत नेपाल निर्माणको जग हुन सक्छ।

औद्योगिक व्यवसाय ऐन, २०७६ को परिच्छेद ३ दफा १७ अनुसार लगानी र प्रकृतिको आधारमा लघु उद्यम भन्नाले घरजग्गा बाहेक बढीमा २० लाख स्थिर पूँजी लगानी भएको, उद्यमी स्वयं व्यवसायमा संलग्न भई उद्यमीसहित ९ जनासम्म कामदार रहेको, वार्षिक कारोवार एक करोडभन्दा कम रहेको र इञ्जिन, उपकरण वा मेसिनको प्रयोगमा ऊर्जाशक्ति प्रयोग हुने भए २० किलोवाटभन्दा कम प्रयोग हुने उद्यमलाई बुझिन्छ। घरेलु उद्योग भन्नाले परम्परागत सीप र प्रविधिमा आधारित, श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित र इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा ५० किलोवाटसम्मको क्षमताको विद्युतीय ऊर्जा प्रयोग गरेको र उक्त ऐनको अनुसूची-२ मा उल्लेख भए बमोजिमका उद्योगहरूलाई जनाउँछ। साना उद्योग भन्नाले लघु उद्यम र घरेलु उद्योग बाहेक ५० करोडसम्म स्थिर पुँजी भएका उद्योगहरूलाई जनाउँदछ।

औद्योगिक नीति, २०६७ ले नेपालमा औद्योगिकीकरणको गति तीव्र पार्न लघु, घरेलु तथा साना उद्योगको विकासलाई उच्च प्राथमिकता दिएको छ। उक्त नीतिको दफा ९ मा लघु, घरेलु तथा साना उद्योगसम्बन्धी १० वटा विशेष नीतिहरू दफा ११ मा २५ वटा विशेष रणनीतिगत व्यवस्थाहरू छन्। उक्त नीतिमा उल्लेखित लघु उद्यम, घरेलु तथा साना उद्योगसम्बन्धी आवश्यक कानूनी व्यवस्था, संस्थागत संरचना तथा पूर्वाधारहरूको निर्माण, प्रतिस्पर्धात्मक क्षमता वृद्धि, बजार पहुँच तथा विस्तार, घरेलु तथा साना उद्योग विकास कोष, ग्रामीण स्वावलम्बन कोष, जिल्ला उद्यम तथा उद्योग विकास योजना, स्थानीय निकायसँग सहकार्य, लक्षित समूहलाई विशेष प्राथमिकता, ग्रामीण क्षेत्रमा उद्यमशीलता विकास तालिम, घरेलु तथा साना उद्योग ग्राम स्थापना, एक गाउँ एक उत्पादनको अवधारणा, वस्तु विकास केन्द्र तथा समूहगत औद्योगिक केन्द्रहरू स्थापना, स्थानीय निकायलाई खर्चको अनुपातमा अनुदान, सामूहिक चिन्ह प्रदान, साना उद्योगमा बौद्धिक सम्पत्ति संरक्षण, उत्पादन

तथा बजार प्रवर्द्धनका लागि उपयुक्त सूचना प्रविधिको उपयोग, मझौला तथा ठुला उद्योगहरूसँग पृष्ठ र अग्र सम्बन्ध विकास, घरेलु तथा साना उद्योगबाट उत्पादित वस्तुहरूको निर्यात प्रवर्द्धन, कच्चा पदार्थ संकलन वा उत्खनन् तथा आपूर्ति व्यवस्था सरलीकरण लगायतका नीति तथा रणनीतिक व्यवस्थाहरू उल्लेख गरिएको छ।

लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन नीति, २०८१ ले लघु, घरेलु तथा साना उद्योगको माध्यमबाट स्थानीय अर्थतन्त्रलाई मजबुत गर्दै कुल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान बढाउनु, बृहत्तर आर्थिक समावेशिता तथा उद्यमशील संस्कृतिको विकास गर्दै स्वदेशमै रोजगारीका अवसरहरू सृजना गर्नु र निर्यातयोग्य वस्तु उत्पादन गर्न लघु, घरेलु तथा साना उद्योगको विकास तथा प्रवर्द्धन गर्नु जस्ता उद्देश्यहरू लिएको छ ।

बौद्धिक सम्पत्ति नीति २०७३ मा पेटेण्ट, डिजाइन, ट्रेडमार्क, भौगोलिक संकेत, एकीकृत सर्किटको लेआउट डिजाइनसम्बन्धी व्यवस्था गरिएको छ। राष्ट्रिय खनिज नीति २०७४ मा विभिन्न नीति, रणनीति एवं संस्थागत व्यवस्थाहरू गरिएका छन्। वाणिज्य नीति, २०७२ ले नेपालको तुलनात्मक लाभ भएका उत्पादनहरूको प्रवर्द्धन गरी निकासी अभिवृद्धि गर्ने लक्ष्य लिइएको छ।

सोह्रौं योजना (आ.व. २०८१/८२-२०८५/८६) मा कुल गार्हस्थ्य उत्पादन (GDP) मा उत्पादनमूलक उद्योग क्षेत्रको योगदान योजनाको अन्तिम वर्षसम्म ५.४ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ। उत्पादनमूलक उद्योगको योगदान बढाएर २०८५/८६ सम्म ५.४ प्रतिशत पुऱ्याउने लक्ष्य छ। योजना अवधिभर द्वितीय क्षेत्र (उद्योग तथा निर्माण) मा करिब २५ खर्ब ३० अर्ब ९९ करोड रुपैयाँ पूँजीगत लगानी हुने अनुमान गरिएको छ। देशभित्रै कलकारखानाको स्थापना, साना, लघु, कुटीर तथा मझौला उद्योगहरूको सञ्चालन र कृषि उत्पादनमा आधारित प्रशोधन उद्योगहरूलाई प्रोत्साहन गर्ने नीति लिइएको छ। स्वदेशी काष्ठजन्य र जडिबुटी लगायतका वस्तुहरूको प्रशोधन उद्योग स्थापना गरी मूल्य शृङ्खला सिर्जना गर्ने र आयात प्रतिस्थापन गर्ने लक्ष्य राखिएको छ।

आ. व. २०८३/८४ को बार्षिक कार्यक्रममा औद्योगिक विकासतर्फ निर्यातको सम्भावना भएका कृषि प्रशोधन, पर्यटन सेवा, हलुका उत्पादन लगायतका श्रम प्रधान उद्योगको विकास तथा विस्तारका लागि नमुना स्वरूप रोजगार आबद्ध उत्पादन क्षेत्र (इम्प्लोयमेन्ट लिङ्कड प्रोडक्सन जोन) सञ्चालन गर्ने; उद्योग प्रतिष्ठानको संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कानूनी प्रबन्ध मिलाउने; सरकार र निजीक्षेत्रको सहकार्यमा औद्योगिक क्षेत्र तथा औद्योगिक कोरिडरमा स्वच्छ ऊर्जामा आधारित प्रविधिको प्रयोग गरी ट्रिटमेन्ट प्लान्ट सहितको सिवरेज प्रणाली सञ्चालन गर्ने;

उद्योग प्रतिष्ठानमा रहेका परम्परागत बोइलरलाई इलेक्ट्रिक बोइलरले प्रतिस्थापन गर्न सहुलियतपूर्ण ऋण सुविधा प्रदान गर्ने, एकसय उद्योगहरूलाई विद्युतीय वा बायो ब्रिकेटमा आधारित बोइलरमा रुपान्तरण गर्ने; खानी सम्बन्धी लाइसेन्सको पूनरावलोकन गर्ने; नयाँ खानीको अन्वेषणका क्रममा फेज टु सम्मको अध्ययनका लागि आवश्यक जियोलोजिकल ल्याब र परीक्षण अन्वेषणको व्यवस्था गर्ने; खानी क्षेत्र, ठुला उद्योग र पाँच मेगावाटभन्दा बढी विद्युत खपत गर्ने निजी क्षेत्रबाट विकास हुने औद्योगिक क्षेत्रसम्मको सहज पहुँच तथा विद्युत आपूर्ति एवम् प्रसारण लाइन निर्माण गर्ने; भारी सवारी सञ्चालन हुने औद्योगिक तथा खानी पहुँच सडकलाई विशेष मापदण्ड सहित डिजाइन, निर्माण र मर्मत गर्ने कार्यक्रम रहेको छ।

साथै, खनिज तथा निर्माणजन्य सामग्री उत्खनन, उत्पादन, आपूर्ति र प्रयोगको समग्र नियमन तथा व्यवस्थापनका लागि खानी तथा खनिज प्राधिकरण स्थापना गर्ने; दैलेखमा रहेको पेट्रोलियमको व्यावसायिक उत्पादनका लागि आवश्यक प्रक्रिया शीघ्र अघि बढाउने; नवलपरासी वर्दघाट सुस्ता पूर्वको धौवादी फलाम उद्योगमा रहेको नेपाल सरकारको शेयर अंश घटाई सार्वजनिक निजी साझेदारी मोडलमा सञ्चालन गर्ने कार्य अघि बढाउने; वातावरणीय दृष्टिकोणले उपयुक्त देखिएका ठाँउ पहिचान गरी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा प्रशोधन आपूर्ति गर्ने व्यवस्था मिलाउने व्यवस्था गरिएको छ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्झौता तथा प्रतिवद्धताहरूतर्फ औद्योगिक सम्पत्ति संरक्षणसम्बन्धी पेरिस महासन्धिको सन् २००१ मा नेपाल पक्ष राष्ट्र भएको; सन् २००४ मा विश्व व्यापार संगठनको सदस्यता लिएको; SAFTA , BIMSTEC, MIGA को सदस्यता लिएको; विभिन्न १० वटा देशसँग DTAA र ६ वटा देशसँग BIPPA गरिएको; विभिन्न समयमा नेपालमा अन्तर्राष्ट्रिय लगानी सम्मेलनहरू सम्पन्न भई वित्तीय लगानीको प्रतिवद्धता गरिएको छ।

संस्थागत व्यवस्थातर्फ उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, लगानी बोर्ड, उद्योग तथा लगानी प्रवर्द्धन बोर्ड, विभिन्न विभागहरू तथा अन्तर्गतका निकायहरू, औद्योगिक व्यवसाय विकास प्रतिष्ठान, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, विशेष आर्थिक क्षेत्र प्राधिकरण, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र आदि रहेका छन्।

यसका अतिरिक्त विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५; विशेष आर्थिक क्षेत्र ऐन,२०७५; सार्वजनिक निजी साझेदारी लगानी ऐन, २०७५; औद्योगिक व्यावसायिक विकास प्रतिष्ठान ऐन, २०५३; लगानी बोर्ड ऐन, २०६८ र नियमावली, २०६९,; कम्पनी ऐन, २०६३; औद्योगिक ग्राम स्थापना र सञ्चालन ऐन, २०७५; खानी तथा खनिज पदार्थसम्बन्धी ऐन, २०४२ र

नियमावली, २०५६; नेपाल गुणस्तर प्रमाण चिह्न ऐन, २०३७ र नियमावली, २०४०; स्ट्यान्डर्ड नाप र तौल ऐन, २०२५; पेटेन्ट डिजाइन एण्ड ट्रेडमार्क ऐन, २०२२ लगायतका कानूनी व्यवस्था सरकारले गरेको छ। जसबाट उद्योगको विकासमा उल्लेखनीय योगदान रहेको छ।

६. उद्योगको विकासमा रहेका समस्या तथा चुनौतीहरू

नेपालमा उद्योगको विकास र विस्तारका लागि कानूनी, नीतिगत, संरचनागत एवं कार्यक्रमगत व्यवस्था हुँदाहुँदै पनि उद्योग क्षेत्रको विकास र विस्तारमा उल्लेख्य योगदान पुग्न नसक्नुमा निम्न बमोजिमका समस्या तथा चुनौतीहरू रहेका छन्:

(क) नीतिगत पक्षसँग समस्या तथा चुनौती

(१) एकपटक लिएको नीतिले पारेको प्रभाव नदेखिदैँ वा सोको गहन अध्ययन/विश्लेषण बिना पटक पटक नीतिगत परिवर्तन गरिन्छ।

(२) के कस्तो क्षेत्रमा वैदेशिक लगानी ल्याउने वा सीमा तोक्ने वा नतोक्ने भन्ने विषयमा अलमल देखिन्छ साथै कुन उद्योग प्रवर्द्धनमा जोड दिने भन्ने विषयमा अलमल देखिन्छ।

(३) आयातमुखी राजस्व नीतिले राजस्व वृद्धि गर्न आयातमाथि नै निर्भर हुनुपर्ने अवस्था सिर्जना हुँदा स्वदेशी उद्योगहरू हतोत्साही भएको अवस्था छ।

(४) औद्योगिक नीतिले उद्योगलाई प्रदान गर्ने भनेका सुविधाहरू आर्थिक ऐनबाट खुम्च्याउने काम भइरहेको छ। सरकारले निर्माण गर्ने नीतिहरूमा मेल खाएको अवस्था देखिदैन।

(५) नीतिगत प्रकृया झण्झटिलो र लामो हुँदा विकास प्रकृयामा नै अवरोध सिर्जना भएको अवस्था देखिन्छ।

(६) औद्योगिक पूर्वाधारमा लगानी नगर्ने तर औद्योगिक विकासको सपना देख्ने प्रवृत्ति छ। सरकारी कार्यालयमा मात्रै पनि स्वदेशी उत्पादनको अनिवार्य उपयोग गर्ने नीति कागजमा मात्रै सीमित रहेको छ।

(ख) संरचनात्मक पक्षसँग समस्या तथा चुनौती

(१) उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय पटक पटक विभाजनको मारमा पर्ने एवं संगठन निर्माण कार्य हचुवामा गरिन्छ। नीतिगत विषयमा समन्वय कमजोर रहेको देखिन्छ।

(२) औद्योगिक सीप सिकाउने उद्देश्यले स्थापना र सञ्चालन गरिएका कार्यालयहरूले परम्परागत किसिमले कार्यसम्पादन गर्दा उपलब्धि खासै

देखिएन । उद्यमशीलता प्रवर्द्धन र विकासका तालिमहरू सञ्चालन हुन सकेका छैनन् ।

(३) सरकारी निकायबीच समन्वयको कमी देखिन्छ ।

(४) प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination) र वातावरणीय प्रभाव मूल्याङ्कन (Environmental Impact Assessment) को कार्यलाई केन्द्रीयस्तरमा मात्रै रहँदा असुविधा रहेको पाइन्छ ।

(५) लगानीकर्ताहरूलाई औद्योगिक प्रयोजनका लागि जग्गा प्राप्ति गर्ने कार्य कठिन छ ।

(६) विशेष आर्थिक क्षेत्र, Product Specific Zone एवं औद्योगिक क्षेत्रहरूको निर्माण कार्यमा ढिलाई भएको छ ।

(७) भारतको कलकत्ता बन्दरगाह र विशाखापट्टनम बन्दरगाहबाहेक अरु बन्दरगाह प्रयोग गर्न सकिएको छैन । नेपालमै पनि पूर्वाधारतर्फ यातायात सञ्जाल सबै क्षेत्रसम्म जोडिएको छैन ।

(ग) निजी क्षेत्रसँग सम्बन्धित समस्याहरू

(१) निर्यात सम्भावना भएका वस्तुहरूको उत्पादनमा वृद्धि गराउन उद्यमीहरू सक्षम छैनन् । विशेष गरी सरकारले उद्यमीहरूलाई उत्प्रेरित गर्न सकेको छैन । वर्तमान समयमा धरपकड गरी उद्यमीको मनोबल गिराएको हो कि भन्न सकिन्छ ।

(२) नेपालमा जोखिम लिएर भएपनि उद्योग स्थापना गरौं भन्ने हिम्मत भएको व्यक्ति भेटिदैन । कुनै पनि विधामा अरुलाई विश्वास गर्ने र कार्यान्वयन गर्ने खुबी भएको व्यक्तिको अभाव देखिन्छ ।

(३) राजनीतिक अस्थिरताका कारण नीतिहरू पटक पटक परिवर्तन भइरहँदा स्वदेशी तथा विदेशी लगानी अपेक्षित मात्रामा प्राप्त हुन सकेन ।

(४) उद्योगको सुरक्षा लगायतका विषयमा सरकारले खासै ध्यान दिन नसक्दा पनि उद्यमीहरूले जोखिम मोल्न सकेका छैनन् ।

(५) जन आन्दोलन, मधेश आन्दोलन, जेनू जेड आन्दोलनका कारण भएको तोडफोड, नोक्सानी, बन्द, हड्ताल, चन्दा आतङ्कले कतिपय उद्योगीहरू पलायन हुने अवस्था सिर्जना भएको छ ।

(घ) अन्य विविध समस्याहरू

(१) बैंक तथा वित्तीय संस्थाहरूले उद्यमशील क्षेत्रमा न्यून ब्याजदरमा

कर्जा प्रवाह गर्न नसक्ने हुँदा उद्यमीले लगानी गर्न नसक्ने अवस्था रहेको छ।

(२) प्राविधिक सीपको कमी, बजारको अभाव, कच्चा पदार्थको अभाव, भूपरिवेष्ठित मुलुक, खुल्ला सिमाना, झण्झटिलो उद्योग दर्ताको प्रकृया, प्रशासनिक झण्झट, प्रकृयाको भुलभुलैया आदि कारणले गर्दा पनि उद्योगीहरू व्यवसायतर्फ उत्प्रेरित र उन्मुख हुन नसकेको अवस्था छ।

७. समस्याका प्रभावहरू

उद्योगको विकासमा रहेका उपर्युक्त समस्याहरूले गर्दा देहाय बमोजिमको प्रभाव पर्न सक्दछः

(१) आयात बढी र निर्यात कम हुँदा व्यापार घाटा बढ्छ।

(२) औद्योगिक क्षेत्र कमजोर हुँदा समग्र आर्थिक वृद्धि प्रभावित हुन्छ।

(३) उद्योग तथा व्यवसायबाट प्राप्त हुने कर र राजस्वको आधार साँघुरो हुन्छ।

(४) रोजगारीको खोजीमा युवा जनशक्ति विदेश जान बाध्य हुन्छ।

(५) दैनिक उपभोग्य तथा औद्योगिक वस्तुका लागि विदेशमा निर्भर हुनुपर्छ।

(६) आयातका लागि ठुलो मात्रामा विदेशी मुद्रा खर्च हुन्छ। स्वदेशी उत्पादन कमजोर हुँदा विदेशी उत्पादनले घरेलु बजार ओगट्छ।

(७) आधुनिक प्रविधि र उद्योगको कमीका कारण उत्पादन तथा उत्पादकत्व न्यून रहन्छ।

(८) उद्योग सीमित क्षेत्रमा मात्र केन्द्रित हुँदा अन्य क्षेत्रमा आर्थिक अवसर कम हुन्छ।

(९) अर्थतन्त्रमा कृषि क्षेत्रको भार बढी रहन्छ र कृषि उत्पादनमा आधारित प्रशोधन उद्योग पर्याप्त विकास हुन सक्दैन।

(१०) आम्दानी र रोजगारीका अवसर सीमित हुँदा जनताको जीवनस्तर अपेक्षित रूपमा सुधार हुन सक्दैन। पर्याप्त रोजगारी नहुँदा परिवारको आयस्तर कमजोर हुन्छ।

८. समाधानका लागि चाल्नुपर्ने कदमहरू

नेपालको उद्योग क्षेत्रमा रहेका विद्यमान समस्या तथा चुनौतीहरूको सामना गरी देशमा उद्योग क्षेत्रको विकास र विस्तार गर्न सुधारका लागि चाल्नुपर्ने कदमहरू निम्न अनुसार रहेका छन्।

(१) विद्यमान औद्योगिक नीति, बौद्धिक सम्पत्ति नीति, खनिज नीतिलाई

सङ्घीयता र नेपालको संविधान अनुकूल बनाउनुपर्दछ।

(२) रुग्ण उद्योग पुनर्स्थापना नीति ल्याउनुपर्छ र WTO को नियमभित्र बसी आवश्यक सहुलियत प्रदान गर्नुपर्दछ।

(३) उद्योगसँग सम्बन्धित कानुनहरू आवश्यकता अनुसार परिमार्जन एवं नयाँ निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ।

(४) वैदेशिक लगानीसम्बन्धी नीति र कानुनलाई सामयिक रुपमा परिमार्जन गर्नुपर्दछ।

(५) लघु, घरेलु तथा साना उद्योगको प्रर्वद्धनका लागि उचित र प्रभावकारी नीति ल्याउनुपर्दछ।

(६) एण्टिडम्पिङ, काउण्टरभेलिङ एवं सेफगार्डसम्बन्धी कानुन छिटो लागु गर्नुपर्दछ।

(७) उद्योगीलाई दिइने सेवा सुविधा तथा सहुलियतहरू स्पष्ट रुपमा किटान गरी हरेक वर्ष जारी हुने आर्थिक ऐनले त्यसलाई घटाउन वा बढाउन नपाउने व्यवस्था गर्नुपर्दछ।

(८) उद्योगमा बन्द हड्ताल गर्न नपाइने गरी कानुन निर्माण गर्नुका साथै श्रमिकको सामाजिक सुरक्षाको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ।

(९) लगानी आउने पर्याप्त सम्भावना भएका मुलुकहरूसँग Bilateral Investment Agreement गर्नुपर्दछ साथै DTAA (Double Taxation Avoidance Agreement) लाई कार्यान्वयनमा लैजानुपर्दछ।

(१०) उच्च मूल्य र कम तौल उत्पादनको खोजी र विकासका लागि लगानी गर्ने नीति ल्याउनुपर्दछ।

(११) उद्योग स्थापना, सञ्चालन र विस्तारका प्रक्रियालाई सरल, पारदर्शी र प्रविधिमैत्री बनाउदै स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्नुपर्दछ।

(१२) परम्परागत पेशामा आधारित उद्योगहरूको संरक्षण र संवर्द्धनमा बढावा दिनुपर्दछ।

(१३) सूचना प्रविधि, सफ्टवेयर विकास, डिजिटल सेवा, नवप्रवर्तन र हरित उद्योगतर्फ ध्यान दिन आवश्यक छ ।

(१४) सरकारी कार्यालयमा अनिवार्य रुपमा स्वदेशी उत्पादन प्रयोगको नीतिलाई कार्यान्वयन गर्नुपर्दछ।

(१५) संगठनात्मक दक्षता वृद्धि गरी कर्मचारीहरूलाई समयसापेक्ष तालिम र क्षमता विकासमा लगानी गर्नुपर्दछ। अनुसन्धान, विकास तथा नवप्रवर्तनमा लगानी बढाउनुपर्दछ।

(१६) विदेशी लगानीकर्तालाई आवश्यक सूचना र जानकारी दिई लगानीको वातावरण बनाउनुपर्दछ ।

(१७) अन्तरसरकारी निकायबीच समन्वय तथा सहयोगको वातावरण मिलाउनुपर्दछ ।उद्योगको विकासमा दलीय सहमति, सङ्घ, प्रदेश र स्थानीय सरकारबीच समन्वय गर्नुपर्दछ ।

(१८) प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कनको कार्यलाई केन्द्रीयस्तरमा मात्रै सीमित नगरी प्रदेश स्तरमा पनि लागू गर्नुपर्दछ ।

(१९) एण्टिडम्पिङ, काउण्टरभेलिङ र सेफगार्ड लगायतका उपायहरू लगाउन नेपालमा उच्च आयात हुने सामानसँग सम्बन्धित राष्ट्रका नीति, कानुन र अभ्यासहरूको सुक्ष्म अध्ययन विश्लेषण गर्नसक्ने सक्षम संयन्त्रको विकास गर्नुपर्दछ ।

(२०) निर्यातमुखी उद्योगलाई प्रोत्साहन गर्नुपर्दछ । कृषि, पर्यटन, ऊर्जा तथा अन्य क्षेत्रसँग उद्योगको मूल्य शृङ्खला जोड्नुपर्दछ ।

(२१) औद्योगिक सूचना प्रणालीलाई प्रभावकारी बनाउन औद्योगिक सूचना केन्द्रको स्थापना गर्नुपर्दछ ।

(२२) कागजी प्रक्रियालाई छोटो बनाई नतिजाबाट कामको मूल्याङ्कन गर्ने कार्यलाई प्रोत्साहन गर्नुपर्दछ ।

(२३) नियमित रुपमा औद्योगिक तथ्याङ्कहरूको संकलन, प्रशोधन, विश्लेषण र प्रकाशन गर्नुका साथै सूचना प्रणालीको विकास गर्नुपर्दछ ।

(२४) उद्योगीहरूको मनोबल वृद्धिका लागि अन्तरसम्वाद एवं प्रशिक्षणका कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ ।

(२५) विशेष आर्थिक क्षेत्रभित्र मझौला तथा ठुला उद्योगहरू स्थापना र सञ्चालन गर्न पाउने व्यवस्था गर्नुपर्दछ ।

(२६) प्रत्येक प्रदेशमा औद्योगिक क्षेत्र, औद्योगिक करिडोर एवं विशेष आर्थिक क्षेत्र तथा प्रत्येक स्थानीय तहमा औद्योगिक ग्राम स्थापना गर्ने कार्यलाई तीब्रता दिनुपर्दछ ।

(२७) औद्योगिक प्रदर्शनी तथा महोत्सवलाई बढावा दिई स्थानीय उत्पादनहरूको प्रवर्द्धन गर्नुपर्दछ ।

(२८) लगानीकर्ताहरूलाई जग्गा व्यवस्थापन लगायतका भौतिक सुविधाहरूमा सहजीकरण गर्नुपर्दछ । बजार विस्तारका लागि देशगत र वस्तुगत विविधीकरणमा ध्यान पुऱ्याउनु पर्दछ ।

(२९) लगानीकर्ताहरूलाई हौसला र प्रोत्साहन गर्नका लागि तालिम प्रदान, Startup Fund व्यवस्था, कर्जामा पहुँच वृद्धि, सफल उद्यमीलाई Industrially Important Person घोषणा, पर्याप्त मात्रामा कर छुट, विद्युत्को Demand Charge मिनाहा, सहुलियत व्याजदरमा ऋण सुविधा आदि उपलब्ध गराउनुपर्दछ।

(३०) उद्योगहरूमा विद्युत्को महसुल घटाइनुपर्छ र स्वदेशमै त्यसबाट लगानी गर्ने अवस्था बनाएर रोजगार सिर्जना गराउन सक्नुपर्दछ।

(३१) औद्योगिक सुशासन कायम गर्नका लागि प्रभावकारी बजार अनुगमन, कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको विकास तथा कार्यान्वयन, बिचौलिया र दलालको अन्त्य, औद्योगिक क्षेत्रको व्यवस्थापनमा भएका विकृति र विसंगतिको अन्त्य गर्नुपर्दछ।

(३२) औद्योगिक कच्चा पदार्थको स्वदेशमै उत्पादनमा बढावा दिनुपर्दछ। वैदेशिक रोजगारीबाट सिकेको सीपलाई स्वदेशमा उपयोग गर्ने वातावरण निर्माण गर्नुपर्दछ।

(३३) आर्थिक कुटनीतिको परिचालनमा विशेष ध्यान दिनुपर्दछ।

९. उपसंहार

नेपालमा औद्योगिक विकासको प्रर्याप्त सम्भावना हुँदाहुँदै पनि उपयुक्त व्यवस्थापन क्षमताको अभावमा विद्यमान स्रोत, साधन र सम्भावनाहरूको उचित दोहन गर्न सकिएको छैन। यसबाट उपलब्ध कच्चा स्रोत एवम् साधन खेर जाँदा बेरोजगारी र अर्ध-बेरोजगारीको समस्या उत्पन्न हुन गई देशमा विद्यमान श्रमशक्ति न्यून वेतनमा वैदेशिक रोजगारीतर्फ लाग्न बाध्य हुनु जस्ता विविध प्रकारका समस्याहरू राष्ट्रले भोग्नु परिरहेको छ। नेपाल विश्व व्यापार सङ्गठनको पनि सदस्य रहेको र विश्व बजारसँग यसको आबद्धता विस्तार भएको छ। छिमेकी मुलुकहरूमा भएको तीव्र औद्योगिकीकरण र प्रतिस्पर्धाले नेपाली उद्योगहरूले विश्वव्यापी प्रतिस्पर्धालाई आँकलन गरी उत्पादकत्वमा अभिवृद्धि र व्यावसायिक कुशलताको प्रदर्शन गर्नुपर्नेछ।

नेपाली उद्योगहरूले गुणस्तरमा सुनिश्चितता, व्यावसायिक कारोवारमा पारदर्शिता एवं बजारको नियमित अध्ययन र पकडमा थप कोशिस गर्नुपर्ने स्थिति भएको छ। सरकारीस्तरबाट उद्योगको संरक्षण गर्ने वातावरण नरहेको हुँदा विभिन्न औद्योगिक प्रवर्द्धनका कार्यक्रमहरूमार्फत् नेपाली उद्योगहरूलाई बढावा दिनुपर्ने अवस्था छ। त्यसका लागि विद्यमान नीतिमा समयानुकूल परिवर्तन गरी ती नीतिहरूको कार्यान्वयनबाट देशमा ठुला उद्योगहरूको स्थापना भई रोजगारी बढ्ने, लघु उद्यम, घरेलु तथा साना उद्योगहरूको व्यापक विकास भई स्वरोजगारी बढ्ने, नेपाली श्रम

र सीपको उपयोग हुने र देशमा औद्योगिक विकासले गति लिने अपेक्षा गरिएको छ। उद्योग सञ्चालनका लागि राजनीतिक स्थीरता, औद्योगिक सुरक्षा, सहज श्रम सम्बन्ध, उर्जाको पर्याप्त उपलब्धता, दरिलो औद्योगिक पूर्वाधार सुविधा, दक्ष र सीपयुक्त जनशक्तिको व्यवस्था, निर्यातयोग्य वस्तुहरूको विविधीकरणमा जोड, सक्षम र सरल आपूर्ति व्यवस्थापन स्थिति जस्ता विविध पक्षहरूलाई ध्यानमा राखी नेपालको औद्योगिक विकास गर्नु जरुरी छ। भरपर्दो ऊर्जा, सुदृढ पूर्वाधार र विस्तारित बजारको व्यवस्था गर्न सकिए नेपालले औद्योगिक विकासमा नयाँ फड्को मार्न सक्छ। औद्योगिक विकास केवल आर्थिक वृद्धिको माध्यम मात्र होइन रोजगारी सिर्जना, गरिबी न्यूनीकरण र राष्ट्रिय समृद्धिको बलियो आधार पनि हो।

विगतमा सरकारी उद्योगधन्दामा व्यापक राजनीतिक हस्तक्षेप भयो। उद्योगधन्दा तथा निगमहरू कार्यकर्ता भर्ती केन्द्र बनाइए। भार थाम्नै नसकेर उद्योग कलकारखाना थला परे। विगतका कमी-कमजोरीको निर्मम समीक्षा गरेर नयाँ सोच, नयाँ योजना र नयाँ ढाँचा तयार गरेर मात्र उद्योग खोल्न आवश्यक छ। भाषणलाई जनप्रिय बनाउन मात्रै राज्य लगानीका उद्योग तथा कलकारखाना पुनः सञ्चालनमा ल्याउने कुरा गर्नुभन्दा व्यवहारमा नै इमान्दारितापूर्वक काम गर्नु राम्रो हुनेछ। औद्योगिक र व्यापारिक प्रक्रियाहरू सरल, सहज र पारदर्शी एवं वैज्ञानिक बनाउनु र देशको बृहत्तर विकासमा औद्योगिक क्षेत्रको भूमिका वृद्धि गर्नु आजको आवश्यकता रहेको छ।

सन्दर्भ सामग्री

नेपालको संविधान (२०७२), कानुन किताब व्यवस्था समिति, काठमाडौँ।

औद्योगिक नीति, २०६७, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, काठमाडौँ।

बौद्धिक सम्पत्ति नीति, २०७३, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, काठमाडौँ।

लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन नीति, २०८१, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, काठमाडौँ।

औद्योगिक व्यवसाय ऐन, २०७६, कानुन किताब व्यवस्था समिति, काठमाडौँ।

शर्मा, निलम कुमार, विकास तथा योजना अर्थशास्त्र, पैरवी प्रकाशन, काठमाडौँ।

मैनाली, गोपीनाथ, वैदेशिक लगानी र प्रविधि हस्तान्तरण, ऐश्वर्या प्रकाशन, काठमाडौँ।

मैनाली, गोपीनाथ, विकास, व्यवस्थापन र व्यवसायिकता, ऐश्वर्या प्रकाशन, काठमाडौँ।

सोह्रौँ योजना (२०८१/८२- २०८५/८६) राष्ट्रिय योजना आयोगको सचिवालय, काठमाडौँ।

आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य, अर्थ मन्त्रालय, काठमाडौँ।

नेपालको सन्दर्भमा सार्वजनिक संस्थानको विगत, वर्तमान र भविष्यमा



✍ नानु माया देवकोटा

१. परिचय

विगतको परम्परागत अर्थव्यवस्थादेखि हालको आधुनिक अर्थव्यवस्थामा आइपुग्दासम्म राज्य, बजार र निजी क्षेत्रबीचको सम्बन्ध सधैँ एउटै स्वरूपको रहेको पाइँदैन। राज्य र बजारबीचको सम्बन्ध अर्थशास्त्रको सबैभन्दा पुरानो र निरन्तर विकसित हुँदै आएको बहस हो। १९३० को दशकभन्दा अगाडिका शास्त्रीय अर्थशास्त्रीहरूको बिचारमा बजारमा सरकारी हस्तक्षेप हुनु हुँदैन वा भएपनि न्यून मात्रामा हुनुपर्छ र बजारलाई स्वतन्त्र रुपमा छाडिदिनु पर्छ भन्ने थियो। शास्त्रीय अर्थशास्त्रीहरूले Say's Law of Markets अर्थात् "Supply creates its own demand" भन्ने मान्यताका आधारमा बजार प्रणालीमा अन्तर्निहित समायोजनको क्षमता रहने र अर्थतन्त्र दीर्घकालमा पूर्ण रोजगारीतर्फ उन्मुख हुने धारणा राखेका थिए (Say,1971; Smith, 1776/1976; and Ricardo, 1817/1951)। उनीहरूको बिचारमा बजारमा बचत, लगानी, उत्पादन र मूल्य संयन्त्रबीचको स्वतः समायोजनका कारण सामान्य अवस्थामा अति उत्पादन तथा बेरोजगारीको समस्या आउँदैन भन्ने विश्वास थियो। तर सन् १९३० को दशकमा देखिएको व्यापक बेरोजगारी, उत्पादनमा गिरावट तथा प्रभावकारी मागको अभावले विश्वमा सिर्जना गरेको महामन्दीले शास्त्रीय अर्थशास्त्रीहरूको यो विश्वास गलत प्रमाणित गरिदियो। १९३० को विश्वव्यापी मन्दीले बजारको स्वतःसन्तुलन क्षमतामाथि प्रश्न उठाएपछि Keynesian अर्थशास्त्रले प्रभावकारी माग, रोजगारी र समष्टिगत

✍ *उप-प्राध्यापक, सरस्वती बहुमुखी क्याम्पस*

आर्थिक स्थिरताका लागि राज्यको सक्रिय भूमिकालाई जोड दियो (Keynes, 1936)। यसै सन्दर्भमा John Maynard Keynes ले The General Theory of Employment, Interest and Money मा अर्थतन्त्र स्वतः पूर्ण रोजगारीको अवस्थामा पुग्छ भन्ने शास्त्रीय मान्यताको आलोचना गर्दै Effective Demand को कमीका कारण अर्थतन्त्र लामो समयसम्म बेरोजगारीसहितको सन्तुलनमा रहन सक्नेतर्क प्रस्तुत गरे (Keynes, 1936). Keynes का अनुसार निजी उपभोग र लगानी पर्याप्त नभएको अवस्थामा समष्टिगत मागलाई स्थिर र रोजगारीलाई प्रवर्द्धन गर्न सरकारको राजकोषीय नीति, सार्वजनिक लगानी र अन्य माग व्यवस्थापनका उपायहरू आवश्यक हुन सक्छन्। यसरी कुनै समय निजी क्षेत्रलाई आर्थिक विकासको प्रमुख संवाहक मानियो भने अर्को चरणमा राज्यले अर्थतन्त्रका अधिकांश उत्पादन तथा वितरणका गतिविधिमा प्रत्यक्ष नियन्त्रण राख्यो। दोस्रो विश्वयुद्धपछिको अवधिमा धेरै देशहरूमा कल्याणकारी राज्य, सार्वजनिक लगानी र सार्वजनिक संस्थानहरूको विस्तारसँगै राज्य आर्थिक विकास र सामाजिक सेवा प्रवाहको महत्वपूर्ण पात्रका रूपमा स्थापित भयो। विशेषतः विकासशील देशहरूमा औद्योगिकीकरण, पूर्वाधार निर्माण, आधारभूत सेवा विस्तार र रणनीतिक वस्तु तथा सेवाको आपूर्ति सुनिश्चित गर्न सार्वजनिक संस्थान स्थापना तथा विस्तार गरिए। यसले बजारले पर्याप्त रूपमा उपलब्ध गराउन नसक्ने वा राष्ट्रियहितसँग सम्बन्धित क्षेत्रमा राज्यको प्रत्यक्ष आर्थिक संलग्नताको आधार तयार गऱ्यो।

नवशास्त्रीय अर्थशास्त्री (Neoclassical Economist) ले शास्त्रीय अर्थशास्त्रको बजारमुखी दृष्टिकोणलाई अझ विकसित र परिमार्जित गर्दै मूल्य संयन्त्र, प्रतिस्पर्धा, उपभोक्ता छनोट र स्रोतको दक्ष विनियोजनमा बजारको भूमिकालाई प्राथमिकता दियो। यस दृष्टिकोणमा बजारले मूल्य संकेत (Price Mechanism) मार्फत स्रोतको विनियोजनलाई तुलनात्मक रूपमा प्रभावकारी बनाउन सक्ने भएकाले सरकारी हस्तक्षेप सीमित र स्पष्ट बजार असफलता (Market Failure) भएका क्षेत्रमा मात्र केन्द्रित हुनुपर्ने तर्क अगाडि सारेको थियो (Marshall, 1890; Arrow & Debreu, 1954).। सन् १९७० को दशकपछि भने राज्यको प्रत्यक्ष आर्थिक भूमिकामाथि पुनः प्रश्न उठ्दै नवउदारवादी (Neoliberalism) विचार प्रभावशाली बन्दै गयो। सार्वजनिक संस्थानमा देखिएका अक्षमता, वित्तीय घाटा, अत्यधिक सरकारी नियन्त्रण तथा सार्वजनिक क्षेत्रको व्यवस्थापकीय कमजोरीलाई औंल्याउँदै निजीकरण, उदारीकरण र प्रतिस्पर्धात्मक बजारको विस्तारलाई आर्थिक दक्षताको माध्यमका रूपमा अघि सारियो। (Friedman, 1962; World Bank, 1995)

सार्वजनिक संस्थान आधुनिक मिश्रित अर्थव्यवस्थाको एउटा महत्वपूर्ण संस्थागत संरचना हो। विशेषतः विकासशील मुलुकहरूमा बजारले मात्र सबै सार्वजनिक

सेवाको पहुँच, सामाजिक समानता, प्राकृतिक एकाधिकार, राष्ट्रिय सुरक्षा तथा रणनीतिक पूर्वाधारजस्ता क्षेत्र समेट्न सक्दैन। यी सम्पूर्ण सामाजिक उद्देश्य पूरा गर्नको लागि राज्यको भूमिका कमी वा समाप्त हुनुको सट्टा यसको स्वरूपमा परिवर्तन हुँदै अझै गौण बन्दै गएको पाइन्छ। यसै क्रममा सरकारी-निजी साझेदारी (Public–Private Partnership (PPP) तथा मिश्रित व्यवस्थापनका अवधारणाहरू विकसित हुँदै गएका छन्। यस अवधारणाअन्तर्गत सार्वजनिक क्षेत्रले नीति, नियमन, सामाजिक उत्तरदायित्व र दीर्घकालीन राष्ट्रिय हितको संरक्षण गर्ने तथा निजी क्षेत्रले पूँजी, प्रविधि, व्यवस्थापकीय दक्षता र नवप्रवर्तन परिचालन गर्ने अपेक्षा गरिन्छ (Hodge & Greve, 2007; World Bank, 2017)। यसरी हालको आधुनिक अर्थव्यवस्थामा पूर्ण रूपमा बजारमुखी वा पूर्ण रूपमा राज्यनियन्त्रित प्रणालीको सट्टा राज्य, बजार र निजी क्षेत्रको पारस्परिक भूमिका तथा सहकार्यमा आधारित मिश्रित अर्थव्यवस्था विकसित हुँदै गएको देखिन्छ। पछिल्ला दशकमा भने राज्य र निजी क्षेत्रको सहकार्य, सार्वजनिक-निजी साझेदारी तथा रणनीतिक क्षेत्रमा राज्यको स्वामित्वजस्ता मिश्रित अवधारणाहरू विकसित भएका छन्। परिणामस्वरूप वर्तमान अवस्थामा राज्य र बजारबीचको सम्बन्धलाई 'राज्य वा बजार' को प्रतिस्पर्धीको रूपमा मात्र नभई राज्य, निजी क्षेत्र र बजार संयन्त्रबीचको परस्पर पूरक सम्बन्धका रूपमा बुझ्ने प्रवृति विकसित भएको छ। नेपालको सन्दर्भमा पनि सार्वजनिक संस्थानको स्थापना, विस्तार, सुधार, निजीकरण तथा सार्वजनिक-निजी साझेदारीको बहसलाई यही वैचारिक परिवर्तनको सन्दर्भमा विश्लेषण गर्न सकिन्छ।

सामान्यतः सार्वजनिक संस्थान भन्नाले सरकारको पूर्ण वा बहुमत स्वामित्व, नियन्त्रण वा निर्णायक सहभागिता रहेको र वस्तु तथा सेवा उत्पादन, वितरण वा व्यापारिक गतिविधिमा संलग्न संस्थालाई बुझिन्छ। नेपालको कानुन (आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६० को दफा २ (क) अनुसार सार्वजनिक निकाय भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रण भएको समिति, संस्थान, कम्पनी, बैंक वा बोर्ड वा प्रचलित कानुन बमोजिम स्थापित संगठित संस्था सम्झनु पर्छ।

सार्वजनिक संस्थानको मूल उद्देश्य नाफा कमाउनु मात्र नभई राष्ट्रिय सुरक्षा कायम गर्नु, आधारभूत सेवाको उपलब्धता, रणनीतिक तथा अत्यावश्यक वस्तुको आपूर्तिमा नियमितता, बजार असफलताको समाधान, रोजगारी सिर्जना, क्षेत्रीय सन्तुलित विकास, औद्योगिकीकरण मा विस्तार, प्राकृतिक तथा सीमित श्रोत र साधनमाथिको एकाधिकारको अन्त्य आदिलाई समेटेको पाइन्छ। सार्वजनिक संस्थानको पक्षमा यति धेरै तर्क हुँदाहुँदै पनि यसको अर्को कमजोर पक्ष पनि

छ। यदि राज्यले निजी क्षेत्रले प्रभावकारी रूपमा गर्न सक्ने प्रतिस्पर्धी क्षेत्रमा पनि अनावश्यक रूपमा प्रवेश गर्छ भने यसले राजनीतिक हस्तक्षेप बृद्धि हुने, व्यवस्थापकीय कमजोरीले गर्दा निरन्तर सरकारले घाटा व्यहोर्नु पर्नेजस्ता समस्या देखा पर्न सक्छन्। त्यस्ता सार्वजनिक संस्थान राज्यको लागि बोझ बन्न सक्छन्। विश्व बैंकले हालैका अध्ययनमा राज्यको अत्यधिक व्यवसायिक उपस्थिति भएका क्षेत्रमा बजार प्रतिस्पर्धा, निजी लगानी र उत्पादकत्वमा नकारात्मक प्रभाव पर्न सक्ने देखाएको छ (World Bank)।

त्यसैले आजको मुख्य प्रश्न सार्वजनिक संस्थान चाहिन्छ कि चाहिँदैन भन्ने मात्र होइन कि कुन क्षेत्रमा, किन, कस्तो स्वामित्वमा, कस्तो व्यवस्थापन प्रणालीअन्तर्गत र कति समयसम्म सार्वजनिक संस्थान राख्ने भन्ने मुख्य बिषय बन्न गएको छ। नेपालमा वर्तमान सन्दर्भमा पनि यही प्रश्न महत्वपूर्ण बनेको छ। आर्थिक वर्ष २०८१/८२ को अवस्थासम्म नेपालमा ४५ सार्वजनिक संस्थान अस्तित्वमा छन्। तीमध्ये २७ नाफामा, १६ घाटामा र २ पूर्ण रूपमा बन्द अवस्थामा रहेको सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा २०८३ ले देखाएको छ। (NM Khabar)

२. विश्वमा सार्बजनिक संस्थानको विकास क्रम

देशको आर्थिक गतिविधिमा राज्यको प्रत्यक्ष संलग्नता परम्परागत राज्य व्यवस्थादेखि नै हुँदै आएको पाइन्छ। ऐतिहासिक रुपमा हेर्दा राज्यहरूले मुद्रा, खानी, वन, नुन, हतियार जस्ता वस्तु तथा सेवामा नियन्त्रण कायम गर्दै आएका थिए। Obringer, Schmitt and Traub (2026) का अनुसार राज्यका स्वामित्वमा रहेका उद्योगहरू पुराना भए पनि तिनको संस्थागत विकास विभिन्न ऐतिहासिक चरणमा भएको हो।

१८औँ शताब्दीपछिको औद्योगिक क्रान्तिपछि उत्पादन, यातायात, ऊर्जा र सञ्चार प्रणालीमा तीव्र परिवर्तन आएको पाइन्छ। उक्त समयमा ठुलो मात्रामा ठुला पूर्वाधारमा दीर्घकालीन पूँजी लगानी आवश्यक पर्न थाल्यो जसका लागि निजी क्षेत्रमात्रै सक्षम र तत्पर नहुने भएकोले राज्यले नै त्यसतर्फ लगानी बढाएको देखिन्छ। विशेषगरी प्राकृतिक एकाधिकार भएका क्षेत्रमा प्रतिस्पर्धात्मक बजारबाट मात्र सेवा उपलब्ध गराउँदा उच्च लागत वा सीमित पहुँच हुन सक्ने भएकाले राज्यको स्वामित्व र नियमनलाई महत्वपूर्ण मानियो। यसरी सार्वजनिक संस्थानको विकास आर्थिक दक्षताको प्रश्नसँग मात्र नभई सार्वजनिक सेवा, राष्ट्रिय सुरक्षा र दीर्घकालीन विकास रणनीतिसँग समेत जोडिन पुग्यो।

दोस्रो विश्वयुद्धपछि सार्वजनिक संस्थानको विस्तार तीव्र भयो। युद्धबाट क्षतिग्रस्त उद्योग, ऊर्जा, यातायात तथा पूर्वाधारको पुनर्निर्माण, रोजगारी सिर्जना र आर्थिक पुनरुत्थानका लागि राज्यले बैंकिङ, ऊर्जा, कोइला, स्टिल, यातायात

र दूरसञ्चारजस्ता रणनीतिक क्षेत्रहरूमा प्रत्यक्ष लगानी तथा राष्ट्रियकरण गऱ्यो। त्यससबेला सार्वजनिक संस्थानहरू आर्थिक पुनर्निर्माण, उत्पादन तथा रोजगारी कायम गर्न र रणनीतिक क्षेत्रमा राज्यको भूमिका विस्तार गर्न महत्वपूर्ण माध्यम बने। विशेषगरी १९५०-१९७० को दशकमा विकासशील तथा नवस्वतन्त्र राष्ट्रहरूले औद्योगिकीकरण, पूर्वाधार विकास, आत्मनिर्भरता, क्षेत्रीय विकास र सामाजिक कल्याणका उद्देश्यले सार्वजनिक संस्थान विस्तार गरे। निजी पूँजी, प्रविधि र व्यवस्थापकीय क्षमताको कमी भएका अवस्थामा राज्यले अग्रणी भूमिका निर्वाह गरेको थियो (World Bank, 2002)। तथापि, समयक्रममा सार्वजनिक संस्थानमा वित्तीय घाटा, व्यवस्थापकीय कमजोरी, सरकारी अनुदानमा निर्भरता र स्रोतको अप्रभावकारी उपयोगजस्ता समस्या देखिन थाले। यी समस्याले १९७० को दशकको अन्त्यदेखि सार्वजनिक संस्थानको कार्यसम्पादन र राज्य स्वामित्वबारे बहस बढाउँदै उदारीकरण, निजीकरण र पुनर्संरचनाको आधार तयार गऱ्यो।

उपनिवेशबाट स्वतन्त्र भएका एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका धेरै मुलुकमा १९५० देखि १९८० को दशकसम्म राज्य नेतृत्वको औद्योगिकीकरणलाई विकासको महत्वपूर्ण रणनीति मानियो। यी देशमा निजी क्षेत्र कमजोर थियो। घरेलु उद्योग सीमित थिए। बैंकिङ, यातायात, विद्युत्, सञ्चार र ठुला उत्पादन उद्योगमा निजी लगानी पर्याप्त थिएन। त्यसैले राज्यले एउटा उद्यमी राज्यको भूमिका निर्वाह गऱ्यो। विश्व बैंकका अध्ययनअनुसार विकासशील देशहरूले सार्वजनिक संस्थानमार्फत औद्योगिकीकरण, रोजगारी, आयात प्रतिस्थापन, राष्ट्रिय स्रोतको नियन्त्रण, क्षेत्रीय विकास र स्वदेशी उद्यमी निर्माण गर्ने उद्देश्य राखेका थिए (World Bank).

१९७० र १९८० को दशकमा धेरै सार्वजनिक संस्थान घाटामा जान थालेको पाइन्छ। राजनीतिक हस्तक्षेप, कमजोर व्यवस्थापन, अतिरिक्त कर्मचारी, मूल्य निर्धारणमा सरकारी हस्तक्षेप, प्रविधिगत पछौटेपन, प्रतिस्पर्धाको अभाव र सरकारबाट निरन्तर आर्थिक सहयोग लिने प्रवृतिले समस्याहरू थपिदै गएको पाइन्छ। फलस्वरूप १९८० र १९९० को दशकमा विश्वव्यापी रूपमा उदारीकरण, निजीकरण र नियमन सुधारको लहर आएको देखिन्छ।

सार्वजनिक संस्थानको इतिहासलाई हेर्दा राज्यको भूमिका शुरुमा बढी, बीचमा अलि कम भयो र अब राज्य पूर्णरूपमा बाहिरिनुपर्छ वा सरकारको भूमिका हुनुहुँदैन भन्ने रूपमा बुझ्नु उचित हुँदैन। OECD को सन् २०२४ को अध्ययनअनुसार २००० देखि २०२३ सम्म विश्वका सबैभन्दा ठुला ५०० कम्पनीमध्ये राज्य स्वामित्व भएका कम्पनीको संख्या ३४ बाट बढेर १२६ पुगेको छ। २०२३ मा यी कम्पनीसँग करिब ५३.५ ट्रिलियन अमेरिकी डलर बराबरको सम्पति थियो (OECD) २०२४)।

यसबाट एउटा महत्वपूर्ण तथ्य के देखिन्छ भने सार्वजनिक संस्थान समाप्त भएको छैन कि यसको स्वरूप मात्र परिवर्तन भएको छ। आज राज्यले विशेषगरी ऊर्जा, दूरसञ्चार, बैंकिङ, पूर्वाधार, प्राकृतिक स्रोत, रक्षा, यातायात तथा रणनीतिक उद्योगमा प्रत्यक्ष वा अप्रत्यक्ष स्वामित्व राख्ने गरेको पाइन्छ।

३. नेपालमा सार्वजनिक संस्थानको सुरुवात

नेपालमा सार्वजनिक संस्थानको इतिहास हेर्दा त्यती पुरानो देखिदैन। आधुनिक सार्वजनिक संस्थानको विकास राणा शासनको अन्त्यतिरबाट विकसित भएको मानिन्छ। नेपालको पहिलो सार्वजनिक संस्थानको रुपमा वि.सं. १९९३ मा विराटनगर जुट मिल स्थापना भयो। नेपालमा आधुनिक औद्योगिक विकासको प्रारम्भिक महत्वपूर्ण संस्थाका रूपमा यसलाई लिइन्छ। नेपालमा औद्योगिक परिषद् गठनपछि विराटनगर जुट मिल स्थापना भएको ऐतिहासिक विवरण पाइन्छ। त्यसपछि वि.सं. १९९४ मा नेपाल बैंक लिमिटेडको स्थापना भयो। यो नै नेपालको पहिलो बैंक थियो। नेपाल बैंकको स्थापना सरकारी वित्तीय कारोबार व्यवस्थापन र बैंकिङ सेवा विस्तारका दृष्टिले महत्वपूर्ण कदम थियो। तर सार्वजनिक संस्थानको व्यापक विस्तार भने सन् १९५६ मा नेपालमा योजनाबद्ध विकास सुरु भएपछि भएको पाइन्छ। पहिलो योजनाको समयमा यातायात, दूरसञ्चार, जलविद्युत्, सिँचाइ तथा ठुला उद्योगमा राज्यको भूमिका विस्तार गर्ने सोच अघि बढ्यो। सार्वजनिक संस्थानलाई औद्योगिकीकरण तथा आर्थिक विकासको साधन मानियो।

४. नेपालमा सार्वजनिक संस्थान स्थापना हुनुका प्रमुख कारण

नेपालमा सार्वजनिक संस्थान स्थापना हुनुका पछाडि विभिन्न कारणहरूलाई लिन सकिन्छ, जसअन्तर्गत निजीक्षेत्रको कमजोर आर्थिक अवस्था त्यसबेला मुख्य चुनौतिको रुपमा देखा परेको थियो। ठुला उद्योग स्थापना गर्न आवश्यक पूँजी, प्रविधि, व्यवस्थापन क्षमता र बजार संरचना विकसित भइसकेको थिएन र भएको पूँजी र प्रविधिको प्रयोग गर्न पनि निजी क्षेत्र तत्पर र सक्षम थिएन। त्यसैले सरकारले आफैँले उद्योग स्थापना गर्नुपऱ्यो। अर्कोतिर कृषिमा भएको अति निर्भरताबाट औद्योगिक अर्थतन्त्रतर्फ लग्दै निर्यात बढाउनु र आयात घटाउनु पनि राज्यको जिम्मेवारी थियो। यसै जिम्मेवारी र उद्देश्यलाई पूरा गर्नको लागि सरकारले सिमेन्ट, कपडा, चिनी, धागो, औषधि, रबर, कागजजस्ता वस्तु स्वदेशमै उत्पादन गर्ने गरी विभिन्न सार्वजनिक संस्थानहरू सञ्चालन गरेको पाइन्छ। यस्ता उद्योगहरूको सञ्चालनले देशमा प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी सिर्जना गर्ने ठुलो अपेक्षा गरिएको थियो। त्यसैगरी राज्यको विभिन्न राष्ट्रिय हितसँग जोडिएको रणनीतिक आवश्यकताहरू जस्तै पेट्रोलियम, ऊर्जा, दूरसञ्चार, बैंकिङ, यातायात,

खाद्य तथा औषधिजस्ता क्षेत्रमा राज्यको उपस्थिति अनिवार्य जस्तै भइसकेको थियो । नेपालको भौगोलिक अवस्था र सामाजिक अवस्थालाई हेर्दा कतिपय नाफा कमाउन नसक्ने तर सामाजिक दृष्टिले आवश्यक सेवा ग्रामीण तथा दुर्गम क्षेत्रमा पुऱ्याउन पनि सार्वजनिक संस्थानको भूमिका अपरिहार्य जस्तै भएको पाइन्छ ।

नेपालमा योजनाबद्ध विकासको क्रमसँगै सार्वजनिक संस्थानको संख्या पनि बढ्दै गयो । सन् १९५० देखि सन् १९८० को दशकसम्म राज्य नेतृत्वको विकास नीति बलियो रह्यो । त्यसपछिको लगभग एक दशकको अवधिमा राज्यले आर्थिक उदारीकरण र निजीकरणको नीति अघि सारेको पाइन्छ । यसै क्रममा सन् १९९० पछि देशमा आएको ठुलो राजनीतिक परिवर्तनसँगै राज्यले आर्थिक उदारीकरण र निजीकरणको नीति अँगिकार गरेर अगाडि बढेको छ, जसअनुसार निजी क्षेत्रलाई उद्योग, व्यापार र सेवा क्षेत्रमा प्रवेश गराउने तथा सरकारको प्रत्यक्ष व्यावसायिक भूमिका घटाउने नीति अपनाइयो । यस प्रक्रियामा कतिपय सार्वजनिक संस्थान निजीकरण गरिए, कतिपय बन्द भए र कतिपय पुनर्संरचना गरिए । तर निजीकरणले सबै समस्या समाधान गरेन । कतिपय निजीकरण गरिएका उद्योग पनि दीर्घकालमा सफल भएनन् । अर्कोतर्फ केही सार्वजनिक संस्थानले प्रतिस्पर्धी रूपमा राम्रो प्रदर्शन पनि गर्दै आएका छन् ।

५. नेपालको सार्वजनिक संस्थानको वर्तमान अवस्था

नेपाल सरकारको अर्थ मन्त्रालयले आर्थिक वर्ष २०८१/८२ को कार्यसम्पादनको आधारमा सार्वजनिक गरेको सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा २०८३ अनुसार नेपालमा हाल ४५ वटा सार्वजनिक संस्थानको अस्तित्व रहेको छ । यी मध्ये २ वटा संस्थान कानूनी रुपमा अस्तित्वमा रहेको देखिए तापनि व्यबहारिक रुपमा संचालनमा नआएको २७ वटा संस्थान नाफामा रहेको र १६ ओटा संस्थान घाटामा संचालनमा रहेका देखिन्छ ।

नेपालको अर्थतन्त्रमा सार्वजनिक क्षेत्रको भूमिका महत्वपूर्ण रहिआएको छ । आर्थिक वर्ष २०८१/८२ को समीक्षामा समेटिएका संस्थानहरूको कूल संचालन आय रू. ६७ खर्ब ५ अर्ब भन्दा बढी देखिएको छ । उक्त समीक्षामा कूल आय रू. ७२ खर्ब ११ अर्ब भन्दा बढी र खुद नाफा करिव रू. ४ खर्ब ५० अर्ब रहेको देखिन्छ । तर सार्वजनिक संस्थानको आर्थिक योगदानलाई केवल नाफाबाट मूल्याङ्कन गर्नु अपूर्ण र गलत हुनजान्छ किनकि यी संस्थानहरूले राज्यलाई ठुलो मात्रामा राजस्व र लाभांश योगदान गरिरहेका छन् । त्यस्तै यो क्षेत्रबाट नागरिकको दैनिक जीवनमा प्रत्यक्ष प्रभाव पार्ने नेपाल विद्युत् प्राधिकरण, नेपाल दूरसञ्चार, खानेपानी, बैंकिङ, हवाई सेवा तथा अन्य संस्थानहरूले नागरिकलाई नियमित सेवा

प्रदान गर्नुको साथै करिव ३० हजार भन्दा बढी व्यक्तिहरूलाई रोजगारी सिर्जना गरेको पाइन्छ।

सार्वजनिक संस्थानको उद्देश्य कतिपय अवस्थामा नाफा प्रदान भन्दा पनि सेवा प्रदान रहेको देखिन्छ। दुर्गम तथा पिछडिएको क्षेत्रमा ऊर्जा, बैंकिङ, सञ्चार, यातायात वा खाद्य आपूर्तिजस्ता सेवामा राज्यको उपस्थितिको माध्यम पनि यिनै सार्वजनिक संस्थानहरू नै हुन जान्छन्। तसर्थ सार्वजनिक संस्थानको प्रतिफललाई आर्थिक प्रतिफल र सामाजिक प्रतिफल दुवैको संयुक्त रुपमा हेरिनु पर्छ।

माथिका सम्पूर्ण आर्थिक र सामाजिक महत्वका बाबजुत पनि सार्वजनिक संस्थानहरूको वर्तमान अवस्थालाई सन्तोषजनक रुपमा लिन सकिँदैन। संस्थानहरूभित्रको व्यवस्थापकीय कमजोरी, व्यावसायिक स्वायत्तताको अभाव, राजनीतिक तथा प्रशासनिक हस्तक्षेप, कमजोर संस्थागत सुशासन, परम्परागत प्रविधिको प्रयोग तथा केही संस्थानको निष्क्रियता आदिलाई सार्वजनिक संस्थानहरूको प्रमुख चुनौतीका रूपमा लिन सकिन्छ। यदि यी चुनौतिहरूलाई बेलैमा समाधान नगर्ने हो भने भविष्यमा यिनीहरूको औचित्य माथिनै प्रश्न चिन्ह आउने देखिन्छ।

६. नेपालको वर्तमान अवस्थामा सार्वजनिक संस्थानको सान्दर्भिकता

सार्वजनिक संस्थानहरूको सान्दर्भिकताको बहस गर्दा यसको पक्ष र बिपक्षमा उत्तिकै सबल तर्कहरू प्रस्तुत गरेको पाइन्छ। आज पनि जुन क्षेत्रमा बजार असफल हुन्छ त्यहाँ राज्यको भूमिका अझै आवश्यक हुन जान्छ। त्यसैगरी राष्ट्रिय रणनीतिक उद्देश्यलाई पूरा गर्ने क्षेत्रमा अनि सामाजिक सेवा प्रदान गर्ने क्षेत्रमा पनि राज्यको उपस्थिति अनिवार्य जस्तै हुन जान्छ। विश्व बैंकको सन् २०२३ को एक अध्ययनले राज्य स्वामित्व भएका कम्पनीमध्ये करिब ७० प्रतिशत प्रतिस्पर्धात्मक क्षेत्रमा सञ्चालन भएको देखाएको छ, जहाँ निजी क्षेत्रले कतिपय अवस्थामा राज्य स्वामित्व भएका कम्पनीहरूले भन्दा बढी प्रभावकारी रूपमा काम गर्न सक्ने अवस्था हुन जान्छ।

नेपालको वर्तमान सरकारले पछिल्लो समयमा कतिपय बन्द तथा रुग्ण सार्वजनिक उद्योगहरूलाई पुनः सञ्चालनमा ल्याउनको लागि पहल सुरु गरेको छ र केही उद्योगको परीक्षण सञ्चालनसमेत सुरु गरिसकिएको छ। आर्थिक वर्ष २०८२/८३ को बजेट नीतिमा नेपाल सरकारको स्वामित्वमा रहेका बन्द तथा रुग्ण उद्योगलाई उपयुक्तताको आधारमा नवीन प्रविधिको प्रयोग गरी सञ्चालन तथा व्यवस्थापन गर्ने नीति उल्लेख गरिएको छ। साथै धौवादी फलाम कम्पनीलाई सार्वजनिक-निजी साझेदारीमा सञ्चालन गर्ने तथा केही रुग्ण उद्योगबारे थप कदम चाल्ने नीति समावेश गरिएको थियो। हाल सञ्चालनको चर्चामा रहेका उद्योगमा हेटौँडा कपडा उद्योग, गोरखकाली रबर उद्योग, बुटवल धागो कारखाना, विराटनगर जुट मिललगायतका

संस्थान र उद्योग पर्छन्। विगतका सरकारी अध्ययनमा यस्ता उद्योगलाई एउटै ढाँचामा नभई सम्भाव्यता र निजी क्षेत्रको सहभागिताका आधारमा सञ्चालन गर्नुपर्ने सुझावसमेत दिइएको थियो। यसै सन्दर्भमा सरकारले जुत्ता, कपडा, रबर, चुरोट वा अन्य प्रतिस्पर्धात्मक वस्तु उत्पादनमै केन्द्रित हुने कि ऊर्जा, पूर्वाधार, रणनीतिक स्रोत, नियमन र सार्वजनिक सेवामा आफ्नो भूमिका केन्द्रित गर्ने भन्ने प्रश्नको उत्तर प्रत्येक संस्थानको छुट्टाछुट्टै आर्थिक तथा सामाजिक विश्लेषणबाट खोजिनुपर्छ।

कुनै पनि उद्योग सञ्चालन गर्नु उचित हुन्छ कि हुँदैन भन्ने कुराको निर्णय लिनुभन्दा अगाडि गहन अध्यनको जरुरत पर्न जान्छ। केही उद्योग पुनः सञ्चालन गर्नु आर्थिक रूपमा सम्भव हुन सक्छ तर केहीलाई पुनः सञ्चालन गर्नुको सट्टा खारेज, निजीकरण वा वैकल्पिक प्रयोग उचित हुन सक्छ। तसर्थ बन्द रहेका उद्योगहरू पुनः सञ्चालन गर्नुपूर्व त्यो उद्योगबाट उत्पादित वस्तुको बजार, प्रयोग गरिने प्रविधि, लागत, नाफा, रोजगारीको सृजना, व्यस्थापन र साथै समग्रमा यसको सामाजिक प्रभावको बारेमा अध्ययन गरिनु अनिवार्य हुन जान्छ।

हालै सरकारले सार्वजनिक संस्थानको पुनः संचालनको शुरुवात हेटौडा कपडा उद्योगबाट गरेसँगै यसका विगत र वर्तमान साथै भविष्यको बारेमा पनि चर्चा सुरु भएको छ। यो उद्योग वि.सं. २०३२ मा चिनियाँ सहयोगमा स्थापना भई वि.सं. २०३५ देखि यसले आफ्नो व्यावसायिक उत्पादन सुरु गरेको हो। यस उद्योगले लामो समयसम्म स्वदेशी कपडा उत्पादन तथा रोजगारी सिर्जनामा योगदान पुऱ्याएको थियो। देशमा आएको राजनैतिक तथा आर्थिक परिवर्तनसँगै यो उद्योगमा पनि समस्या र चुनौतिहरू थपिदै गएको देखिन्छ, जसको परिणाम स्वरुप कमजोर व्यवस्थापन, उच्च उत्पादन लागत, पुरानो प्रविधि, अतिरिक्त तथा अदक्ष जनशक्ति, श्रम उत्पादकत्वको कमी तथा बजार प्रतिस्पर्धाजस्ता संरचनागत समस्याका कारण उद्योग २०५६/५७ सालतिर बन्द हुन पुग्यो। यसै क्रममा पछिल्ला केही वर्षहरूदेखि सरकारले यसलाई पुनःसञ्चालन गर्ने सम्भावनाबारे विभिन्न अध्ययन तथा पहल गर्दै आएको र वि.सं. २०८३ मा परीक्षण उत्पादनतर्फ प्रक्रिया अघि बढाइएको समाचारसमेत सार्वजनिक भएको छ। तर उद्योगको भौतिक सम्पत्ति, भवन तथा पूर्वाधार विद्यमान हुनु, केही सीमित मात्रामा नमूनाको रुपमा मात्र उत्पादन हुनुलाई पुनःसञ्चालनको रुपमा व्याख्या गरिनु उपयुक्त नहुन सक्छ। पुनःसञ्चालनका लागि आवश्यक पूँजीगत लगानी, आधुनिक प्रविधिको प्रयोग, लागत र उपयोगिताको तुलना, उत्पादनमा व्यवसायिकता, बजार प्रतिस्पर्धात्मक क्षमता, अपेक्षित प्रतिफल तथा सञ्चालन खर्चको वस्तुनिष्ठ मूल्याङ्कन आदि आवश्यक हुन्छ। त्यसैले हेटौँडा कपडा उद्योगलाई पुनर्जीवित गर्ने वा त्यसको सट्टा नयाँ, आधुनिक र प्रविधिमैत्री उद्योग स्थापना गर्ने भन्ने निर्णय लागत-लाभ विश्लेषण, लगानीको

प्रतिफल र दीर्घकालीन वित्तीय दिगोपनका आधारमा गरिनुपर्छ ।

हेटौडा कपडा उद्योगलाई त केवल एउटा उदाहरणको रुपमा मात्र लिन सकिन्छ किनकि यो जस्तै अन्य सार्वजनिक संस्थान तथा उद्योगहरूमा पनि यसमा भएको जस्तै समस्याहरूको लामो सूची रहेको पाइन्छ । जसमा राजनैतिक हस्तक्षेप, व्यवस्थापकीय कमजोरी, पुरानो प्रविधिको प्रयोग, आवश्यकताभन्दा बढी कर्मचारी, कमजोर वित्तीय अनुशासन, निर्णय प्रक्रियामा ढिलाइ, सार्वजनिक खरिद प्रक्रियाको जटिलता, स्पष्ट कार्यसम्पादन सम्झौताको अभाव, लेखापरीक्षण तथा पारदर्शितामा समस्या आदि मुख्य रुपमा देखापर्ने गरेका छन् । हालैको सार्वजनिक संस्थान समीक्षा सम्बन्धी समाचार विश्लेषणमा पनि सरकारी लगानी बढ्दै गएको तर लाभांश घटेको, धेरै संस्थान घाटामा रहेका र प्रशासनिक प्रक्रिया तथा स्वायत्तताको अभावले प्रतिस्पर्धात्मक क्षमता कमजोर बनाएको उल्लेख गरिएको छ । तसर्थ रुग्ण उद्योगको पुनः सञ्चालन गरिनुपूर्व यि विभिन्न समाजिक, आर्थिक र व्यवहारिक पक्षको गहन अध्ययन गर्नुपर्ने देखिन्छ ।

सन्दर्भ सामग्री

Goodwin, T., Drozd, M., & Sanchez Navarro, D. (2024, July 9). Beyond privatization: A fresh approach and new tools for state-owned enterprise reform. World Bank. https://blogs.worldbank.org/en/developmenttalk/beyond-privatization--a-fresh-approach-and-new-tools-for-state-owned-enterprise-reform

Keynes, J. M. (1936). The general theory of employment, interest and money. Macmillan.

Obinger, H., Schmitt, C., & Traub, S. (2016). The emergence of public enterprises in historical perspective. In H. Obinger, C. Schmitt, & S. Traub (Eds.), The political economy of privatization in rich democracies (pp. 6–25). Oxford University Press. https://academic.oup.com/book/8663/chapter-abstract/154651978

OECD. (2024a). OECD guidelines on corporate governance of state-owned enterprises 2024. OECD Publishing. https://doi.org/10.1787/18a24f43-en

OECD. (2024b). Ownership and governance of state-owned enterprises 2024. OECD Publishing. https://doi.org/10.1787/395c9956-en

Premchand, A. (1989). Public enterprises and autonomous agencies. In Government budgeting and expenditure controls: Theory and practice. International Monetary Fund. https://www.elibrary.imf.org/display/book/9780939934256/ch014.xml

Ricardo, D. (1951). On the principles of political economy and taxation. Cambridge University Press. (Original work published 1817)

Say, J.-B. (1971). A treatise on political economy (C. R. Prinsep, Trans.). Augustus M. Kelley. (Original work published 1803)

Smith, A. (1976). An inquiry into the nature and causes of the wealth of nations. University of Chicago Press. (Original work published 1776)

द काठमाडौँ पोस्ट। (२०२४, फेब्रुअरी १८)। मेड इन नेपालः हेटौँडा कपडा उद्योग–पुनर्जीवनको सम्भावना? कान्तिपुर। https://ekantipur.com/feature/2024/02/18/hetaunda-textile-industry-paula-revival-2029.html

नेपाल सरकार, अर्थ मन्त्रालय। (२०२५क)। आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्य। नेपाल सरकार। https://www.mof.gov.np/content/1523/budget-speech-2082-83/

नेपाल सरकार, अर्थ मन्त्रालय। (२०२५ख)। सार्वजनिक संस्थानको व्यवस्थापन तथा सुशासन नीति, २०८२। नेपाल सरकार। https://mof.gov.np/content/1638/policy-on-management-and-governance-of-public/

नेपाल सरकार, अर्थ मन्त्रालय। (२०२६)। सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा २०८३। नेपाल सरकार। https://mof.gov.np/content/1739/annual-status-review-of-public-institutions-2083/

महालेखापरीक्षकको कार्यालय। (२०२५)। महालेखापरीक्षकको वार्षिक प्रतिवेदन। नेपाल सरकार। https://oag.gov.np/

विश्व बैंक। (२००२)। निजीकरणका नीतिगत आधारहरूः विश्व बैंकको दृष्टिकोण [The policy roots of privatization: A World Bank perspective]. विश्व बैंक। https://documents1.worldbank.

विश्व बैंक। (२०२३)। राज्यको व्यवसाय [The business of the state]. विश्व बैंक। https://www.worldbank.org/en/publication/business-of-the-state

विश्व बैंक। (२०२३, नोभेम्बर २८)। विकासशील देशहरूमा प्रतिस्पर्धात्मक क्षेत्रमा राज्य स्वामित्वका व्यवसायहरूको ठुलो उपस्थितिसम्बन्धी नयाँ प्रतिवेदन [New report reveals large presence of state-owned businesses in competitive sectors in developing countries]. विश्व बैंक। https://www.worldbank.org/en/news/press-release/2023/11/28/new-report-reveals-large-presence-of-state-owned-businesses-in-competitive-sectors-in-developing-countries

व्यावसायिक संस्थामा उद्यमशीलता र नवप्रवर्तन



✍ नेत्र सुवेदी "प्रयास"

सारांश

कुनै लक्षित समूहको खास समस्या समाधान गर्न मूल्य सिर्जनासहितको प्रयोगात्मक पहललाई नवप्रवर्तन भनिन्छ। नवप्रवर्तनका लागि व्यावसायिक कम्पनीहरू अग्रणी भूमिकामा देखापर्दछन्। यसै सन्दर्भमा प्रस्तुत आलेखमा नवप्रवर्तन, उद्यमशीलता र व्यावसायिक सफलतासँग सम्बन्धित केही खोजमूलक साहित्यको सन्दर्भसहित व्याख्यात्मक विधिबाट कारण र परिणाम केलाउने प्रयत्न गरिएको छ। त्यसैगरी नेपालको सन्दर्भमा साना तथा मझौला व्यवसायको पुनर्जागरणका लागि र सरकारको स्वामित्व रहेका कम्पनीहरूको कार्यसम्पादनमा नवीनतासहित सुधार ल्याउनका लागि पनि नवप्रवर्तनको खाँचो रहेको लगायतका सिफारिस प्रस्तुत गरिएको छ।

"People want to start their own business. But you don't end up a successful entrepreneur unless you find a way to appreciate the risk, the uncertainty, the repeated failures, the insane hours devoted to something that may earn absolutely nothing." Mark Manson

अध्ययनले देखाएअनुसार निश्चित मापदण्डमा सञ्चालन हुने उच्च शिक्षाको प्रबन्धले नवउद्यमले माग गर्ने सिर्जनशील साँचलाई सीमित गरिरहेको छ। चेक रिपब्लिकको ट्यालेन्ट प्रोग्रामका १३४ जना सहभागीहरूमा १७ वटा प्रविधियुक्त नवउद्यम (स्टार्टअप) समेतको विश्लेषण भएको। उमेर र कामको विगतमा काममा आधारित सिर्जनशीलता निर्भर हुन्छ। गुणात्मक र मात्रात्मक दुवै विधि

✍ *सहसचिव, नेपाल सरकार*

अपनाएर गरिएको उक्त अध्ययनले शिक्षा र तालिम बाहेक पनि नवउद्यमको अनुकूल वातावरण हुनका लागि साझेदारी कला र कुनै परियोजनालाई परिणाममा पुऱ्याएरै छाड्ने व्यक्तिगत तहको रुचि समेत आवश्यक पर्दछ (Vnouckova, 2018)। उक्त खोजमूलक अध्ययनले पत्ता लगाएका वा सुझाएका विषयहरूलाई हेर्दा खासगरी बढ्दो उमेरको कारणले सिर्जनशीलता हराउँदै जाने र एउटै क्षेत्रमा रहेको कार्यअनुभवको लम्बाईले समेत उक्त कार्यमा आवश्यक पर्ने सिर्जनशीलतामा सकरात्मक प्रभाव पार्ने देखिन्छ। यो बाहेक उक्त अध्ययनले नवउद्यमको सफलताका लागि १० वटा सुझावहरू अघि सारेको छ, जसमा शिक्षा र तालिमको प्राप्तिसँग उपयोग, निरन्तर विकासमा केन्द्रित, रणनैतिक साझेदारवीचको सहकार्य, अवधारणात्मक नक्शांकनसँगै कार्यान्वयन, विज्ञको सहयोग परिचालन, प्रविधिको प्रयोग, परियोजना व्यवस्थापनको ज्ञान, परियोजना सञ्चालनमा आउने सम्वन्धमा जाँचपडताल, सेवा प्रवाह सम्वन्धमा रहेको रुचि र समस्याको समाधानमा दक्षता।

फोर्सम्यान र तेमेल (२०११) ले खासगरी ५० भन्दा कम कामदार रहेका साना व्यवसायमा ५ वर्षको अवधिमा १४५ वटा साना व्यवसायमा लागू भएका कार्यक्रममा आधारित अध्ययन गर्दै वित्तीय कार्यसम्पादनमा विकसित नवप्रवर्तनले ल्याउन सक्ने परिणाम सम्वन्धमा आश्चर्यलाग्दा परिणाम देखाएको छ। जस्तो कि : पाँच वर्षको अवधिमा नवप्रवर्तनमा ध्यान नदिने व्यवसायले खासगरी सञ्चालन आमदानी र लगानीमा आएको प्राप्तिमा अरुभन्दा राम्रो कार्यसम्पादन गर्न सकेको देखिन्छ भने नवप्रवर्तनमा तीव्ररुपमा अगाडि वढ्ने व्यवसायको विक्रीमा भने वृद्धि देखिएको छ। खासगरी मन्दिको समयमा जसले नवप्रवर्तन गरेन वा नवप्रवर्तनमा विविधता ल्याउन सक्यो उसैको समुत्थान क्षमता राम्रो देखिएको छ अर्थात जोखिम कम रहेको पाइएको छ। खासमा यो अध्ययनले १४५ फर्महरूको नवप्रवर्तनको किसिम र वित्तीय उपलव्धीवीचको सम्वन्ध विश्लेषण गरेको थियो। सारमा भन्नुपर्दा उक्त खोजले के देखाएको छ भने साना व्यवसायहरूले सुधारको रणनीति अन्तर्गत नै भनेकै वखत नवप्रवर्तन हुन सक्ने नसक्ने र वित्तीय कार्यसम्पादनमा पर्ने प्रभाव लेखाजोखा गर्नुपर्दछ।

चीनको संघाइ र सेजजेनमा सेयरमार्केटका लागि सूचिकृत केही कम्पनीलाई नमूनाका रुपमा लिएर सन् २०१२ देखि २०२० को कारोवारका सम्वन्धमा विश्लेषण गर्दा के देखियो भने सरकारले उपलव्ध गराउने सव्सिडिले निजी क्षेत्रमा संभव हुने नवप्रवर्तनलाई प्रोत्साहन पुग्छ वा निरुत्साहित हुन्छ भन्ने विषयमा अन्तरविरोध निम्त्याउने नतिजा देखा पर्यो। हुनत त्यस्तो अनुदानले सामन्यतया सकरात्मक प्रोत्साहनकै काम गर्ने देखायो नवप्रवर्तनका लागि।

अर्को के पनि विषय उजागर भयो भने उद्यमशिलताले एउटा शक्तिशाली moderating variable को रुपमा काम गरेको हुन्छ। गतिलो उद्यमशिलता जसमा बजारले लिने निर्णय, रणनीतिक लचकता र जोखिम लिने प्रवृत्ति जस्ता विषयलाई ती अनुदानले सीमित अनुसन्धान र विकासको उपादेयतालाई बढी भन्दा वढी प्रयोग गर्न सक्ने बनाउँदछ (Shao and Wang, २०२३).

अर्को एक अध्ययनको उद्देश्य नै दक्षिण एशियाली मुलुकहरूमा खासगरी संस्थागत क्षमता, प्रविधिगत नवप्रवर्तन, सामाजिक पुँजी, आर्थिक वृद्धि, वित्तीय विकास, प्रत्यक्ष विदेशी लगानी, व्यापारको खूलापन र साँस्कृतिक मूल्यहरूको विश्वेषण गरी उद्यमशीलतामा प्रभाव पार्ने तत्वहरू पत्ता लगाउनु थियो। यसका लागि सन् २०१० देखि २०२३ सम्मको प्यानल डाटा प्रयोग गरिएको थियो भने तथ्यांकीय विश्लेषण विधिहरू प्रयोगमा ल्याइएको थियो। ती सबै पक्षहरूले उद्यमशीलताको विकासमा उल्लेखनीय प्रभाव पार्ने निश्कर्ष निकालियो र ती सबै पक्षहरूको यथोचित विकास गरेमा दक्षिण एशिया क्षेत्रमै उद्यमशीलताको पारिस्थितिक प्रणाली विकास गर्न सकिने सिफारिस गरेका छन् (Chowdhury, २०२५)।

१. **नवप्रवर्तन के हो त ?**


कुनै नयाँ सोँच वा सोचको प्रयोगात्मक अनुवादमार्फत समाधान दिँदा देखिनेखालको मूल्य सिर्जना हुन्छ त्यही नै वास्तवमा नवप्रवर्तन हो। नवप्रवर्तनभित्र समस्या समाधानका लागि अपनाइने विधि, व्यवसायको मोडल वा सेवाको किसिम पर्न आउँछ। नवप्रवर्तनका किसिमकै कुरा गर्दा खासगरी उत्पादनको रुपमा, प्रकृयाको रुपमा, क्रमिक वा एक्कासी गरिने सुधारका रुपमा हेर्न सकिन्छ।

नवप्रवर्तनको प्रकृयालाई नजिकबाट नियाल्दा हार्वड विजिनेस स्कूलले अघि सारेको अवधारणा अनुसार चार वटा मुख्य चरण फेला पर्दछन्। पहिलो हो लक्षित वर्गको पहिचान गरी कुन समस्यामा केन्द्रित हुने पहिल्याउने, दोश्रो हो सिर्जनशील समाधानका लागि सोच आवश्यक छ र यस्तो सोचका लागि मस्तिष्क मन्थन, तेश्रो हो समस्या समाधान गर्ने खालको नमूना तयार गर्नु र चौथो हो प्रयोगमा ल्याउने र प्रयोगकर्तालाई आफ्नो परिवेश सुहाउँदो बनाउन प्रेरित गर्नु। व्यवसायमा नवप्रवर्तन के हो र यो किन महत्वपूर्ण छ ? भन्ने सम्वन्धमा माथि उल्लिखित चार चरणहरू विभिन्न विषय क्षेत्रमा प्रयोगमा आउँछन् र उद्यम वा व्यवसायमा पनि जानी नजानी नवप्रवर्तन हुँदै आएका छन्।

कुनै पनि व्यवसायमा वा व्यावसायिक संस्थामा नवप्रवर्तन हुनका लागि कार्यरत व्यक्तिमा ज्ञान, अनुभव र सिर्जनशीलताको त्रिवेणी आवश्यक पर्दछ। त्यसो त

ज्ञान भएकै व्यक्तिले काम गर्दै जाँदा अनुभव हुने हो र ज्ञान र अनुभव भएका व्यक्तिमा नै नयाँ सोच पैदा हुन्छ र व्यक्ति सिर्जनशीलत बन्दछ। यसरी सिर्जनशील व्यक्ति यदि आफ्नो कार्यक्षेत्रमा काममा रुचिका साथ डुवुल्की मार्छ र बेलावखत संगठनभित्र र वाहिर पनि अन्तरकृया गर्ने, सेयर गर्ने अवसर सिर्जना गरिन्छ भने नवप्रवर्तनका लागि अनुकूल संगठन भन्न सकिन्छ। यहाँ यो सँग सम्वन्धित एउटा चित्र देखाइएको छ :

चर्चित पुस्तक जिरो टु वनमा नवप्रवर्तनको प्रशङ्ग छ। लेखक पिटर थेलले



Innovation = Creativity + Action + Interaction

कम्पनीहरूलाई विल्कुल नयाँ चिज तयार गरी प्रयोगमा ल्याउने माध्यमका रुपमा चर्चा गरेका छन्। जिरो भनेको केही पनि छैन अर्थात कुनै महत्व नभएको हुन्छ भने वन वा एक भनेको केही नयाँ वा विशिष्ट भन्ने अर्थ लाग्छ। पुराना मोडलहरूले एकबाट शुरु गरेर कुनै अंकसम्मको चर्चा गर्दथे। शुन्यबाट एक भनिनु आफैमा फरक चिन्तन र समाधानको वाटो भनेर बुझ्नुपर्ने हुन्छ।

२.१ शुन्यदेखि एक नामक पुस्तकबाट केही सिकाइयोग्य बुँदाहरू

(क) **प्रतिस्पर्धाभन्दा पनि एकाधिकार सिर्जना:** सामन्यतया पूर्ण प्रतिस्पर्धाले मुनाफालाई पनि साइड लगाइदिन्छ। सफल कम्पनीहरूले कुनै प्रोडक्टमा विशेषखालको एकाधिकार स्थापित गर्दछन् र दीर्घकालिन मूल्य सिर्जना गर्दछन्। जस्तो कि कोकाकोला।

(ख) **प्रतिप्रश्न** : कुन महत्वपूर्ण सत्यका सम्वन्धमा केही व्यक्तिहरूले तपाइसँग सहमति जनाए ? यो प्रश्नको उत्तरले अन्तरनिहित व्यवसायिक अवसरको जानकारी मिल्दछ।

(ग) **शक्तिको कानुन:** कुनै चिजमा प्राप्त भएको भव्य सफलता अरु कुनै लगानीहरूको जम्मा भन्दा पनि असरदार हुन्छ। त्यसैले राम्रो खालको सोचमै केन्द्रित हुनु राम्रो हो।

(घ) **विश्वव्यापीकरणभन्दा पनि प्रविधिः** विश्वव्यापीकरणले काममा आएका एकदेखि कुनै अंकसम्मका सुत्रहरू नक्कल गर्दछ भने प्रविधिले भने नयाँ ब्राण्डको समाधान दिन्छ जसलाई शुन्यदेखि एक भन्न सकिन्छ।

२.२ शुन्यबाट एक सम्मको विशेषता भएको कम्पनी स्थापनाका लागि नवउद्यमले जवाफ खोज्नुपर्ने सात विषय

(१) **इन्जिनियरिङ प्रश्नः** सामान्य सुधार नभै पुरै नयाँखालको प्रविधिमा कसरी जाने? (जस्तो कि अहिले प्रयोगमा रहेको भन्दा १० गुणा राम्रो प्रविधि)

(२) **समयको प्रश्न** : के त्यस्तो खालको व्यवसाय शुरु गर्ने उपयुक्त समय यही हो ?

(३) **एकाधिकारको प्रश्न** : के तिमी कुनै वस्तु वा सेवाको वजारमा ठुलो हिस्सा समेट्ने गरी व्यवसाय शुरु गर्दैछौं ?

(४) **जनशक्तिको प्रश्न** : तपाइसँग भएको सोँचलाई कार्यान्वयनमा ल्याउन उपयुक्त टीम छ ?

(५) **वितरणको प्रश्न** : तपाइले तयार गर्ने वस्तु वा सेवालाई विक्री गर्न वा प्रवाह गर्न स्पष्ट योजना छ ?

(६) **टिकाउ छ छैन भन्ने प्रश्न** : के तिम्रो वजार हिस्सा १० देखि २० वर्ष जारी रहन्छ ?

(७) **गोप्य प्रश्न** : के तिमीले अरुले नदेखेको विशेष खालको अवसर फेला पारेका छौ ?

३. नेपालमा नवप्रवर्तनको प्रकृति

नेपालजस्तो विकासोन्मुख अर्थतन्त्रमा नवप्रवर्तन र व्यवसायको वृद्धिबीच प्रत्यक्ष र गहिरो सम्बन्ध हुन्छ। परम्परागत बजार प्रणालीबाट आधुनिक र प्रतिस्पर्धी बजारमा रूपान्तरण भइरहेको नेपाली अर्थतन्त्रमा नवप्रवर्तन केवल ठुला उद्योगका लागि मात्र नभई साना तथा मझौला उद्योगको दिगो वृद्धिका लागि मुख्य आधार बनेको छ।

नेपालमा नवप्रवर्तन र व्यवसायको वृद्धिवीचको सम्बन्ध, यसका आयाम र असरहरूलाई निम्नानुसार विश्लेषण गर्न सकिन्छः

नेपालको सन्दर्भमा नवप्रवर्तन भनेको वैज्ञानिक अनुसन्धान वा उच्च प्रविधिमा आधारित ठुला आविष्कार मात्र होइन। यहाँ मुख्यतया तीन प्रकारका नवप्रवर्तन देखिन्छन् :

(क) **प्रक्रियागत नवप्रवर्तन** : उत्पादन, सेवा प्रवाह वा आपूर्ति श्रृंखलामा नयाँ र छिटो तरिका अपनाउनु। (जस्तैः डिजिटल भुक्तानी, अनलाइन अर्डर, र सूचना प्रविधिको प्रयोग)।

(ख) **वस्तु तथा सेवामा नवप्रवर्तन** : स्थानीय स्रोत र मागअनुसार वस्तुको नयाँ ढाँचा, प्याकेजिङ वा गुणस्तर सुधार गर्नु ।

(ग) **संगठनात्मक नवप्रवर्तन** : व्यवस्थापन प्रणाली, जनशक्ति परिचालन र बजारीकरणका नयाँ रणनीतिहरू अपनाउनु ।

४. नवप्रवर्तनले व्यवसायको वृद्धिमा पार्ने प्रभाव

उत्पादकत्व र दक्षता वृद्धिका लागि नयाँ प्रविधि र नयाँ कार्यशैलीको अवलम्वन गर्न जरुरी छ जसबाट लागत र समय दुवै घट्न सक्छ । डिजिटल माध्यम र नयाँ उत्पादनले स्थानीय घेरा तोडेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसम्म पहुँच पुऱ्याउँछ । यो पनि आफैमा नवप्रवर्तन नै हो । यदि प्रतिस्पर्धी क्षमता विकास हुन सक्यो भने बजारका अन्य प्रतिस्पर्धीभन्दा फरक र गुणस्तरीय सेवा दिएर ग्राहक कायम राख्न मद्दत पुग्छ।जव स्रोतको सही प्रयोगमार्फत लागत घटाउन सकियो भने नाफा बढेर जान्छ नै ।

४.१ अवसरहरू

(क) **डिजिटलाइजेसन**: क्यूआर कोड, ई-कमर्स, र डिजिटल वालेटको तीव्र विस्तारले साना व्यवसायीलाई पनि प्रविधिसँग जोडेको छ ।

(ख) **फिसकल तथा स्थानीय नवप्रवर्तन**: सीमित स्रोतका बाबजुद स्थानीय आवश्यकता पूरा गर्ने साना प्रविधि र सोचहरूको प्रयोग बढ्दो छ ।

चुनौतीहरू

(क) **वित्तीय पहुँचको कमी**: नवप्रवर्तनशील सोच वा नवउद्यमका लागि बिना धितो र कम ब्याजमा लगानी (Venture Capital / Angel Investment) को अभाव ।

(ख) **पूर्वाधार र नीतिगत जटिलता**: बौद्धिक सम्पत्ति अधिकार (IPR) को फितलो कार्यान्वयन र सरकारी प्रक्रियामा हुने ढिलासुस्ती ।

(ग) **दक्ष जनशक्तिको पलायन**: प्राविधिक र व्यवस्थापकीय क्षमता भएका युवाहरूको वैदेशिक रोजगारीप्रतिको आकर्षण ।

५. नवप्रवर्तनको महत्व

नेपालमा व्यवसायको वृद्धि दर बढाउन नवप्रवर्तनलाई विलासिता नभई अनिवार्य आवश्यकताको रूपमा लिनुपर्छ। नीतिगत तहमा नवउद्यम नीति, अनुसन्धान र विकास (R&D) मा लगानी, सोच सिर्जना गर्ने र व्यवसायमा बदल्नेतर्फ विज्ञ सल्लाह र निजी-सरकारी साझेदारीलाई प्रवर्द्धन गर्न सकेमा मात्र नेपाली उद्योगहरूले दिगो वृद्धि हासिल गर्न सक्नेछन् ।

अर्थतन्त्रका तीन प्रमुख स्तम्भहरूमा नवप्रवर्तनले कसरी व्यावसायिक वृद्धि हासिल

गर्न मद्दत गर्छ भन्ने सम्वन्धमा सर्सीर्ति चर्चा गरौं :

५.१ कृषि तथा पशुपालन क्षेत्र (Agriculture and Livestock)

नेपालको कृषि अझै पनि ठुलो मात्रामा जीविकोपार्जनमा आधारित छ। यस क्षेत्रमा नवप्रवर्तनले उत्पादकत्व वृद्धि र मूल्य श्रृंखलामा सुधार ल्याउँछ।

(क) **प्रविधि र स्मार्ट फार्मिङः** ड्रोनको प्रयोग, थोपा सिँचाइ, र हरितगृह प्रविधिको प्रयोगले सीमित जमिनबाट धेरै उत्पादन लिन मद्दत पुर्याएको छ।

(ख) डिजिटल बजार र आपूर्ति श्रृंखलाः कृषकहरूले मोबाइल एप (जस्तैः Krishi Guru) र ई-कमर्समार्फत बिचौलिया बिना सिधै बजार र उपभोक्तासम्म पुग्न पाएका छन्, जसले गर्दा नाफाको दर बढेको छ।

(ग) प्रशोधन र ब्राण्डिङः कच्चा पदार्थ मात्र बेच्नुको सट्टा जुस, जाम, अर्गानिक चिया, वा जडीबुटीलाई प्रशोधन र प्याकेजिङ गरी ब्राण्डिङ गर्दा कृषि उद्यमको वृद्धि तीव्र भएको छ।

५.२ पर्यटन क्षेत्र (Tourism)

पर्यटन क्षेत्रमा नवप्रवर्तनले ग्राहक अनुभव बढाउन र नयाँ बजार सिर्जना गर्न मद्दत गर्छ।

(क) **एग्रो-टुरिजम र होमस्टे :** परम्परागत होटलको विकल्पमा स्थानीय संस्कृति, स्थानीय खाना र जैविक खेतीको अनुभव गराउने होमस्टे नवप्रवर्तनको उत्कृष्ट उदाहरण हो। यसले ग्रामीण अर्थतन्त्रको वृद्धिमा प्रत्यक्ष योगदान पुऱ्याएको छ।

(ख) **साहसिक र नयाँ गन्तव्यहरूः** केवल पदयात्रामा सीमित नरही प्याराग्लाइडिङ, जिपलाइन, र कायाकिङ जस्ता नयाँ गतिविधिहरू जोड्नाले पर्यटकको बसाइ अवधि र खर्च दुवै बढाएको छ।

(ग) **डिजिटल मार्केटिङ र अनलाइन बुकिङः** सामाजिक सञ्जाल, गुगल म्याप्स र अनलाइन बुकिङ प्लेटफर्महरू (जस्तैः Booking.com, Airbnb) को प्रयोगले साना पर्यटकीय व्यवसायहरूलाई अन्तर्राष्ट्रिय बजारसम्म सीधा पहुँच दिएको छ।

५.३ साना तथा मझौला उद्योग

नेपालको जीडीपीमा ठुलो योगदान पुऱ्याउने SMEs का लागि नवप्रवर्तन अस्तित्व जोगाउन र बजार विस्तार गर्न अनिवार्य बनेको छ।

(क) डिजिटल भुक्तानी र ई-कमर्सः Fonepay, Khalti वा QR कोड भुक्तानी र Daraz वा सोसल मिडिया (Facebook/Instagram)

मार्फत सामान बेच्ने शैलीले SMEs को बिक्री (Sales) र ग्राहक आधार निकै बढाएको छ।

(ख) **फिसकल / जुगाड नवप्रवर्तन** : थोरै पूँजी र सीमित प्रविधिको प्रयोग गरी स्थानीय आवश्यकता अनुसारका सामान (जस्तैः हस्तकला, ढाका कपडा, अल्लोका सामान) बनाउनाले लागत घटेको छ र निर्यातको सम्भावना बढाएको छ।

(ग) **प्रक्रियागत सुधार**: परम्परागत खातापाताको सट्टा डिजिटल एकाउन्टिङ सफ्टवेयर र सूची व्यवस्थापन प्रयोग गर्दा सञ्चालन खर्च घटेर उत्पादकत्व बढेको छ।

५.४ तुलनात्मक विश्लेषण

क्षेत्र	नवप्रवर्तनको मुख्य स्वरूप	व्यवसाय वृद्धिमा देखिने प्रभाव
कृषि तथा पशुपालन	माटो परीक्षण गरी उपयुक्त बाली वा ब्रिड चयन गर्ने, प्रविधि अपनाउने, अर्गानिक ब्राण्डिङ, प्रशोधन	उत्पादकत्व वृद्धि, बिचौलियाको अन्त्य, आयात कम गर्न सहयोग
पर्यटन	आरोग्य पर्यटन, स्थानविशेषको प्रचारप्रसार	तुलनात्मक लाभको खोजी, पर्यटकको बसाइ अवधि र खर्चमा वृद्धि, नयाँ बजार सिर्जना
SMEs	स्थानीय कच्चापदार्थमा आधारित मझौला व्यवसायलाई प्रोत्साहन, डिजिटल भुक्तानी, सोसल मिडिया मार्केटिङ, प्रोसेस अटोमेसन	रोजगारी सिर्जना, सञ्चालन लागतमा कमी, बजार क्षेत्र पहुँचको विस्तार, दिगोपना

६. पिटर थेलले उल्लेख गरेको टिक्नेखालको एकाधिकारका ४ वटा विशेषता :

(क) अरु भन्दा फरक विशेषता भएको प्रविधिसँग सम्बन्धित कम्पनी जसलाई प्रोपाइटरी कम्पनी समेत भन्न सकिन्छ,

(ख) नेटवर्कको प्रभावस्वरुप क्रेताले नै वस्तु वा सेवाको प्रचार गर्दछ,

(ग) अर्थतन्त्रमा योगदान गर्न सक्ने खालको स्केल वा आकार : जव व्यवसाय बढ्दै जान्छ तव बलियो पनि बन्दै जान्छ।

(घ) ब्राण्डिङ : नाम चलेको ब्राण्डलाई नक्कल गरिदैन।

समतलरुपमा हुने विस्तारबाट भन्दापनि उर्ध्वगामीखालको नवप्रवर्तनबाट आर्थिक र प्राविधिक प्रगति संभव हुन्छ। त्यस्तै प्रत्येक व्यावसायिक योजनाले प्रविधि,

समय, एकाधिकार, जनशक्ति, वितरण, टिकाउपना र रहस्य गरी ७ वटा पक्षहरूलाई सम्वोधन गर्न जरुरी छ।

जिम कोलिनले लामो समयसम्म उत्कृष्ट वित्तीय नतिजा दिन सफल पब्लिक कम्पनीको अध्ययनका आधारमा Good to Great पुस्तक तयार गरेको देखिन्छ। उनले अध्ययनको निष्कर्षको रुपमा के पहिचान गरे भने व्यवस्थापकीय अभ्यास, साँस्कृतिक सिद्धान्तहरू र सञ्चालनको खाका राम्रो भयो भने ठिकै अवस्थामा रहेको व्यवसायिक संस्था दिगो र पूर्ण सफल बन्न सक्छ। उनले अगाडि बढाएका मुख्य विषयवस्तु यसप्रकार रहेका छन् :

(क) पाँचौ तहको नेतृत्व जसमा मानवीयताको साथमा व्यवसायिकताको गहिराइ हुन्छ।

(ख) पहिले को अनि मात्र के मा ध्यान दिनुपर्दछ। राम्रो टीम वनाएर रुचि र क्षमता अनुसारको जिम्मेवारी तोकिनु धेरै नै आवश्यक छ।

(ग) संस्थामा रहेको स्रोतसाधनलाई खासगरी आफ्नो निपुणता रहेको काममा, आर्थिक वृद्धिको इन्जिन भएको विषयमा र आफुलाई गहिरो रुचि भएको यी तीनवटाको संगममा लगानी गर्न जरुरी छ।

(घ) संस्था वा संगठनमा आउने रुपान्तरण अकस्मात आउने नभएर एकपछि अर्को थप हुँदै सञ्चितरुपमा र उही दिशामा निरन्तरताको प्रतिफलस्वरुप प्राप्त हुने हो।

(ङ) माइकल इ गर्वरले आफ्नो पुस्तक "Entrepreneurial Myth" (E-Myth) मा निकै उपयोगी तर्क र सुझावहरू पेश गरेका छन्। लेखकका अनुसार साना ठुला व्यवसायहरू सबै भिजन भएका उद्यमीबाट सञ्चालनमा आउँछन् भन्ने उद्यमसँग सम्वन्धी एउटा भ्रम छ। वास्तवमा ती व्यवसायहरू सीपयुक्त प्राविधिकले चलाएका हुन्छन्। जस्तै : सफ्टवेयर डेभलपर, रेस्टुरेण्टमा सेफ। खासमा व्यवसायमा सफलता प्राप्त गर्ने हो भने सञ्चालकहरूले व्यवसायभित्र काम नगरेर व्यवसायमा काम गर्ने वातावरण तयार गर्नुपर्दछ।

यस पुस्तकका मुख्य विषयहरू यी बुँदामा समेट्न सकिन्छः

(क) व्यावसायको मालिकले तहाँ कार्य गर्ने तीन वटा भूमिकामा रहनेहरूवीचको शक्तिको संघर्षको मारमा पर्दछन्। ती ३ भूमिका भनेका अरु नभै उद्यमी (केही गर्ने सोँच, भविष्यपरक भएर नवप्रवर्तन र परिवर्तनलाई हाँक्ने), व्यवस्थापक (योजना गराउने, खासगरी विगतमा आधारित हुने तथा

अनुमानयोग्यता र स्थिरता चाहने) र प्राविधिक (खासमा वर्तमानमा रहेर प्रोडक्ट तयार गर्ने) हुन् ।

(ख) व्यवसायको वृद्धिका ३ चरण : भर्खरको बाल्य अवस्था वा नवप्रवेशी (सञ्चालकले नै सबैथोक गर्ने), किशोरावस्था (अरुबाट सहयोग अपेक्षा गर्ने, केही अधिकार प्रत्यायोजन गर्ने), र वयस्क अवस्था (प्रस्टखालको उद्यमी सौंच र सञ्चालन प्रणाली भएको) ।

(ग) टर्न कि क्रान्ति र सहलगानी : प्रत्येक व्यवसायमा संभव भएको साझेदारलाई भित्र्याएर अघि बढ्नुपर्छ । कुनै ठुलो काम निश्चित समयमा तयार गर्ने गरी टर्न कि को मोडलमा खरिद गर्न सकिन्छ ।

(घ) व्यवसाय विकास कार्यक्रमका ७ चरण : मुख्य लक्ष्य, रणनीतिक उद्देश्य, सांगठनिक रणनीति, व्यवस्थापकीय रणनीति, जनशक्ति रणनीति, बजारीकरण रणनीति र प्रणाली रणनीति ।

भनिएको के छ भने उद्यमी भनेको त्यो हो जसले व्यवसायमा काम गर्दछ नकि व्यवसायभित्र काम गर्दछ । उद्यमीहरू भनेका खासमा मूल्य सिर्जना गर्ने, मुनाफा कमाउने र कारोवार वृद्धिसँग अन्य सरोकारवालासँग परिणाम साझा गर्ने हुनुपर्दछ ।

७. वासेश मालाको प्रसङ्ग

भारतीय बजारमा चलेको नाम हो वासेश गाला । उनी व्यवसाय निर्माण र सफल सञ्चालन सम्वन्धमा कोचको भूमिकामा छन् र आफु पनि ५ भन्दा बढी कम्पनीको मालिक हुन् । उनले सुझाएका सफल व्यवसायका लागि ७ रणनीति (7S)को सूचि यहाँ उल्लेख गरिएको छ :

(क) सीप तथा स्वयम् विकास (Self development/Skill development)

(ख) रणनीति (Strategy)

(ग) सामूहिक भावना (Sena=Team)

(घ) प्रणाली (System)

(ङ) विक्री (Sales)

(च) वस्तु वा सेवाको मात्रामा बढोत्तरी (Scalability through collaboration)

(छ) आध्यात्मिकता (Spiritualism)

Basesh Gala कै विचारमा कुनै पनि व्यवसायलाई सफल बनाउनका लागि आवश्यक ५ पाण्डव (% Pandavs of Business), Arjun: Strategy

and Sales, Yuthisthir: Finance and Overall Discipline, Bhim: Human resources management and Operational issues, Nahakul and Sahadev: Marketing, Branding रहेको छ।

माथिको प्रशंगबाट के बुझ्न सकिन्छ भने व्यवसाय स्थिरतामा, एकल वा परिवार तहमा र मात्र वृद्धिमा फस्टाउन सक्दैन अरु धेरै पक्षहरू सँगसँगै अगाडि वढाउनुपर्ने हुन्छ।

८. सरकारी स्वामित्व रहेका कम्पनीहरूमा नवप्रवर्तन

नेपाल सरकारको आंशिक र पूर्ण स्वामित्वमा ५० भन्दा बढी संस्थाहरू कम्पनी मोडलमा सञ्चालनमा छन्। आपूर्ति व्यवस्थापन सम्वन्धी कम्पनीहरूमा पनि बजार प्रतिस्पर्धा गर्न सक्ने गरी उनीहरूमा नवीनता र नवप्रवर्तन आवश्यक छ। कार्यप्रकृयामा, प्रविधिको प्रयोगमा र कार्यशैलीमा नवप्रवर्तन आवश्यक छ। बजारमा रहेको आवश्यकता र खासगरी उपभोक्ताले गरेको अपेक्षाअनुसारको ढाँचामा कम्पनी चल्नका लागि उपभोक्तालाई छनौट दिन सक्ने, सजिलै र तुलनात्मकरुपमा कम मूल्यमा वस्तु तथा सेवा प्राप्त हुने गरी काम गर्नुपर्दछ। इकमर्श पोर्टलको प्रयोग र सूचना प्रविधिको प्रणालीको प्रयोग मात्र गर्न सकियो भने पनि नवप्रवर्तनको थालनी हुनेछ। क्रेताबाट प्रतिक्रिया लिएर सुधार गर्दै जाने र कम्पनीको नाममा रहेका जग्गा र सम्पत्तिको सही प्रयोग गर्दै व्यावसायिक प्रयोग गर्नका लागि बजार विश्लेषणका साथ त्यही सम्पत्ति धितोमा राखी व्यापारिक कम्पलेक्स समेत सञ्चालनमा ल्याउन सकिन्छ। कम्पनीको प्रकृति हेरी विभिन्न खालका नवीन पहल हुनसक्छ। नवप्रवर्तन गर्नेखालको सोँच र सक्रियता भने आवश्यक छ।

९. निष्कर्ष

व्यवसाय प्रारम्भ गर्नुअघि हामीमा ज्ञान, सीप, सिर्जनशीलता हुनुपर्दछ मेहनत गर्ने आँट पनि चाहिन्छ। परिवारमा सीमित नरही नेटवर्क गर्न जरुरी छ र टीम तयार गर्न आवश्यक छ। यति मात्र हैन समयसँग परिवर्तनका पाइला चाल्दै केही न केही नवप्रवर्तन भित्र्याउनुपर्दछ। समयले कि आफुलाई साँध लगाउँदै नवीनता देऊ नभए बजारबाट लोप हुनुपर्दछ भन्ने संकेत गरेको छ। सूचना प्रविधिको प्रयोग र एआइले प्रतिस्थापनका गर्दै गरेका कामहरूबारे जानकारी हुनासाथ धेरै व्याख्या आवश्यक पर्दैन। नेपालको सन्दर्भमा साना तथा मझौला उद्योगहरूको संरक्षण र विस्तारसँगै तिनमा आवश्यक सपोर्ट र उत्पादन प्रयोगकर्ताको माग हेरी गरिनुपर्ने सुधारका लागि वातावरण तयार हुनुपर्दछ। काम गर्दै जाँदा सन्तुलन र सहअस्तित्वको वोधसँगै मात्र प्रतिस्पर्धा हैन कि सहकार्यको भावसहितको व्यावसायिक निरन्तरता संभव होस्।

References

Chowdhury, E. K. (2025). Drivers of entrepreneurship development in South Asia: Empirical insights and policy recommendations. *Journal of Innovation and Entrepreneurship*, 14(1), Article 46. https://doi.org/10.1186/s13731-025-00512-w

Collins, J. (2001). *Good to great: Why some companies make the leap... and others don't*. HarperBusiness.

Forsman, H., & Temel, S. (2011). Innovation and business performance in small enterprises: An enterprise-level analysis. *International Journal of Innovation Management*, *15*(3), 641–665. doi.org

Gerber, M. E. (1995). *The E-Myth revisited: Why most small businesses don't work and what to do about it*. HarperBusiness.

Ries, E. (2011). *The lean startup: How today's entrepreneurs use continuous innovation to create radically successful businesses*. Crown Business.

Shao, K., & Wang, X. (2023). Do government subsidies promote enterprise innovation? Evidence from Chinese listed companies. *Journal of Innovation & Knowledge*, *8*(4), Article 100436. https://doi.org/10.1016/j.jik.2023.100436

Thiel, P., & Masters, B. (2014). *Zero to one: Notes on startups, or how to build the future*. Crown Business.

Vnoučková, L. (2018). Criteria of innovativeness and creativity in start-ups and innovative entrepreneurship. *Quality Innovation Prosperity*, *22*(1), 27–43. doi.org

Weiss, A. E. (2013). *101 business ideas that will change the way you work: Turning clever thinking into smart advice*. Pearson Education.

नेपालमा औद्योगिक विकास र सुधारका क्षेत्र



✍ रमेश अर्याल

१. पृष्ठभूमि

नेपालको आर्थिक विकासका लागि उद्योग क्षेत्रको योगदान महत्वपूर्ण रही आएको छ। देशको कुल गार्हस्थ्य उत्पादनमा ५.७२ प्रतिशत योगदान दिएको उत्पादनमूलक उद्योग क्षेत्रले स्थानीय श्रोत, साधन, सीप र प्रविधिको प्रयोग गर्दै लाखौंलाई रोजगारीको अवसर प्रदान गरेको छ भने आधारभूत आवश्यकताका वस्तुहरूको साथै निर्यातमूलक वस्तुहरूको उत्पादनबाट आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन गरेर व्यापार सन्तुलन कायम राख्न टेवा पुऱ्याएको छ। त्यस्तै निजी क्षेत्रलाई लगानीप्रति आकर्षित तुल्याउँदै र वैदेशिक लगानीलाई नवीनतम प्रविधिका साथ भित्र्याउँदै मुलुकको उच्च, दिगो र फराकिलो आर्थिक वृद्धिदर हासिल गर्न महत्वपूर्ण योगदान दिएको छ। उद्योगले जनताका आवश्यकता परिपूर्तिको लागि बस्तु तथा सेवाको उत्पादन गर्न, व्यवसायिक उत्पादनलाई प्रोत्साहन दिन, छरिएको रकम लगानी गर्न, प्राकृतिक स्रोतसाधनको उपयोग गर्न, पूँजी, सीप र साधनको सदुपयोग गर्न, राजस्व परिचालन, प्रविधि हस्तान्तरण तथा राष्ट्रिय आय वृद्धि गर्न तथा जनताको जीवनस्तरमा सुधार ल्याउन सहयोग पुऱ्याएको छ। औद्योगिकीकरण आर्थिक विकासको महत्वपूर्ण आधार हो।

२. नेपालमा उद्योगको विकासक्रम

नेपालमा औद्योगिक विकासको प्रारम्भ प्राचीनकाल देखि नै भएको मानिन्छ। प्राचीन कालमा नेपालमा ऊन, कम्मलको प्रशस्त उत्पादन भै भारतीय बजारसम्म पुग्ने गरेको कौटिल्यको अर्थशास्त्रमा उल्लेख भएको पाइन्छ। त्यसपछि लिच्छवीकालीन एवं

✍ *प्रदेश सचिव, गण्डकी प्रदेश नीति तथा योजना आयोग*

मल्लकालीन समयमा कपडा उद्योग, काष्ठकला उद्योग, हाते कागज, छालाका जुत्ता, तामाका वस्तुको उत्पादन हुने गरेको पाइन्छ। ती उत्पादनहरूको उपयोग देशभित्र मात्र नभएर तिब्बत, भारतमा समेत निर्यात हुने गर्दथ्यो। मल्लकालीन शासन पछि शाह वंशीय शासनमा पृथ्वी नारायण शाहले कपडा बुन्न जान्नेलाई नमूना देखाएर सघाउनु, बस्ती उठाएर भएपनि खानी बनाउनु, विदेशमा सीप सिकी स्वदेशमा उद्यम गर्नु भन्ने उल्लेख गरेबाट पनि तत्कालिन शासकहरू उद्योगको विकासमा सचेत भएको पाइन्छ।

राणा शासनकालको पूर्वार्द्धमा उद्योगको वेवास्ता भए पनि उत्तरार्धतिर भने उद्योगको विकासको लहर शुरु भयो। वि.सं. १९९२ मा उद्योग परिषद्को स्थापना भयो भने वि.सं. १९९३ मा कम्पनी ऐन जारी भै सोही वर्ष विराटनगर जुटमिलको स्थापना भएको पाइन्छ। वि. सं. १९९६ मा घरेलु उद्योग विभागको स्थापना गरेर परम्परागत रूपमा रहेका घरेलु उद्योगहरूलाई पुर्नजागरण र सुदृढिकरण गर्ने प्रयास गरियो। यसैगरी २००३ सालमा रघुपति जुटमिल र मोरङ सुगर मिलको स्थापना भए पश्चात नेपालको औद्योगिक विकासको जग बसाल्ने कार्यको शुरुवात भएको थियो। त्यस्तै जुद्ध म्याच फ्याक्ट्री, नेपाल साबुन कारखाना, हाइड्रो इलेक्ट्रिसिटी सप्लायर्स कम्पनी, प्लाइउड कारखानाको स्थापना भई औद्योगिक विकासमा इट्टा थप्ने कार्य भयो।

पहिलो योजना (२०१३-२०१८) मा घरेलु उद्योगको पुनरुत्थान, उद्योगलाई सरकारी सहायता, उद्योगधन्दा अनुकूल ऐन नियम, अनुसन्धान लगायतका विषयलाई महत्व दिइएको थियो। यस योजनामा नेपाल औद्योगिक विकास निगम, घरेलु इलम केन्द्र स्थापना भएको थियो भने बालाजु औद्योगिक क्षेत्र र पाटन औद्योगिक क्षेत्र स्थापनाको शुरुवात भएको थियो। प्राइभेट फर्म रजिष्टेशन ऐन, २०१४ र साझेदार ऐन, २०१८ तथा औद्योगिक व्यवसाय ऐन, २०१८ को तर्जुमा गरिएको थियो। दोस्रो योजना (२०१९-२०२२) मा विरगंज चिनी कारखाना, जनकपुर चुरोट कारखाना, पाटन औद्योगिक क्षेत्रको स्थापना भएको थियो। कम्पनी ऐन, २०२१ तथा ट्रेडमार्क, पेटेन्ट, डिजाइन ऐन, २०२२ तर्जुमा भएको थियो।

तेश्रो योजना (२०२२-२०२७) मा स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगको स्थापना गर्ने गराउने, निजी क्षेत्रलाई आकर्षित गराउने जस्ता नीतिहरू अवलम्बन गरिनुका साथै चोभार सिमेन्ट, बाँसवारी छालाजुत्ता कारखाना, हरिसिद्धि इट्टा टायल कारखाना, हिमाल सिमेन्ट, दुग्ध विकास संस्थान, नेपाल चिया विकास निगम जस्ता उद्योगहरू सरकारी क्षेत्रमा स्थापना गरियो। चौथो पञ्चवर्षीय योजना (२०२७-२०३२) मा निर्यातमूलक उद्योग, सिमेण्ट, फलाम, कृषिजन्य, वन्यजन्य,

औषधीजन्य उद्योगहरू स्थापना गर्ने लक्ष्य लिइएको थियो भने औद्योगिक नीति, २०३१ जारी गरिएको थियो । योजना अवधिमा २५० वटा उद्योगहरूलाई इजाजत प्रदान गरिएकोमा यथार्थमा १२ वटा जति साना तथा मझौला उद्योगहरू मात्र स्थापना हुन सकेका थिए ।

पाँचौ योजना (२०३२-२०३७) मा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, कृषि श्रमलाई उद्योग क्षेत्रमा खपत गर्ने, निर्यात वृद्धि र आयात प्रतिस्थापन गर्ने नीतिका साथसाथै औद्योगिक नीति, २०३७ र औद्योगिक व्यवसाय ऐन, २०३८ लागू गरियो भने हेटौडा सिमेन्ट, भक्तपुर इट्टा र कृषि चुन उद्योगको स्थापना गरियो । छैटौं पञ्चवर्षीय योजना (२०३७-२०४२) मा कृषिको श्रमलाई उद्योग क्षेत्रमा स्थानान्तरण गर्ने, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने नीतिका साथै कुल १६८ वटा उद्योगको स्थापना गरी वार्षिक औद्योगिक उत्पादन १० प्रतिशतले बढाउने लक्ष्य लिईएको थियो । यस अवधिमा सरकारी क्षेत्रमा जडिवुटी उत्पादन तथा प्रशोधन केन्द्र जस्ता उद्योगहरू स्थापनाको साथै औद्योगिक क्षेत्रहरूको संख्या विस्तार गरी १० वटा पुऱ्याइयो ।

छैठौ योजना (२०४२-२०४७) मा उत्पादनशील रोजगारीको अवसर बढाउने, आयात प्रतिस्थापन गरी निर्यात बढाउने र जनताको आधारभूत आवश्यकता परिपूर्ति गर्ने उद्देश्य लिइएको थियो । सातौं योजनाको अन्त्यसम्ममा नेपाली मैदा, प्रशोधित दुध, विस्कुट, चाउचाउ, चुरोट, पशुपक्षींको दाना, लुगा धुने साबुन, वनस्पति घ्यू, कृषि औजार आदिको उत्पादनमा निकै प्रगति भएको थियो ।

आठौं योजना (२०४९-२०५४) देखि उद्योगको क्षेत्रमा कोल्टे फेरिन पुग्यो । सरकारी स्तरमा उद्योग स्थापनाको सट्टा निजी क्षेत्रको लगानीमा उद्योग खोल्ने लहर चल्यो । तत्पश्चात सरकारको भूमिका उद्योग सञ्चालनकर्ताबाट सहजकर्ताको रूपमा प्रतिस्थापन हुनपुग्यो । उदार अर्थनीतिको फलस्वरूप औद्योगिक नीति, २०४९, वाणिज्य नीति, २०४९, वैदेशिक लगानी नीति, २०४९, औद्योगिक व्यवसाय ऐन, २०४९, वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९, निजीकरण ऐन, २०५० र कम्पनी ऐन, २०५३ जारी भयो भने तत्काल भृकुटी कागज कारखाना, बाँसवारी छालाजुत्ता उद्योग, हरिसिद्धि इट्टा टायल कारखाना निजीकरण गरियो । पञ्चायतकालमा कुल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान ६ प्रतिशत मात्र रहेकोमा आठौं योजनाको अन्त्य सम्ममा यो योगदान बढेर ७.८ प्रतिशत पुग्यो ।

नवौं योजना (२०५४-२०५९) ले उदार अर्थनीतिलाई निरन्तरता दिई उद्योगको दीर्घकालीन सोंच प्रस्तुत गर्दै उद्योगको विकास मार्फत् अर्थतन्त्रको योगदान बढाउने नीति लिएको पाइन्छ । यो योजनामा निजी क्षेत्रको विकास गरी देशको तुलनात्मक

लाभ भएका उद्योगको स्थापना गर्न प्रोत्साहित गरिएको थियो । औद्योगिकरणलाई टेवा पुऱ्याउने उद्देश्यले सरकारले पारवाहन तथा यातायात सुविधा विस्तार गर्न र सीमा क्षेत्रमा वस्तु आयात तथा निर्यात खर्चलाई घटाउने दुई व्यापारिक नाकाहरू वीरगञ्ज र भैरहवामा सुख्खा बन्दरगाह र निर्यात प्रशोधन क्षेत्रको स्थापना गर्न आवश्यक पूर्वाधारको विकास गरेको थियो ।

दशौं योजना (२०५९-२०६४) मा पनि उद्योगको विकासको लागि सरकारको भूमिका उत्प्रेरक, सहजकर्ता र सहयोगी हुने, निजी क्षेत्रलाई अर्थतन्त्रको नेतृत्वदायी भूमिका दिने, उद्योग क्षेत्रमा दिइने सेवा सुविधामा समानता ल्याउने जस्ता नीतिहरू लिइएको थियो भने उच्च, दिगो र फराकिलो आर्थिक वृद्धिदर हासिल गर्ने रणनीति लिइएको थियो । तीनवर्षीय अन्तरिम योजना (२०६४-२०६७) मा विश्व अर्थतन्त्रसँग प्रतिस्पर्धा गर्न सक्ने वृहत आधार सहितको उच्च एवं दिगो वृद्धिदर भएको औद्योगिक वातावरण सिर्जना गर्ने दीर्घकालीन नीति लिइएको थियो । त्रिवर्षीय योजना (२०६७-२०७०) मा विश्व अर्थतन्त्रसँग प्रतिष्पर्धा गर्न सक्ने बृहत् आधार सहितको उच्च एवं दिगो बृद्धिदर भएको औद्योगिक वातावरण सिर्जना गर्ने दीर्घकालीन सोच लिइएको थियो । यस योजना अवधिमा औद्योगिक सुरक्षा बलको गठन, नेपाल व्यवसाय मञ्चको गठन, रुग्ण उद्योग सम्बन्धी अध्ययन, भैरहवामा विशेष आर्थिक क्षेत्रगत पूर्वाधार निर्माण भएको थियो ।

तेह्रौ योजना (२०७०-२०७३) मा उद्यमशीलता अभिबृद्धि मार्फत् अर्थतन्त्रमा टेवा पुऱ्याउने, औद्योगिक उत्पादनलाई उच्च गुणस्तरयुक्त एवं प्रतिस्पर्धात्मक बनाई औद्योगिक बस्तुको निर्यात बढाउने, औद्योगिक क्षेत्रमा स्वदेशी तथा विदेशी लगानीलाई आकर्षित गर्ने र सन्तुलित क्षेत्रीय विकासमा उद्योग क्षेत्रको योगदान बढाउने उद्देश्य लिइएको थियो । चौधौ योजनामा औद्योगिक व्यवसाय ऐन, २०७३, विशेष आर्थिक क्षेत्र ऐन, २०७५, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५, सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५, औद्योगिक व्यवसाय नियमावली, २०७५ कार्यान्वयनमा आएको थियो ।

पन्ध्रौं योजनामा औद्योगिक व्यवसाय ऐन, २०७६, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७, सार्वजनिक निजी साझेदारी तथा लगानी नियमावली, २०७७ ल्याइएको छ। औद्योगिक विकासको लागि आवश्यक पर्ने पूर्वाधारको रूपमा औद्योगिक क्षेत्र तथा उद्योग ग्रामको स्थापना तथा सञ्चालन सम्बन्धी कानुन परिमार्जन गरिएको छ ।

सोह्रौं योजनाले उत्पादनमूलक उद्योगको विकास र संरक्षण गर्ने, उद्योगको विकास र विस्तार मार्फत कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान अभिवृद्धि गर्ने

रणनीति लिएको छ। सोह्रौं योजनामा उद्योगसँग सम्बन्धित रूपान्तरणकारी रणनीति अन्तर्गत उत्पादनमूलक उद्योगको विकास र संरक्षण गर्ने, उद्योगको विकास र विस्तार मार्फत कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान अभिवृद्धि गर्ने उल्लेख छ भने प्रमुख कार्यक्रम अन्तर्गत औद्योगिक प्रवर्द्धन तथा पूर्वाधार विकासमा लगानी कार्यक्रम, औद्योगिक विकास तथा लगानी प्रोत्साहन कार्यक्रम, उद्योग सञ्चालनको लागि सहज वातावरण प्रवर्द्धन कार्यक्रम र घरेलु, साना तथा मझौला उद्योगहरूको विकास र प्रवर्द्धन कार्यक्रम उल्लेख छ।

३. उद्योग सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था

नेपालको संविधानमा अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति अन्तरगत सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत् राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने, अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने, तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्धन गर्दै वस्तु तथा सेवाको बजार विविधीकरण र विस्तार गर्ने, राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवर्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने, राष्ट्रिय अर्थतन्त्रको विकासका लागि स्वदेशी लगानीलाई प्राथमिकता दिने, राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धनका क्षेत्रमा वैदेशिक पूँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै पूर्वाधार विकासमा प्रोत्साहन एवं परिचालन गर्ने, गैरआवासीय नेपालीहरूको ज्ञान, सीप, प्रविधि र पूँजीलाई राष्ट्रिय विकासमा उपयोग गर्ने, औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र, राष्ट्रिय परियोजना, विदेशी लगानीका परियोजनाको सन्दर्भमा अन्तर प्रदेश तथा प्रदेश र संघ बीच समन्वय स्थापित गराई आर्थिक विकासलाई गतिशीलता प्रदान गर्ने लगायतका नीति उल्लेख छ।

औद्योगिक नीति, २०६७ मा सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक र सामञ्जस्यपूर्ण सहकार्यमा दिगो एवं वृहत आधारसहितको औद्योगिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रमा उल्लेख्य योगदान पुऱ्याइ गरिबी न्यूनीकरणमा सहयोग पुऱ्याउने दिर्घकालीन लक्ष्य लिइएको छ। त्यस्तै गुणस्तरीय तथा प्रतिष्पर्धात्मक औद्योगिक उत्पादन एवं उत्पादकत्व अभिबृद्धिबाट राष्ट्रिय आय र रोजगारीमा बढोत्तरीसहित औद्योगिक वस्तुको निर्यात बढाउने, स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको परिचालन गरी सन्तुलित राष्ट्रिय तथा क्षेत्रीय विकासमा उद्योग क्षेत्रको योगदान बढाउने, नविनतम प्रविधि एवम्

वातावरणमैत्री उत्पादन प्रकृयालाई प्रयोग गरी उद्योग व्यवसायलाई दिगो एवम् भरपर्दो क्षेत्रको रूपमा स्थापित गर्ने, औद्योगिक विकासका लागि आवश्यक उत्पादनशील जनशक्ति तथा व्यवस्थापकीय क्षमताको विकास गर्दै सवल लगानीको आधार खडा गरी नेपाललाई दक्षिण एशिया क्षेत्र तथा विश्वकै आकर्षक लगानीस्थलको रूपमा स्थापित गर्ने र औद्योगिक बौद्धिक सम्पत्ति अधिकारको संरक्षण गर्ने उद्देश्य लिइएको छ।

औद्योगिक व्यवसाय ऐन, २०७६ र विशेष आर्थिक क्षेत्र ऐन, २०७३ कार्यान्वयनमा ल्याइएको छ। पूर्वाधार संरचना तथा सेवा क्षेत्रमा स्वदेशी वा विदेशी निजी क्षेत्र समेतको लगानीको माध्यमबाट मुलुकको आर्थिक समृद्धिमा योगदान पुऱ्याउन सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुने परियोजनाहरूलाई व्यवस्थित गर्न सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ जारी भई कार्यान्वयनमा आएको छ।

आर्थिक वर्ष २०८३/८३ को बजेटमा निर्यातको सम्भावना भएका कृषि प्रशोधन, पर्यटन सेवा, हलुका उत्पादन लगायतका श्रम प्रधान उद्योगको विकास तथा विस्तारका लागि नमूना स्वरूप रोजगार आबद्ध उत्पादन क्षेत्र (इम्प्लोयमेन्ट लिङ्कड प्रोडक्सन जोन) सञ्चालन गर्ने, उद्योग प्रतिष्ठानको संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कानूनी प्रबन्ध मिलाउने, सरकार र निजी क्षेत्रको सहकार्यमा औद्योगिक क्षेत्र तथा औद्योगिक कोरिडरमा स्वच्छ ऊर्जामा आधारित प्रविधिको प्रयोग गरी ट्रिटमेन्ट प्लान्ट सहितको सिवरेज प्रणाली सञ्चालन गर्ने, खानी क्षेत्र, ठुला उद्योग र पाँच मेगावाट भन्दा बढी विद्युत खपत गर्ने निजी क्षेत्रबाट विकास हुने औद्योगिक क्षेत्रसम्मको सहज पहुँच तथा विद्युत आपूर्ति एवम् प्रसारण लाइन निर्माण, खनिज तथा निर्माणजन्य सामग्री उत्खनन, उत्पादन, आपूर्ति र प्रयोगको समग्र नियमन तथा व्यवस्थापनका लागि खानी तथा खनिज प्राधिकरण स्थापना गर्ने, दैलेखमा रहेको पेट्रोलियमको व्यावसायिक उत्पादनका लागि आवश्यक प्रक्रिया शीघ्र अघि बढाउने, धौवादी फलाम उद्योगमा रहेको नेपाल सरकारको शेयर अंश घटाई सार्वजनिक निजी साझेदारी मोडलमा सञ्चालन गर्ने कार्य अघि बढाउने बजेटमा उल्लेख छ। त्यस्तै, वातावरणीय दृष्टिकोणले उपयुक्त देखिएका ठाँउ पहिचान गरी ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् तथा प्रशोधन आपूर्ति गर्ने व्यवस्था मिलाउने, विशेष आर्थिक क्षेत्रलाई कर, भन्सार, आयात, निर्यात र लगानीको सम्पूर्ण निर्णय एकैथलोबाट हुने "विशेष आर्थिक प्रशासन क्षेत्र" को व्यवस्था मिलाउने, पुँजी अभावका कारण पूर्ण क्षमतामा सञ्चालन हुन नसकेका उद्योग तथा व्यवसायलाई "व्यावसायिक पुनरुत्थान कर्जा" उपलब्ध गराई क्षमता विस्तार र वृद्धिमा प्रोत्साहित गर्ने, नवउद्यम (स्टार्ट-अप), नवप्रवर्तन र उद्यमशीलतालाई आर्थिक रूपान्तरणको दह्रो आधार

बनाउने उल्लेख छ। उद्यम व्यवसायलाई राहत तथा मध्यम वर्गको विस्तार गरी समग्र अर्थतन्त्रलाई गतिशील बनाउन करका दरमा बृहत पुनरावलोकन भएको छ।

४. उद्योगका प्रकार

औद्योगिक व्यवसाय ऐन, २०७६ मा उद्योगको प्रकार निम्नानुसार उल्लेख छ :

क) स्थीर पूँजीको आधारमा

१) लघु उद्यम : घर जग्गा बाहेक बढीमा २० लाख रूपैयाँसम्मको स्थिर पूँजी रहेको, उद्यमी सहित बढीमा नौजनासम्म कामदार रहेको, वार्षिक कारोबार एक करोड रूपैयाँ भन्दा कम रहेको र इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युतीय ऊर्जा, इन्धन वा अन्य तेल इन्जिन क्षमता बीस किलोवाट वा सोभन्दा कम रहेको।

२) घरेलु उद्योग : परम्परागत सीप र प्रविधिमा आधारित, श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित, इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा ५० किलोवाटसम्मको क्षमताको विद्युतीय ऊर्जा प्रयोग गरेको।

३) साना उद्योग : लघु उद्यम र घरेलु उद्योग बाहेकको १५ करोड रूपैयाँसम्म स्थिर पूँजी भएको उद्योग।

४) मझौला उद्योग : १५ करोड रूपैयाँभन्दा बढी ५० करोड रूपैयाँसम्म स्थिर पूँजी भएको उद्योग।

५) ठुला उद्योग : ५० करोड रूपैयाँभन्दा बढी स्थिर पूँजी भएको उद्योग।

ख) उद्योगबाट उत्पादन हुने वस्तु वा सेवाको प्रकृतिको आधारमा

१) ऊर्जामूलक उद्योग : ऊर्जा उत्पादन गर्ने व्यवसायमा संलग्न उद्योगहरू।

२) उत्पादनमूलक उद्योग : कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा अर्ध प्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी मालवस्तु उत्पादन गर्ने उद्योगहरू।

३) कृषि तथा वन पैदावारमा आधारित उद्योग : कृषि वा वन पैदावारमा आधारित कच्चा पदार्थबाट कुनै वस्तु उत्पादन गर्ने वा कृषि वा वन पैदावारसँग सम्बन्धित उद्योगहरू।

४) खनिज उद्योग : खनिज उत्खनन् वा प्रशोधन गरी कुनै धातु वा धातु बाहेकका खनिज पदार्थ उत्पादन गर्ने उद्योगहरू।

५) पूर्वाधार उद्योग : भौतिक पूर्वाधार निर्माण गरी सञ्चालन गर्ने उद्योगहरू।

६) पर्यटन उद्योग : पर्यटन सेवासँग सम्बन्धित उद्योगहरू।

७) सूचना प्रविधि, सञ्चार प्रविधि तथा सूचना प्रसारण प्रविधिमा आधारित उद्योगः सूचना सङ्कलन, प्रशोधन र प्रसारणका लागि प्रविधि प्रयोग गरी सूचना, सञ्चार वा सूचना प्रविधिको सेवा उपलब्ध गराउने उद्योगहरू।

८) सेवामूलक उद्योग : सेवा उत्पादन वा प्रदान गर्ने उद्योगहरू।

५. नेपालमा उद्योगको अवस्था

नेपालको उद्योग क्षेत्रले कुल गार्हस्थ्य उत्पादन, रोजगारी र निर्यातमा योगदान गरे पनि उत्पादनशील उद्योगको विस्तार अपेक्षित रूपमा हुन सकेको छैन। कतिपय उद्योगहरू कच्चा पदार्थ, प्रविधि, पूँजी तथा बजारका लागि बाह्य निर्भर छन्। यसले नेपालको औद्योगिक प्रतिस्पर्धात्मकता कमजोर बनाएको छ। नेपालमा जलविद्युत्, कृषि तथा वनजन्य उत्पादन, पर्यटन, जडीबुटी, खनिज, सूचना प्रविधि लगायतका क्षेत्रमा औद्योगिक विकासको पर्याप्त सम्भावना रहेको छ। देशमा साना, मझौला तथा ठुला उद्योग सञ्चालनमा रहे पनि औद्योगिक उत्पादनको आधार अपेक्षाकृत कमजोर छ।

आर्थिक सर्वेक्षण २०८२/८३ अनुसार २०८२ फागुन मसान्तसम्म उद्योग विभाग अन्तर्गत दर्ता भएका ठुला उद्योग १५४१, मझौला उद्योग २२३७ र साना उद्योग ७३६२ गरी १११४० उद्योग दर्ता भएका छन्। यी उद्योगमा प्रस्तावित रोजगारी ७ लाख ८६ हजार छ भने कुल लगानी रू.३७ खर्ब २८ अर्ब छ। यसरी औसतमा प्रति उद्योग रोजगारी संख्या ७९ रहेको छ। संख्याको आधारमा उत्पादनमूलक उद्योग सबैभन्दा बढी ३७१५, सेवामूलक उद्योग २६५८, पर्यटन उद्योग २६१३, उर्जामूलक ६२७, कृषि तथा वन पैदावरमा आधारित ५८१, सूचना प्रसारण तथा सञ्चार प्रविधिमा आधारित ७७०, खनिज ९९ र पूर्वाधार क्षेत्रका उद्योग ७७ रहेका छन्। लगानीको आधारमा सबैभन्दा बढी ५५ प्रतिशत उर्जामूलक उद्योगमा लगानी स्वीकृत भएको छ। उत्पादनमूलक उद्योगमा २० प्रतिशत लगानी स्वीकृत भएको छ। त्यस्तै विदेशी लगानीका उद्योगको संख्या ७९५१ रहेको छ। लघु, घरेलु तथा साना उद्योग ५ लाख ७१ हजार ४१६ छन्।

प्रथम राष्ट्रिय आर्थिक गणना, २०७५ को नतिजा अनुसार देशभर ९,२३,३५६ प्रतिष्ठान रहेका छन् । यी मध्ये दर्ता भएका ५०.१ प्रतिशत र दर्ता नभएका ४९.९ प्रतिशत छन् । देशभरका प्रतिष्ठानमा ३२,२८,४५७ जनशक्ति कार्यरत रहेकोमा पुरुष ६२.३ प्रतिशत र महिला ३७.७ प्रतिशत रहेका छन् । प्रति प्रतिष्ठान संलग्न औसत जनशक्ति ३.५ जना रहेको छ । जिल्लाको आधारमा सबैभन्दा धेरै प्रतिष्ठान काठमाडौं जिल्लामा र सबैभन्दा कम मनाङमा रहेका छन् ।

६. नेपालमा औद्योगिक विकासमा देखिएका समस्याहरू

नेपालको औद्योगिक विकासमा देखिएका समस्याहरू देहाय अनुसार छन् :

(१) उद्योगको लागि आवश्यक पर्ने भौतिक पूर्वाधारहरू जस्तै सडक, पानी, यातायात, विद्युत, सञ्चार, औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र, गोदाम लगायतका संरचनाको अभाव हुनु,

(२) राजनीतिक दलहरू बीच औद्योगिक विकासका निमित्त सुस्पष्ट सोच एवं दृष्टिकोणको अभाव रहनु,

(३) औद्योगिक ऐन, औद्योगिक नीति र योजनामा अर्न्तनिहित उद्योग सम्बन्धी उद्देश्य, लक्ष्य नीति र कार्यनीति एवं बजेट र आर्थिक ऐन बीच तालमेल हुन नसक्नु,

(४) औद्योगिक क्षेत्रमा लगानी गर्न लगानीकर्ता र उद्यमीहरूलाई लगानीमैत्री वातावरण बन्न नसक्नु,

(५) ऊर्जा, यातायात, जग्गा, वित्तीय स्रोत, कच्चा पदार्थ तथा श्रमसम्बन्धी लागत उच्च हुँदा नेपाली उत्पादनले अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न कठिनाइ हुनु

(६) उद्योगका लागि आवश्यक कच्चा पदार्थ, मेसिनरी तथा कतिपय मध्यवर्ती वस्तुमा आयात निर्भरता उच्च हुँदा बाह्य क्षेत्रको दबाब र उत्पादन लागत बढी हुनु

(७) उत्पादनशील क्षेत्र र उद्योगमा पुँजीको परिचालन र उपलब्धता हुन नसक्नु,

(८) उद्योगको लागि आवश्यक पर्ने सेवा एउटै द्वारबाट उपलब्ध गराउने भन्ने अवधारणा बमोजिम स्थापित एकल सेवा केन्द्रको कार्यान्वयन प्रभावकारी हुन नसक्नु,

(९) बजारको माग अनुसार सीपयुक्त औद्योगिक संस्कृति भएका जनशक्तिको उत्पादन हुन नसुक्नु,

(१०) अधिकांश उद्योगहरूका लागि चाहिने कच्चा पदार्थ कृषिक्षेत्रबाट नै

उपलब्ध हुने भए तापनि औद्योगिक विकासका लागि कृषि क्षेत्रलाई ध्यान नदिइनु,

(११) नेपालको भूबनावटले गर्दा उत्पादन एवं वितरणको कार्य महँगो हुन जाँदा नेपाली उत्पादन प्रतिस्थापन भै तेश्रो मुलुकबाट उत्पादित वस्तुको मागमा वृद्धि हुनु,

(१२) उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थको अभाव रहनु,

(१३) दक्ष व्यवस्थापक, उद्यमीकर्ता र उद्यमशीलताको अभाव रहनु,

(१४) औद्योगिक सुरक्षाको प्रत्याभूति हुन नसक्दा वैदेशिक लगानीलाई आर्कषित गर्न नसक्नु,

(१५) औद्योगिक उत्पादनहरू लगत प्रतिष्पर्धी तथा गुणस्तरीय नहुनु,

(१६) औद्योगिकीकरणमा नवीन प्रविधि र उपकरण प्रयोग गर्न नसकिनु,

(१७) सम्भाव्यता अध्ययन समेत नगरी उद्योगको स्थापना गर्नाले त्यस्ता उद्योगहरू रुग्ण हुन पुग्नु र रुग्ण उद्योगको पुनर्स्थापनाको लागि आवश्यक व्यवस्था गर्न नसक्नु,

(१८) उद्योगमा कार्यरत मजदूरहरूको हकहितको लागि साझा संगठन हुनुको साटो प्रत्येक राजनीतिक दल पिच्छेका मजदुर संगठन हुनु र अनावश्यक माग राखी बन्द हडताल गर्नु तथा मजदुरलाई अनुशासनमा राखी काम गराउन नसक्नु ।

७. नेपालको औद्योगिक विकासका लागि सुधार गर्नुपर्ने क्षेत्रहरू

उद्योग क्षेत्रमा देखा परेका समस्याहरूलाई समाधान गरी औद्योगिकीकरणलाई वढावा दिन देहायका क्षेत्रमा सुधार गर्नुपर्दछ :

(१) औद्योगिक विकासका लागि अत्यावश्यक पूर्वाधारका सुविधा जस्तै सडक, यातायात, विद्युत, सञ्चार, पानी, औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र, गोदाम लगायतका पूर्वाधारको निर्माणमा सरकारले प्राथमिकता दिनुपर्छ।

(२) औद्योगिक तथा लगानीसम्बन्धी नीति दीर्घकालीन, स्थिर र पूर्वानुमानयोग्य हुनुपर्छ। लगानीकर्ताले नीति परिवर्तनबाट अनिश्चितता महसुस नगर्ने वातावरण निर्माण गर्नुपर्छ। औद्योगिक नीति, औद्योगिक ऐन र योजनामा अन्तर्निहित उद्देश्य, नीति र कार्यनीति तथा आर्थिक ऐन बीच तालमेल हुनुपर्छ।

(३) उद्योग दर्ता, अनुमति, कर, वातावरणीय प्रभाव मूल्यांकन स्वीकृति तथा

अन्य नियामकीय प्रक्रियालाई सरल र डिजिटल बनाउनुपर्छ। एकद्वार प्रणालीलाई प्रभावकारी बनाई उद्योग सञ्चालनमा लाग्ने समय र लागत घटाउनुपर्छ।

(४) कानुनद्वारा प्रदत्त सुविधा, सहुलियत तथा पूर्वाधार सेवा समयमै विना झन्झट एकै थलोबाट उद्योगलाई उपलब्ध गराउन व्यवस्था गरिएको एकल विन्दु सेवा केन्द्रलाई सक्रिय तुल्याउनुपर्छ।

(५) औद्योगिक विकास प्रयासमा उद्योग र कृषि क्षेत्रको अग्रगामी र पश्चगामी (Forward Linkage and Backward Linkage) सम्बन्धलाई ध्यान दिनुपर्छ।

(६) औद्योगिक विकासका निमित्त तर्जुमा गरिएका नीति तथा कार्यक्रमको कार्यान्वयनमा उच्च इमान्दारिता, प्रतिवद्धता एवं जवाफदेहीता हुनुपर्दछ। अनुगमन तथा मूल्याङ्कन निरन्तर हुनुपर्छ।

(७) नेपालको जलविद्युत् सम्भावनालाई औद्योगिक विकाससँग जोड्दै भरपर्दो र प्रतिस्पर्धी मूल्यमा विद्युत् उपलब्ध गराउनुपर्छ। ऊर्जा लागत घट्दा उद्योगको प्रतिस्पर्धात्मक क्षमता बढ्न सक्छ।

(८) उद्योग र विश्वविद्यालय लगायतका अनुसन्धान गर्ने संस्था बीच सहकार्य बढाई अनुसन्धान तथा विकासमा लगानी बढाउनुपर्छ।

(९) स्वचालन, डिजिटल प्रविधि, कृत्रिम बुद्धिमत्ता तथा आधुनिक उत्पादन प्रणालीको प्रयोगलाई प्रोत्साहन गर्नुपर्छ।

(१०) नेपालमा ठुलो संख्यामा रोजगारी तथा उद्यमशीलता सिर्जना गर्न सक्ने साना तथा मझौला उद्योगलाई सहज कर्जा, प्रविधि, बजार, तालिम र परामर्श सेवा उपलब्ध गराउनुपर्छ। लघु, साना तथा घरेलु उद्योगलाई प्रोत्साहन तथा ठुला उद्योगहरू पूर्ण क्षमतामा सञ्चालन गर्नुपर्छ।

(११) नेपालको तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभ भएका जलविद्युत्, पर्यटन, कृषि तथा कृषिजन्य प्रशोधन, जडीबुटी, हस्तकला तथा सूचना प्रविधि लगायतका क्षेत्रमा मूल्य अभिवृद्धि गरी अन्तर्राष्ट्रिय बजारमा प्रवेश बढाउनुपर्छ। स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगको स्थापना तथा निर्यात प्रवर्द्धन, रोजगार सिर्जना एवं आयात प्रतिस्थापन गर्ने उद्योगको स्थापनामा जोड दिनुपर्छ।

(१२) उत्पादनशील क्षेत्र र उद्योगमा पर्याप्त मात्रामा पुँजीको परिचालन गर्नुपर्छ।

(१३) गुणस्तरीय उत्पादनको लागि आवश्यकतानुसार स्थानीय कच्चा पदार्थ र

आधुनिक प्रविधिको प्रयोगमा जोड दिनुपर्छ ।

(१४) सबै किसिमका उद्योगका लागि वर्तमान तथा भविष्यमा आवश्यक पर्ने जनशक्तिको लेखाजोखा गरी उपयुक्त व्यवस्थापन गर्नुपर्छ ।

(१५) परम्परागत रैथाने ज्ञान, सीप र प्रविधिलाई नवप्रवर्तनकारी ज्ञान र क्षमतासँग आबद्धता गर्नुपर्छ ।

(१६) स्वदेशी तथा वैदेशिक लगानीलाई प्रोत्साहन गर्न लगानीसम्बन्धी कानुन संशोधन गरी लगानी वातावरण सहजीकरण गर्नुपर्छ ।

(१७) औद्योगिक कामदारहरूको सेवा, शर्त र सहुलियतमा समयानुसार वृद्धि गर्नुपर्छ । नियमित रूपमा औद्योगिक प्रतिष्ठानमा हुने बन्द हडताललाई वार्ता र समझदारीको माध्यमबाट समाधान गर्ने परिपाटीको विकास हुनुपर्छ । सबै ट्रेड युनियनले आफ्नो सदस्यहरूलाई अनुशासनमा राख्न आचारसहिंता बनाई लागू गर्छ र कसैले आचारसहिंता उल्लंघन गरेमा कडा कारवाही गर्नुपर्छ ।

(१८) निजी र सरकारी क्षेत्रबीच सुमधुर सम्बन्ध बनाई लगानीमैत्री वातावरण निर्माण गर्न आवश्यक संस्थागत संयन्त्र बनाइ क्रियाशील गराउनुपर्छ ।

(१९) वैदेशिक लगानी संरक्षण, विविधिकरण र प्रर्वद्धन गर्न गैरआवासीय नेपालीलाई नेपालमा लगानी गर्न प्रोत्साहित गर्नुपर्छ ।

(२०) रुग्ण उद्योगहरूको पुनरुत्थान र पुनर्निर्माण गरी रुग्ण उद्योग सम्बन्धी समस्याको समाधान गर्न आवश्यक व्यवस्था गर्नुपर्छ ।

(२१) उद्योगलाई चाहिने जग्गा प्राप्ति गर्न जटिल बन्दै गएकोले सरकारले उद्योगको लागि जग्गा अधिग्रहण वा खरिद गरेर निजी क्षेत्रलाई बिक्री गर्दै जानुपर्छ ।

(२२) औद्योगिकीकरणमा नविन प्रविधि र उपकरण प्रयोग गर्दै औद्योगिक उत्पादनहरू लागत प्रतिष्पर्धी तथा गुणस्तरीय बनाउनुपर्छ ।

(२३) विदेश स्थित कुटनैतिक नियोगलाई नेपालमा लगानी प्रवर्द्धन गर्न सम्पर्क विन्दुको रूपमा विकास गर्नुपर्छ ।

(२४) सरकारी निकायले सामान खरिद गर्दा स्वदेशी उद्योगबाट उत्पादित वस्तु विदेशी उत्पादनको तुलनामा १५ प्रतिशत महँगो भएपनि स्वदेशी सामान नै खरिद गर्नुपर्ने व्यवस्थाको कार्यान्वयनमा तदारुकता देखाउने र अनुगमन गर्ने संयन्त्र निर्माण गर्नुपर्छ ।

८. निष्कर्ष

नेपालमा औद्योगिक विकासको प्रयास लामो समयदेखि हुँदै आए पनि अपेक्षित गतिमा औद्योगिकीकरण हुन सकेको छैन। नेपालको दिगो आर्थिक विकास, रोजगारी सिर्जना, आयात प्रतिस्थापन र निर्यात विस्तारका लागि औद्योगिक विकास अपरिहार्य छ। प्राकृतिक स्रोतको प्रचुरता, जनसांख्यिक लाभ, जलविद्युत र पर्यटन विकासको प्रचुर सम्भावना तथा भारत र चीनजस्ता विशाल देशहरूको बजारसँगको भौगोलिक निकटता नेपालका महत्वपूर्ण औद्योगिक अवसर हुन्। तर उच्च उत्पादन लागत, कमजोर पूर्वाधार, नीतिगत अनिश्चितता, प्रशासनिक जटिलता, प्रविधि र सीपको कमी तथा बजारमा पहुँचको कमीलगायतका समस्या समाधान नगरेसम्म यी सम्भावनालाई वास्तविक औद्योगिक उपलब्धिमा रूपान्तरण गर्न कठिन हुन्छ। औद्योगिक विकासमा देखा परेका समस्या समाधानका लागि संघ, प्रदेश र स्थानीय तहका सरकारहरूले नीतिगत स्थिरता, पूर्वाधार विकास, प्रविधि हस्तान्तरण, सीप विकास र लगानीमैत्री वातावरण निर्माण गर्दै निजी क्षेत्रसँगको सहकार्य सुदृढ गरेमा औद्योगिक क्षेत्रले नेपालको आत्मनिर्भर, समावेशी र दिगो आर्थिक विकासमा अझ बढी टेवा पुऱ्याउने अपेक्षा गर्न सकिन्छ।

सन्दर्भ सामग्री

नेपालको संविधान (२०७२), कानुन किताव व्यवस्था समिति, काठमाडौं।

आर्थिक सर्वेक्षण (आर्थिक वर्ष २०८२/८३), अर्थ मन्त्रालय, काठमाडौं।

सोह्रौं योजना (२०८१/८२-२०८५/८६), राष्ट्रिय योजना आयोग, काठमाडौं।

आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य, २०८३, अर्थ मन्त्रालय, काठमाडौं।

औद्योगिक नीति, २०६७, उद्योग मन्त्रालय, काठमाडौं।

औद्योगिक व्यवसाय ऐन, २०७६, कानुन किताव व्यवस्था समिति, काठमाडौं।

अर्याल, रमेश, (२०८२), समसामयिक विषयहरू, गुडलक पब्लिकेशन, काठमाडौं।

औद्योगिक क्षेत्र (नेपालको विद्यमान अवस्था एवं आगामी कार्यदिशा)



✍ रमेश भण्डारी

१. विषय प्रवेश

कुनै व्यक्ति, फर्म वा कम्पनीले आयआर्जन गर्ने उद्देश्य लिई वस्तु उत्पादन वा सेवा प्रदान गर्ने क्षेत्र उद्योग हो। जसलाई पूँजी, सिप, उद्यमशीलता, उपकरण र प्रविधिको संयोजन गरी वस्तु तथा सेवाको उत्पादन गर्ने आर्थिक क्षेत्रको रुपमा बुझ्न सकिन्छ। जसको माध्यमबाट पूँजी निर्माण र परिचालन, रोजगारी प्रवर्द्धन, उत्पादन र उत्पादकत्व अभिवृद्धि, व्यापार प्रवर्द्धन एवं औद्योगिक पर्यटनको विस्तार मार्फत नागरिकको जीवनस्तरमा अभिवृद्धि र समष्टिगत आर्थिक सूचकमा सुधार मार्फत आर्थिक समृद्धिको आधार खडा गर्ने हुँदा उद्योगलाई आधुनिक अर्थतन्त्रको मेरुदण्ड एवं आर्थिक सामाजिक विकासको आधारसिलाको रुपमा लिनुपर्दछ। नेपालमा औद्योगिक क्षेत्रले उत्पादन वृद्धि, रोजगारी सिर्जना र आयात प्रतिस्थापन मार्फत राष्ट्रिय अर्थतन्त्रलाई सबल र सक्षम बनाउन योगदान पुर्याउँदै आएको छ । यद्यपि नेपालमा औद्योगिक क्षेत्रको गति, गहिराई र दीगोपनाको अपेक्षा अनुरुप विकास हुन नसक्दा नेपालको कुल गार्हस्थ उत्पादनमा उत्पादनमूलक उद्योगको योगदान न्यून रहेको छ। जसलाई आ.व. २०८२/८३ को वास्तविक योगदान ५.६६% र चालु आ.व.को अनुमानित योगदान ५.७२% ले पुष्टी गर्दछ। यसै सन्दर्भमा उद्योग क्षेत्रको विद्यमान अवस्था, राज्यबाट गरिएका व्यवस्था, देखिएका समस्याहरू, सामना गर्नुपर्ने चुनौती र आगामी दिनमा गर्नुपर्ने सुधारका उपायहरू देहायबमोजिम प्रस्तुत गरिएको छ।

✍ *लेखा अधिकृत, सूचना तथा प्रसारण विभाग*

२. **उद्योगको वर्गीकरण**

औद्योगिक व्यवसाय ऐन, २०७६ अनुसार नेपालमा सञ्चालन हुने उद्योगलाई तिनीहरूको लगानी र प्रकृतिको आधारमा देहायबमोजिम वर्गीकरण गरेको पाइन्छ।

क) लघु उद्योग

(अ) घर जग्गाबाहेक बढीमा बिस लाख रुपियाँसम्मको स्थिर पूँजी रहेको,

(आ) उद्यमी स्वयम् उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,

(इ) उद्यमीसहित बढीमा नौ जनासम्म कामदार रहेको,

(ई) वार्षिक कारोबार एक करोड रुपियाँभन्दा कम रहेको,

(उ) इञ्जिन, उपकरण, मेसिनको प्रयोग गरेको भएमा इञ्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युतीय ऊर्जा, इन्धन वा अन्य तेल इञ्जिनको क्षमता बिस किलोवाट वा सोभन्दा कम रहेको।

ख) घरेलु उद्योग

(अ) परम्परागत सिप र प्रविधिमा आधारित,

(आ) श्रममूलक र खास सिप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित,

(इ) इञ्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा पचास किलोवाटसम्मको क्षमताको विद्युतीय ऊर्जा प्रयोग गरेको,

(ई) ऐनको अनुसूची-२ मा उल्लेख भएका उद्योगहरू। जस्तैः परम्परागत मूर्तिकला, हातले छाप्ने इँटा उद्योग।

ग) साना उद्योग

लघु उद्यम र घरेलु उद्योगबाहेकको पन्ध्र करोडसम्म स्थिर पूँजी भएको उद्योग।

घ) मझौला उद्योग

पन्ध्र करोडभन्दा बढी पचास करोड रुपियाँसम्म स्थिर पूँजी भएको उद्योग।

ङ) ठुला उद्योग

पचास करोडभन्दा बढी स्थिर पूँजी भएको उद्योग ।

माथि उल्लिखित उद्योगलाई त्यस्ता उद्योगबाट उत्पादन हुने वस्तु तथा सेवाको प्रकृतिको आधारमा देहायबमोजिम वर्गीकरण गरिएको छ।

(१) **ऊर्जामूलक उद्योगः** ऊर्जा उत्पादन गर्ने व्यवसायमा संलग्न उद्योगहरू । जस्तै जलस्रोत, वायुऊर्जा, सौर्यशक्ति, कोइला, वा अन्य स्रोतबाट ऊर्जा उत्पादन गर्ने उद्योग, बायो ग्यासमा आधारित उद्योग, ऊर्जाको सम्भाव्यता अध्ययन गर्ने, विद्युत प्रसारण लाईन आदि।

(२) **उत्पादनमूलक उद्योगः** कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा अर्ध प्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी मालवस्तु उत्पादन गर्ने उद्योगहरू।

(३) **कृषि तथा वन पैदावारमा आधारित उद्योगः** कृषि वा वन पैदावारमा आधारित कच्चा पदार्थबाट कुनै वस्तु उत्पादन गर्ने वा कृषि वा वन पैदावारसँग सम्बन्धित उद्योगहरू। जस्तैः फलफूल खेती वा फलफूल प्रशोधन, जडिबुटी प्रशोधन उद्योग।

(४) **खनिज उद्योगः** खनिज उत्खनन वा प्रशोधन गरी कुनै धातु वा धातुबाहेकका खनिज पदार्थ उत्पादन गर्ने उद्योगहरू।

(५) **पूर्वाधार उद्योगः** भौतिक पूर्वाधार निर्माण गरी सञ्चालन गर्ने उद्योगहरू। जस्तै सडक, पूल निर्माण व्यवस्था तथा सञ्चालन गर्ने।

(६) **पर्यटन उद्योगः** पर्यटन सेवासँग सम्बन्धित उद्योगहरू। जस्तै पर्यटक आवास, होटेल, मोटेल, रिसोर्ट, बार र रेष्टुराँ।

(७) **सूचना प्रविधि, सञ्चार प्रविधि तथा सूचना प्रसारण प्रविधिमा आधारित उद्योगः** सूचना सङ्कलन, प्रशोधन र प्रसारणका लागि प्रविधि प्रयोग गरी सूचना, सञ्चार तथा सूचना प्रसारण प्रविधिको सेवा उपलब्ध गराउने उद्योगहरू । जस्तै आइटी पार्क, बायोटेक पार्क, इन्टरनेट सर्भिस प्रोभाइडर, एफएम रेडियो सेवा आदि।

(८) **सेवामूलक उद्योगः** सेवा उत्पादन तथा प्रदान गर्ने उद्योगहरू। जस्तै पेसागत अनुसन्धान तथा विकास, छापाखाना तथा छपाइ, हवाई यातायात सेवा, व्यायाम तथा योगशाला सञ्चालन, अस्पताल आदि।

३. नेपालमा उद्योग क्षेत्रको वर्तमान अवस्था

दर्ता भएका कुल उद्योगः १११४० जसमध्ये १३.९%, मझौला उद्योग २०% र साना उद्योग ६१.१% रहेका छन्। उत्पादनमुलक उद्योगबाट चालु आ.व. मा कुल ग्रार्हस्थ्य उत्पादन ६६ खर्व ९ अर्व को ५.७२% योगदान पुग्ने अनुमान गरिएको छ।

स्वदेशी र वैदेशिक लगानी रहेका उद्योगमा २०८२ फागुनसम्म उद्योग विभागबाट रु ३ खर्ब ८९ अर्ब ७४ करोड र लगानी बोर्डबाट रु १ खर्ब २ अर्ब २६ करोड गरी रु ४ खर्ब ९२ अर्ब बराबरको लगानी लगानी स्वीकृत भएसँगै २०८२ फागुनसम्म कुल स्वीकृत लगानी रु ५४ खर्ब ४४ अर्ब ६ करोड पुगेको छ। वर्गीकृत रुपमा उद्योगको संख्या र प्रस्तावित रोजगारी हालसम्म पनि न्यून रहेको पाईन्छ जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ।

वर्गीकरणको आधार	विवरण	संख्या	प्रस्तावित रोजगारी	प्रति उद्योग रोजगारी
क्षमताको आधारमा	ठुला उद्योग	१५४१	२१५४५६	१४०
	मझौला उद्योग	२२३७	२०३१३६	९१
	साना उद्योग	७३६२	३६६९२८	५०
जम्मा		१११४०	७८५५२०	७१

कुल उद्योगमा उत्पादनमुलक उद्योग ३७१५, सेवामुलक उद्योग २६५८, पर्यटन उद्योग २६१३, उर्जामूलक उद्योग ६२७, कृषिमा आधारित उद्योग ५८१, सूचना प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योग ७७०, खनिज उद्योग ९९ र पूर्वाधार उद्योग ७७ वटा रहेका छन्।

५. नेपालमा औद्योगिक विकासका लागि गरिएका व्यवस्थाहरू

४ (क) नीतिगत तथा कानूनी व्यवस्था

(अ) संविधानमा रहेको व्यवस्था

(१) संविधानको धारा १७ ले नागरिकलाई नेपालको जुनसुकै भागमा उद्योग खोल्ने स्वतन्त्रता प्रदान गरेको,

(२) धारा ५० मा सार्वजनिक निजी साझेदारीलाई प्रवर्द्धन गर्ने उद्देश्य लिएको,

(३) धारा ५१ मा अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीतिमा तुलनात्मक लाभका क्षेत्रको पहिचान, विस्तार र उत्पादनको विविधिकरण मार्फत निर्यात प्रवर्द्धन गर्ने नीति लिएको।

४(ख) नीतिगत तथा कानूनी व्यवस्था

(१) औद्योगिक नीति, २०६७

(२) लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन नीति, २०८१

(३) बौद्धिक सम्पत्ति नीति, २०७३

(४) राष्ट्रिय खनिज नीति २०७४
(५) वाणिज्य नीति, २०७२
(६) राष्ट्रिय स्टार्टप उद्यम नीति २०८०
(७) औद्योगिक व्यावसाय ऐन २०७६
(८) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५
(९) कम्पनी ऐन २०६३
(१०) विशेष आर्थिक क्षेत्र ऐन,२०७३
(११) सार्वजनिक निजी साझेदारी लगानी ऐन, २०७५
(१२) औद्योगिक व्यावसायिक विकास प्रतिष्ठान ऐन, २०५३
(१२) लगानी बोर्ड ऐन, २०६८, नियमावली, २०६९
(१३) औद्योगिक ग्राम स्थापना र सञ्चालन ऐन, २०७५
(१४) खानी तथा खनिज पदार्थसम्बन्धी ऐन, २०४२, नियमावली, २०५६
(१५) नेपाल गुणस्तर प्रमाण चिह्न ऐन, २०३७, नियमावली, २०४०
(१६) स्ट्यान्डर्ड नाप र तौल ऐन, २०२५
(१७) पेटेन्ट डिजाइन एन्ड ट्रेडमार्क ऐन, २०२२

४ (ग) संस्थागत व्यवस्था

(१) उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय
(२) उद्योग विभाग
(३) लगानी बोर्ड
(४) विशेष आर्थिक क्षेत्र
(५) कम्पनी रजिष्ट्रारको कार्यालय
(६) व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र
(७) औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड,
(८) उद्योग ग्राम
(९) बालाजु, पाटन, हेटौडा लगायतका औद्योगिक क्षेत्रहरू
(१०) ९५% सम्म लगानी भएका औद्योगिक क्षेत्रमा पर्ने विभिन्न १० वटा सार्वजनिक संस्थानहरू

४(घ) अन्य व्यवस्थाहरू

(१) सोह्रौं योजनाले (आ.व. २०८१/८२-२०८५/८६) मा कुल गार्हस्थ्य उत्पादन (GDP) मा उत्पादनमूलक उद्योग क्षेत्रको योगदान

योजनाको अन्तिम वर्षसम्म ५.४ प्रतिशत पुऱ्याउने लक्ष्य लिएको,

(२) आ. व. २०८३/८४ को बार्षिक कार्यक्रममा औद्योगिक विकासतर्फ निर्यातको सम्भावना भएका उद्योगको विकास तथा विस्तारका लागि नमुना स्वरूप रोजगार आबद्ध उत्पादन क्षेत्र (इम्प्लोयमेन्ट लिङ्कड प्रोडक्सन जोन) सञ्चालन गर्ने नीति लिएको ।

(३) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्झौता तथा प्रतिवद्धताहरूतर्फ औद्योगिक सम्पत्ति संरक्षणसम्बन्धी पेरिस महासन्धिको सन् २००१ मा नेपाल पक्ष राष्ट्र भएको,

(४) सन् २००४ मा विश्व व्यापार संगठनको सदस्यता लिएको,

(५) SAFTA, BIMSTEC, MIGA जस्ता संगठनको सदस्यता लिएको,

(६) विभिन्न १० वटा देशसँग DTAA र ६ वटा देशसँग द्यक्ष्एएब सम्झौता गरिएको,

(७) विभिन्न समयमा नेपालमा अन्तर्राष्ट्रिय लगानी सम्मेलनहरू सम्पन्न गरिएको र

(८) हरेक बजेटमा कर छुट तथा सहुलियतका प्याकेज घोषणा हुने गरेको ।

५. मुलुकको आर्थिक सामाजिक विकासमा उद्योगको महत्व

उद्योग अर्थतन्त्रको आत्मा हो जसले पूँजी निर्माण, परिचालन देखी नागरिकको जीवनस्तर अभिवृद्धि, आर्थिक समृद्धि संगै राज्यको आफ्नै पहिचान स्थापित गराउन सक्ने क्षमता राख्दछ यसका अलवा मुलुकको आर्थिक सामाजिक विकासमा उद्योग क्षेत्रको भूमिका, महत्व र आवश्यकतालाई देहायबमोजिम प्रस्तुत गरिएको छ ।

(१) पूँजी संकलन, परिचालन मार्फत अर्थतन्त्रलाई गतिशिलता प्रदान गर्न,

(२) रोजगारी सिर्जना गरी नागरिकको आयस्तर वृद्धि, गरिबी निवारण र जीवनस्तरमा सुधार ल्याउन,

(३) स्वदेशमै बजारको वस्तु तथा सेवाको उत्पादन मार्फत स्वदेशी मागलाई पूरा गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्न,

(४) बढ्दो व्यापार घाटालाई न्यूनीकरण मार्फत विदेशी मुद्रा सञ्चितिमा योगदान पुऱ्याउन,

(५) मुलुकमा उपलब्ध प्राकृतिक स्रोत साधनको कुशलतम उपयोग गर्न,

(६) कर दाखिला र बजार चलायमान बनाई सरकारी आयमा वृद्धि गर्न,

(७) स्थानीय स्रोतसाधन र कच्चा पदार्थको उपयोग गरी वस्तु तथा सेवाको

उत्पादनबाट मुलुकको सन्तुलित विकास गर्न,

(८) तीव्र, दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्न,

(९) नेपाली उत्पादनलाई विश्व बजारमा पुर्याइ अन्तर्राष्ट्रिय स्तरमा राष्ट्रिय सम्मान र मर्यादा उच्च पार्न,

(१०) मुलुकको अर्थतन्त्रलाई सबल, सक्षम र आत्मनिर्भर बनाउन,

(११) विदेशी लगानी आकर्षित गर्न,

६. नेपालमा औद्योगिक क्षेत्रको विकासमा देखिएका चुनौतीहरू

उद्योग सञ्चालनका लागि असुरक्षा, असहज श्रम सम्बन्ध, उर्जाको न्यून उपलब्धता, कमजोर औद्योगिक पूर्वाधार सुविधा, दक्ष जनशक्तिको अभाव, प्रविधि ग्रहण गर्ने क्षमताको कमी, न्यून उत्पादकत्व, निर्यातयोग्य वस्तुहरूको विविधीकरणमा कमी, कमजोर आपूर्ति व्यवस्थापन स्थिति,जनमानसमा उद्योग, व्यवसायलाई जीविकोपार्जनको माध्यम बनाउने मनस्थितिका कारण स्वदेशमा लगानी गर्न उत्साहित नहुने विद्यमान अवस्थामा नेपालमा औद्योगिक क्षेत्रको विकासका लागि देखिएका चुनौतीहरू देहायबमोजिम रहेका छन ।

(१) नागरिकलाई स्वदेशमै लगानी गर्ने र वैदेशिक लगानी आकर्षण हुनसक्ने गरी विश्वासिलो औद्योगिक वातावरण सिर्जना गर्नु

(२) नागरिकमा जीविकोपार्जनको मनस्थितिबाट उठाई आफ्नो पूंजीगत तथा वौद्धिक सम्पत्तिको अधिकतम उपयोग उत्पादनमूलक क्षेत्रमा प्रयोग गर्ने संस्कृतिको विकास गराउनु,

(३) व्यवस्थापनदेखि मजदुर तहसम्म आवश्यक पर्ने दक्ष जनशक्तिको उत्पादन र बजार सुनिश्चितता कायम गर्नु,

(४) नेपाली श्रमिकको बढदो बैदेशिक रोजगारको आकर्षणलाई न्यूनीकरण गरी स्वरोजगारका अवसर सिर्जना गर्नु,

(५) नेपालमा उपयोगविहीन अवस्थामा रहेका महत्वपूर्ण स्रोतहरूको महत्वम परिचालन गर्नु

(६) जलवायू परिवर्तनका असर न्यूनीकरण गर्न वातानुकुलित र प्रभाव कम गर्न जलवायू अनुकूलित उद्योगको स्थापना र सञ्चालन गर्नु,

(७) निर्यातयोग्य वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता विविधिकरण, उत्पादकत्व अभिवृद्धि गर्नु

(८) औद्योगिक र व्यापारिक प्रक्रियाहरू सरल, सहज र पारदर्शी एवं

वैज्ञानिक बनाउनु

(९) उर्जालगायतका औद्योगिक पुर्वाधारको सहज उपलब्धता र दीगोपना सुनिश्चित गर्नु,

(१०) देशमा आएको राजनीतिक परिवर्तनका साथै आर्थिक उदारीकरण एवं विश्वव्यापीकरणद्धारा सिर्जित चुनौती,

(११) आर्थिक क्षेत्रमा देखिएका परिवर्तन, सूचना प्रविधिको क्षेत्रमा आएको क्रान्ति, नेपालको बहुपक्षीय, क्षेत्रीय, द्विपक्षीय सन्धि जस्ता विषयहरूबाट औद्योगिक क्षेत्रमा उत्पन्न अवसरहरूको समुचित उपयोग गर्नु,

(१२) सेवा उद्योगहरूको अर्थतन्त्रमा वढ्दो भूमिकालाई व्यवस्थित गर्नु,

(१३) तुलनात्मक लाभका क्षेत्रमा लगानी आकर्षण र वस्तु तथा सेवाको विविधिकरण मार्फत निर्यातयोग्य वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु ।

७. नेपालमा औद्योगिक क्षेत्रको विकासमा देखिएका समस्याहरू

नेपालको औद्योगिक विकास अपेक्षाकृत रुपमा नहुनुका पछाडि विविध कारण र विभिन्न आयामहरूको प्रभाव रहेको पाइन्छ जसलाई नेपालमा औद्योगिक विकासमा देखिएका समस्याको रुपमा बुझ्न सकिन्छ जुन देहायबमोजिम प्रस्तुत गरिएको छ ।

(१) नीतिगत अस्थिरता र लगानी सुरक्षा एवं मुनाफा फिर्ता सम्बन्धि जटिल प्रकृया,

(२) उद्यमशीलता र स्टार्ट अपलाई प्रोत्साहन गर्ने नीतिको अभाव हुनु,

(३) उद्योग क्षेत्रको विकासका लागि सरकारले घोषणा गरेका छुट सुविधाहरू प्राप्तिमा कठिनाइ,

(४) नेपालको भौगोलिक अवस्थिति र जटिल भू-धरातलीय बनौट,

(५) औद्योगिक र व्यापारिक प्रक्रियाहरू सरल, सहज र पारदर्शी एवं वैज्ञानिक नहुनु,

(६) उत्पादनको देशगत र मूल्यगत विविधिकरण नहुँदा प्रतिस्पर्धात्मक क्षमता कमजोर रहनु,

(७) आन्दोलन, चन्दा आतंक जस्ता कृयाकलापबाट उद्योग सञ्चालनका लागि बढदो असुरक्षा,

(८) ट्रेड युनीयनको हस्तक्षेप, आन्तरिक द्धन्द्ध र असहज श्रम सम्बन्ध,

(९) उर्जाको न्यून उपलब्धता, कमजोर औद्योगिक पूर्वाधार सुविधा,

(१०) दक्ष जनशक्तिको अभाव, प्रविधि ग्रहण गर्ने क्षमताको कमी, न्यून उत्पादकत्व,

(११) निर्यातयोग्य वस्तुहरूको विविधीकरणमा कमी, कमजोर आपूर्ति व्यवस्थापन स्थिति,

(१२) जनमानसमा उद्योग, व्यवसायलाई जीविकोपार्जनको माध्यम बनाउने मनस्थिति,

(१३) ब्याजदर महँगो हुँदा लगानी निरुत्साहित हुनु,

(१४) जग्गाको माग र मूल्य वृद्धिसँगै उद्योगका लागि जग्गा प्राप्तिमा समस्या हुनु,

(१५) उत्पादन भन्दा आयात गरी गरिने व्यापारमा उच्च मूनाफा रहँदा आयातकेन्द्रित बजार विस्तार हुनु,

(१६) नेपाली उत्पादनको निर्यातका लागि सहज वातावरण बन्न नसक्नु (जस्तै चिया उद्योग) ।

८. आगामी दिनमा गर्नुपर्ने सुधार

शान्ति तथा सुरक्षाको, सरकारी नीति, नियम, कार्यप्रक्रिया र शैली, बजारको उपलब्धता, प्रतिस्पर्धाको स्वरूप, वित्त प्रबन्ध, मजदुर - व्यवस्थापनबीचको सम्बन्ध तथा औद्योगिक पूर्वाधार, आवश्यक व्यवसायिक सीप र दक्षतायुक्त श्रम जस्ता देशको औद्योगिक विकासको गति अवरुद्ध गर्ने महत्वपूर्ण तत्वहरू पहिचान गरी सुधार गर्नु आवश्यक छ यसका अलवा आगामी दिनमा देशमा उद्योग क्षेत्रको विस्तार र विकास गरी सोको गति र दीगोपना कायम गर्न निम्न उपायहरू अवलम्बन गर्नुपर्दछ ।

(१) देशमा आएको राजनीतिक परिवर्तनका साथै आर्थिक उदारीकरण एवं विश्वव्यापीकरणद्धारा सिर्जित अवसर एवं चुनौतीसमेतलाई ध्यानमा राखी उद्योग स्थापना र विदेशी लगानी तथा पूँजी फिर्ता सम्बन्धी एकीकृत छाता नीति जारी गर्ने र त्यसलाई नीतिगत सर्वोच्चता प्रदान गर्ने,

(२) छिमेकी मुलुकहरूमा उद्योगको प्रवर्द्धनका लागि प्रदान गरिएका सुविधा तथा सहुलियतहरू समेत अध्ययन गरी उद्योग स्थापनालाई प्रोत्साहित गर्न सहुलियत प्रदान गर्ने,

(३) औद्योगिक विकासमा सहयोगी हुने प्रविधिगत, भौतिक र मानव संशाधनसम्बन्धी पूर्वाधारहरूको निर्माण गरी दीगोपना कायम गर्ने,

(४) लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रवर्द्धनका निमित्त विशेष नीतिगत व्यवस्था गर्ने,

(५) स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको महत्वम परिचालनका

लागि राष्ट्रिय तथा क्षेत्रीय विकासमा उद्योगको योगदान बढाउने,

(६) नवीनतम प्रविधि एवम् वातावरणमैत्री उत्पादन प्रक्रियालाई प्रयोग गरी उद्योग व्यवसायलाई वातानुकुलित र जलवायू अनुकुलित बनाउने,

(७) औद्योगिक विकासका लागि आवश्यक उत्पादनशील जनशक्ति तथा व्यवस्थापकीय क्षमताको विकास गर्दै सवल लगानीको आधार खडा गरी नेपाललाई दक्षिण एशिया क्षेत्र तथा विश्वकै आकर्षक लगानीस्थलको रूपमा स्थापित गर्ने,

(८) औद्योगिक बौद्धिक सम्पत्ति अधिकारको संरक्षण गर्ने,

(९) आर्थिक कूटनीतिमार्फत तेस्रो मुलुक वस्तु निर्यातलाई सहज बनाउने,

(१०) उद्योगलाई संरक्षण, सुविधा तथा सहुलियत उपलब्ध गराउन लगानी बोर्ड, एकल विन्दू सेवा केन्द्र, औद्योगिक जनशक्ति विकास प्रतिष्ठान, नेपाल व्यवसाय मञ्च (Nepal Business Forum) जस्ता संस्थागत प्रवन्ध र संस्थागत सक्षमता अभिवृद्धि गर्ने,

(११) उत्पादन प्रक्रियामा अग्र एवम् पृष्ट सम्बन्ध बढाउन सहयोग पुग्ने गरी Contract Manufacturing, Outsourcing, Contracting–out, Franchising, Ancillary / Buy Back जस्ता क्रियाकलापलाई प्रोत्साहित गर्ने,

(१२) नेपाली उत्पादनको नेपालीबाट उपभोग गर्ने नीतिलाई सबैबाट कार्यान्वयन गर्ने गराउने,

(१३) एक गाउँ एक उत्पादनको अवधारणा अनुसार स्थानीयस्तरमा सवै भन्दा बढी संभाव्य देखिएका स्रोत र साधनको पहिचान गरी त्यसमा आधारित औद्योगिक वस्तुको उत्पादनलाई प्रवर्द्धन गर्ने,

(१४) खुला सिमानाका कारण हुने अवैध निकासी पैठारीलाई कडा नियमन गर्ने,

(१५) श्रमको सम्मान गर्ने र उद्यमशील बन्ने नागरिक संस्कृतिको विकास गर्न विद्यालय र विश्वविद्यालयका पाठ्यक्रममा यससम्बन्धी विषय समावेश गर्ने,

(१६) विशेष आर्थिक क्षेत्रको प्रभावकारीता अभिवृद्धि गर्ने,

(१७) उद्योगका लागि जग्गा प्राप्तिलाई सहज बनाउने,

(१८) देशको अवस्था, वस्तुस्थिति, उपलब्ध स्रोतसाधन र आवश्यकतासँग मेल खाने गरी बहुपक्षीय, क्षेत्रीय एवम् द्विपक्षीय सन्धि सम्झौता मार्फत आर्थिक कुटनीतिलाई मजवुत बनाउने,

(१९) उद्यमशीलता र स्टार्ट अप प्रवर्द्धनसम्बन्धी नीतिगत व्यवस्था गर्ने,

(२०) उद्योग दर्ता, नियमन, छुट सुविधा प्राप्तिलगायतका उद्योग प्रशासनसम्बन्धी कार्यलाई अनलाइन पद्धतिबाट सम्पादन गरी प्रकृयागत झन्झटहरू कम गर्ने, उद्योग क्षेत्रको विकासका लागि सहुलियत दरमा पूँजी उपलब्ध गराउन वित्तीय प्रबन्ध गर्ने ।

९. निष्कर्ष

उद्योग राज्यको मेरुदण्ड र विकासको आधारशिला हो । जसले उत्पादन, उत्पादकत्व, रोजगारी, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनको माध्यमबाट अर्थतन्त्रको गतिशीलता, समाजिक तथा आर्थिक विकास र आत्मनिर्भर अर्थतन्त्र निर्माणमा अग्रणी भूमिका निर्वाह गर्दछ । तसर्थ नीतिगत सामञ्जस्यता, स्थिरता र सर्वोच्चता कायम गर्दै औद्योगिक पूर्वाधारको विकास, सक्षम जनशक्ति निर्माण, न्यून लागतमा पूँजी उपलब्धता र सरकारी निर्णय एवं मुनाफा फिर्ता प्रकृयामा सरलीकरण गर्दै लगानीयोग्य वातावरण निर्माण गरी कुल ग्रार्हस्थ उत्पादनमा उत्पादनशील उद्योगको योगदान बढाउन सामूहिक प्रयत्न गर्नु आवश्यक छ ।

नेपाल र हङकङबीच व्यापारिक सम्भावना



✍ डा.उदय रानामगर

लेखसार

नेपालले वि.स २०४६ मा पश्चात आर्थिक उदारीकरणको नीतिको अङ्गीकार गरेको हो। यस आर्थिक उदारीकरणको नीतिको अवलम्बनपश्चात नेपालको वैदेशिक व्यापारको ढोका खुलेको देखिन्छ। नेपालले अहिले विश्वका करिब १४० देशहरूसँग व्यापार गर्दै आएको छ। नेपाल र हङकङ बीचको व्यापारिक सम्बन्ध आरम्भ भएको दशकौं भइसक्दा पनि नेपालको हङकङसँगको व्यापार घाटामा रहेको छ। नेपाल र हङकङ बीचको व्यापार घाटा घटाउन र नेपालको निर्यात व्यापार बढाउन सकिने सम्भावनाहरूको खोजी गर्नु नै यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ।

उक्त उद्देश्य प्राप्तिको लागि हङकङमा रहेका ७० जना नेपाली व्यापारीहरूसँग प्रश्नावलीको माध्यमबाट राय प्रतिक्रिया सङ्कलन गरिएको छ। ती व्यापारीहरूबाट प्राप्त प्रतिक्रियाहरूलाई प्रशोधन गरी नेपाल र हङकङ बीचको व्यापारका अवस्था र त्यसमा देखिएको समस्या तथा सम्भावनाको बारेमा विश्लेषण गरिएको छ। यस अध्ययनको नतिजाअनुसार हङकङसँगको व्यापार नेपालको लागि ढुवानी रुट नै महत्वपूर्ण रहेको पाइयो। हङकङसँगको व्यापारको लागि चार वटा मुख्य व्यापारिक रुट रहेको भएता पनि यी रुटहरूबाट सामान हङकङ ल्याउन कठिन भएको र आएका नेपाली उत्पादन पनि गुणस्तर, प्याकिङ तथा ब्राण्डिङमा नै कमजोर भएको पाइयो। साथै, नेपाली वस्तुको प्रमोशन

✍ *सहसचिव, नेपाल सरकार*

नभएको कारण नेपाली वस्तुले प्रतिस्पर्धा गर्न नसकेको नतिजाको परिणामले देखाएको छ। तसर्थ अबका दिनहरूमा नेपालले कम तौल र बढी नाफा गर्न सकिने तथा अन्य देशमा पर्याप्त उत्पादन नभएका र तुलनात्मक लाभ भएका वस्तुहरूलाई प्रश्रय दिने खालको नीति बनाउन आवश्यक छ। यसो गर्न सकेमा नेपालको हङकङसँगको व्यापारलाई केही हदसम्म बढाउन सकिने र व्यापार घाटालाई कम गर्न सकिने देखिन्छ।

प्रमुख शब्दहरू: *नेपाल र हङकङको व्यापार, समस्या, सम्भावना*

१. पृष्ठभूमि

नेपाल र चीन बीचमा कूटनीतिक सम्बन्ध १ अगस्ट- सन् १९५५ मा स्थापना भएको हो। यी दुई देशहरू बीच भएको कूटनीतिक सम्बन्धपश्चात् बेइजिङमा राजदूतावास र ग्वान्जाओ, ल्हासा, हङकङ र छेन्दुमा महावाणिज्य दूतावासको स्थापना गरिएको छ। त्यसमा पनि हङकङमा १२ अप्रिल सन् १९९७ देखि नै महावाणिज्य दूतावासको स्थापना भई सञ्चालनमा रही आएको छ। महावाणिज्य दूतावासको मुख्य कार्य नेपाल र हङकङ बीचमा द्विपक्षीय सम्बन्धका बारेमा जानकारी गराउनुको साथै व्यापार, पर्यटन, लगानी प्रबर्द्धनका क्षेत्रमा कार्य गर्नु रहेको छ। हङकङसँगको व्यापार बढाउने कार्यमा महावाणिज्य दूतावास स्थापनाकालदेखि नै निरन्तर लागिरहेता पनि व्यापार भने सन्तुलन हुन सकेको छैन। अध्ययन अवधिको समयसम्म पनि नेपालको हङकङसँगको व्यापार घाटामा नै रहिआएको छ। नेपाल हङकङ बीचको व्यापारमा एक त व्यापारको लागि ढुवानी लागत बढी लाग्ने अवस्था छ भने अर्कातिर निर्यातको लागि पर्याप्त उत्पादन नेपालसँग छैन। त्यसको साथै नेपाली उत्पादनका वस्तुको गुणस्तर र प्याकेजिङमा समस्या रहेका छन् भन्ने गरिन्छ। यी र यस्ता कारणहरू मात्र नेपाल र हङकङ बीचको व्यापार घाटाका कारक तत्व हुन् वा अन्य पनि छन् भन्ने सम्बन्धमा थप अध्ययनको आवश्यकता देखिन्छ।

हङकङमा नेपाली नागरिकको संख्या करिव २५ हजार हाराहारीमा भएको अनुमान छ तर नेपाली भाषीको संख्या करिव ५० हजार रहेका छन्। यो संख्याको नेपालीले मात्र उपभोग गर्ने सामग्री नेपाली उत्पादन भएमा पनि व्यापार घाटामा केही हदसम्म कमी आउने थियो। तर त्यसो हुन सकेको छैन। नेपालीको अतिरिक्त हङकङमा भारतीय, पाकिस्तानी तथा दक्षिण एसियाको अन्य देशका नागरिकहरूको समेत उल्लेख्य बसोबास छ। दक्षिण एसियाली देशका मात्र नभई हङकङमा रहेको सबै नागरिकहरूले उपभोग गर्ने गरी नेपाली वस्तुको बजार विस्तार गर्न आवश्यक छ। यो जनसंख्यालाई मात्र लक्षित गरेर नेपाली वस्तुको व्यापार बढाउन सकेको खण्डमा मात्र पनि हालको व्यापार घाटालाई केही हदसम्म घटाउन सकिन्छ। त्यसको लागि

के कस्तो वस्तुको माग हङकङको बजारमा छ ? ती वस्तुहरू नेपालबाट निर्यात गर्दा के कस्ता समस्याहरू रहेका छन् ? ती समस्या समाधान गर्न के कस्तो उपायहरू अपनाउनु पर्छ भन्ने सन्दर्भमा अध्ययन गर्न आवश्यक छ। यस सन्दर्भमा र नेपाल महावाणिज्य दूतावास, हङकङ र नेपाल उद्योग वाणिज्य संघ, हङकङको संयुक्त पहलमा यो सर्वेक्षण गरी त्यसको नतिजाको विश्लेषण गर्ने प्रयास गरिएको छ। यो कार्यबाट आगामी दिनमा नेपालको निर्यात व्यापारमा अभिवृद्धि भई नेपालको हङकङसँगको व्यापार घाटामा सुधार हुने अपेक्षा गर्न सकिन्छ।

२. वैदेशिक व्यापारको अवस्था

सन् २०१८ मा ३.७ प्रतिशतले वृद्धि भएको वस्तु तथा सेवाको विश्व व्यापार सन् २०१९ मा एक प्रतिशतले मात्र वृद्धि भएको छ (World Economic Outlook, 2020)। अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियमको मूल्य २०७५ पुस मसान्तमा प्रतिब्यारल अमेरिकी डलर ५८.८० रहेकोमा २०७६ पुस मसान्तमा ९.६ प्रतिशतले वृद्धि भई प्रतिब्यारल अमेरिकी डलर ६४.४५ कायम भएको छ। अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य २०७५ पुस मसान्तमा प्रति आउन्स अमेरिकी डलर १२ ९२.७५ रहेकोमा २०७६ पुस मसान्तमा १९.५ प्रतिशतले वृद्धि भई प्रति आउन्स अमेरिकी डलर १५४५.१० पुगेको छ। यसले विश्व व्यापारमा बढोत्तरीको सङ्केत गरेता पनि कोभिड प्रकोपका कारण व्यापारको बढोत्तरी हुने अवस्था देखिएको छैन। विश्व व्यापारको इतिहास शताब्दिऔं पुरानो छ। नेपालको बाह्य व्यापारको इतिहास पनि लिच्छविकालदेखि नै भएको देखिन्छ। तथापि यसको प्रवृत्तिलाई विश्लेषण गर्दा विभिन्न कालखण्डमा फरक-फरक अवस्था रहेको पाउँदछौ। आधुनिककालमा आइपुग्दा वि.सं २०३० को दशकमा नेपालको वस्तु निर्यातको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ५.४ प्रतिशत रहेको थियो। नेपालमा बहुदलीय शासन व्यवस्थाको सुरुवातसँगै अवलम्बन गरिएको आर्थिक उदारीकरणको नीतिले नेपालको निर्यात व्यापार क्रमिक रूपमा बढ्दै गएकोको देखिन्छ। आर्थिक वर्ष २०५६/५७ मा कुल गार्हस्थ्य उत्पादनमा निर्यात व्यापारको अंश १३.१ प्रतिशत रहेकोमा पचासको दशकमा यसको अंश औसतमा ९.९ प्रतिशत रहेको थियो। तर विसं २०६० को दशकदेखि यो क्रम क्रमशः घट्न थाल्यो र आर्थिक वर्ष २०७५/७६ मा आइपुग्दा २.८ प्रतिशत सीमित हुन पुगेको थियो।

आयात व्यापारतर्फ हेर्दा नेपालको वार्षिक आयात बढेर गएको देखिन्छ। आ.व २०३९/४० मा कुल गार्हस्थ्य उत्पादनको १८.७ प्रतिशत थियो भने यो वि.सं. २०३० को दशकमा औसतमा १३.९ प्रतिशत मात्र थियो। आयात व्यापार आर्थिक वर्ष २०५३/५४ मा कुल गार्हस्थ्य उत्पादनको ३३.४ प्रतिशत रहेकोमा पचासको

दशकमा आउदा यो औसतमा २७.७ प्रतिशतमा खुम्चेको देखिन्छ। यो आर्थिक वर्ष २०७५/७६ मा आउँदा ४०.९ प्रतिशतसम्म पुगेको थियो।

नेपालबाट भारततर्फ निर्यात हुने प्रमुख वस्तुहरूमा वनस्पती घ्यू, दन्त मञ्जन, जुट र जुटका सामान, पश्मिना, तामाको तार, दाल, धागो, पोलिष्टर यार्न, अलैंची, अदुवा, पिना, आयुर्वेदिक औषधी, छाला लगायतका वस्तु देखिन्छ भने अन्य मुलुकतर्फ तयारी पोशाक, ऊनी गलैंचा, पश्मिना, दाल, प्रशोधित तथा तयारी छाला, चाँदीका गरगहना, हस्तकलाका सामान, नेपाली कागज, चियालगायतका वस्तुहरू रहेका छन् ।

त्यस्तैगरी भारतबाट आयात हुने प्रमुख वस्तुहरूमा पेट्रोलियम पदार्थ, सवारी साधन र तिनका पार्टपुर्जा, कपडा, औषधी, मेशिनरी तथा पार्टपुर्जा, सिमेन्ट, एम.एस. बिलेट लगायतका वस्तुहरू देखिन्छ भने अन्य मुलुकबाट आयात हुने प्रमुख वस्तुहरूमा सुन, कच्चा ऊन, रासायनिक मल, यातायात उपकरण तथा पार्टपुर्जा, कच्चा पाम तेल, धागो, विद्युतीय सामग्री, पोलिथिन ग्रानुयल्सलगायतका वस्तुहरू छन्।

वि.स. २०५० को दशकमा प्रमुख निर्यातीत वस्तुमध्ये ऊनी गलैंचा र तयारी पोशाकको अंश कुल निर्यातको ८० प्रतिशत भन्दा बढी रहेको देखिन्छ। आर्थिक वर्ष २०७५/७६ मा यी वस्तुको निर्यात कुल निर्यातको करिब १२ प्रतिशत मात्र रहेको छ।

नेपालको वैदेशिक व्यापारमा भारत तथा चीनको अंश ठुलो रहने गरेको छ। वि.सं. २०२० को दशकमा नेपालको कुल आयातमा भारतको अंश ९८.५ प्रतिशत र कुल निर्यातमा ९७.७ प्रतिशत सम्म पुगेको देखिन्छ। यो आर्थिक वर्ष २०७५/७६ मा आइपुग्दा करिब ६५ प्रतिशत, चीनको हिस्सा करिब १४ प्रतिशत र अन्य मुलुकको हिस्सा करिब २१ प्रतिशत छ।

हङकङ चीनको विशेष प्रशासनिक क्षेत्र भएकोले नेपालले हङकङसँगको व्यापारलाई प्रायः चीनको व्यापार बास्केटभित्र नै विश्लेषण गर्ने गरेको छ। तर कुल विदेश व्यापारको तुलनामा हङकङसँगको व्यापारको हिस्सा अझै निकै सानो छ। भन्सार विभागको पुरानो तथ्याङ्कअनुसार आ.व. २०७५/७६ मा नेपालले हङकङबाट रु ४ अर्ब ६९ करोड ६४ लाख ७२ हजारको वस्तु आयात गरेको थियो भने हङकङतर्फ रु ३२ करोड ८ लाख मात्र निर्यात गरेको थियो। त्यस समयमा खुद व्यापार घाटा रु ४ अर्ब ३६ करोड ७६ लाख रहेको थियो। पछिल्ला वर्षहरूमा हङकङसँगको व्यापारमा ठुलो फेरबदल देखिएको छैन। भन्सार विभागले देशगत छुट्टै तथ्याङ्क सार्वजनिक नगरे पनि Trading Economics को तथ्याङ्कअनुसार नेपाल-हङकङको व्यापार सन्तुलन अझै घाटामै छ। पछिल्लो उपलब्ध तथ्याङ्कअनुसार नेपालको हङकङसँगको व्यापार सन्तुलन रु १२ अर्ब ६ करोड ५४ लाख ९० हजारको

घाटामा छ। यसको अर्थ नेपालले हङकङबाट आयात गर्ने गरेको छ तर हङकङतर्फ निर्यात निकै कम छ। समग्रमा आ.व. २०२५/२६ (सन्) मा नेपालको कुल विदेश व्यापार रु २ खर्ब ४१ अर्ब पुगेको र निर्यात रु ३१ अर्ब ५२ करोड मात्र रहेको सन्दर्भमा, हङकङसँगको व्यापारले कुल व्यापारको १ प्रतिशतभन्दा पनि कम हिस्सा ओगटेको अनुमान गर्न सकिन्छ।

२.१. निर्यातमा अनुदानको व्यवस्था

नेपाल सरकारले आ.व २०६७/६८ बाट निर्यातमा अनुदानको व्यवस्था गरेको छ। उक्त व्यवस्था अनुसार उद्योगलाई निर्यातबाट प्राप्त विदेशी मुद्रा बैंक दाखिला भएको प्रमाणको आधारमा नगद अनुदान प्रदान गर्ने प्रावधान छ। यो व्यवस्था कार्यान्वयनका लागि निर्यातमा नगद अनुदान सम्बन्धी कार्यविधि, २०७५ कार्यान्वयनमा रहेको छ।

नेपाल सरकारले उक्त कार्यविधि अनुसार मूल्य अभिवृद्धिका आधारमा नगद अनुदान उपलब्ध गराउँदै आएको छ। तोकिएको वस्तुको मूल्य अभिवृद्धि ५० प्रतिशत वा सो भन्दा बढी भएमा कुल मूल्य अभिवृद्धिको पाच प्रतिशत र ५० प्रतिशत भन्दा कम भएमा तीन प्रतिशत अनुदान दिने व्यवस्था रहेको छ।

त्यसैगरी, वस्तुको मूल्य अभिवृद्धि ३० प्रतिशत वा सो भन्दा बढी भएमा कुल मूल्य अभिवृद्धिको तीन प्रतिशत नगद अनुदान प्रदान गर्ने व्यवस्था रहेको छ। विगत वर्षमा पाच प्रतिशत अनुदान प्राप्त गर्ने वस्तुहरूमध्ये प्रशोधित जडिबुटी, प्रशोधित चिया र प्रशोधित अलैंचीहरू छन। यसरी निर्यातमा अनुदानको सकारात्मक प्रभाव परेको देखिन्छ। विगत पाँच वर्षमा कुल निर्यातमा नगद अनुदान प्राप्त गर्ने वस्तुहरूको हिस्सा औसतमा करिब १२ प्रतिशत रहेको छ। नगद अनुदानसम्बन्धी व्यवस्थाले निर्यातमा तीन प्रतिशत अनुदान प्राप्त गर्ने वस्तुहरूको कुल निर्यातमा करिब ३७ प्रतिशत हिस्सा रहेको देखिन्छ।

निर्यातमा नगद अनुदानसम्बन्धी व्यवस्था कार्यान्वयनमा आएपछि आ.व. २०६८/६९ देखि २०७६ माघ १५ सम्म रू.२ अर्ब ५४ करोड बराबरको निर्यात अनुदान प्रदान भएको देखिन्छ। विगत पाँच वर्षमा कुल निर्यातमा अनुदान प्राप्त गर्ने वस्तुहरूको योगदान करिब ५० प्रतिशत रहेको देखिन्छ।

उपरोक्त बमोजिमको निर्यातमा अनुदानको व्यवस्था भएता पनि नेपालको निर्यात व्यापार उल्लेख्य रूपमा बढ्न सकेको छैन। छिमेकी देशहरूमा व्यापारको अंश अन्य देशहरूको तुलना बढी रहेको छ। त्यसमा पनि हङकङमा नेपाली उत्पादनको निर्यात खासै बढ्न सकेको देखिँदैन। जसले गर्दा नेपालको हङकङसँगको व्यापार

घाटामा रहेको छ। यसै सन्दर्भमा हडकडमा नेपाली समानको मागको अवस्था र सम्भावनाहरूको अध्ययन गर्नु आवश्यक छ।

३. अध्ययनको औचित्य

विश्वभर नै कोभिड १९ को संक्रमण अझ निर्मूल भइसकेको छैन। नयाँ भेरियन्टहरू देखा परिरहेका छन्। यसको प्रभावको कारण विश्वको अर्थतन्त्रमा सन् २०२० मा ३.३ प्रतिशतले संकुचन आएको छ। यसको प्रभाव नेपालमा पनि परेको छ। नेपाल एकतिर भूपरिवेष्ठिकताको पिडामा छँदैछ भने पछिल्लो समयमा आएको कोभिड-१९ महामारीको कारण अर्थतन्त्रमा समेत सङ्कुचन ल्याइदिएको छ। नेपालको अर्थतन्त्रको आकार सानो थियो नै अझै यसको प्रभावले बढी सङ्कुचित गराई दिएको छ। जसको कारणले सन् २०२० मा नेपालको कुल गार्हस्थ उत्पादनको आकार ३३.४७३ अर्ब अमेरिकी डलरमा सङ्कुचित बनाइ दिएको छ। (विश्व बैंक २०२१)

आर्थिक वर्ष २०२३/२४ मा आर्थिक बृद्धि ३.९ प्रतिशत छ, जहाँ कृषि क्षेत्रको योगदान २४.१ प्रतिशत र गैहकृषि क्षेत्रको ७५.९ प्रतिशत रहेको छ। नेपालको अर्थतन्त्रमा व्यापारको अंश ठुलो रहेको भएता पनि वैदेशिक व्यापार असन्तुलित छ। आर्थिक बर्ष २०२३/२४ मा कूल वैदेशिक व्यापार १७२४ अर्व रहेकोमा व्यापार घाटा १४४० अर्ब पुगेको छ। यो अंक अघिल्लो आ.व. को भन्दा बढी रहेको छ। यद्यपि भटमासको तेल, सिन्थेटिक यार्न, र ऊनी गलैंचा जस्ता वस्तुको निर्यातमा सुधार आएको छ भने आयत केही घटेको पनि छ। (आर्थिक सर्भे २०८०/८१)। यद्यपि, लगानीको अवस्था केही मात्रामा बढेको अनुमान छ।

विश्व बैंकका अनुसार कुल गार्हस्थ्य उत्पादनमा व्यापारको हिस्सा करिव ५४.९ प्रतिशत रहेको छ। यो अङ्कलाई हेर्दा नेपालको अर्थतन्त्रमा व्यापारिक क्षेत्रको योगदान अन्य क्षेत्रको तुलनामा अग्रभागमा रहेको देखिएता पनि वैदेशिक व्यापारको सन्तुलन भने बिग्रेको अवस्था छ। आ.व २०७९/८० को व्यापारको प्रवृत्तिलाई हेर्दा, कुल व्यापार करिव रू. १५ खर्बको हाराहारीमा पुगेको छ। यसमा आयात करिव १३ खर्ब र निर्यात १ खर्बको आसपास रहेको छ, जसले गर्दा व्यापार घाटा लगभग १२ खर्बको स्तरमा पुगेको छ। व्यापारको मेरूदण्डको रूपमा रहेको औद्योगिक क्षेत्रको कुल गार्हस्थ उत्पादन हिस्सा घट्दो क्रम छ। आ.व २०५६/५७ मा यो क्षेत्रको योगदान १६ प्रतिशत थियो भने आ.व २०७६/७७ मा आइपुग्दा यो घटेर १३.५ प्रतिशत मा सीमित हुन पुगेको छ। त्यसमा पनि उत्पादन क्षेत्रको योगदान १५ बाट पाँच प्रतिशतमा झरेको छ। सोही अवधिमा निर्यात परिणामा कुल गार्हस्थ उत्पादनको १३ प्रतिशत रहेकोमा यो घटेर तीन प्रतिशतमा आइपुगेको छ। त्यसैगरी

निर्यात तथा आयातको अनुपात आ.व २०५६/५७ मा २:२.३५ रहेकोमा आ.व २०७६/७७ मा आइपुग्दा बढेर १४.४ पुगेको छ। कुल व्यापारमा निर्यातको अंश ७.५५ प्रतिशत छ भने आयतको अंश ९२.४५ प्रतिशत रहेको छ।

भन्सार विभागको तथ्याङ्कअनुसार नेपालले आर्थिक वर्ष ०७७/७८ मा कुल १६ खर्ब ८० अर्ब रूपैयाँ बराबरको वैदेशिक व्यापार गरेको देखिन्छ। जसमा कुल आयातको हिस्सा रू.१५ खर्ब ३९ अर्बको हाराहारीमा रहँदा निर्यात रू.१४१ अर्ब हुन पुगेको थियो। यसरी यस आव ०७७/७८ मा नेपालको कुल व्यापार घाटा रू १३ खर्ब ९८ अर्ब रह्यो।

निर्यात व्यापारतर्फ आर्थिक वर्ष ०७६/७७ मा रू.१२ अर्ब ६९ करोड रूपैयाँ बराबरको मात्रै भटमासको तेल निर्यात गरेको नेपालले आव ०७७/७८ मा यसलाई झण्डै पाँच गुणाले बढाएको भन्सार विभागको विवरणमा देखिन्छ। आव ०७७/७८ मा नेपालबाट रू ५३ अर्ब ६५ करोड रूपैयाँभन्दा धेरै भटमासको प्रशोधित तेल निर्यात गरेको छ।

दोस्रो ठुलो निर्यातमा सिन्थेटिक यार्न (धागो) छ भने तेस्रोमा ऊनी गलैंचा छ। आव ०७६/७७ मा रू७ अर्ब १९ करोड भन्दा धेरैको धागो निर्यात भएकोमा ०७७/७८ मा उक्त निर्यात बढेर रू.८ अर्ब ३६ करोड हाराहारी पुगेको छ। यस्तै ०७६/७७ मा रू.६ अर्ब १५ करोडको निर्यात रहेको ऊनी गलैंचा ०७७/७८ मा रू.७ अर्ब २४ करोड पुगेको छ।

यस्तै अलैंची, रेडिमेड कपडा, जुट र यसबाट बनेका वस्तु, फलफूलको जुस क्रमशः निर्यात बढी मात्रामा हुने वस्तुहरूको सूचीमा रहेको छ। यस्तै कपडा, चिया र विभिन्न प्रकारका अन्य कपडाहरू नेपालबाट प्रमुख निर्यात हुने १० वस्तुको सूचीमा पर्दछ।

त्यसैगरी प्रमुख रूपमा आयत हुने वस्तुहरूमा डिजेल, एमएस ब्लेड, भटमासको कच्चा तेल, मोवाइल टेलिफोन, एलपी ग्यास, पट्रोल, रेडिमेट गार्मेन्ट, पोलिथिन दाना, चामल तथा सुन जस्ता प्रमुख रूपमा आयत गरिने वस्तुहरूको सूचीमा छ।

व्यापारको परिणाम गत विगतमा भन्दा बढ्नुपर्नेमा त्यो अवस्था पनि देखिँदैन। व्यापार घाटालाई न्यून गर्न पनि नेपालको निर्यात व्यापार प्रबर्द्धन गर्न आवश्यक छ। त्यसको लागि नेपाल र हङकङ बीचको व्यापार घाटा कम गर्न के कस्तो उपायको आवश्यक पर्दछ भनि यही क्षेत्रमा रही व्यापारिक गतिविधिमा गर्दै आएका व्यवसायीहरूको सहभागितामा समस्याको पहिचान गर्दा वास्तविक रूपमा समस्याको हल गर्न सकिने भएकोले सोहीअनुसार अध्ययन गरिएको छ। यस

अध्ययनबाट हङकङ सँगको वैदेशिक व्यापारमा देखिएका समस्या र समाधानको लागि चाल्नुपर्ने पहल कदमी समेतको जानकारी प्राप्त हुने अपेक्षा गरिएको छ।

४. अध्ययनको उद्देश्य

महावाणिज्य दूतावासको कार्यहरूमध्ये व्यापार तथा पारवहनमा सहजीकररण एक हो। यो महावाणिज्य दूतावासको स्थापनासँगै यस क्षेत्रमा विगतदेखि विभिन्न प्रयासहरू हुँदै आएको छ। तर व्यापार घाटामा कम गर्न सकिएको छैन। यसै सन्दर्भमा नेपाल र हङकङ बीचको व्यापारका मुख्य समस्याको पहिचान गर्ने र सोको समाधानको लागि सबन्धित निकायमा सुझाव पेश गर्ने उद्देश्यका साथ यो सर्वेक्षण गरिएको छ। यसका अन्य उद्देश्यहरू यस प्रकार रहेका छन्ः-

(क) नेपाली वस्तुको सम्भावना क्षेत्रको पहिचान गर्ने।
(ख) नेपाल र हङकङ बीचको व्यापारका समस्याको पहिचान गर्ने।
(ग) हङकङमा नेपाली उत्पादित वस्तुको मागको अवस्था पहिचान गर्ने।
(घ) नेपाल र हङकङ बीचको व्यापारका ढुवानी लागतको विश्लेषण गर्ने।
(ङ) व्यापार नीतिमा आवश्यक सुधारको लागि पृष्ठपोषण प्राप्त गर्ने।
(च) नेपाल र हङकङ बीचको व्यापार घाटा कम गर्नका लागि आवश्यक सुधारका लागि सुझाव प्राप्त गर्ने।

५. अध्ययनको विधि

१५ वटा प्रश्नहरू सहितको प्रश्नावलीको आधारमा सङ्कलित तथ्याङ्कलाई मूलतः वर्णनात्मक विधिको माध्यमद्वारा विश्लेषण गर्ने प्रयास गरिएको छ। यसको साथै पूर्व साहित्यको अध्ययन समेत गरिएको छ भने गुणात्मक विधिको माध्यमद्वारा विश्लेषण गर्ने प्रयास गरिएको छ।

तथ्याङ्क सङ्कलनको लागि मिति २०७७/१२/१ गतेदेखि २०७७/१२/३० गते सम्म हङकङमा रहेका आयात, निर्यात तथा नेपाली वस्तुहरूको खरिद बिक्रीमा संलग्न नेपाली व्यापारीहरूको प्रतिनिधित्व हुने गरी ७० जनाको बीचमा निर्धारित प्रश्नावली साथ विवरण सङ्कलन गरिएको थियो। यो अध्ययन नमूना सर्वेक्षण भएता पनि हङकङमा रहेका करिब ८० प्रतिशत नेपाली सामानहरू आयात निर्यातकर्ताको सहभागितामा नमूना सङ्कलन (Random sample method) विधिको आधारमा उत्तरदाताहरू छनौट गरिएको छ। सर्वेक्षणमा सहभागी भएका व्यवसायीहरूले दिएको उत्तरको आधारमा प्राप्त नतिजामा आधारित रही विषयगत विश्लेषण गरिएको छ।

सर्वेक्षणबाट प्राप्त नतिजालाई थप पुष्टिका लागि सेमिनार समेतको आयोजना

गरी नतिजाको प्रमाणीकरण गरिएको छ। यसको अतिरिक्त प्राथमिक सर्वेक्षणबाट आएको जनताको अभिमतलाई अन्यस्रोतबाट प्राप्त सूचना समेतको आधारमा थप पुष्टि गर्ने कोशिस गरिने छ।


६. नतिजा विश्लेषण

नमूना सर्वेक्षणबाट प्राप्त हुन आएको नतिजालाई मिति २०७८/२/८ गतेका दिन हङकङमा रहेका नेपाली व्यवसायीहरूको सहभागितामा गरिएको "व्यापार प्रबर्द्धनको चुनौती र सम्भावना" विषयक गोष्ठीबाट प्राप्त भएको सुझावहरू समेत समावेश गरी नतिजाको विश्लेषण गर्ने प्रयास गरिएको छ। व्यवसायीहरू बीचमा भएको उक्त सर्वेक्षणमा संलग्न व्यापारीहरूबाट प्राप्त जनमतलाई विश्लेषण गरी प्रतिवेदन तयार गरिएको छ।

क. हङकङमा गरिने व्यवसायका प्रकार

हङकङमा रहेका नेपाली व्यवसायीहरूले कस्ता प्रकारका व्यवसाय गर्दै आएका छन् भन्ने प्रश्नमा शत प्रतिशत उत्तरदाताहरूले सहभागिता जनाएका थिए। सर्वेक्षणबाट प्राप्त नतिजाअनुसार हङकङमा बस्ने नेपालीहरू विभिन्न १२ प्रकारको व्यवसायमा संलग्न रहेको पाइयो। ती व्यवसायहरूमा कलासँग सम्बन्धित-एक प्रतिशत, गार्मेन्टसँग सम्बन्धित-चार प्रतिशत, परामर्श सेवासँग सम्बन्धित- छ प्रतिशत निर्माण व्यवसाय (Construction) सँग सम्बन्धित- सात प्रतिशत, वित्तसँग सम्बन्धित- तीन प्रतिशत रहेको छ। साथै, खुद्रा बिक्री (ग्रोसरी) व्यवसायसँग सम्बन्धित-३१ प्रतिशत, आयात निर्यात व्यवसायसँग सम्बन्धित- नौप्रतिशत, ज्वलरी एक प्रतिशत, होटल तथा रेष्टुरेन्टसँग सम्बन्धित-१६ प्रतिशत, खाद्यान्न स्टोर-१६ प्रतिशत, ट्राभल एण्ड टुर- तीन प्रतिशत र होलसेल गर्ने व्यापारीहरू पाँच प्रतिशत रहेका छन् ।


(चित्र-१)



ख. बिक्री–वितरण गरिने वस्तुको प्रकार

हडकडमा रहेका नेपाली व्यवसायीहरूले कुन कुन वस्तुको व्यवसायहरू गर्दछन् भनी गरिएको सर्वेक्षणको प्राप्त नतिजाअनुसार नेपालमा उत्पादित वस्तुको नै बिक्री गर्ने गरेको पाइयो । नेपालमै उत्पादन भएको वस्तहरू १४ प्रतिशत बिक्री भएको देखिन्छ । केवल तीन प्रतिशत व्यवसायीले नेपालभन्दा बाहिर उत्पादन भएको वस्तुको व्यापार गर्ने गरेको पाइन्छ । दुवै प्रकारको वस्तुको व्यवसाय गर्ने व्यवसायीको संख्या ७१ प्रतिशत छ । बाँकी १२ प्रतिशत व्यवसायीहरू रहेको देखिन्छ । यस अवस्थाले हडकडमा बस्ने नेपाली व्यापारीहरूले गर्ने व्यापारमा नेपाली वस्तुहरूकै बाहुल्यता भएको देखिन्छ ।


(चित्र-२)



ग. व्यापारमा संलग्न व्यवसायीको कार्यावधि


अध्ययनमा हडकडमा रहेका व्यवसायीहरूले कहिलेदेखि नेपाली वस्तुहरूको व्यवसाय गर्दै आएका छन् भनेर सर्वेक्षणसमेत गरिएको थियो । प्राप्त नतिजा अनुसार ८७ प्रतिशत नेपाली व्यवसायीले तीन वा सोभन्दा बढी वर्षदेखि नेपाली सामानहरूको व्यावसाय गर्दै आएको पाइयो । त्यस्तै गरी एक वर्षभन्दा कम अवधिदेखि नेपाली सामानहरूको व्यवसाय गर्ने तीन प्रतिशत, दुई वर्षभन्दा कम अवधिदेखि नेपाली सामानहरूको व्यवसाय गर्ने आठ प्रतिशत तथा तीन वर्षभन्दा कम अवधि देखि नेपाली सामानहरूको व्यापार गर्ने व्यवसायी दुई प्रतिशत रहेका छन् । यसरी हेर्दा हडकडमा नेपालीहरू सन् १९९० पछिको दशकबाट आउन

थालेको र नेपालीहरू आएपश्चात नै केही नेपालीहरू व्यवसायमा लागेको देखिन्छ। (चित्र-३)



घ. हङकङमा व्यापार हुने नेपाली बस्तु

हङकङ गरिने नेपाली सामनाहरूको व्यापारमध्ये ४८ प्रतिशत सामानहरू ग्रोसरी तथा खाद्यान्न सम्बन्धित रहेको पाइयो। त्यसैगरी १६ प्रतिशत चिया तथा कफीजन्य वस्तुसँग सम्बन्धित व्यापार छन् भने १२ प्रतिशत हस्तकला (Handicraft) सँग सम्बन्धित छन्। आठ प्रतिशत हर्बल तथा हर्बलजन्य वस्तुको व्यापार गर्ने गरेको तथा सात प्रतिशत रेडिमेड वस्तुको व्यापार गर्ने गरेको पाइयो भने एक प्रतिशत ऊनीजन्य व्यवसाय गर्दछन्। अन्य प्रकारको वस्तु व्यापार गर्ने १२ प्रतिशत रहेका छन् (चित्र-४)।



ङ. हङकङमा नेपाली बस्तुको स्रोत

चित्र ५ मा देखाएझैं नेपाली उत्पादनका वस्तुहरू हङकङ बिक्री वितरण गर्दा व्यापारीहरूले नेपाली उत्पादन प्राप्त गर्ने स्रोतलाई हेर्दा ७२ प्रतिशतले आयातकर्ताबाट नै खरिद गर्ने गरेको देखियो भने २४ प्रतिशतले आफैले नेपालबाट सिधै आयात गरेको पाइयो। यस्तै, चार प्रतिशत व्यापारीले भने आफै पनि नेपालबाट सिधै ल्याउने र आयातकर्ताबाट पनि खरिद गर्ने दुवै तरिका अपनाउने गरेको देखिन्छ। समग्रमा आयातकर्ताले नेपाली उत्पादनका वस्तुहरू हङकङ ल्याउने र उनीहरूबाट नै यहाँ रहेका व्यापारीहरूलाई वितरण गर्ने गरेको देखिन्छ। तर त्यस्ता आयात तथा निर्यातकर्ताको संख्या न्यून रहेको छ र उनीहरूको कारोबारको परीक्षण पनि सानो आकारमा हुने गरेको छ। (चित्र-५)


Figure 5: Sources of Nepali Products



च. हङकङमा नेपाली बस्तुको मागको अवस्था

चित्र ६ मा देखाएझैं हङकङमा नेपाली वस्तुको माग त्यसमा पनि ग्रोसरीमा बिक्री गरिने वस्तुको बजार राम्रो भएको देखियो। कुल ३९ प्रतिशत व्यवसायीले ग्रोसरीका वस्तुको सामानहरूको बिक्री गर्ने गरेको देखिन्छ। त्यसैगरी चिया तथा कफीजन्य वस्तुको माग १७ प्रतिशत रहेका पाइयो भने हर्बलजन्य वस्तुको १६ प्रतिशत तथा १६ प्रतिशत नै ह्यान्डिक्राफ्टको बिक्री हुने गरेको देखिन्छ। ह्यान्डिक्राफ्टमा पनि हातले बनेको सिंगिङ बाउल, बुद्धको मुर्ति, गणेशको मुर्ति, रुवीका सामानहरू, थाङ्का जस्ता वस्तुको माग बढी छ भने ऊलन तथा रेडिमेड सामानको बजार भने नगन्य रहेको देखिन्छ। (चित्र-६)


Figure, 6: Demand of Nepali Products in HK



छ. निर्यात व्यापारका प्रमुख सवालहरू


नेपालबाट गरिने वस्तु व्यापारमा रहेका समस्याको विषयमा गरिएको सर्वेक्षण अनुसार नेपाली वस्तुहरूको अपर्याप्तता-२७ प्रतिशत, नराम्रो प्याकेजिङ र लेवलिङ्ग-२२ प्रतिशत, नेपाली वस्तुको कमजोर गुणस्तर-१६ प्रतिशत, प्रक्रियागत कठिनाइमा १५ प्रतिशत तथा विशेष सुविधाको कारणले सिर्जित समस्यामा छ प्रतिशतको जवाफ प्राप्त भयो। यसरी हेर्दा हङकङसँग निर्यात व्यापारमा देखिएका प्रमुख समस्याहरू भनेको नेपाली वस्तुको सहज उपलब्ध नहुनु नै हो। यसका साथै नेपाली वस्तुको प्याकेजिङ तथा ब्रान्डिङ गर्ने कार्य ठुलो समस्याको रूपमा रहेको देखियो। हङकङसम्मको यातायात रुटको सहजता नहुदा ढुवानी लागत बढ्ने गरेको छ भने अर्कातिर निर्यातमा रहेका प्रक्रियागत झन्झट पक्ष समस्याको रूपमा रहेको देखिन्छ (चित्र-७)।

Figure, 7: Major Trade Issues for export/ import trade



ज. हङकङमा नेपाली समानको बजार


अध्ययनको क्रममा हङकङमा नेपाली समान प्रतिस्पर्धी छ भन्ने व्यापारीको संख्या ५० प्रतिशत छन् भने ३७ प्रतिशतले अन्य देशको वस्तुको तुलनामा प्रतिस्पर्धी नभएको भन्ने जवाफ दिएका छन् । त्यसैगरी नौ प्रतिशत ले यस प्रश्नमा सहभागिता



नै जनाएनन् । यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने हङकङमा नेपाली वस्तुको माग रहेको भए पनि अन्य देशको वस्तुको तुलनामा मूल्य बढी पर्ने र सहज रूपमा उपलब्धता छैन भन्ने देखिन्छ (चित्र-८) ।

झ. व्यापार सञ्चालनका प्रक्रिया

चित्र ९ मा देखाएझैं नेपाली वस्तुको व्यापार तौरतरिका र प्रक्रियाको बारेमा गरिएको सर्वेक्षणमा ४९ प्रतिशत व्यापारीहरूले असन्तुष्टि जनाएका छन् भने ४५ प्रतिशत



व्यापारीले मात्र सन्तुष्टि जनाएका छन् भने बाँकी छ प्रतिशत व्यापारीले उत्तर नै दिएनन् । समग्रमा नेपालको विद्यमान व्यापारिक नीतिमा रहेको झन्झटिलो प्रावधान भएकै कारण बहुसङ्ख्यक व्यापारीहरू असन्तुष्ट देखिएका छन् (चित्र-९) ।

ञ. कलकत्ता नाकाबाट गरिने पारवाहनको अवस्था

हङकङ र नेपाल बीचको व्यापारिक नाका कोलकत्ता नाकामा आयात तथा निर्यातको लागि भएका प्रावधान तथा प्रक्रियाको सन्दर्भमा सोधिएको प्रश्नमा उक्त नाकाबाट सामान पास गर्दा धेरै समय लाग्ने गरेको पाइएको छ । सर्वेमा संलग्न ४६ प्रतिशत उत्तरदाताहरूले बढी समय लाग्ने गरेको हुँदा यो विषय समस्याको रूपमा रहेको भनेका छन् । यस्तै ४० प्रतिशत व्यापारीले सामान पास गर्न धेरै डकुमेन्ट चाहिने गरेको बताएका छन् भने १० प्रतिशत उत्तरदाताले आयात-निर्यात गर्ने क्रममा सजिलो नै रहेको भनेका छन् । तर दुई प्रतिशत ले व्यवसायीले कर्मचारीको अपुग भएको कारण कार्यसम्पादनमा असर पर्ने गरेको छ भन्ने अभिमत दिएका छन् ।

ट. व्यापार नीति

नेपालको वैदेशिक व्यापारको सन्दर्भमा बनेका व्यापार नीतिहरू कतिको व्यापारमैत्री छन् भनि गरिएको प्रश्न ४० प्रतिशत व्यापारीलाई व्यापार नीतिको बारेमा जानकारी नै नभएको पाइयो । यस्तै, ३५ प्रतिशत व्यापारीले नीति समग्रमा राम्रो छ तर कार्यान्वयनको पक्ष कमजोर छ भनेका छन् । यस्तैगरी १६ प्रतिशतले यस्ता नीति व्यापार प्रबर्द्धनमा सहयोगी रहेको र यसले व्यापार बढाउनमा प्रोत्साहित गर्दै आएको भनेका छन् । सर्वेमा संलग्न नौ प्रतिशत व्यापारीले नेपालको विद्यमान व्यापार नीति व्यापारमैत्री छैन भनेका छन् ।

ठ. सतहमार्गबाट ढुवानीको सम्भावना

नेपाल र हङकङ बीचको व्यापारमा रहेका विभिन्न समस्याहरूमध्ये कार्गो ढुवानी सेवा पनि एक हो । हवाई मार्गबाट समान आयात निर्यात गर्दा लागत बढी पर्न जाने र सतहबाट निर्यात गर्दा समय बढी लाग्ने गरेको सन्दर्भमा हवाई कार्गोलाई सतहबाट जाने गरी बनाउदा हुने असरका बारेमा पनि अध्ययनले समेटेको थियो । जसअनुसार ४२ प्रतिशत सहभागीहरूले हवाई मार्ग भन्दा पनि सतहबाट निर्यात गर्दा व्यापार बढ्न सक्ने बताए भने ३३ प्रतिशतले हवाई मार्ग नै उपयुक्त हुने भनेका छन् । त्यस्तैगरी २५ प्रतिशत व्यापारीले अनभिज्ञता व्यक्त गरेका छन् । समग्रमा सतह मार्ग र हवाई मार्ग दुवै तरिकाबाट नेपालबाट निर्यात हुँदै आएको र दुवै मार्ग निर्यातको लागि उपयोगी नै भएको देखिन्छ । तर पनि दुवै मार्गबाट ढुवानी गर्दा लागत बढी पर्ने गर्दा नेपाली उत्पादनका समानहरू अन्य देशको समानसँग

प्रतिस्पर्धा गर्न सकेको अवस्था छैन ।

ङ. पारवहनका समस्या

नेपाल र हङकङ बीचको पारवहनका समस्याहरूका बारेमा पनि अध्ययनमा समेटिएको थियो । सर्वेक्षणको नतिजा अनुसार सबैभन्दा बढी (२९ प्रतिशत) उत्तरदाताहरूले पारवाहन सुविधा (Transit Facility) मा समस्या देखिएको औंल्याएका छन् । यस्तै २७ प्रतिशत उत्तरदाताले हवाई मार्गबाट सानो आकारमा मात्र समान पठाउन सकिने कारणले यो समस्याको रूपमा रहन गयो भनेका छन् भने नेपाली उत्पादनको मात्रा कम भएकाले उत्पादित वस्तुहरूको सङ्कलन स्थानको उपलब्धता नै कम भयो भन्ने २५ प्रतिशत रहेका छन् । त्यसैगरी १९ प्रतिशत उत्तरदाताले ढुवानी कन्टेनरमा सबै समान मिसाएर पठाउन नपाउने प्रावधानलाई समस्याका रूपमा लिएका छन् ।

ढ. ढुवानी मूल्य घटाउने उपायहरू

कार्गोको खर्च घटाउन सकिने उपायहरूको बारेमा गरिएको प्रश्नअनुसार ४० प्रतिशतले कार्गोको लागत घटाउनका लागि सरकारले अनुदान दिनुपर्छ भनेका छन् । त्यसैगरी २३ प्रतिशतले ट्रान्जिट सुविधामा ध्यान दिनुपर्नेमा जोड छन् भने त्यति नै संख्याका उत्तरदाताले कार्गो प्वाइन्ट घटाउन सुझाव दिएका छन् । यसरी नै १४ प्रतिशतले निःशुल्क रूपमा कलेक्सन सेवा विस्तार गर्नुपर्ने बताएका छन् ।

ण. ढुवानीका रुटहरू, लाग्ने लागत र समय

नेपाली सामानहरूले हङकङमा बजार लिन नसक्नुको प्रमुख कारणमध्ये ढुवानी लागत पनि एक हो । ढुवानी लागत बढी भएकै कारण नेपाली सामानहरू पर्याप्त मात्रामा निकासी हुन सकेको छैन । नेपालबाट सामानहरू हङकङ निर्यातको लागि हाल केरुङ नाका, कोलकत्ता नाका, तातोपानी नाका तथा हवाई मार्ग समेत गरी चार वटा रुटहरू उपलब्ध रहेका छन् । लागत तथा समयको आधारमा गरिएको तुलनात्मक अध्ययन यस प्रकार छः

रुट नं १ तातोपानी नाका

नेपालको तातोपानीबाट ल्हासा हुँदै चीनको सतहमार्गको प्रयोग गर्दै गोन्जाओ/क्वान्चौ र अन्त्यमा हङकङसम्मको मार्गको प्रयोग गर्दा एक सीबीएम (CBM-Cubic Meter) समानको ढुवानी लागत काठमाडौंदेखि तातोपानीदेखि गोन्जाओ हुँदै हङकङसम्म रू. १०,५०० पर्दछ । यो रुटबाट समान पठाउदा करिब १५ देखि १८ दिन लाग्ने गरेको देखिन्छ ।

रुट नं २ केरुङ नाका

नेपालको रसुवागढीबाट केरुङ हुदै चीनको गोन्जाओ र अन्त्यमा हङकङसम्म जाने मार्गको प्रयोग गर्दा एक सि.वि.एम समानको ढुवानी लागत काठमाडौंदेखि केरुङदेखि गोन्जाओ हुँदै हङकङसम्म सामान ढुवानी गर्दा एक सि.वि.एम समानको रू.१०,००० देखि ११,००० पर्दछ। नेपालबाट हङकङसम्म सामान पुग्न करिब २५ देखि ३० दिन लाग्ने गरेको छ।

रुट नं ३ कोलकाता नाका

नेपालको पर्सा जिल्लाको वीरगन्ज हुदै कोलकाताबाट सिंगापुरको मार्गबाट गोन्जाओ र अन्त्यमा हङकङसम्म पुग्ने मार्गको प्रयोग गर्दा एक सि.वि.एम समानको ढुवानी लागत करिव रू.१५,००० देखि १७००० पर्दछ । यस रुटको प्रयोग गर्दा नेपालबाट हङकङसम्म सामान पुग्न करिब २० देखि २२ दिन लाग्ने गरेको पाइयो।

रुट नं ४ हवाई मार्ग

नेपालबाट हवाई मार्ग हुँदै सिधै काठमाडौदेखि हङकङसम्म समान निर्यात गर्दा प्रति केजी रू.५०० देखि ६०० लाग्दछ भने हङकङदेखि काठमाडौं सम्मको ढुवानी लागत करिव रू.९०० देखि ९५० सम्म छ। यो रुट सबैभन्दा छोटो हो। यस रुटबाट सामान ढुवानी गर्दा नेपालबाट एक दिनमा सामान हङकङ पुग्दछ (चित्र-१०)।




Fig-15

त. नेपालको निर्यात व्यापार बढाउने तरिका

सर्वेक्षणमा सहभागी ८८ प्रतिशत उत्तरदाताले नेपालको निर्यात व्यापार बढाउनको लागि वस्तुको गुणस्तर, शुद्धता, प्याकेजिङ तथा ब्राण्डिङ सवैको महत्वपूर्ण भूमिका भएको राय व्यक्त गरेका छन्। त्यसैगरी ३० प्रतिशतले वस्तुको गुणस्तरले मात्र प्रमुख खेल्ने गरेको बताएका छन् भने ३५ प्रतिशतले नै प्याकेजिङ तथा ब्राण्डिङले मात्र भूमिका भएको उल्लेख गरेका छन्। यस्तै, २० प्रतिशतले नै वस्तुको स्वास्थ्यतामा सुधार गर्नुपर्ने छ भने १५ प्रतिशतले नेपाली वस्तुको प्रकार वा विविधतामा विस्तार गरिनु पर्ने औंल्याएका छन्। यो सवै पक्ष नेपालको निर्यात व्यापारको लागि महत्वपूर्ण देखिन्छ।

समग्रमा नेपाल र हङकङ बीचको व्यापार बढाउनका लागि नेपाली वस्तुको गुणस्तरमा सुधार गर्नुपर्ने देखिन्छ। यसको साथै वस्तुको शुद्धता र स्वस्थ्यतामा सुधारको त्यतिकै खाँचो छ। त्यसैगरी प्याकेजिङ तथा ब्राण्डिङमा समेत सुधार गरी निर्यात बढाउनुपर्ने अर्को महत्वपूर्ण पक्ष हो।

थ. हङकङमा नेपाली तथा भारतीय वस्तुको मूल्य तुलना

हङकङमा बिक्री हुने नेपाली र भारतीय सात वटा वस्तुहरूको वजार मूल्यको बारेमा पनि अध्ययनमा समावेश गरिएको छ। नेपाल उत्पादित दाल, राजमा, आलु, प्याज, चिउरा, वाईवाई चाउचाउ र चियाको मूल्य भारतमा उत्पादित भारतीय सोही वस्तुहरूको बिक्री मूल्य तुलना गर्दा क्रमशः ७५, ६२, ५०, ३३, ३३, ३७ तथा १० प्रतिशत महँगो रहेको देखियो। समग्रमा नेपाली वस्तुको औसत मूल्य भारतीय वस्तुको भन्दा ४० प्रतिशत बढी पर्ने गरेको देखियो। यो अवस्थाले नेपाली वस्तुले भारतीय वस्तुसँग प्रतिस्पर्धा गर्न कठिन रहेको देखिन्छ (तालिका १)। नेपाली उत्पादन कोलकाता हुँदै आउने र कोलकाता देखि काठमाडौसम्मको सतह मार्गको दुरी १४०० कि.मि छ। नेपाली बस्तुको ढुवानी लागत भारतीय वस्तुको भन्दा बढी पर्नाले नेपाली उत्पादनका वस्तुहरूको मूल्य भारतीय वस्तुको मूल्यको तुलनामा बढी पर्ने गरेको हो। यसो हुँदा हङकङमा बिक्री हुने नेपाली उत्पादनका वस्तुहरूको परिमाण कमी रहेको छ।

तालिका नं १

हङकङमा बिक्री हुने नेपाली तथा भारतीय वस्तुको तुलनात्मक मूल्य सूची

(मूल्य हङकङ डलर)

क्र. स.	सामाग्री	भारतीय-प्रति केजी	नेपाली-प्रति केजी	बढेको मूल्य प्रतिशतमा
१	दाल	२०	३५	७५
२	राजमा	२५	४०	६२.५

३	आलु	१५	३०	५०
४	प्याज	२०	३०	३३
५	चिउरा	३०	३५	१६
६	चाउचाउ ३० प्याकेट प्रति कार्टुन	८०	११०	३७.५
७	चिया- प्रति केजी	१००	११०	१०
			औसत बढी मूल्य प्रतिशत:	४०

७. निष्कर्ष तथा सुझावहरू

७.१. निष्कर्ष

अध्ययनमा प्राप्त अभिमत तथा सेमिनारबाट प्राप्त सुझावहरू समेतको आधारमा गरिएको विश्लेषणबाट मूलतः निम्नलिखित निष्कर्ष निकाल्न सकिन्छः

(क) हङकङमा बस्ने नेपालीहरू विभिन्न १२ प्रकारको व्यवसायमा संलग्न छन् । ती व्यवसायहरूमध्ये ठुला व्यावसायीको रूपमा ग्रोसरी व्यावसायी, रेष्टुरेन्टसँग सम्बन्धित व्यावसायी तथा खाद्यान्न स्टोर सम्बन्धित व्यावसायी प्रमुख रहेका छन् ।

(ख) हङकङमा रहेका अधिकांश नेपाली व्यावसायीहरूले नेपालमा उत्पादित वस्तु नै बिक्री गर्ने गरेका छन् । तर केही व्यवसायीले नेपालभन्दा बाहिर उत्पादन भएका वस्तुको पनि व्यापार गर्ने गरेका छन् । नेपाल र नेपाल बाहिर दुवै प्रकारको वस्तुको व्यवसाय गर्ने व्यवसायीको संख्या नेपालको मात्र वस्तुको व्यापार गर्नेको तुलनामा बढी छ । यस अवस्थाले हङकङमा बस्ने नेपाली व्यापारीहरूले गर्ने व्यापारमा नेपाली वस्तुहरूकै बाहुल्यता भएको भन्ने देखिन्छ ।

(ग) हङकङमा रहेका व्यावसायीहरूले तीन वर्षभन्दा लामो समयदेखि व्यावसाय गर्दै आएको पाइयो । यसरी हेर्दा हङकङमा नेपालीहरू सन् १९९० पछिको दशकबाट आउन थालेको र नेपालीहरू आएपश्चात नै केही नेपालीहरू व्यावसायमा लागेको देखिन्छ ।

(घ) हङकङ गरिने नेपाली समानाहरूको व्यापारमध्ये ग्रोसरी तथा खाद्यान्न सम्बन्धि वस्तहरूको व्यापार हुने गरेको पाइयो । यो तथ्यले हङकङमा ग्रोसरीका वस्तुहरू, रेष्टुरेण्टमा प्रयोग हुने पेय पदार्थहरू जस्तो खुकुरी रम तथा खाद्यान्नमा दाल, दालमोट, चाउचाउ, नून, मसला, तरकारी र कस्मेटिक्सका समानहरूको खपत अन्य वस्तुको तुलनामा बढी भएको पाइयो । त्यसकारण यस्ता समानहरूको माग पनि बढी भएको देखिन्छ ।

त्यसैगरी हस्तकलाका समानाहरू (Handicrafts) मा नेपाली खुकुरी, बुद्धका मूर्ति, थाङ्का, ढलोटका मूर्तिहरू तथा अन्य उपहार तथा सजावट (Souvenir) का सामानहरूको माग बढी रहेको देखिन्छ।

(ङ) नेपाली उत्पादनका वस्तुहरू हङकङ बिक्री वितरण गर्दा व्यापारीहरूले नेपाली उत्पादन प्राप्त गर्ने स्रोत आयातकर्ताबाट नै खरिद गर्ने गरेको देखियो भने केहीले आफै नेपालबाट सिधै आयत गरेको पाइयो। समग्रमा आयातकर्ताले नेपाली उत्पादनका वस्तुहरू हङकङ ल्याउने र उनीहरूबाट नै यहाँ रहेका व्यापारीहरूलाई वितरण गर्ने गरेको देखिन्छ। तर त्यस्ता आयात तथा निर्यातकर्ताको संख्या न्यून रहेको र उनीहरूको कारोबारको परीक्षण पनि सानो आकारमा हुने गरेको छ।

(च) नेपालबाट गरिने वस्तु व्यापारमा रहेका समस्या हेर्दा हङकङसँग निर्यात व्यापारमा देखिएका प्रमुख समस्याहरू भनेको नेपाली वस्तुको सहज उपलब्धता नहुनु नै हो। यसका साथै नेपाली वस्तुको प्याकेजिङ तथा ब्राण्डिङ गर्न नसक्नु थप समस्या छ। हङकङसम्मको ढुवानी रुट सहज नहुँदा ढुवानी लागत बढ्ने गरेको छ भने अर्कातिर निर्यातमा रहेका प्रक्रियागत झन्झट अर्को समस्याको रूपमा रहेको देखिन्छ।

(छ) अध्ययनको क्रममा हङकङमा नेपाली समान प्रतिस्पर्धी छ। यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने हङकङमा नेपाली वस्तुको माग रहेको तर अन्य देशको वस्तुको तुलनामा मूल्य बढी पर्ने र सहज रूपमा यसको उपलब्धता हुन नसकेको देखियो।

(ज) नेपाली वस्तुको व्यापार तौरतरिका र प्रक्रियाको बारेमा व्यापारीहरू नै सन्तुष्ट रहेका छैनन्। समग्रमा नेपालको विद्यमान व्यापार नीतिमा रहेको झन्झटिलो प्रावधानकै कारण बहुसंख्यक व्यापारीहरू असन्तुष्ट रहेको पाइयो।

(झ) नेपालबाट हङकङ निर्यातको लागि उपलब्ध सतह मार्गमध्ये छिटोछरितो मार्ग भनेको कोलकत्ता भएता पनि निर्यातयोग्य समान छुटाउन नै बढी समय लाग्ने अध्ययनले देखाएको छ। यस मार्गबाट निर्यात गर्दा यसका लागि चाहिने कागजपत्रको संख्या धेरै भएकाले व्यापार गर्ने कार्य कठिन भएको बताएका छन्। कोलकातामा समान छुटाउनको लागि धेरै समय लाग्ने गरेकै कारण लागत बढी नेपालको निर्यात व्यापार कम भएको देखियो। नेपालदेखि कोलकातासम्म नेपाली उत्पादन ढुवानी गर्दा लाग्ने खर्च बढी पर्नाले नेपाली उत्पादनमा हङकङमा महँगो पर्ने गरेको छ।

(ञ) नेपालको वैदेशिकव्यापारको सन्दर्भमा बनेका व्यापार नीतिहरू व्यापारमैत्री

नभएको उल्लेख गरेका छन् । यसको साथै निर्यात बढाउनका लागि नेपालको निर्यात नीति नै व्यावसायीहरूको पक्षमा छैन । यहाँ रहेका निर्यातमा संलग्न ३५ प्रतिशत व्यापारीले यो महशुस गरेका छन् । नीतिको कार्यान्वयन पक्ष कमजोर रहेको औँल्याएका छन् ।

(ट) नेपाल र हङकङ बीचको व्यापारको विभिन्न समस्याहरूमध्ये यातायात सेवा पनि एक हो । हवाई मार्गबाट समान आयात-निर्यात गर्दा लागत बढी पर्न जाने र सतहबाट निर्यात गर्दा समय बढी लाग्ने गरेको सन्दर्भमा हवाई कार्गोलाई सतहबाट जाने गरी बनाउँदा व्यापार बढन् सक्ने औल्याएका छन् । समग्रमा सतह मार्ग र हवाई मार्ग दुवै तरिकाबाट निर्यात हुँदै आएको र दुवै मार्ग निर्यातको लागि उपयोगी नै भएको देखिन्छ । तर पनि दुवै मार्गबाट ढुवानी गर्दा लागत बढी पर्ने गर्दा नेपाली उत्पादनका सामानहरू अन्य देशको सामानसँग प्रतिस्पर्धा गर्न सकेको अवस्था छैन ।

(ठ) हङकङसँगको पारवहनका समस्याहरूका बारेमा उत्तरदाताहरूले पारवाहन सुविधा (Transit Facility) मा समस्या देखिएको औंल्याएका छन । हवाई मार्गबाट सानो आकारमा मात्र सामान पठाउन सकिने कारणले यो समस्याको रूपमा रहन गयो भनेका छन् । नेपाल उत्पादित वस्तुहरूको सङ्कलन स्थानको उपलब्धता नै कम भयो । ढुवानी कन्टेनरमा सब समान मिसाएर पठाउन नपाउने प्रावधानले समस्या समस्या सिर्जना गरेको पाइयो ।

(ड) कार्गोको खर्च घटाउनको लागि सरकारले अनुदान दिएर भए पनि व्यापारलाई बढाउन पर्ने औल्याएका छन् । त्यसैगरी ट्रान्जिट सुविधामा ध्यान दिँदै कार्गो कलेक्सन सेवा विस्तार गरेर लागत घटाउन सकिने देखियो ।

(ढ) नेपाल र हङकङ बीच समानको आयात तथा निर्यात गर्दा मूलतः चार वटा रुटहरूको प्रयोग गर्ने गरिएको छ । उक्त रुटमध्ये कोलकाताको रुट लागतको हिसाबले बढी किफायति देखिन्छ तर समय भने बढी लाग्ने गरेको छ भने अर्कातर्फ हवाई माग अन्य रुटमा लाग्ने समयको हिसाबले किफायति भएता पनि लागत बढी लाग्ने गरेको पाइयो ।

(ण) नेपालको निर्यात व्यापार बढाउनको लागि वस्तुको गुणस्तर, शुद्धता तथा प्याकेजिङ तथा ब्राण्डिङ सबैको महत्वपूर्ण भूमिका छ । समग्रमा नेपाल र हङकङ बीचको व्यापार बढाउनका लागि नेपाली वस्तुको गुणस्तरमा सुधार गर्नुपर्ने देखिन्छ । यसको साथै वस्तुको शुद्धता र स्वस्थ्यतामा सुधारको त्यतिकै खाँचो छ । त्यसैगरी प्याकेजिङ तथा ब्राण्डिङमा समेत सुधार गरी निर्यात बढाउन सकिने देखियो ।

(त) नेपालमा उत्पादन भएर हङकङमा बिक्री हुने भारतीय र नेपाली सात वटा वस्तुहरूको बजार अध्ययन गर्दा नेपालमा उत्पादित दाल, राजमा, आलु, प्याज, चिउरा, वाईवाई चाउचाउ र चियाको मूल्य भारतमा उत्पादित सोही समानको तुलनमा क्रमशः ७५, ६२, ५०, ३३, ३३, ३७ तथा १० प्रतिशत महँगो रहेको पाइयो। समग्रमा नेपाली वस्तुको औसत मूल्य भारतीय सामानको भन्दा ४० प्रतिशत बढी पर्ने गरेको छ। जसले गर्दा नेपाली वस्तुले भारतीय वस्तुसँग प्रतिस्पर्धा गर्न सकेको देखिएन। भारतीय वस्तुको तुलनामा नेपाली वस्तुको गुणस्तर, प्याकेजिङ तथा ब्राण्डिङमा कमजोर रहेको पाइयो। नेपाली सामानको ढुवानी लागत समेत बढी पर्नाले नेपाली वस्तुको खपत आशा गरेअनुसार हुन सकेको छैन। साथै नेपाली उत्पादनको अन्तर्राष्ट्रिय स्तरमा समेत विज्ञापन नहुने हुँदा नेपाली उत्पादनको उपभोक्ता नेपाली मात्रमा सीमित भएको पाइयो।

(थ) व्यापार सेमिनारमा प्राप्त सुझावलाई आधार मान्दा नेपालको व्यापार नीति तथा कर छुटका प्रावधानहरू व्यवहारिक नभएको, भन्सारका दरहरू उच्च रहेकोले भन्सार छल्नका लागि व्यापारीले खरिद मूल्य भन्दा कम मूल्यको बिजक जारी गरेर भन्सार छल्ने गरेको भन्ने व्यावसायीहरूको धारण पाइयो। त्यसको साथै सरकारले व्यक्तिगत प्रयोजनका लागि प्रदान गरेको भन्सार छुटका प्रावधान अन्तर्गतको नाममा भन्सार छलि हुने गरेको पाइयो। व्यापारीले हवाई मार्गबाट सामान पठाउँदा प्रत्येक नेपाली यात्रुहरूलाई सुविधा अनुसारको समान बोकाएर नेपाल पठाउने र नेपाल पुगेर व्यापारीले नै सङ्कलन गरेर बिक्री गर्ने गरेको पाइयो। विशेषतः हङकङबाट नेपाल पठाउने समानहरूमा घडी, मोबाइल, क्यामरा, सुन, तथा इलोक्ट्रोनिक्स समानहरू बढी हुने गरेको देखिन्छ। यसरी व्यक्तिलाई दिइएको सुविधाको गलत प्रयोग गरेर गैर कानूनी ढंगबाट राजस्व छलि हुने गरेको पाइयो।

७.२. सुझाव

नेपाल र हङकङ बीचको व्यापारको सम्बन्धमा गरिएको अध्ययनबाट प्राप्त निष्कर्ष समेतको आधारमा व्यापारलाई सहजीकरण गर्न र भविष्यमा नेपालको निर्यात व्यापार बढाई व्यापार घाटा कम गर्नका लागि तपसिल बमोजिमको कार्य गर्नुपर्ने देखिन्छ :

(क) नेपाल र चीनसँग व्यापार, लगानी र सेवाहरूमा द्विपक्षीय सम्झौता गर्दा हङकङको विषय समेत स्पष्ट खुलाई गर्नुपर्ने।

(ख) व्यापारका लागि वार्ता गर्दा वार्ताकारमा वार्ताको सीप तथा ज्ञानको कमीकै कारण त्यस्ता वार्ता नेपालको पक्षमा हुने नगरेको सन्दर्भमा सक्षम

जनशक्तिको विकासमा ध्यान दिनुपर्ने ।

(ग) नेपालको वस्तुको बजार हङकङमा रहेको भएता पनि पर्याप्त मात्रामा र नियमित रूपमा पाउन नसकेको हुँदा त्यसलाई सहज र नियमित रूपमा उपलब्ध गराउनु पर्छ ।

(घ) नेपाली उत्पादन राम्रो हुँदाहुँदै पनि प्याकेजिङ कमजोर भएकोले बजारमा स्थान पाउन सकेको छैनन । यस्तो अवस्थामा नेपाली उत्पादनलाई हङकङमा बढीभन्दा बढी बिक्री गर्नका लागि नेपाली वस्तुको प्याकेजिङमा सुधार गरी आकर्षक बनाउनु पर्ने देखिन्छ ।

(ङ) नेपाली वस्तुको ब्राण्डिङ गर्न सकिएको छैन । यस्तो अवस्थामा नेपाली उत्पादनलाई हङकङमा बढीभन्दा बढी बिक्री गर्नका लागि नेपाली वस्तुको ब्राण्डिङमा विशेष ध्यान दिनु पर्दछ ।

(च) नेपालमा उत्पादित वस्तुहरू हङकङसम्म ढुवानी गर्ने छोटो रुटको साधन हवाई मार्ग हो तर सामानहरूको हवाई भाडा महँगो भएको हुनाले अन्य देशमा उत्पादित वस्तुहरूसँग प्रतिस्पर्धा गर्न सकिरहेको छैनन् । तसर्थ नेपाली वस्तुलाई प्रतिस्पर्धी बनाउनको लागि हवाई भाडामा सहुलियत दिनुपर्ने देखिन्छ । त्यसको लागि दैनिक नेपालबाट सामान ढुवानीको लागि कार्गो उडानको सुरुवात गर्नुपर्ने देखिन्छ ।

(छ) नेपाली वस्तु निर्यात गर्ने सतही मार्गमा भारतको कोलकाता बन्दरगाह पनि एक हो । यो पोर्टमा सामान निर्यात गर्ने कार्यमा बढी डकुमेन्ट र म्यानुयल कार्य प्रणालीले सेवा ढिला हुन गएको छ । यो पोर्टका अधिकांश प्रक्रियालाई सूचना प्रविधि (Information Technology) को प्रयोग गरी प्रक्रियाको समय घटाउँदै निर्यात सहजीकरण गरिनु पर्दछ ।

(ज) नेपालको हङकङसँगको व्यापारमा निर्यातयोग्य वस्तुहरूको बास्केटमा रहेका सूची नै कमी छ । त्यस कारण पनि नेपालीले नयाँ नयाँ वस्तुहरूजस्तो अर्गानिक वस्तुको निर्यात हङकङमा गर्नुपर्ने देखिन्छ । त्यसको साथै दैनिक नेपालबाट समान ढुवानीको लागि कार्गो उडान गर्नु पर्छ ।

(ज) हङकङमा व्यापार हुने किराना (Grocery) जस्ताका वस्तुहरूले भारतिय वस्तुसँग मूल्य प्रतिस्पर्धा गर्न नसक्ने अवस्था भएकोले त्यसतर्फ ध्यान जानुपर्दछ । नेपालको हङकङसँगको व्यापारमा कम तौल बढी मूल्य पर्ने (Low volume high price) नेपाली वस्तुहरूलाई बढावा दिनुपर्ने देखिन्छ । निर्यातमा नगदमा अनुदानसम्बन्धी व्यवस्थाको कार्यान्वयनपश्चात जडिबुटी, अलैंची, चिया, उनी गलैंचा, पश्मिना, जुट र जुटका सामान, तयारी पोशाक आदिले निर्यातमा सकारात्मक योगदान पुऱ्याएको भएता

पनि हङकङसँगको व्यापारमा उल्लेखनीय योगदान देखिदैन । यसतर्फ ध्यान जानुपर्ने देखिन्छ ।

(झ) व्यापार सेमिनारमा प्राप्त सुझावलाई आधारमा त्रिभुवन एयरपोर्टमा एयर कार्गोबाहेक यात्रुले बोक्ने समान सम्बन्धित यात्रुको नाममा बिलबिजक जारी भए नभएको कडाईपूर्वक चेकजाँच गर्ने र सम्बन्धित यात्रुको नाममा बिलबीजक जारी नभएको वस्तुहरू यात्रुहरूले बोकेको पाइएमा त्यस्ता वस्तुहरू जपत गरी कडा कारवाही गरिनु पर्दछ । यसो गर्दा राज्यको कानुन मानेर व्यापार गर्ने व्यापारी वर्गलाई थप प्रोत्साहन मिल्ने र राजस्व असुलीमा समेत सहयोग पुग्नेछ ।

(ञ) उपरोक्त बमोजिमका सुझावहरूलाई कार्यान्वयन गर्न सकिएको खण्डमा नेपालको हङकङसँगको व्यापारिक घाटा घटाउन सकिने सम्भावना छ ।

सन्दर्भ सामाग्री

Department of Customs. (2075/76). *Annual trade statistics*.

DSAL. (n.d.). *Macao Yearbook*. Retrieved on November 15, 2024, from https://www.dsal.gov.mo

नेपाल राष्ट्र बैक । (२०७६) नेपाल वैदेशिक व्यापार प्रवर्द्धन । काठमाडौ ।

Hammer, M. (1993). Reengineering work: Do not automate or obliterate. *Harvard Business Review, 71*(4), 104-112.

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति । (२०७५)। मन्त्रालय निर्यात नगद अनुदान प्रदान गर्नेसम्बन्धी कार्यविधि । काठमाण्डौ ।

Ministry of Finance of Nepal. (2077/78). *Economic survey*. Retrieved on October 11, 2024, from www.mof.gov.np

Ministry of Foreign Affairs. (2018-2019). *Special report on Nepal's foreign affairs*. Government of Nepal.

Ministry of Foreign Affairs. (n.d.). *Government of Nepal*. Retrieved on December 10, 2024, from https://www.mofa.gov.np

Nepal Rastra Bank. (2020). *Current macroeconomic and financial situation of Nepal*. Retrieved on November 15, 2024, from www.nrb.org.np

Trade and Export Promotion Center. (2020). *Government of Nepal*. Retrieved on November 15, 2024, from www.tepc.gov.np

नेपालको अर्थतन्त्रका प्रमुख क्षेत्रहरूमार्फत उद्योग, वाणिज्य तथा नवप्रवर्तनको सम्भावना



✍ यज्ञ प्रसाद ढकाल

लेखासार

देशको अर्थतन्त्रको विकास गर्न देशमा उपलब्ध प्राकृतिक स्रोत एवं अन्य साधनको पहिचान गरी नवप्रवर्तनका प्राथमिकीकरण गर्नु र मानवीय जिवनको गुणस्तर विकास नै आगामी नेपाली समाजमा उद्योग, वाणिज्य एवं नवप्रवर्तनको मुख्य स्रोत हो। सूचना प्रविधिको विकास र विस्तार, हवाइ एवं अन्य यातायात सेवाको विस्तारजस्ता आधुनिक विकासले नवप्रवर्तनको उच्च प्रयोग भएको छ। नेपालमा युवा जनशक्तिको वाहुल्यता भएकाले उचित शिक्षा तालिम, सीप, नयाँ खोज अनुसन्धानतर्फ जोड्नु नै सरकारको योजना हुनु पर्दछ। युवा जनशक्तिलाई नविन शिक्षा र तालिम दिने र विदेशभन्दा स्वदेशमा रोजगारीको प्रतिवद्धता हुने र युवा विदेश पलायन रोक्न नेपालका आर्थिक क्षेत्रहरूका पहिचान गरी नवप्रवर्तनमुखी वातावरण बनाउनु नै अर्थतन्त्रको विकासको सहि पथ हो। प्राकृतिक स्रोतको उपयोग प्रविधिको प्रयोग संस्थागत विकास वजार एवं व्यवसायको परिपक्ता उद्यमशिल वातावरण लगानीको वातावरण हुनु नै उद्योग व्यापार एवं नवप्रवर्तनको आधार हो।


१. परिचय

नवप्रवर्तन भन्नाले देशले अर्थतन्त्रको नयाँ आयामहरूको खोज अनुसन्धानमार्फत नवीन कार्यमा जोड दिएको हुन्छ। समाजको नयाँ परिवर्तन विकास नागरिक वा

✍ *उपमहालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय*

युवाहरू नवप्रवर्तनको जननी हुन भन्ने मान्यता पनि रहेको छ। उपलब्ध स्रोत साधनको नयाँ प्रयोग अभ्यासमार्फत नयाँ ज्ञान, सोच, तालिम, उत्पादन, व्यापार, शिक्षा, स्वास्थ्य, प्रविधिको प्रयोगमा जोड दिई रोजगारी, आय विकास र समृद्धिको बाटोमा जान नयाँ आयामको रुप लिन्छ। मानौं मोबाइल फोन विकास हुँदा समाज मानव जिवन तथा अर्थतन्त्रका परेको सकरात्मक प्रभाव एक सफल उदाहरण हो। जुन उद्योग, व्यापार, रोजगारीको स्रोत हो भने देशको लागि अर्थतन्त्र निर्माण एव विकास हुने औजार समेत हो। अन्तर्राष्ट्रिय वौद्धिक संगठनले उद्यमशीलता विकासका आधारमा समाजमा संस्थागत विकास, मानव पूँजी र अनुसन्धान, पूर्वाधार, बजारको परिपक्ता, व्यवसायिक परिपक्ता, वैज्ञानिक उत्पादन तथा सिर्जनशिल कामहरूको उत्पादन जस्ता मुख्य ७ वटा विषयहरू र यी ७ अन्तगत करिव २१ वटा सहायक विषयहरू रहेका छन्।

संस्थागत क्षमता विकासतर्फ राजनैतिक पक्ष सरकारको नियमन तथा निजी लगानी र व्यवसायिक वातावरणका आधारमा उद्योग, व्यापार तथा नवप्रवर्तनमा जोड दिएको छ। मानव पूँजी तथा अनुसन्धान कार्यतर्फ शिक्षा, अनौपचारिक शिक्षा, अध्ययन, अनुसन्धान एव खोज जस्ता विषयहरूमा मुख्य जोड दिई उद्योग, व्यापार तथा नवप्रवर्तनमा अगाडि वढ्ने पहल गरेको हुन्छ। पूर्वाधारतर्फ सूचना प्रविधिको विकास, उर्जा तथा सामान्य पूर्वाधारहरूको विकास गरी उद्योग, व्यापार तथा नवप्रवर्तनमा सरकार अगाडि बढेको हुन्छ। बजारको परिपक्तातर्फ मुख्य आधारहरूमा ऋण, लगानी, व्यापार र प्रतिस्पर्धाको अवस्थाबाट उद्योग, व्यापार तथा नवप्रवर्तनमा जोड दिने सरकारको सोच यकिन हुनु पर्दछ। व्यवसायिक परिपक्तातर्फ ज्ञानमा आधारित काम,



नवप्रवर्तनको सहसम्वन्ध, ज्ञानको अधिकतम प्रयोगबाट नयाँ क्षेत्रहरूको पहिचान र विस्तार जस्ता काममा पहल भइरहन्छ। वैज्ञानिक उत्पादनतर्फ ज्ञानको सिर्जना वा विकास पयोग र प्रभाव तथा नयाँ ज्ञानबाट पुरानो ज्ञानको विनासमार्फत नवप्रवर्तनमा जोड दिने हुन्छ। सिर्जनशील उत्पादनअन्तर्गत नयाँ वस्तु र सेवाहरू अनलाइन सेवा तथा छुन र देख्न नसकिने सेवाहरूको विस्तारबाट नयाँ उत्पादन सम्भव हुन्छ।

नेपालको क्षेत्रफल १४७१८१ वर्ग कि.मि. तथा जनसंख्या करिव ३ करोड रहे पनि प्रतिव्यक्ति तथा राष्ट्रिय आम्दानी करिव १५०० अमेरिकी डलर रहेको छ। यद्यपि नेपालको विविधता र अनेकताका कारण नेपालमा उद्योग, वाणिज्य एवं नवप्रवर्तनमैत्री वातावरणका लागि नेपाल उर्वर र विविध सम्भावना रहेको क्षेत्र हो। विश्वव्यापी तथ्याङकमा नेपालको मापन कमजोर भए पनि नेपालको सामाजिक आर्थिक वातावरण सवल बनाउन उद्योग, वाणिज्य तथा नवप्रवर्तनका लागि उपयुक्त रहेको छ। नेपालको जनसंख्याको करिव ५५ प्रतिशत जनसंख्या युवा रहेकोले नेपालको अर्थतन्त्र विकासको अनेकन सम्भावना रहेको अवस्थालाई लाभ समय मान्न सकिन्छ। यसको भरपूर सदुपयोग गरेर आर्थिक गतिविधिहरू बढाउनु नागरिक, सरकार, निजी क्षेत्र तथा अन्य सम्वन्धित पक्षहरूको सहकार्य, समन्वय र सहयोगी वातावरण पहिलो शर्त हुने हुन्छ। युवा जनशक्तिलाई अगाडि बढाएर नयाँ पुस्ताको नवीन सोच र पुराना पुस्ताको अनुभवबिच साझेदारी गरी नवप्रवर्तन कार्यमा जोड दिएमा अर्थतन्त्रको सुधार र विकासको आधार मान्न सकिन्छ।

आ.व. २०८२/८३ सम्ममा नेपालको आर्थिक विकासको प्रमुख क्षेत्रहरूमा कुल गार्हस्थ्य संरचना करिव ६६ खर्बको रहेको छ। कृषि क्षेत्र २४ र गैर कृषि क्षेत्र ७६ प्रतिशत रहेको छ, जुन कृषि क्षेत्रमा आश्रित जनसंख्या करिव ६० प्रतिशत हुँदा उत्पाकत्व अति न्यून कृषितर्फ रहनु अर्थतन्त्र र जनसंख्याबिच कमजोर अवस्था वा कम सम्बन्ध वा असन्तुलन मान्न सकिन्छ। यसको लागि मानव पूँजी वा संशाधनमा नै लगानी गर्ने नीति अख्तियार गरी वा प्रमुख सुधारबाट नै उद्योग, व्यापार एवं नवप्रवर्तनको विकास गर्न सकिन्छ।

मानव पूँजी विकास गर्न प्राविधिक शिक्षा ज्ञान, सीप, क्षमता विकास तालिम विस्तार उमेर समूहको तालिम र रोजगारी तथा स्वरोजगारीको अवधारणा विकास एव विस्तार गर्नु पर्दछ। रोजगारी र स्वरोजगारी सिर्जना मार्फत नेपालको अर्थतन्त्रको आकार वढाउन तथा नवपर्वतन खोजी गरी समस्याहरू मध्ये प्रमुख मान्न सकिन्छ। २०७८ को जनगणना अनुसार करिव २९१ लाख जनसंख्यालाई आधार मान्दा GDP को आकार अति सानो र सिमित क्षेत्रमा परम्परागत अर्थतन्त्र वनेको पाइन्छ यसको आधुनिक संरचनात्मक सुधार अवको प्रमुख कार्य मान्न सकिन्छ।

आ व २०८२।८३ को जेठमा जारी आर्थिक सर्वेक्षणमा कुल ग्राहस्थ उत्पादनमा कृषि २४.४६ उद्योग १३.७३ तथा सेवा क्षेत्र ६१.८१ प्रतिशत योगदान रहेको छ। यो अनुपात हेर्दा कृषिभन्दा गैरकृषि क्षेत्र २५० प्रतिशत बढी देखिन्छ। नेपाल इतिहासदेखि नै कृषि अर्थतन्त्रको जगमा विकास भएको अर्थतन्त्र भएकाले नीति कानुन संरचनामा परिवर्तन गरी उद्योग, व्यापार नवप्रवर्तनमा जोड दिइ कुल ग्राहस्थ उत्पादनको आकार बढाउन खोजे पनि सफलता हुन नसकेको सत्य अनुभव नेपालको तथ्याङकबाट पुष्टि भएको छ। सरकारले नीति, योजना र बजेट कार्यक्रममार्फत कृषि अर्थतन्त्रको आधार बढाउन पहल गरेको भए पनि आज विप्रेषणबाट प्राप्त रकम करिव ३७ खर्ब बैंकमा जम्मा भएको अवस्था र २ दर्जन बैंकहरूमा करिव १५ खर्ब रकम लगानी हुन नसक्दा युवा र रोजगारी विदेशमा, युवा नहुँदा समाजको वसाइसराइ गाउँबाट शहर, साना शहरबाट ठुला शहर, ठुला शहरबाट विदेशमा भइरहेका कारण उद्योग व्यापार नवप्रवर्तन कमजोर बनिरहेको यथार्थ रहेको छ।

नेपालमा उपभोगको हिस्सा आयको तुलनामा बढी भएकाले लगानी, साधन र अर्थतन्त्रको आकार अपेक्षित बढाउन नसकिरहेको अवस्थाले अर्थतन्त्रको सहि विकास हुन नसकेको अर्को सत्य हो। जब आम्दानी बढिरहेको अवस्थामा खर्च बढ्नु अर्थशास्त्रीय मान्यता भए पनि नेपालमा अनौपचारिक अर्थतन्त्रका कारण खर्च बढी र आय कम भइरहेको कारण अर्थतन्त्र सहि रेखामा अघि बढिरहेको अवस्था देखिएको छैन। यसको सार दिगो विकासमैत्री वातावरणलाई प्रश्रय नदिइएको विषय भएको हुँदा उद्योग, व्यापार, वाणिज्य नवप्रवर्तनको गति कमजोर रहेको छ।

नेपालको अर्थतन्त्रका मुख्य खम्वाहरूको आधारमा नेपालको व्यापार, उद्योग नवप्रवर्तनको अनुमान एव दिशानिर्देश गर्ने हुदा सवै क्षेत्रहरूको वस्तुगत अध्ययन एव विश्लेषण गर्नु पर्दछ। हाल नेपालीको प्रतिव्यक्ति आय करिव १५३० अमेरिकी डलर मात्र रहेको अवस्थालाई समेत मूल्यांकन गर्नु आवश्यक भएको छ। देशमा उपलबध स्रोत साधनको पहिचान र दिगो विकासमैत्री प्रयोग गर्नु पर्दछ।

२. नेपालको भौगोलिक अवस्था र उद्योग व्यापार एव नवप्रवर्तन

नेपालको भूगोलको विसमता र अनेकताबिच नवप्रवर्तनको खोजी गर्नु पर्दछ। पहाड र हिमालमा जमिन बढी भए पनि जनसंख्या कम भइरहेको, मानव पूँजी पलायन हुँदा समाजमा युवा उपस्थिति कमजोर रहेको, जमिनको विविधता र आय रोजगारीका सम्भावनाहरू पहिचान नहुँदा जमिन बाँझो र युवा पलायन भएको, तराईमा ५४ प्रतिशत जनसंख्या पोको परेको पहाडमा युवा कम हुँदा जंगलको विस्तार र मानव चाप कम भएको अवस्था छ। यो जनसंख्याको असन्तुलन हुने लक्षण हो जुन समस्या आगामी दिनमा यसको प्रभाव बढी हुने निश्चित छ। गाउँफर्क अभियान,

ग्रामीण तहमा वसाई सहजीकरण, वसाइ सराइ र स्थानीय पूर्वाधार विकास गरी उद्योग जस्ता कार्यक्रमहरू लागू गरी ग्रामीण अर्थतन्त्रमा नयाँ आशा र उर्जा राजनैतिक आर्थिक सामाजिक क्षेत्रमा विस्तार गरेमा रोजगारी आय बढाउन र नवप्रवर्तन गर्ने सोचमा ३ वटै तहको सरकार र नागरिक समाज बढी नै लाग्नु पर्दछ।

३. नेपालको वन तथा वातावरणको अवस्था र उद्योग व्यापार एव नवप्रवर्तनमा संभावना

नेपालको हाल करिव ४६ प्रतिशत भू-भाग बनले ढाकेको छ। नेपाल पहाडी भू-भाग बढी भएकाले अनेकन प्रकारका वनमा विरुवा र रुखहरू पाइन्छन्। आज नेपालमा प्राकृतिक रुपमा हिमाल, पहाडका खोला नालाहरूबाट बगेको पानी खानेपानीको रुपमा प्रयोग हुनु वनको संरक्षणको कारण हो। हाल केही तराई तथा पहाडमा जमिनमुनिको पानी प्रयोग गरेको भए पनि ९० प्रतिशत पिउने पानी वन एवं वातावरणको परिणाम रहेको छ। वनबाट नेपालका लागि चाहिने दाउरा, काठ, मल आदिको प्रयोग भए पनि नेपालको वन क्षेत्रको उपयोग गरी अर्थतन्त्रमा योगदान कम भएको संभावना छ। अबको समय नवप्रवर्तनको समय भएकाले हरेक नागरिकले वन क्षेत्रको उपयोग गरी नवप्रवर्तनमुखी रोजगारी बनाउनु पर्दछ। किनकि वन वातावरण नवीकरणीय प्राकृतिक स्रोत साधन भएकाले वन क्षेत्रको पहिचान संरक्षण, वन पैदावारको प्रयोग, रोजगारी आय एवं अर्थतन्त्रमा बढोत्तरी गर्न सकिने तुलनात्मक लाभको क्षेत्र रहेको अवस्थालाई सरकारी नीतिगत सहजीकरण र नियमन गरी वनको अधिकतम उपयोग गर्नु पर्दछ। हिमाली क्षेत्र तथा पहाडी क्षेत्रबाट वसाइसराइ दिनदिनै शहर र वाह्य देशमा भइरहेकोले त्यस्ता क्षेत्रहरूमा वस्ती एकीकृत गरी वनको उपयोग गर्नु राज्य, नागरिक एवं अर्थतन्त्रको नयाँ सम्भावना बढाउने क्षेत्र हो। वन वातावरणीय हिसावले नेपालले कार्वन व्यापार गर्ने सूचीमा आफ्नो पहिचान बनाइरहेकोले पूर्वदेखि पश्चिमसम्मको वातावरणमैत्री वनको गणनागरी विश्व बजारमा कार्वन व्यापार बढाउन, कार्वन उत्सर्जन रोक्न, वन वातावरण मैत्री नवप्रवर्तन बढाई अर्थतन्त्र उद्योग एवं व्यापारमा योगदान बढाउन सकिन्छ।

४. नेपालको पर्यटनको अवस्था र उद्योग व्यापार एवं नवप्रवर्तनको संभावना

नेपालको भौगोलिक विषमता ७२ मिटरदेखि विश्वको अग्लो ८८४८ मिटरसम्मको उचाइ नेपालमा हुनु, विश्वका ८००० मिटर भन्दा १० मध्ये ७ वटा अग्ला हिमाल नेपालमा हुनु, हिमाल पहाड एव तराइको भूगोल वसोवास एव पर्यटकीय आधारमा उपयुक्त हुनु, ऐतिहासिक, प्राकृतिक, साँस्कृतिक, धार्मिक स्थलहरू प्रचूर हुनु हिमालय क्षेत्र वढी हुँदा विदेशी नागरिकहरूको रोजाइको मुख्य स्थल हुनु जस्ता कारणहरूले नेपालले सेवा उद्योगमार्फत् पर्यटन क्षेत्रबाट आज पनि लाभ पाइरहेको अवस्था छ भने भविष्यमा पनि अथाह, अनन्त एव प्रचूर सम्भावना भएको क्षेत्र पर्यटन क्षेत्र

भएकोले नेपालले सबै अर्थतन्त्रको केन्द्र बनाउने गरी पर्यटन क्षेत्रमा नवप्रवर्तन विकास नेपालको एक मात्र विश्व चिनाउने अर्थतन्त्र बलियो बनाउने तुलनात्मक लाभको क्षेत्र हो। यसको अध्ययन, खोज गरी पर्यटन मैत्री वातावरण बनाउनु पर्दछ। हाल करिव १२ लाख विदेशी व्यक्ति वार्षिक रुपमा नेपाल आउने अवस्था छ। यो अति न्यून संख्या भएकाले राजनैतिक स्थिरता, लगानीको सुरक्षा, सरकारको दुरदृष्टि हुने भएमा पर्यटक संख्या बढाउन सकिन्छ। नेपाल हिन्दु तथा वौद्ध धर्मको आधार स्थल भएकाले पशुपतिनाथ, मुक्तिनाथ, गोसाइकुण्ड, पाथिभारा र लुम्बिनी क्षेत्रमा दर्शन एवं भ्रमण गर्न आउने पर्यटकमैत्री नवप्रवर्तन बढाउन सकिन्छ। पर्यटक संख्या भन्दा पहिला राम्रो पूर्वाधार निर्माण सुनिश्चित गरी गुणस्तरसमेत बढाउनु पर्दछ। नेपाल योग ध्यान साधनास्थलको रुपमा विकास भइरहेको र विश्वले शान्त मानीवय जीवन खोजिरहेको अवस्थमा नेपालको वातावरण हिमाली क्षेत्र उपयुक्त रहेको हुँदा योगस्थल र पर्यटनबिच सम्बन्ध विकास गर्नु अबको मुख्य काम भएको छ।

नेपालमा पछिल्ला दिनहरूमा आन्तरिक पर्यटनको सम्भावना बढेर गएको पाइन्छ। नेपालमा नियमित र प्रणालीमुखी नगद आम्दानी कम भए पनि नेपालीहरूको साना आम्दानी धेरै भएकाले विभिन्न धार्मिक भ्रमण, सहकारी भ्रमण, कलेज एवं विद्यालय भ्रमण, व्यवसायिक भ्रमणजस्ता गतिविधिहरू दिन दिन बढेर आन्तरिक पर्यटन बढिरहेको होटल तथा होमस्टेहरूको विकास नयाँ मागमा आधारित भई स्थापना भइरहेको कारण नेपालमा वाह्य पर्यटकको तुलनामा आन्तरिक पर्यटक विकास गर्नु पहिलो काम भएको छ। पर्यटन उद्योग अबको व्यापार उद्योग एवं नवप्रवर्तनको प्रमुख क्षेत्रको रुपमा विकास गर्नु पर्दछ।

५. नेपालको उर्जाको अवस्था र उद्योग व्यापार एव नवप्रवर्तनको संभावना

इतिहासदेखिनै नेपालमा ६ हजारभन्दा बढी नदीनाला र ८३ हजार मेगावाट विद्युत उत्पादनको सम्भावना भएको क्षेत्र हो। तर विडम्वना वि.सं. १९६८ मा चन्द्र शमशेरबाट शुरु भएको विद्युत वि.सं. २०८३ सम्म पुग्दा ११५ वर्षमा करिव ४२०० मेगावाट मात्र उत्पादन भएको छ। हाल बाढीको कारण केही विद्युतगृहमा क्षति पुगेको भए पनि नयाँ उत्पादन गर्न करिव १० हजार मेगावाट निर्माणको चरणमा रहेकाले आगामी दिन उर्जा क्षेत्रको सम्भावना बढी भएकाले यस क्षेत्रबाट तुलनात्मक लाभ लिने सम्भावना बढी छ। विद्युत बहुउपयोगी र बहुआयामिक विषय भएकोले यसको उत्पादन वितरण र उपयोगमा सरकारले रणनीतिक सोच विकास गर्नु पर्दछ।

विद्युत् क्षेत्र वहुआयामिक महत्व राख्ने र सवै विद्युतीय प्रणाली संचालन गर्ने मानवको प्रमुख सहयोगी सारथी भएको छ। विद्युत विना कुनै पनि काम अव असम्भव भएको छ। यसर्थ विद्युत उत्पादन र प्रयोगमार्फत उद्योग, वाणिज्य एवं

नवप्रवर्तनको मुख्य आधार भएकाले विद्युतको विकास, विस्तार एवं उत्पादनमैत्री प्रयोग गर्नु पर्दछ। विद्युतमार्फत सबै प्रकारका उत्पादन व्यापार एवं नवप्रवर्तन हुने भएकोले विद्युतको उत्पादन बढाउनु पर्दछ। विद्युत् हाल भारत तथा बंगलादेशमा निर्यात गरी आय आर्जन गर्न प्रारम्भ भएको अवस्था छ। बंगलादेशमा १० हजार मेगावाटसम्मको निर्यात गर्ने सहमति छ भने भारतमा नेपालले हिउँदमा आयात गरेको र वर्षायाममा निकासी गरी विद्युत उत्पादन र बजारको खोजिगरिरहेको अवस्था छ। बजारमा विद्युतिय सवारीको प्रयोग बढिरहेको जसको मुख्य आधार विद्युत भएको विद्युतिय सवारीका कारण प्रदुषण कम हुने, स्वदेशी स्रोत साधनको प्रयोग बढ्ने, पेट्रोल डिजलको आपूर्ति कम हुने, जसबाट हालको व्यापार घाटामा कमी आउने जस्ता सकरात्मक पक्षहरू बढिरहेकाले विद्युत उत्पादन प्रयोगमा विशेष रणनीतिक योजना सरकारले बनाउनु पर्दछ। सरकारले घरभित्रका सबै कामहरूमा विद्युतिय सामग्री प्रयोग गर्न प्रोत्साहन गरेको र ग्यासभन्दा विजुली प्रयोगमा जोड दिएका कारण ग्यास आपूर्तिमा समेत कमी भएको छ। आगामी दिनमा दैलेखको ग्यास उत्पादन गरी बजारमा विक्री गरेपश्चात नेपालको अर्थतन्त्रमा नयाँ कोशेढुंगा थप हुने र नेपालको व्यापार घाटा कम हुदै जाने विश्वास रहेको छ।

६. नेपालको कृषिको अवस्था र उद्योग व्यापार एव नवप्रवर्तनको संभावना

आजभन्दा ६० वर्ष पहिले २०२० को दशकमा नेपालले दक्षिण कोरियामा धान निर्यात गरेको समाचार पढ्न पाए पनि २०८० को दशकमा आउँदा नेपालले कृषिजन्य सामान समेत भारत र अन्य देशहरूबाट आयात गरेको अवस्था छ। क्षेत्रफल उहि छ, जनसंख्या बढेसँगै प्रविधिको प्रयोग पनि बढिरहेको र उत्पादनमा सहयोग भइरहेको छ। तर आफ्नो जमिन बाँझो राखेर शहरको वसाइसराइ गरेर विषादी मिश्रित वजारको सामाग्री किनेर खाने बानीले ठुला घातक रोगको शिकार भइरहेको सत्यलाइ अब नयाँ शिराबाट नयाँ सोच बनाउनु पर्दछ। शहरमा वसे पनि गाउ र कृषिलाई कोहि कसैले बिर्सन नहुने भएकाले सरकारले विशेष नीति तय गरी कार्यान्वयन गर्नु पर्दछ। जमिन बाँझो राख्न नदिने, स्वदेशी उत्पादनमैत्री उपभोग, आफैले उत्पादन गरी माटो र मानवीय जीवनको सम्बन्धको महत्व खोजी, कृषि र पर्यटन पर्यटनमा स्वदेशी सामानको प्रयोग, कृषि र स्वास्थ्य, कृषि र दीर्घ जीवन, कृषि पर्यटन जस्ता कार्यक्रमहरूमा जोड दिनु पर्दछ। न्यूनतम पनि स्वदेशी खाद्यान्न वस्तुको प्रयोगको लागि आवश्यक उत्पादन गर्ने र कृषि वस्तु आयात नहुने वातावरण बन्न सकेमा नेपालमा उद्योग वाणिज्य एवं नवप्रवर्तनको प्रचुर सम्भावना देखिन्छ। हरेक नागरिकलाई कृषिमैत्री तालिम अनिवार्य गर्ने, हरेक नागरिकलाई कृषि तालिममार्फत रोजगारीसँग जोड्ने Made in Nepal, Promote Domestic Goods अवधारणालाई व्यवहारिक रुपमा लागु गर्नु अबको उद्योग वाणिज्य एवं

नवप्रवर्तनका मुख्य विषय हुनु पर्दछ।

७. नेपालको सूचना प्रविधिको अवस्था र उद्योग व्यापार एव नवप्रवर्तनको संभावना

संसार प्रविधिले शासन गरिरहेको विश्व शासन बढिरहेको वर्तमान अवस्था, हजारौँ जनाले गर्ने काम सिमित व्यक्तिले प्रविधिको सहायतामा सम्पन्न गर्दा लागत एव प्रशासन कम, समय वचत, उच्च संख्यामा उत्पादन र विश्वभर विस्तार जस्ता काम प्रविधिले गरेको छ। प्रविधिले मानिसको जीवनलाई अन्धो सावित गरेको छ। नेपाल सरकारले २०७० को दशकदेखि सूचना प्रविधि विकास एवं विस्तार गर्ने नीति एवं रणनीति तथा कार्यक्रमहरू सञ्चालन गरेको र स्वदेशीभन्दा विदेशी वातावरणका कारण सूचना एवं प्रविधिको प्रयोग बढिरहेको छ।

८. मानव पूँजी निर्माण र उद्योग व्यापार र नवप्रर्वतनको सम्भावना

नेपालको २९१ लाख जनसंख्या मध्ये ४८.९८ प्रतिशत पुरुष र महिला ५१.०२ प्रतिशत रहेको छ। १० वर्षको जनसंख्या वृर्दिदर ०.९२ प्रतिशत रहेको छ भने नगरपालिकामा वसोवास गर्ने ६६.१७ र गाउँपालिकामा वसोवास गर्ने ३३.८३ प्रतिशत रहेको अवस्था छ। घरपरिवारको आकार ४.३२ छ भने बाग्मती र मधेश प्रदेशमा बढी चाप रहेको छ। हिमालमा ६.०९, पहाडमा ४०.२५ र तराइमा ६३.६६ प्रतिशत वसोवास गरेका छन भने करिव २१ लाख विदेशमा रहेको तथ्यांङ्क रहेको छ। २०७८ को जनगणना अनुसार १४ वर्षसम्म २७.८, १५ देखि ५९ वर्षसम्म ६२ र ६० भन्दा माथिको जनसंख्या १०.०२ प्रतिशत रहेको अवस्थाले नेपालको जनसंख्यालाई वोनस जनसंख्या मानिएको छ। जुन मानव संशोधनको अधिकतम उपयोग गरी नवप्रर्वतनमा जोड दिनु नै रोजगारी र अर्थतन्त्र विस्तार गर्ने सुवर्ण अवसर रहेको छ। ६२ प्रतिशत युवा जनशक्ति मुलुकको लागि केही गर्ने जनशक्ति हो जहाँ खाने मुखभन्दा काम गर्ने हात र ज्ञानले पूर्ण भएको अवसरलाई उत्पादन रोजगारी आयसँग जोड्ने गरी रणनीतिक पहल गर्नु पर्दछ।

Nepal Global Innovation Index 2020-2026 - WIPO			
Year	GII	Innovation inputs	Innovation Outputs
2020	95th	89th	106th
2021	111th	99th	116th
2022	111th	106th	111th
2023	108th	106th	103 th

2024	109th	110th	102 th
2025	107th	107th	101 th

हरेक विकासका लागि प्राकृतिक स्रोतभन्दा मानव पूँजी महत्वपूर्ण हुने भएकाले जनसंख्याको संरचना अनुसार ज्ञान, सिप, क्षमता नवीनता विकास एवं विस्तार गर्न तत्काल पहल गर्नु पर्दछ। १४ वर्षसम्मको जनसंख्या ८० लाखभन्दा बढी हुनु आगामी समाजको खम्वा भएकाले वच्चामैत्री वजेट, प्रविधि प्रयोग, उद्यमशिलता Communication and Languages, Science, Technology, Engineering, Coding/AI Robotics, Digital Literacy, Research-based education आदिमा जोड दिने गरी शिक्षा प्रणालीको विकास गर्नु पर्दछ। अझ विस्तृत रुपमा भन्दा नेपालको उपलव्ध प्राकृतिक स्रोत र साधनको अवस्था र प्रयोगमैत्री जनशक्ति विकासमा विशेष एव रणनीतिक योजना बनाएर आगामी उद्योग, व्यापार एवं नवप्रवर्तनको यात्रा प्रारम्भ गर्नु अबको मुख्य काम सरकारको हो। सोह्रौं योजनाले विज्ञान, प्रविधि एवं नवप्रवर्तनमा जोड दिएको र डिजिटल नेपालको ढाँचा निर्माण गर्न जोड दिएको छ भने २०८३/८४ देखि विज्ञान प्रविधि तथा नवप्रर्वतन मन्त्रालयको स्थापना हुनु अवको नागरिक प्रविधिमुखि हुने आधार हो। यस कार्यले भविष्यमा अनेकन नवप्रर्वतनको ढोकाहरू खुला हुने र विश्व वजारमा प्रविधिमा आएको परिवर्तन र सिर्जना भएको अवसरहरू सहजै नेपाली नागरिकले ग्रहण गर्ने वातावरण वन्ने विश्वास छ।

६२ प्रतिशत जनसंख्या १७५ लाखमध्ये करिव २१ लाख विदेशमा रहेपनि १५० लाख नेपालमा नै रहेको अवस्था पूर्ण, आंशिक वा शून्य रोजगारीमा रहेको अवस्था अहिले छ। कृषि, पर्यटन, वैकिङ एव सहकारी, स्वास्थ्य, उद्योग, शिक्षा, साना मझौला व्यवसाय, वन, खाद्यमा जोड, नगदे वालीमैत्री ज्ञान र तालिम, कम्पनी दर्ता संचालन, विस्तार, कृषि जोन विकास, स्थानीय तहको पहिचान भएको स्थानीय उत्पादन एवं निर्यातमैत्री वहुमूल्य सामानहरूको उत्पादन र निकासी, कफी पसल, हस्तकलाको विकास, नेतृत्व क्षमता विकास र तालिम, ड्राइभिङ ज्ञानको अनिवार्यता, कम्प्युटरको अनिवार्य प्रयोग, सेवा क्षेत्रको मागमा आधारित होटल, होमस्टेको स्थापना, जग्गा लिज र जमिन बाँझो नराख्ने कार्यक्रम, बजारको स्थापना र उत्पादनको बजारिकरण, उत्पादित वस्तु वा सामानको न्यूनतम मूल्य, वस्तु र सेवाको विमा, सरसफाइमैत्री सेवाहरू, स्वदेशी उत्पादनमा अनुदान छुट, जमिन, श्रम, पूँजी, संगठन र उद्यमशीलता (Land, Labor, Capital, Organization and Entrepreneurship) को सकरात्मक सहसम्वन्ध विकास गर्नु पर्दछ। यो

६२ प्रतिशत जनसंख्या आंशिक रोजगारीको अवस्थामा रहेकाले साना, मझौला, स्थानीय क्षमता र आवश्यकता एवं सफल क्षेत्रहरूमा मात्र उत्प्रेरित गराउनु पर्दछ। यिनीहरू रोजगारीमा रहेका, वेरोजगार विदेशमा काम गरी फर्केका, घरायासी काममा सफलता भएका अर्थात अनौपचारिक रोजगारीमा रहेको समूह भएकाले रुचि र चाहना एव क्षमता अनुसारका तालिम बढाउनु पर्दछ। एक तहको ज्ञान एवं जीवनको स्थायित्व उन्मुख यो जनशक्ति भएकाले थोरै लगानी र अनुभवको सदुपयोग हुँदा उद्यमशिलता र नवप्रवर्तनमा सहयोग पुग्ने हुन्छ। हालको अनौपचारिक रोजगरीलाई औपचारिक र संस्थागत गरी उद्यमशीलता प्रवर्द्धन गर्नु पर्दछ।

९. शिक्षा र शिपवाट उद्योग व्यापार एवं नवप्रवर्तनको संभावना

नेपालको शिक्षा प्रणालीले रोजगारी एवं आयमा अपेक्षित योगदान गर्न सकेको छैन। ऋण धन गरेर दुध दिने लैनो भैसी वेचेर एवं भात खाने गैह्री खेत वेचेर स्नातक एव स्नातकोत्तर सम्म छोरा छोरीलाई पढाए पनि आय एवं रोजगारीमुखी नभएको अवस्थाले झन गरिव वनाएको अवस्था छ। यस प्रकारको शिक्षा नीतिमा तत्काल परिवर्तन गरी शिक्षा र कामबिचको सम्वन्ध विकास गर्नु पर्दछ । यस प्रकारको कामले शिक्षा र कामवाट नागरिक वा युवा अध्ययनपछि तत्काल रोजगारीमा संलग्न हुन सक्छ। जहाँ शिक्षाको लागत कम हुने, स्वरोजगारी र रोजगारीमूलक वातावरण वन्ने, अभिभावकलाई वित्तीय चाप कम हुने, अध्ययन गर्ने र काम गर्ने बानीले जिम्मेवारी वोध हुने, व्यापार र लगानीको प्रतिफल अनुमान गर्न सक्ने उद्यमशीलता र नवप्रर्वतन बारे पर्याप्त जानकारी हुने, जोखिम पहिचान समयमा हुने, संस्थागत सोच र आफ्नो रुचिमैत्री काममा उत्साह जाग्ने जस्ता अनेकन सकरात्मक अवस्थाहरू रहने भएकाले काम गर्दै पढ्दाको स्वदेशी एव विदेशी अनुभवमा आधारित शिक्षा अबको माग हुनु पर्दछ।

१०. सम्पत्तिको नवीन परिभाषा र उद्योग व्यापार र नवप्रवर्तन

नेपाल विश्वको गरिव देशहरूको सूचीमा तथा भष्ट्राचारमा समेत अग्रसूचीमा रहेको देश हो। भष्ट्राचारका प्रमुख कारणहरू मध्ये जग्गा एव घरको सरकारी तोकिएको मूल्य र कारोवार मूल्य फरक रहेको छ। जुन नवप्रर्वतनका लागि प्रतिकूल हुने हुन्छ। अर्कोतर्फ नागरिकमा जमिनमाथि सम्पतिको अधिकार वढी हुँदा सरकार एवं निजी क्षेत्र जमिनका कारण उत्पादन एवं लगानी साधनको वातावरण बन्न सकेको छैन। यसको प्रभाव स्वरुप जमिन धनिको हातमा हुने, नवयुवालाई नवप्रर्वतन गर्न साधन सहज लिन नसकिने कारण उद्योग, व्यापार र नवप्रवर्तन कमजोर भएको अवस्था छ। अर्कोतर्फ महिलाको नाममा सम्पत्तिको अवधारणा बढिरहेका कारण महिलाहरूलाई घर भित्र सिमित गरिरहेको समाजमा नवप्रर्वतन कमजोर रहेको छ।

पैतृक सम्पत्तिमा वढी निर्भर रहने नेपाली समाजको परम्परागत मान्यताले छोरा-छोरी अल्छि, घमण्डी एवं भविष्य कमजोर भएको, महिला आफ्नो नाममा सम्पत्ति हुँदा सहज देख्ने र नहुँदा कानूनी अधिकार बढी व्यवस्थाले नेपालमा उद्योग, व्यापार उव नवप्रर्वतन कमजोर भएकाले यस अवस्थालाई तत्काल सुधार गर्नु पर्दछ। अवको सम्पत्ति ज्ञान, सूचना, नेटवर्किङ, तालिम, सीप हो भन्ने शिक्षा, विकास एवं विस्तार गर्नु पर्दछ। सुधार कार्यवाट उद्योग, व्यापार एव नवप्रर्वतन बढाउन र आधाभन्दा बढी जनसंख्या महिला भएको हाम्रो संरचनामा उद्यमशिलता बढ्ने विश्वास छ।

११. निजी क्षेत्रको विस्तारमार्फत उद्योग व्यापार र नवप्रवर्तन

